# परिच्छेद - एक

# अनुसन्धानको सामान्य परिचय

## १.१ परिचय

समाजवाद सामाजिक न्यायमा आधारित दर्शन हो । समाजवादलाई व्यक्तिवाद विरुद्धको राजनैतिक दर्शन पनि भनिन्छ । समाजवादको परिकल्पना मार्क्स एङगेल्स भन्दा अगाडि विभिन्न काल्पनिक चिन्तकहरुले वा राजनीतिक शास्त्रीहरुले ल्याएका थिए । काल्पनिक समाजवादको धारणा अगाडी सार्ने चिन्तकहरुमासन्त साइमन, प्लेटो, रुसो, फुरिये रर्बट, ऐलीले ल्याएका हुन् । सबै मानवजातिको उन्नती सवै मानिसहरुका बीचमा समानता एक मान्छेबाट अर्को मान्छेको शोषण हुने प्रणालीको समाप्ती, मानिस-मानिसका बीचमा सार्वभौमिक प्रेमको स्थापना जस्ता कुराहरुका वारेमा मानव समाजका अगुवाहरुले धेरै पहिले देखि सोच्दै र चिन्तन मनन गर्दै आएका हुन् । असमानताको शुरुवात समाजमा वर्ग-विभाजन सँगै शुरु भयो । वर्ग-विभाजन सँगै दुई विपरीत विश्व दृष्टिकोण र दुई विपरित स्वार्थहरु देखा परे । समाजमा रहेका असमानता हटाउन धेरै चिन्तनहरु प्रयोगहरु भएका छन् । समाजमा प्रयोग हुनभन्दा पहिले कुनै विचार कल्पना (Utopia) कै रुपमा रहन्छ । ग्रिक भाषमा अटोपिया Utopiaभन्ने शब्दले अस्तित्व नभएको ठाँउ (No Place) भन्ने अर्थ जनाउछ । आधुनिक अर्थमा अटोपिया भन्ने शब्दले आदर्श स्थान वा आदर्श जीवनको कल्पना भन्ने अर्थ लगाउछ । यस शब्दलाई सवै भन्दा पहिले व्यवस्थित रुपले प्रयोग गर्ने चिन्तक थमस मुर हुन । काल्पनिक समाजवादीहरुको यथार्थ विश्लेषणको कमी रहनु धार्मिक परोपकारको भावनाले काम गर्नु र काल्पनिक स्वप्नदर्शी हुनु नै हो । समाजको आर्थिक गतिलाई चिनेर त्यस गतिका आधारमा वस्तुगत धरातलमा टेकेर उनीहरुले समाजवाद लागु गर्न खोजेका थिएनन् । काल्पनिक समाजवादीहरुले वर्ग संर्घषबाट होइन धार्मिक ज्योतिषिका इच्छाले जस्तै समाजलाई सजिलो ढंगले परिवर्तन गर्न खोजेका थिए (पौडेल २०७२:६८) ।

> कम्युनिस्ट पार्टीको घोषणापत्र प्रकाशित हुनु भन्दा पहिला नै फ्रान्स, बेल्जियम, स्विटजरल्याण्ड, जर्मनी लगायतका युरोपियन देशहरु र अमेरिकामा समेत मजदुर आन्दोलन अगाडी बढेका थिए । इङल्याण्डको चार्टिस आन्दोलनहरु अगाडी बढेका थिए ।इङल्याण्डमा १८२४ मे मजदुरहरुलाई राज्यले केही कानुनी सुविधाहरु दिई सकेको थियो । मजदुर आन्दोलन कै कारण यूरोपका विभिन्न देशमा समाजवादी

विचारहरुको जन्म हुन थाल्यो । त्यस्ता विचारहरुमा इङल्याण्डका रावई क्यावेट प्रमूख रहेका थिए । यी विचारकहरुले समाजको ऐतिहासिक विकास वैज्ञानिक नियमबाट नभई तत्कालीन समयमा मजदुरहरुको दयनीय अवस्थाबाट प्रभावित भएर उनीहरुले उनिहरुको विचार अवैज्ञानिक र काल्पनिक थियो भनी विश्लेषण गरिन्छ । मुख्यतः एङगेल्सले आफ्नो पुस्तक समाजवाद काल्पनिक तथा वैज्ञानिकमा काल्पनिक समाजवादी माथि राम्ररी प्रकाश पारेका हुन् । एङगेल्स भन्दा पहिला १८६२ तिर प्रसिद्ध चार्टिस्ट नेता ओब्राइनले वर्ग संघर्षको विचारलाई धेरै अगाडी बढाएका थिए । उनले पूँजीवादले केवल पूँजीपतिको हितका लागि मात्र काम गर्दछ भनी पूँजीवादी व्यवस्थामाथि हमला गरेका थिए । ... मार्क्स,एङगेल्सले कम्युनिस्ट घोषणापत्र जारी गर्नु भन्दा पहिला नै मजदुर आन्दोलन र समाजवादी आन्दोलनहरु अस्तित्वमा आएका ती विचारहरु अवैज्ञानिक थियो । वैज्ञानिक र क्रान्तिकारी ढंगबाट संश्लेषण गरी ठोस काम मार्क्स र एङगेल्सबाट भयो । (पाण्डे, २०६०:१२)

समाजवादको सन्दर्भमा अध्ययन विश्लेषण गर्दा परापूर्व कालको मानव इतिहासलाई हेरी विश्लेषण गर्ने हो भने समानता, स्वतन्त्रताका कुराहरु थिए भन्ने कुराको पुष्टाइ जंगलमा बस्ने, सबैले बाँडेर खाने अवस्था थियो । मार्क्सको समाज विश्लेषणका आधारमा समेत हेर्दा जब वर्गको शुरुवात भयो त्यसपछि मात्र मानवका विचमा विभेदीकरण भएका घटना इतिहासमा पाइन्छ । मानव विकासका विभिन्न चरणहरुको विश्लेषण गर्दै संसारमा जब औद्योगिकरण भयो । पूँजीवादको विकास भयो तत्पश्चात वैज्ञानिक समाजवादी धारणाको विकास भएको देखिन्छ । कार्ल मार्क्सले सन १८४८ मा प्रतिपादन गरेको कम्युनिस्ट पार्टीको घोषणा पत्रमा वैज्ञानिक समाजवादको उल्लेख गरेका छन् ।

उन्नाइसौ शताब्दीको प्रथम चतुर्थांशको समयमा काल्पनिक समाजवादी विचारधारा अगाडी आएको थियो । त्यतिखेरसम्म पुँजीवाद भित्रका अर्न्तविरोधहरु राम्ररी भ्याङ्गिइसकेको वा समाधान आइसकेको थिएन । वेलायतमा मात्रै उद्योगको क्षेत्रमा औधोगिककरण शुरु भएको थियो । तर यूरोपका अरु मुलुकहरु पछौटे प्रविधिमै थिए । काल्पनिक समाजवाद त्यही पछौटे प्रविधिको चिन्तनमा आधारित थियो । पुँजीवादले आफ्नो पूर्ण विकसित रुप नदेखाइ सकेको हुँदा क्रमिक सुधारबाट पुँजीवाद भित्रैबाट समाजवाद जन्माउनु नै आकांक्षाको प्रतिनिधित्व नै काल्पनिक समाजवादी विचार धारा थियो । काल्पनिक समाजवादीहरुले ठोस परिस्थितिको

विश्लेषणबाट नभई आफ्नो दिमाग कसरतबाट समाजवाद निर्माण गर्न चाहेका थिए ।प्रत्येक समाजको अस्तित्व भौतिक उत्पादनमा टिकेको हुन्छ । उत्पादन पद्दति जस्तो हुन्छ । वितरण प्रणाली पनि त्यही अनुरुप हुन्छ । त्यसो भएन भने अर्न्तविरोध शत्रुता पूर्ण हुन्छ । पूँजीवादी उत्पादन पद्दति भित्र वितरण प्रणालीलाई सुधारेर समानता कायम गर्न सकिन्न । निजी सम्पत्तिको बाहुल्यता रहेको प्रणाली र अरु सामान्य सुधारको प्रक्रिया अपनाएर समानता कायम गर्नु असम्भव कुरा हो । पुँजीवाद ध्वस्त हुने वित्तिकै, साम्यवाद आउदैन, त्यसलाईप्राप्त गर्न लामो संक्रमणकालबाट गुज्रिनु पर्छ । पुँजीवाद र साम्यवाद वीचको संक्रमणकाललाई समाजवाद भनिन्छ । सोभियत रुसमा क्रान्तिपछि अपनाएको समाजवाद तथा जर्मनमा आएको नाजीवाद राज्यसत्ताको धारणाको विरोधमा इङल्याण्डले विकास गरेको प्रजातान्त्रिक समाजवादी विचारधारा हो १७ औं शताब्दीमा जसरी विश्वमा संसद र लोकतान्त्रिक व्यवस्था आयो त्यसै गरी २० औं शताब्दीमा प्रजातान्त्रिक समाजवाद बेलायतले अगाडी ल्यायो । (पौडेल, २०७२:८५) यूरो समाजवाद साम्यवादको नयाँ किसिम हो । यस साम्यवादमा समाजवाद तथा स्वतन्त्रतालाई एक ठाउँमा मिलाउन प्रयास गरिएको पाइन्छ , यसले साम्यवादलाई शान्तिपूर्ण तथा संसदीय व्यवस्थामा लागु गर्न सकिने गरी समाजवादलाई संसोधन गर्ने काम गरेको छ । यो मार्क्सवाद तथा लेनिनवादी साम्यवादी धारणसँग मेल खादैन । यसमा बहुदलिय व्यवस्था, नागरिक तथा राजनीतिक स्वतन्त्रतामा बढी जोड दिने काम भएको छ । त्यसैले यसले रोटी, शान्ति र स्वतन्त्रतालाई मूल आधार बनाएको छ । यूरो साम्यवाद संसोधन अर्न्तगत काम गर्ने कम्युनिस्ट सिद्धान्त हो । यसको सैद्धान्तिक आधार शान्तिपूर्ण सह अस्तित्व हो यूरोप आदि मुलुकमा वर्तमान अवस्थामा संसदीय व्यवस्था एक किसिमले त्यहाँको जीवन पद्धती भइसकेको र हिंसात्मक क्रान्ति उनीहरुका लागि अपाच्य भएको अवस्थामा संसदीय व्यवस्था अर्न्तगतकोसमाजवाद नै यूरो समाजवाद हो । यसको मूल सिद्धान्तमा इटाली, फ्रान्स र स्पेनका नेताहरुको मेडाडी शिखर सन १९७७ ले (१) नागरिक स्वतन्त्र प्रतिको सम्मान (२) बचाउ र सर्वहारा तानाशाहीको सिद्धान्तको त्याग (३) पुँजीवादी संसदीय लोकतन्त्रको नियमको पालना (४) प्रजातान्त्रिक शक्ति सम्म मेल गर्ने (५) शान्तिपूर्ण उपायद्वारा शक्ति प्राप्त गर्नु रहेको छ । यसले राष्ट्रिय समाजवादको अवधारणा ग्रहण गरी अन्तराष्ट्रियवादलाई छोडेको

छ । यसमा पुँजीवादी समाजवादलाई जनताको इच्छामा रुपान्तरण गर्ने सोचाई रहेको छ । यूरो समाजवादको विकासमा अनेकतत्वले सहयोग पुऱ्याएको देखिन्छ । सन् १९४५ पछि यूरोपमा आएको स्थायित्व, शान्ति, तथा समृद्धि यसको मुख्य आधार हो । साथै सन् १९५० पछि पूर्व र पश्चिम बीचको शान्तिपूर्ण कुराकानीको अवस्थाले यसलाई बल दिएको पाइन्छ । सन् १९७४ मा आएको आर्थिक मन्दीबाट उत्पन्न सामाजिक तथा नैतिकताको परिणामले यूरो समाजवादलाई बढाउने काम गरेको पाइन्छ । सन् १९४७ मा मार्सल टिटोले सोभियत केन्द्रमा रहन इन्कार गरी आफ्नै माटो सुहाउँदो समाजवाद सुरु गरे । वास्तवमा यूरो समाजवादको वीजका रुपमा यो नै रहेको पाइन्छ । सन् १९५६ मा हंगेरी र सन् १९६८ मा चेकोस्लाभाकिया माथि सोभियत सेनाको हस्तक्षेप भयो त्यसलाई रोक्न खोज्दा त्ससको प्रतिक्रिया स्वरुप यूरोपका मुलुकहरुमा उत्पन्न धारणाबाट यूरो समाजवाद विकास हुनु पुग्यो । सूरुमा यूरो कम्यूनिष्टले शान्तिपूर्ण तथा संसदीय आधारमा समाजवादमा संक्रमणलाई आफ्नो सिद्धान्त बनायो । चीनमा पनि यूरो समाजवाद जस्तै तेङसिआयो पिङको बजार समाजवादी मोडल लागु भएको छ । एक राज्य दुई अर्थ व्यवस्था अपनाइएको छ । मंगोलिया, उत्तरकोरिया आदी पनि खुला बजार अर्थतन्त्र व्यवस्था अपनाइएको पाइन्छ । (शिवाकोटी, २०६९: २८७-२८८)

क) काल्पनिक समाजवादको खण्डन गर्दै कार्लमार्क्स र एङगेल्सले वैज्ञानिक समाजवादको प्रष्ट धाराणा ल्याएर मार्क्सको समाजवादलाई क्रान्तिकारी समाजवाद वा वैज्ञानिक समाजवाद भनिन्छ । उनका अनुसार विश्वबाट पुँजीवादलाई हटाउन क्रान्ति गर्न आवश्यकता छ । मार्क्सले वर्ग संघर्षलाई तीव्र बनाउन विश्वका मजदुर एकजुट हुन आव्हान गरे । समाजवाद सम्बन्धि कम्यूनिस्ट घोषण पत्र मार्क्स एङगेल्सले सन् १८४८ मा प्रकाशित गरेर संसारका मजदुर एक हुन आब्हान गरे । "समाजवाद सर्वहारा वर्गको नेतृत्वमा र अधिनायकत्वमा मजदुर किसानहरुको संगठित रुपको परिणाम हो । यसले वर्ग संघर्षद्वारा राजनैतिक सत्ता कब्जा गरेर वर्ग विहिन समाज निर्माण गर्ने उद्देश्य सहित काम गर्छ । समाजवादलाई समानतामा आधारित राजनैतिक सिद्धान्त मानिन्छ । समाजवादले पुँजीवादी व्यवस्थाको अन्तगरी आर्थिक समानता कायम गराउन चाहन्छ । नाफाको प्रकृतिलाई हटाएर सामुहिक प्रयत्नबाट समस्याको समाधान गर्ने उद्देश्य सहित काम गर्छ । निजी सम्पत्तिलाई समाप्त पारी उत्पादनका साधनहरुमाथि सामूहिक स्वामित्व कायम

गराउने वातावरणका लागि योग्यता अनुसार काम र आवश्यकता अनुसारको दाम व्यवस्थाबाट उत्पादन बढाउदै योग्यता अनुसारको काम लिने र आवश्यकता अनुसार ज्याला दिने अवस्था सम्म पुऱ्याउन चाहन्छ,"(खरेल २०७२:१३९) । (ख) पुँजीवाद र साम्यवाद दुवै विचार धारा बीचको मध्य मार्ग लोकतान्त्रिक समाजवाद अथवा Democratic Socialism भनिन्छ । यसको सिद्धान्त प्रवर्द्धक बर्नस्टिन हुन । खास गरी यसको प्रयोग यूरोपमा भइरहेको छ । यस वादका समर्थकहरुले लोकतन्त्र र समाजवादलाई समान रुपमा हेर्दछन । यसले पुँजीवाद र समाजवादको दुवै राम्रा पक्ष मिक्स अर्थतन्त्र अपनाउछ । यसले समाजवादका लक्ष्यहरुलाई लोकतान्त्रिक प्रकृयावाट प्राप्त गर्न सकिन्छ भन्ने पक्षमा जोड दिन्छन् । समाज निर्माणका विभिन्न सामाजिक र आर्थिक वर्गहरुवीच संघर्षको अवस्था सृजना नगरी वर्ग समन्वयलाई कायम राख्ने यो वादको मूख्य उद्देश्य हो । त्यसो भएमा सम्पूर्ण समाजको कल्याण हुन्छ भन्ने मान्यता  राख्दछ । व्यक्ति समाजको अभिन्न अंग भएकोले उसको कल्याणमा सम्पूर्ण समाजको कल्याण हुने विश्लेषण गर्दछ । यस समाजवादलाई राज्य समाजवाद पनि भनिन्छ । यस समाजवादले वर्ग विहिन र राज्य विहिन समाजको पनि उद्देश्य राखिदिने पराम्परागत रुपमा चल्दै आएको राज्य सत्तालाई सुधार गर्ने र मुख्य रुपमा पुरानो सत्तालाई जिम्मेवार मान्दछ । विभिन्न प्रकारका कानुनमा संशोधन गरी कानुन निर्माण गरेर तिनीहरुको कार्यान्वयनद्वारा पुँजीवादको अन्त्य गर्न कार्यमा जोड दिन्छ । संसदीय शासन यसको प्रमुख आधार हो  (खरेल, २०७२ :१४०) । संविधानको प्रस्तावित मस्यौदामा सहमति कायम भएका देहायका विषय निकै महत्वपूर्ण र हाम्रो पार्टीको घोषणापत्रसँग मिल्दाजुल्दा छन् (ने.क.पा. एमाले, २०७०:५) । सामाजकि, साँस्कृतिक, आर्थिक अधिकार सहितको मौलिक हकः मौलिक अधिकारको दायरालाई व्यापकरुपमा विस्तार गर्दै नागरिक, राजनीतिक अधिकारका अतिरिक्त सामाजिक-साँस्कृतिक, आर्थिक अधिकार समेत प्रत्याभूत गर्ने । सम्मान पूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, यातना विरुद्धको हक, छुवाछुत विरुद्धको हकको निरन्तरता र समानताको हकलाई सारवान बनाउन सकारात्मक विभेदको अन्त्यमा जोड, पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता, अपराध पीडितको हक, आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक, आधारभूत स्वास्थ्य सम्बन्धि हक, रोजगारीको हक, खाद्य र खाद्य सम्प्रभुताको हक, आवासमा पहुँचको हक, सामाजिक सुरक्षाको ग्यारेन्टी सहित श्रम सम्बन्धी हक, गुणस्तरीय सेवा प्राप्त गर्ने उपभोक्ताको हक :- समाजवाद उन्मुख अर्थतन्त्रःराजकीय,

सहकारी र निजी क्षेत्रको सन्तुलित सम्वन्धमाथि आधारित मिश्रित, सामाजिक आर्थिक समानता र न्याय सहितको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई संविधानको उद्देश्यका रुपमा स्थापित गरिनेछ। सामन्तवादका बाँकी अवशेषहरुलाई अन्त्य गर्दै स्वाधीन औधोगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य स्पष्ट पारिनेछ। (ने.क.पा. एमाले, २०७०:५)

- सामाजिक न्याय सहितको अग्रगामी लोकतन्त्र  दोस्रो संविधान सभाको प्रतिवद्धता पत्र/घोषणा पत्र २०७० एकीकृत ने.क.पा. (माओवादी) दोस्रो संविधान सभामा आफ्नो प्रतिवद्धता पत्र वा घोषणा पत्रमा निम्न अनुसार बुँदामा समाजवाद उन्मुख बुँदामा उल्लेख गरेको छ।

-समावेशी, समानुपातिक र सहभागितामुलक लोकतन्त्र।

-शिक्षा, स्वास्थ्य, रोजगार, आवास र खाद्य सम्प्रभूतामा सबै नागरिकका मौलिक हक स्थापित गरिने छ।

-भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार र सुनिश्चित गरिने छ।

- गरिबीको रेखामुनि रहेका विपन्न वर्गलाई सामाजिक सुरक्षाको हक हुनेछ।

-मजदुर, किसान लगायतका श्रमजीवी जनतालाई राज्यका अङ्गहरुमा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक हुनेछ।

-जनमुखी, स्थिर र सुशासनयुक्त शासन प्रणाली

समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्न र सामजवादी रुपान्तरणको आधार तयार गर्न देशको अहिलेको सबैभन्दा महत्वपूर्ण आर्थिक सामाजिक कार्यभार हो। यसका निम्ति सामाजिक न्याय सहितको तीब्र आर्थिक विकास र समृद्धिको नीति अनुसरण गर्नु अपरिहार्य हुन्छ। सोही अनुसार नयाँ संविधानमा राज्यको निर्देशक सिद्धान्त र नीतिको व्यवस्था गरिनेछ। (ए.ने.क.पा. माओवादी, २०७०:९)

## १.२ समस्याको कथन

समाजवादको व्याख्या विश्लेषण साथै प्रयोग गर्ने सम्बन्धमा अहिले संसार मै असान्दर्भिक जस्तै बनाउन खोज्नु समाजवाद स्थापना भईसकेका देशहरुमा विस्तारै खुला बजारको नीतिलाई अगाल्दै खुला पुँजीवादलाई अभ्यास थालिएको अवस्था छ। पुँजीवादी राष्ट्रहरुलाई खुला बजारलाई व्यवस्थित गर्दै समाजवादमा हुने लोककल्याणकारी नीति अवलम्वन

गरिरहेका छन् । नेपालमा भने नेपाल कम्यूनिस्ट  पार्टीहरु र नेपाली काँग्रेस दुवै राजनीतिक शक्तिले आफ्ना दस्तावेजमा समाजवाद तथा जनवादलाई विशेष प्राथमिकता साथ उल्लेख गरिएको छ । काँग्रेसले प्रजातान्त्रिक समाजवाद र कम्यूनिस्टहरुले वैज्ञानिक समाजवाद वा जनवाद भन्दछन । शुरुदेखि दस्तावेजमा जे जस्ता कुरा लेखे पनि काँग्रेस तथा कम्यूनिस्ट दुवै घटकले अहिले अवस्थामा समाजवाद लागु गर्न कठिन देखेका छन् । तैपनि नेपाल अधिराज्यको संविधानका प्रस्तावनामा समाजवादको उल्लेख गरिएको छ । पार्टीहरु सरकारमा पुग्दा भने समाजवादलाई लागु गर्न कदम चालेको भने देख्न पाइदैन खाली नारामा मात्र सिमित देखिन्छ । प्रत्येक वर्ष बजेटमा समाजवाद उन्मुख सहकारी, सरकारी भन्दा निजी क्षेत्रलाई प्रोत्साहन गरेको पाइन्छ । सम्बन्धित वर्गको राजनीतिक संगठन नै पार्टी हो । वर्गीय सम्बन्धका वारेमा तटस्थ रहेको कुनै पार्टी हुन सक्दैन । वुर्जुवा पार्टीहरुले तटस्थताको नाटक गर्दछन तर बुर्जुवा वर्गको हित साधनालाई मात्रै ध्यान दिन्छन् । तटस्थताको कुरा श्रमजीवी वर्गको आँखामा छारो हाल्ने षड्यन्त्र मात्रै हो । यसले सर्वहारा वर्ग आफ्नै पार्टी कम्युनिस्ट  पार्टीमा संगठित हुनुपर्दछ । मार्क्स-एंगेल्स र उनका अनुयायीहरुका विचारमा कम्यूनिस्ट  पार्टीले मात्रै श्रमजीवीहरुको हित रक्षागर्न सक्छ । मार्क्सवादी राजनीतिशास्त्रका अनुसार एउटा देशमा एउटै मात्र कप्युनिष्ट पार्टी हुनुपर्दछ । सर्वहारा क्रान्तिको अगुवाई गर्ने काम कम्यूनिस्ट  पार्टीको हो , यसैले एउटा देशमा एक भन्दा वढी कम्यूनिस्ट  पार्टीको आवश्यकता पर्दैन भन्ने विचारमा मार्क्स-एंगेल्स र लेनिन दृढ थिए । वास्तविक सत्यलाई बोकेर हिडने पार्टी कम्युनिस्ट पार्टी रहने हुँदा एक भन्दा बढी कम्युनिस्ट  पार्टी एउटा देशमा हुन सक्दैनन् किन भने एकै समयमा दुईवटा सत्य हुँदैनन् । सत्यको पहिचान गर्ने अथवा परिस्थितीको यथार्थ विश्लेषण  र ठोस निष्कर्ष निकाल्ने काम कम्युनिस्टहरुको हो । यदि कुनै देशमा श्रमजीवी वर्गका एक भन्दा वढी पार्टी वा संगठनहरु छन भने तिनीहरुलाई एकीकृत गरेर एउटै झण्डा मुनी ल्याउने काममा कम्युनिस्टहरुले अग्रसरता लिनु पर्दछ । यस बारे कम्युनिस्ट घोषणपत्रमा लेखिएको छ  (पौडेल :२०७२:२०९) । नेपाल कम्युनिस्ट पार्टीको स्थापना २००६ सालमा भयो । स्थापना भए देखि २०७३ साल सम्म आई पुग्दा १०७ वटा पार्टी फूट्ने जुट्ने भयो । यि फुट र जुट विशेष गरी विचार आधारमा भन्दा पनि नेतृत्वको अहंकारको कारण भएको ने.क.पा. को आज सम्मको इतिहासले देखाउछ । नेपालकम्यूनिस्ट पार्टी स्थापना २००६ वैशाख १० गते लेनिन जयन्तीको दिनमा स्थापना भयो । यसले २००६ बैशाख १२ गते पहिलो पर्चा प्रकाशित गऱ्यो । के.स. नयाँ कार्य समिति

निर्माण गर्दै नेपालको आर्थिक अवस्थाको चित्रण गर्दै तथा नेपालको क्रान्तिको चरित्र जनवादी भएको घोषणा पत्रमा लेखे । असोज (११-१६) २००८ सालमा प्रथम सम्मेलन भारतको कलकत्तामा सम्पन्न गरी पुष्पलाललाई नै महासचिव बनायो । नेपालको समाजलाई अर्धसामन्ती र अर्ध औपनिवेशिक भएको ठहर नेपाली क्रान्तिको कार्यक्रमलाई नयाँ जनवादी कार्यक्रम भनियो । २०१० माघ (१३-१७) सम्म ने.क.पा.को प्रथम महाधिवेशन भयो मनमोहन अधिकारी महासचिव छानिए । त्यस्तै २०१४ जेष्ठ १५ गते खुल्ला महाधिवेशन गरियो । त्यति वेला पनि नेपाली समाजको चरित्र पुरानै विश्लेषण नै निरन्तरता दिइयो । केशरजंग रायमाझीले संवैधानिक राजतन्त्रलाई मान्दै  शान्तिपूर्ण संघर्ष चलाउनु पर्छ भने । २०१५ सालको संसदीय निर्वाचनमा ने.क.पा.ले १०९ स्थान मा ४ सिट जित्यो । २०१९ साल बैशाख ४-१५ सम्म तेस्रो महाधिवेशन सम्पन्न भयो । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई पारित गऱ्यो । तुलसीलाल अमात्य महासचिवमा छानिए । त्यो भन्दा अगाडिको पारित राजनीतिक र आर्थिक कार्यक्रमहरु नयाँ जनवादी कार्यक्रम भिन्दै रुपमा प्रस्तुत गरिएका थिए । २०२३ सालमा सोभियत संघको नेताहरुको समर्थन लिएर केशरजंग रायमाझी तेस्रो महाधिवेशन गर्दै राजा सहितको राष्ट्रिय प्रजातन्त्रको अगाडी ल्याए भने पुष्पलालको अगुवाईमा गोरखपुरमा अगुवा कार्यकर्ताहरुको सम्मेलन बोलाए,  २०२५ सालमा तेस्रो सम्मेलन सम्पन्न भयो (के.सी. (२०६५) : १६९) । २०२८ सालबाट ने.क.पाको विभाजन तीब्र गतिमा भयो । मोहन विक्रम सिंहहरुले केन्द्र न्युक्लियस घोषणा गरे भने पूर्व कोशी प्रान्तिय कमिटी हुदै थियो भने त्यसले २०२८ साल वैशाख ९ ) गुरिल्ला युद्ध गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने युद्धको तयारी गऱ्यो । भने भदौ (३१-७) असोज २०३१ सालमा चौथो महाधिवेशन गरि पार्टीको नाम चौथो महाधिवेशन समूह बनाए । अर्को पूर्व कोशी प्रान्तिय कमिटीले सवै क्रान्तिकारी युवा एकत्रित हुन आव्हान गर्दै २०३२ सालमा अखिल नेपाल कम्यूनिस्ट  क्रान्तिकारीको कोअर्डिनेशन कमिटी गठन गरि ने.क.पा. (माले) गठनको घोषण गरियो । २०३८ सालमा चौथो महाधिवेशन फुट्यो भने फेरि चौथो महाधिवेशन अन्तगर्त मोहन विक्रम समूह २०४० सालमा फुट्यो । २०४७ साल फेरी ने.क.पा मशाल, ने.क.पा चौम, सर्वहारावादी श्रमिक संगठन, मोहन विक्रम ने.क.पा मसालबाट फुटेको ने.क.पा मसाल र मकवानपुरमा रहेको जनमुखी संगठन वीचमा एकता भयो भने एकता भएर ने.क.पा. (एकताकेन्द्र) निर्माण भयो भने माले,मार्क्सवादी एकता भएर ने.क.पा. ( एमाले) बन्यो । ने.क.पा. (एकता केन्द्र) नयाँ जनवादी क्रान्ति पक्षधर थियो भने ने.क.पा. (

एमाले) जबज पक्षधर शान्तिपूर्ण आन्दोलन सुधारात्मक पक्षमा देखियो । ने.क.पा. (एकता केन्द्र)सशस्त्र युद्ध गर्ने वस्तुगत अवस्थावारे मतभेदवाट फेरि २०५१ सालमा फुटेर ने.क.पा. ( माओवादी) बन्यो भने अर्को ने.क.पा. (एकता केन्द्र र मसाल) वीच २०५९ सालामा एकता भएर ने.क.पा. (एकताकेन्द्र मसाल) मोहन विक्रमको नेतृत्व बन्यो । २०६३ सालमा पुगेर मोहन विक्रम फेरि फुटाएर ने.क.पा. मसाल बनाएभने त्यसरी नै २०६४ सालमा ने.क.पा. माओवादीबाट मातृका यादव समूह फुटेर ने.क.पा (माओवादी) पार्टीको निर्माण गरे, भने ने.क.पा. (एकताकेन्द्र मसाल) र ने.क.पा. (माओवादी) वीच एकता २०६५ सालमा भयो । एकीकृत ने.क.पा. (माओवादी) निर्माण भयो त्यसको नेतृत्व पुष्पकमल दाहाल प्रचण्ड गरे । २०६९ साल मोहन वैद्यको नेतृत्व एकीकृत ने.क.पा. (माओवादी) फुट्यो भने त्यसको लगतै ने.क.पा. माओवादीबाट विप्लबको नेतृत्वमा वैद्य माओवादी फुट्यो त्यस्तै एकृकित माओवादीबाट बाबुराम भट्टराईले २०७२ सालमा नयाँ शक्ति पार्टीको निर्माण गरे, भने, ने.क.पा. (एमाले) बाट फूटेर बनेको ने.क.पा. (माले) चन्द्रप्रकाश मैनाली निरन्तर अगाडी बढेको छ भने २०३३ सालमा फुटेको मजदुर किसान पार्टी पछि समाजवादी क्रान्ति कुरा उठाउदै आएको छ भने  मोहन वैद्य माओवादी विप्लव (माओवादी), मोहन विक्रमको मसाल नयाँ जनवादी क्रान्तिको कार्यक्रमा देखिन्छन भने २०७२ सालमा ने.क.पा. (एकीकृत) र वैद्य ने.क.पा. (माओवादी) एकीकरण भएर ने.क.पा. (क्रान्तिकारी माओवादी) निर्माण भएको छ । ने.क.पा संयुक्त, ने. क.पा. मार्क्सवादी पार्टी पनि छन् । यसै क्रममा एकीकृत नेकपा ( माओवादी), ने.क.पा (क्रान्तिकारी माओवादी) (बादल समूह), ने.क.पा (माओवादी) मातृका समूह, ने.क.पा (क्रान्तिकारी) मणि थापा लगायत १० घटक मिलेर २०७३ सालमा नेकपा ( माओवादी केन्द्र) बन्यो ।कम्युनिस्ट पार्टीको विभाजनका पछि ३-४ वटा तत्वहरुले कारकको रुपमा भूमिका खेलेका थिए । ती हुन तत्कालीन कार्यनीति सम्बन्धी मत भिन्नताहरु, अन्तर्राष्ट्रिय कारण, कम्युनिस्ट नेताहरुको वर्गीय संरचना तथा महत्वकांक्षा र पार्टी भित्र देखापरेको अवसरवाद तथा वाहृय घुसपैठ । यस वाहेक कतिपयले कम्युनिस्ट आन्दोलन भित्रको मतभेदका निम्न लिखित कारणहरु उल्लेख गरेको पाइन्छ : १) रुस र चीनको विरोधको सवाल, २) राजतन्त्रलाई कसरी हेर्ने भन्ने सवाल ३) नेपाली काँग्रेसलाई कसरी हेर्ने भन्ने सवाल ४) नेपालमा जनआन्दोलन कसरी लैजाने भन्ने सवाल ५) व्यक्तिगत र नेतृत्वको महत्वकांक्षाको सवाल र ६) कतैवाट परिचालित व्यक्तिहरुको असर (के.सी. २०६५ : १५०-१५१) । यसरी कम्युनिस्ट पार्टी अवस्था हेर्दा नेपालमा करीब ६२ प्रतिशत देखि ६५

प्रतिशत भन्दा वढी मत कम्युनिस्टले प्राप्त गरेका छन तर टुटफुटका कारण सधै ओझेलमा परेका छन भने ने.क.पा. (एमाले), एकीकृत ने.क.पा. (माओवादी) एकीकरणबाट बनेको नेकपा (माओवादी केन्द्र) समाजवाद कार्यनीति बोकेको देखिन्छ । यो अध्ययनको समस्या नेपालमा समाजवादको प्रयोगमा केन्द्रित भएकाले निम्न बमोजिम सवाल उठाइएको छ :

१) नेपालको कम्युनिस्ट आन्दोलनवारे के कस्तो इतिहास, विकास र उपलब्धी रहदै आएको छ ?

२) नेपालको संविधानमा समाजवाद सम्वन्धी के कस्ता नीतिगत व्यवस्था गरिएको छ ?

३) नेपालमा कम्युनिस्ट पार्टी बीचको पार्टी फूट र रणनीतिमा देखिएको अन्तर कारण समाजवाद लागु गर्न के सम्भव छ ?

यसरी अध्ययन गर्दा नेपालमा समाजवादको प्रयोग स्थिति के कस्तो छ ? राजनैतिक पार्टीहरु भनाइ र गराइमा देखिएको अन्तर त्यसबाट जनतामा पैदा भएको अविश्वास खाडल अर्को तिर भएका उद्योग धन्दा निजीकरणका नाममा व्यक्तिलाई हस्तान्तरण, वैदेशिक अनुदानका भरमा वजेट घोषणा र परनिर्भरता मुखी अर्थतन्त्र छ । त्यसैले नेपालमा समाजवादको प्रयोग स्थितीको समस्यालाई अध्ययनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरु

नेपालमा समाजवादको प्रयोग सन्दर्भमा शोध अध्ययनका उद्देश्यहरु निम्नअनुसार रहेको छ :

१) नेपालका कम्युनिस्ट पार्टीहरुले समाजवाद सम्बन्धी अवलम्वन गरेका नीति र कार्यक्रमको खोज गर्ने,

२) वैज्ञानिक समाजवादको प्रयोगमा नेपालको संविधानमा भएका व्यवस्थाहरुको अध्ययन विश्लेषण गर्ने,

३) वैज्ञानिक समाजवादको प्रयोगमा चुनौतिहरु र सम्भावनाको उपाय अन्वेषण गर्नु ।

## १.४ अध्ययन विधि

### १.४.१ अध्ययनको ढांचा

प्रस्तुत अध्ययन नेपालमा समाजवादको अध्ययन शीर्षकमा गरिएको छ । यस अध्ययनमा समाजवादको वारेमा विशद विवेचना गर्न विश्व समाजवादका सिद्धान्त र विचारहरुको वर्णन

गरिएको छ । साथै नेपालका कम्युनिस्टपार्टीहरु र नेपाली काँग्रेसको समाजवाद सम्बन्धी नीति र कार्यक्रमको वारेमा विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धानत्मक ढांचामा तयार गरिएको छ ।

हरेक अध्ययन-अनुसन्धानका लागि आवश्यक पर्ने तथ्य एवम् सामग्रीको सङ्कलन गर्नुभन्दा पहिला ती तथ्यगत सामग्री कहाँबाट कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा प्रमुख बन्दछ । प्रस्तुत अनुसन्धानमा समाजवादी सिद्धान्त र ती समाजवादी सिद्धान्तलाई व्यवहारिक रुपमा कुन कुन राज्य व्यवस्थामा कुन समयमा व्यवहारिक रुपमा प्रयोग गरिएको छ । नेपालका राजनीतिक दलहरुले नेपालको संविधान बनाउदा के आधार नेपालको संविधान समाजवाद उन्मुख संविधान भनी प्रस्तावनामा नै राखे भन्ने सन्दर्भमा तथ्य सामग्रीहरूको खोजी गर्नुपर्ने हुन्छ । ती सामग्रहरुको संकलन गरी यस अध्ययनमा प्रसंगिक रुपमा वर्णन गरिएको छ । वर्तमान नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र रुपमा स्थापित भएको छ ।नेपालको संविधानमा समाजवाद उल्लेख गरिएकाले नेपालमा समाजवादको प्रयोग समसामयीक र सान्दर्भिक विषय हुने देखेर यो अध्ययनको क्षेत्र छानिएको हो ।

### १.४.२ अनुसन्धानको रुपरेखा

प्रस्तुत शोध कार्य नेपालमा समाजवादको प्रयोग सन्दर्भमा आधारित रहेको छ । नेपालको संविधानमा समाजवाद उन्मुख नेपालको शब्दको प्रयोग नेपाल कम्युनिष्ट पार्टीहरु र नेपाली काङ्ग्रेसका राजनैतिक दस्तावेज र चुनावी घोषणा पत्रमा समाजवादको वर्णन र विवरणलाई आधार बनाइ अनुसन्धानको रुपरेखा तयार पारिएको छ ।

### १.४.३ अनुसन्धानको प्रकृति र स्रोत

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । गुणात्मक प्रकृति भन्नाले समाज विज्ञानमा महत्वपूण सन्देश प्रवाह गर्दछ । गुणात्मक अध्ययनले राजनीतिशास्त्रको क्षेत्रमा ज्यादै गहिरो प्रभाव पार्ने हुँदा यो अध्ययन विश्लेषण गरिएको छ । संख्यात्मक अध्ययन भन्दा गुणात्मक अध्ययनले राजनीतिको वर्तमान मात्र होइन भविष्य लक्षित समेत हुन्छ । गुणात्मक अध्ययनका आधारमा निकालिएको निष्कर्ष ज्यादै भरपर्दो र विश्वसनीय किसिमको हुन्छ । गुणात्मक अध्ययन नीति निर्माण गर्न सहयोगी हुन्छ । प्रस्तुत अध्ययनमा प्राथमिक तथा द्धितिय स्रोतको प्रयोग गरिएको छ । तथ्यहरूको प्राथमिक स्रोत मुख्यतया विभिन्न प्रकारको अन्तर्वार्ताहरू रहेका छन् भने द्वितीयक स्रोतमा पूर्वप्रकाशित पुस्तक, जर्नल, लेख रचना, अनुवादित ग्रन्थ, शोधप्रबन्ध, राजनीतिक दलका विधान र कार्यक्रम, घोषणापत्र, पत्र पत्रिका

आदिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतमा तीन जना राजनीतिक दलका नेता तथा विश्लेषकहरुसंग अन्तवार्ता लिइएको छ ।साथै निम्नानुसारका सामग्रीहरुको समेत प्रयोग गरिएको छ ।

क) अप्रकाशित मौलिक स्रोतहरू - वैठक पुस्तिका, दस्तावेज, अन्तरपार्टी निर्देशन र पत्राचारहरू

ख) प्रकाशित मौलिक स्रोतहरू - दस्तावेजहरू, पर्चा, घोषण-पत्र र अपिल

ग) प्रकाशित पुस्तक तथा लेख रचनाहरू

उल्लेखित सामग्रीहरुबाट प्राप्त तथ्याङ्कहरुलाई आधारमानी यो अध्ययन गरिएको छ ।यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ ।

### १.४.४ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा प्राथमिक तथ्यहरू सङ्कलन गर्दा निम्नलिखित विधिहरू उपयोग गरिएको छ

#### :१.४.४.१ अन्तर्वार्ता

नेपालमा समाजवादको प्रयोग सन्दर्भमा तथ्याङ्कहरू सङ्कलन गर्न राजनीतिज्ञ र बौद्धिक व्यक्तित्वसँग शोधार्थी स्वयम उपस्थित भई अन्तर्वार्ता लिइयो । ती उत्तरदाताहरूलाई अन्तर्वार्ता पूर्व नै यो शोधपत्रको उद्देश्यका बारेमा टेलिफोनबाट जानकारी गराइएको थियो । उत्तरदाताको समय र स्थानका आधारमा शोधार्थी उपस्थित भई आवश्यक प्रश्नहरू ( अनुसूची १) तथा प्रसङ्ग अनुरूप थप प्रश्न समेत गरी अन्तर्वार्ता लिइयो ।

यस अध्ययनका उद्देश्यहरूलाई नै मूल प्रश्नका रूपमा र आवश्यकता अनुसार थप प्रश्न गरी गहन अन्तर्वार्ता लिइएको छ । उनीहरूले अन्तर्वार्तामा नेपालमा समाजवादको प्रयोग भन्ने वारेमा तथ्याङ्क सङ्कलन गरियो । यसरी अन्तर्वार्ता विधिबाट तथ्याङ्कको सङ्कलन गरिएको छ ।

#### १.४.४.२ अडियो रेकर्डर

यो शोधपत्रको लागि अन्तर्वार्ताका तथ्याङ्कसङ्कलन डायरीमा टिपोट गर्दा केही महत्त्वपूर्ण धारणाहरू नछुटुन् भनी अभिलेखन यन्त्र (Mobile Recorder) को प्रयोग गरी तथ्याङ्कको अभिलेखन गरिएको थियो । यसरी अभिलेखन गरिएका अडियो फाइलहरू ल्यापटपमा राखी

पटक-पटक सुनेर तिनको अनुवाद गरिएको छ । अन्तर्वार्ताबाट प्राप्त राजनीतिज्ञ र विद्वान्का धारणा लेखन गराइएको थियो ।

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलन गर्न विभिन्न राजनीतिक दलका नेता र प्राज्ञिक व्यक्तित्वहरूसँग अन्तर्वार्ता लिइएको छ । ती राजनीतिक दलका नेताहरू र प्राज्ञिक व्यक्तित्वको छनोट उद्देश्यमूलक (Purposive Sampling) र सुविधायुक्त छनौट (Convenience Sampling) विधिद्वारा गरिएको छ । अन्तर्वार्ता असंरचित भए पनि अन्तर्वार्तालाई व्यवस्थित गर्न एक प्रश्नसूची बनाइएको छ । विभिन्न प्रासङ्गिक अवस्थामा प्रश्नहरू पनि गरिएको छ । तिनबाट आएको उत्तरसमेत समावेश गरिएको छ । यो अध्ययनमा ऐतिहासिक विधिको प्रयोग गरिएको छ । साथै यस अध्ययनमा लेखक समय पद्धति (American Psychological Association-APA) को प्रयोग गरिएको छ ।

## १.५ अध्ययनको विश्लेषण

यस अध्ययनमा सङ्कलन गरिएका तथ्यहरू मुख्यतः ऐतिहासिक गुणात्मक तथ्यहरू भएकाले ती तथ्यहरूलाई ऐतिहासिक अन्तरवस्तु विश्लेषण विधिको आधारमा व्याख्या- विश्लेषण गरिएको छ । गुणात्मक तथ्यहरूलाई विश्लेषण गरी प्रस्तुत गर्ने विभिन्न विधि मध्येको प्रमुख विधि अन्तरवस्तु विश्लेषण विधि हो । अन्तरवस्तु विश्लेषण गर्दा खासगरी विषयवस्तुको अनुक्रम अनुसार सिद्धान्त, सन्दर्भ, तर्क, विचार, मूल्य, मान्यता, विषयवस्तु र निश्चित नियमलाई आधार मानी विषयक्रममा वर्गीकरण गरी ऐतिहासिक विषयवस्तुहरूलाई व्याख्या गरिएको छ । प्राप्त तथ्यप्रति तर्क, वितर्क, सहमति र असहमति समेतका कुरा राखी विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा पूर्णतः गुणात्मक तथ्यको सङ्कलन र गुणात्मक विधिकै माध्यमबाट विश्लेषण गर्ने प्रयत्न गरिएको छ (डेन्जीन र लिङ्कन, २०५० (१९९४ ई.)) । विश्लेषणका क्रममा गुणात्मक विधिअन्तर्गत पनि विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन हुँदै आएका छन् । प्रस्तुत शोध कार्य माथि उल्लेखित स्रोतबाट प्राप्त तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसरी प्राप्त निष्कर्ष गुणात्मक प्रकृतिको रहेको छ ।

## १.६ साहित्य समीक्षा

नेपालमा वैज्ञानिक समाजवादको प्रयोगमा संविधानमा निर्देशित गरिएका मौलिक अधिकारले त्यसमा प्रदत्त गरिएका समाजवाद उन्मूख व्यवस्था के कस्तो छ भन्ने सम्बन्धमा कुनै अध्ययन अनुसन्धान नभएको हुँदा यो अध्ययन अनुसन्धान गरिएको छ । यस अध्ययनसँग सम्वन्धित विभिन्न सन्दर्भ सामाग्रीको रुपमा विभिन्न पुस्तक एवं अनुसन्धानात्मक कृतिहरुको अध्ययन गरिएको छ । मार्क्स र एंगेल्स (१८४८) कम्युनिस्ट घोषणपत्रमा समाजवाद भनेको के हो ? यो कसरी प्राप्त गर्न सकिन्छ ? सर्वहारा वर्ग भनेको के हो ? सर्वहारा वर्ग कसरी उत्पन्न भए ? के कस्ता अवस्थाहरुमा पूँजीपतिलाई मजदुर वर्गले श्रम बिक्री गर्छन ? औद्योगिक क्रान्ति भन्दा पहिले के कस्ता श्रमिक वर्गहरु अस्तित्वमा थिए ? भुदास र सर्वहाराको बीचमा के अन्तर छ ? औद्योगिक क्रान्तिको भावी परिणामहरु साथै नयाँ सामाजिक व्यवस्था हुनु पर्दछ । व्यक्तिगत सम्पत्तिको अवस्था समाजवादमा के रहन्छ र सामाजिक न्याय कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुराहरु यसघोषणापत्रमाउल्लेख गरिएको हुनाले यस अध्ययनका लागि उपयोगी भएकोले अध्ययन गरिएको छ ।

मास्के (१९१७ ई.) ले मार्क्सवाद र विद्रोह - लेनिन भन्ने पुस्तकमा प्रतिक्रियावादीहरुले मार्क्सवादीहरुलाई ब्लाँकीवादीको आरोप लगाएका छन् । त्यसको झुठो प्रचारको पर्दाफास गर्नु रुसमा एसेरहरु र मेन्शेविकहरुका विरुद्ध मजदुरहरु र किसानहरुलाई आफ्ना स्पष्ट माग राख्दै जनवादी सत्ताका लागि विद्रोह आवश्यक छ । जनताको सर्वनाश हुदै छ । युद्ध भोक तथा बर्वादी झनझन चकिंदै छ, विद्रोह जनताको क्रान्तिकारी उत्साह आधारित हुनुपर्छ, आफ्नो राजनैतिक कार्यनीतिलाई उर्लदो विद्रोह कला हो त्यसले समाजवादी सत्ता प्राप्त गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस पुस्तकमा उल्लेख गरेका छन् । विद्रोह मार्फत समाजवादी सत्ता प्राप्त दिशा स्पष्ट पारेको कारणले यो उपयोगी भएकोले अध्ययन गरिएको छ ।

बाहिर आधारपत्र सार्वजनिक नगरिए पनि जनवादी क्रान्तिका लागि थाती रहेका कार्यभार पुरा गर्दै समाजवादी क्रान्तितर्फ अघि बढने, संविधान सभावाट प्राप्त गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी समानुपातिक प्रतिनिधित्व समाजवाद उन्मुख लोकतन्त्र लगायत सशस्त्र युद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धी रक्षा गर्ने लगायत बुँदा परेका छन् (बस्नेत, २०७३:२) । पोल्याण्डमा कम्यूनिस्टहरु त्यस पार्टीको समर्थन गर्दछन जो कृषि क्रान्तिलाई राष्ट्रिय मुक्तिको पहिलो शर्त मान्दछन् । यो त्यही पार्टी हो जसले इ.स. १८४६ मा क्रममा

विद्रोह मच्चाएको थियो (मार्क्स एङलेल्स, १९८६:६८) संसारको कम्युनिस्ट आन्दोलनको अध्ययन विश्लेषण गर्ने क्रममा पोल्याण्डमा कम्युनिस्टहरुले क्रान्ति सम्पन्न गर्दा कृषि क्रान्तिलाई राष्ट्रिय मुक्तिको पहिलो शर्त मानेको देखिन्छ ।

> कम्यूनिस्ट क्रान्तिकारीहरु वर्तमान सामाजिक र राजनैतिक व्यवस्थाको विरोधमा सर्वत्र नै जुनसुकै क्रान्तिकारी आन्दोलनलाई पनि समर्थन गर्दछन् । कम अथवा वेसी जुन रुपमा विकसित भएपनि यि सवै आन्दोलनहरुमा उनीहरु सवभन्दा पहिले स्वामित्वको प्रश्न नै प्रत्येक आन्दोलनको मुख्य प्रश्न हो । कम्युनिस्टहरु सर्वत्र नै सबै देशका प्रजातान्त्रिक पार्टीहरुका वीच एकता र सम्भौताको निमित्त प्रयत्नशील रहन्छन् ।(मार्क्स एङगेल्स १९८६:८६)

समाज परिवर्तन गरी सामाजिक न्यायमा आधारित समाज, न्याय पूर्ण समाज व्यवस्थाको स्थापना गर्ने क्रममा र न्यायपूर्ण आन्दोलनको समर्थन गर्नु नै मार्क्सवादी धर्म हो ।

मानव समाजको क्रमवद्ध विकासको पृष्ठभुमीमा विश्व कम्यूनिस्ट आन्दोलनको उद्‌भव र विकास भएको छ । समाजशास्त्रीय दृष्टिले मानव समाजले मुख्यत चार चरण आदीम साम्यवादी युग, दास युग, सामन्ती युग र पुँजीवादी युग पार गरेपछि विश्व समाजवादी युग चरणमा प्रवेश गर्दछ (मार्क्स ऐङगेल्स १९८६) ।

> जतातनै सर्वहारा चरित्रका समाजवादी पार्टीहरु गठन हुन थाल्छन र यिनीहरु पुँजीवादी संसदीय पद्दतिको उपयोग गर्न आफ्ना दैनिक अखवारहरु आफ्नो शैक्षिक संस्थाहरु, आफ्ना ट्रेडयूनियनहरु र सहकारी संस्थाहरु स्थापना गर्न सिक्छन । मार्क्सको शिक्षाले पूर्ण विजय हासिल गर्छ र अब यो शिक्षा व्यापक रुपमा फैलिन थाल्छ । सर्वहारावर्गको शक्ति संचय र एकत्रीकरणको प्रक्रिया तथा आदी संघर्षको लागि तयारी गर्ने काम विस्तारै तर ढृढताका साथ अगाडी वढन थाल्छ ।(संकलित रचना लेनिन,१ देखि८ सम्म)

एक्काइसौ शताव्दीमा समाजवादले ऐतिहासिक सामर्थ्यका अगाडी सीमाहरुलाई पर्धेल्दै अझ बढी सामर्थ्य आर्जन गर्दै फेरि सिमाहरु पर्धेल्दै अगाडी बढछ । यसरी एक्काइसौ शताव्दीको क्रान्ति द्धन्दवादका दुवै खुट्टाले अगाडी बढछ । विश्व सन्दर्भमा उल्लेख गरिएको यिनै अनुभवहरुको प्रकाशमा हामीले नेपाली क्रान्तिका वैज्ञानिक समाजवादका कार्यभारहरुलाई रेखाङ्कित गर्न सक्छौ । नेपालमा पूँजीवादी विकास भएकोले अव समाजवादमा जान सकिने र सवै कम्यूनिस्ट पार्टीको रणनीति समाजवाद तिर हुनुपर्ने यस पुस्तकमा भएकोले यो पुस्तक

आजको मार्क्सवाद र नेपाली क्रान्ति भन्ने अध्ययनको लागि उपयोगी छ । समाजवादः लोकतन्त्र र समाजवाद एक अर्कोमा अन्योन्याश्रीत छन् । नेपाली काँग्रेस २०१२ सालमा नै लोकतान्त्रिक समाजावदी नीति अंगिकार गरी सोही माध्यमबाट समाजमा परिर्वतन ल्याउन क्रियाशिल पार्टी हो । यही बाटोबाट स्वतन्त्रता समता, समृद्धि सम्भव छ भन्ने काँग्रेसको दृढ विश्वास हो । जुन समाजमा नागरिकको स्वतन्त्रता अपहरण हुन्छ वा उनीहरुको संगठनको स्वतन्त्रता पाउदैन वा शासकवर्गले बीच बीचमा आफ्नो कार्यको लेखाजोखा गरेर अन्तिममा निर्णयका लागि जनता सामुन्ने जानु पर्दैन वा जहाँ न्यायलय स्वतन्त्र छैन वा जहाँका नागरिकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा स्वतन्त्रतापूर्वक बहस गर्न पाउदैन् भने त्यहाँ समाजवाद पनि रहदैन । त्यसकारण लोकतन्त्र समाजवादको अभिन्न अंग हो । स्वतन्त्रता विना न्याय सम्भव छैन र समानता पनि हुन सक्दैन भन्ने नेपाली काँग्रेसको स्थापनाकालदेखि कै विश्वास हो । बी.पी. कोइरालाले भने झै नेपाली काँग्रेस समाजवादको नाममा लोकतन्त्रको हत्यागर्न सक्दैन र लोकतन्त्रको नाममा शोषणलाई स्वीकार गर्न सक्दैन । नेपाली काँग्रेसले परिकल्पना गरेको लोकतान्त्रिक समाजवादी व्यवस्था राजनीतिक स्वतन्त्रता, आर्थिक समानता र समाजिक न्याय सहितको व्यवस्था हो ।

> समाजवाद केवल आर्थिक पक्षमात्र नभएर मानव सभ्यता र संस्कृति पनि हो । यो एउटा जीवन पद्दति हो, जहाँ जनता अवसर पाउछन् । जहाँ राजनीतिक, सामाजिक र आर्थिक अवसरबाट कसैलाई वन्चित गरिदैन, उपलब्ध अवसरबाटलाभ लिन सबैलाई सक्षम तुल्याइन्छ शारीरिक वा बौद्धिक क्षमता वा उमेरको कारणले अरुमाथि आश्रित हुनुपर्ने वर्गका लागि राज्यले विशेष व्यवस्था गर्छ । यो त्यस्तो पद्दति हो जहाँ कुनै किसिमको भेदभाव हुदैन । (केन्द्रिय प्रचार प्रसार समिति नेपाली काँग्रेस, २०७०: २५-२६)

नेपाली काँग्रेसले आफ्नो घोषणापत्रमा नेपाल जस्तो गरिब मुलुकमा कसरी समाजवाद लागु गर्न सकिन्छ, जहाँ संम्पूर्ण जनता अन्यायमा पर्न हुदैन । लोकतन्त्रको नाममा समाजवाद समाजवादको नाममा लोकतन्त्र अन्त्य गर्नु हुदैन । संसारभरि समाजवादको लहर चलेको अवस्था २०१२ सालमा आफ्नो सिद्धान्त लोकतान्त्रिक समाजवाद अपनाएको देखिन्छ । यस पुस्तकमा प्रजातान्त्रिक समाजवाद विषयमा लेखिएको हुनाले यो घोषण-पत्र अध्ययन गर्न आवश्यकता छ त्यसैले यो अध्ययन गरिएको हो ।

नेकपा (माओवादी केन्द्र) को घोषणपत्रमा सामन्तवादका अवशेषहरुको अन्त्य र दलाल तथा नोकरशाही र पूँजीवादलाई नियन्त्रण गर्दै राष्ट्रिय औद्योगिक पूँजीवादको विकास गर्नु र समाजवादी रुपान्तरणको आधार तयार गर्नु देशको अहिलेको सबैभन्दा महत्वपूर्ण आर्थिक समाजिक कार्यभार हो । यसका निम्ति सामाजिक न्याय सहितको तीब्र आर्थिक विकास र समृद्धिको नीति अनुसरण गर्नु अपरिहार्य हुन्छ । सोही अनुसार नयाँ संविधानमा राज्यको निर्देशक सिद्धान्त र नीतिको व्यवस्था गरिने छ ।

क) अर्थतन्त्रका विभिन्न क्षेत्रमा रहेका सामान्तवादका सबै रुपहरुको अन्त्य गरिने छ । मुख्यतः सामन्तिभूमि सम्बन्धको अन्त्य गर्दै जमिन जोत्नेको सिद्धान्तको आधारमा क्रान्तिकारी भूमिसुधार गरिने छ । अर्थतन्त्रमा उत्पादक शक्तिहरुको तीब्र विकासमा जोड दिइने छ ।

ख) देशको अर्थतन्त्रमा वैदेशिक एकाधिकार पूँजीवादको वर्चस्वलाई न्यूनिकरण गर्दै राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिइने छ । राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिइनेछ । राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरुप वैदेशिक प्रत्यक्ष लगानीलाई छुट दिइने छ ।

ग) राज्य र निजी क्षेत्रबीचमा सहयोगात्मक सम्बन्ध रहने छ । लगानीका क्षेत्रमा सार्वजनिक-निजी साझेदारी प्रणालीलाई प्रश्रय दिइने छ ।

घ) अर्थतन्त्रमा साना उत्पादनकर्ता र व्यवसायीको बाहुल्यलाई मध्यनजर गर्दै विभिन्न क्षेत्रमा सहकारी प्रथालाई प्रवर्द्धन गरिने छ ।

ङ) शिक्षा, स्वास्थ्य, रोजगारी, राज्य सम्प्रभुता र आवास माथिको सबै जनताको मौलिक हक स्थापित गर्न गर्दै तिनको व्यावहारिक प्रत्याभूतिगर्ने नीति राज्यले लिनेछ ।

च) अपाङग, असहाय, जेष्ठ नागरिक, अतिसीमान्तकृत तथा लोपोन्मुख जाति आदिलाई सामाजिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हुने छ । ने.क.पा (माओवादी केन्द्र) (केन्द्रीय प्रचार प्रसार समिति) २०७०:१५-१६)

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को चुनावी प्रतिवद्धता पत्रमा समाजवाद स्थापनाको लागि नौलो जनवादका बाँकी कार्यभार पुरा गर्दै समाजवाद जाने, यस चुनावी प्रतिवद्धता पत्र मौलिक हक, समाजवादी अर्थतन्त्र तीन खम्वा निजी, सहकारी र सरकारी मिलाएर लैजाने प्रष्ट लेखिएको छ । साथै दलाल पूँजीको विरोध गरिएको छ । देशलाई आत्मनिर्भर

अर्थतन्त्रको विकास गर्नेको साथै समतामूलक समाज निर्माण गर्ने भन्ने उल्लेख भएको यो चुनावी प्रतिवद्धता पत्र अध्ययन गरिएको छ । ने.क.पा (एमाले) को घोषणपत्रमा नेपाल राष्ट्रको विशेषता, शीर्षकमा पार्टीले जनताको साझा आकांक्ष, सामूहिक हित र मनोविज्ञानमा आधारित राष्ट्रिय एकता कायम गर्ने, राज्यको शक्तिको स्रोत नेपाली जनता हुने मौलिक हकको प्रत्याभूति, मानव अधिकारका सार्वभौम मूल्यहरुको पालना र पूर्ण राजनीतिक स्वतन्त्रता समानता तथा सामाजिक सुरक्षा र लोककल्याण माथि आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको प्रतिवद्धता मौलिक शासन प्रणाली, भाषिक समानता, समावेशी लोकतन्त्र । संविधानको सर्वोच्चता, शक्ति पृथकीकरण र कानुनी शासन, आवधिक निर्वाचन र बहुदलीय प्रतिस्पर्धा सहितको लोकतान्त्रिक प्रणाली तथा स्वतन्त्र न्यायपालिकाको पक्षमा आफ्नो स्पष्ट प्रतिवद्धता गरेको थियो । सामन्तवादको अन्त्य र समाजवाद उन्मुख अर्थतन्त्रको विकास वैज्ञानिक भूमिसुधार र कृषिको आधुनिकीकरण सूशासन, संसदप्रति उत्तरदायी सेना/महिला माथिका सवैखाले विभेद र उत्पीडनको अन्त्य राज्यका सवै अंगमा ३३ प्रतिशत महिला सहभागिताको प्रत्याभूति, पैतृक सम्पत्तिमा समानता, वालवालिकाको संरक्षण र विकास, बिना भेदभाव सवै नेपालीलाई नागरिकताको व्यवस्था, आदिवासी जनजातिलाई राजनीतिक, सामाजिक र साँस्कृतिक अधिकार, सीमान्तकृत समुदायको भाषा, संस्कृति र परम्पराको संरक्षण, तराइवासी, मधेसी र मुस्लिम समुदायका जनतालाई भाषा, संस्कृति विकासको अधिकार, श्रमजीवी, युवा, अपाङ्गता भएका व्यक्ति, दुर्गम क्षेत्रका बासिन्दाका लागि विशेष अधिकार, दण्डहिनताको अन्त्य, स्वतन्त्र र राष्ट्रिय हितमा आधारित विदेश नीति आदिलाई प्रस्तुत गरेका थियौ । (केन्द्रिय प्रचार-प्रसार समिति नेकपा (एमाले), २०७०:८)

ने.क.पा (एमाले) ले आफ्नो घोषणा पत्रमा समाजवाद उन्मूख मौलिक हक, समावेशी लोकतन्त्र, बहुदलिय प्रतिस्पर्धा सहितको लोकतान्त्रिक प्रणाली, मिश्रीत राजकीय, सहकारी र निजी अर्थतन्त्र, सामाजिक, आर्थिक समानता न्यायमूलक समाजवाद उन्मूख व्यवस्था, वैज्ञानिक भूमिसूधार लागु गर्ने र सामन्तवादको अन्त्य गर्ने प्रष्ट लेखिएको छ । साथै दलाल पूँजीको पनि अन्त्य गर्ने राष्ट्रिय पूँजीको विकास गर्ने उल्लेख छ त्यसकारण ने.क.पा ( एमाले)को घोषणा पत्र २०७० अध्ययन गरिएको छ । एक्काइसौ शताव्दीको समाजवाद पुस्तकमा विश्वमा समाजवादी सत्ताको अवसान भएपछि पूनः नयाँ शिरावाट समाजवादको स्थापना र विकास र अभ्यासका विभिन्न प्रयोगहरु ल्याटिन अमेरिकामा घटिरहेका

घटनाहरुको अध्ययन तथा अनुसन्धान मार्ता हार्नेकरले यो कृति तयार पारेकी छन् । त्यसकारण समाज रुपान्तरणको प्रसव पीडामा छटपटाइरहेको नेपाली समाजको लागि यो पुस्तक अत्यन्तै लाभदायक हुन्छ भनेर यो पुस्तक अध्ययन गरिएको छ । नेपालको पूँजीवादी विकास सन् १९५० -५१ देखि भएको हो । पूँजीवादी अर्थ-राजनैतिक व्यवस्थाको शुरूवात विश्व पूँजीवादी व्यवस्थासंग सम्वद्ध प्रकिया हो । युरोपबाट यहाँ आईपुग्न धेरै समय लाग्यो । १९ औ शताब्दी पुँजीवादले जरा गाड्यो । श्रमशक्ति, प्राकृतिक स्रोत र कृषि एवं वन पैदावारमा पूँजीवादी कब्जा झनझन मजबुत हुदै गयो । पहाडको आर्थिक स्थिति तराई र भारतको पूँजीवादी विकाशमा धेरै हदसम्म आश्रित भइसक्यो । झण्डै तीन दशकयतादेखि पश्चिममा राज्य व्यवस्था अन्तर्गत दलाल पुँजीवादी प्रकियाको अपूर्व विकास हुनु, राज्य व्यवस्था यसको पृष्ठपोषकका रूपमा रहनुलाई नेपालमा पुँजीवादी विकासको भाग हो । यसको उदाहरण भनेको विदेशी दान , र ऋृण राष्ट्रिय अर्थतन्त्रमा उत्पादन , खासगरी औधोगिक उत्पादन भन्दा व्यापार र अन्तर्राष्ट्रिय व्यापारको बोलवाला, ग्रामीण विकास नहुनु र गरिबी हुनु(मिश्र, २०७०: १९१ -१९२) ।

नेपाली काँग्रसले २०११ सालमा आफ्नो वीरगन्ज अधिवेशनमा आफ्नो उद्देश्य देशमा समाजवादी व्यवस्था कायम गर्ने घोषणा गर्‍यो । यस घोषणाले उनीहरूलाई अब गरिबी, शोषण र अत्याचारबाट मुक्त हुने बाटो पाइयो भन्ने भावनाले एउटा नयाँ स्फुर्ति र प्रेरणा दियो । त्यही समाजवादको घोषणाले काँग्रसले २०१५ सालको निर्वाचन जित्यो र त्यसले समाजवादी ऐन , कानुन बनाउन गएकाले त्यसबेला चर्चाको विषय पनि वन्यो । समाजवादले समाजको कल्याणकारी संगठन निर्माण गर्छ । यस्तो सामञ्जस्यपूर्ण संगठनको मौलिक आधार उपयुक्त आर्थिक संगठन हो । समाजवादको अर्को आधारभूत सिद्धान्त समाजको संगठनका नियमको आधार समाजभन्दा बाहिरको दैवी प्रेरणा वा शक्ति नभएर समाजमै निहित मानिसको नियन्त्रण कायम हुन सक्ने सामाजिक शक्तिहरु हुन भन्ने हो । अर्थात समाजका सम्वन्धमा यो समाजवादको भौतिकवादी सिद्धान्त हो साथै भौतिकवादी विचार शृङखला हो । मानव जीवनमा नैतिक भावना र आदर्शका कुराहरुलाई व्यवहारिक रुप दिनु समाजवादको उद्देश्य हो । प्रजातान्त्रिक समाजवादबाट निम्न राजनीतिक अवस्था सिर्जना हुन्छ –

१) जनताका प्रतिनिधिको सरकार गठन हुनुपर्छ ।

२) चुनाव वास्तविक हुनुपर्छ अर्थात जनतालाई आफ्नो प्रतिनिधि रोज्ने स्वतन्त्रता हुनुपर्छ ।

३) वाक स्वतन्त्रता हुनुपर्छ ।

४) संगठन खोल्ने अधिकारको स्वतन्त्रता हुनुपर्छ ।

५) आवधिक निर्वाचन

६) माथिका उल्लेखित अधिकार सवै नागरिकले समान रुपले पाउनु पर्दछ (कोइराला, २०६६ : २८७,२९४) ।

**वि.पी. विचार विन्दु**

वि.पी. विचार विन्दु पुस्तकमा सम्पादक मजगैयाले यस पुस्तकमा वि.पी.ले आफ्नो सम्पूर्ण जीवन राष्ट्रियता, प्रजातन्त्र र समाजवाद निम्ति अर्पित गरेका थिए । २००३ साल मजदुर आन्दोलन २००६ सालमा नेपाली काँग्रेस पार्टीको स्थापना गरे भन्ने राजनैतिक स्वतन्त्रता र आर्थिक समानताको नारा दिएका थिए । विर्ता उन्मूलन, राज्य र रजौटा उन्मूलन, वि.स. २०१५ सालको फागुन ७ गते निर्वाचनबाट निर्वाचित पहिलो निर्वाचित प्रधानमन्त्री बने । त्यसवेला समाजवाद उन्मुख कार्ययोजना पारित तथा लागु गर्ने प्रयत्न गरेका थिए । जस्तै ग्राम विकास योजना, सहकारी निर्माण आन्दोलनले तल्लो तह सम्मका किसानलाई आर्थिक उत्थान कार्यक्रम लगायत जनताको अति आवश्यकीय वस्तुमा सुधारको योजना ल्याए जसले परिवर्तनमा महत्वपूर्ण भूमिका निर्माण गऱ्यो । यस्ता महत्वपूर्ण लेख यस पुस्तकमा भएकाले यो पुस्तक अध्ययन गरिएको छ । (वि.पी. विचार विन्दु मजगैया, २)पुँजीवादी जनवादी क्रान्तिको आधारभूत कार्यभार पुरा भएको बाँकी कार्यभार उठाउदै समाजवादी क्रान्तिको रणनीतिमा अघि वदने । (प्रचण्ड सम्पादक २०७२:१५)

नेपालको संविधानको २०७२ को संविधानको प्रस्तावना अनुसार जनताको प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवाधिक निर्वाचन, पुर्ण प्रेस स्वतन्तत्रा तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने ।(संविधान २०७२:१)

समाजवादका आधार पुँजीवादमा नै पलाउहुन र त्यस पुँजीलाई व्यक्ति हितवाट हटाई समाजको सामूहिक हितमा प्रयोग गरेर नै समाजवादको व्यवस्था खडा गरिन्छ  (मजगैया २०७२:७१) ।


पुँजीवादलाई राजनीतिक क्षेत्रवाट चुनौती दिनु आवश्यक चाहे त्यो राज्यवाट होस वा गैर राज्यबाट कार्यकर्ताबाट, गैर कार्यकर्ताबाट, पार्टीबाट होस वा गैर पार्टीबाट सामाजिक आन्दोलनहरु, वैज्ञानिक, प्राविधिक केन्द्रहरु, साँस्कृतिक तथा सञ्चार केन्द्रहरुबाट चुनौती दिनु आवश्यक छ जहाँ एउटा निर्णायक रुपले संवेदनाहरुको निर्माण हुन्छ र स्वव्यवस्थित संगठनहरुबाट चुनौती दिनु आवश्यक छ अथवा यसलाई केही सुत्रात्मक र सम्भवत अझ प्रवाभकारी ढंगले भन्दा क्रान्ति अन्तर्राष्ट्रिय जनवादी वहुरुपी र गहन हुनुपर्दछ । नत्र कुनै क्रान्ति हुन सक्दैन (सुनुवार र दाहाल २०७२:१५४)।

देशका सम्पूर्ण क्रान्तिकारी कम्यूनिस्ट  र वामपन्थी प्रगतिशील शक्तिहरु वीच एकता र ध्रुवीकरण आजको प्रमुख आवश्यकता भएको वताएका हुन । जनवादी क्रान्तिका वाँकी कार्यभार पूरागरी समाजवादी क्रान्तिको दिशामा अघि बढौं (समाधान राष्ट्रिय दैनिक २०७३ बैशाख ११: २) ।

नेपालका सबैजसो प्रमुख कम्यूनिस्ट घटकहरुले नेपाली अर्थतन्त्रको चरित्र आधारभुत रुपमा पुँजीवादी भैसकेको निश्कर्ष निकालेका हुन् । यस कामको अगुवाई ने.क.पा. ( एमाले) र ने.क.पा.(माओवादी केन्द्र) बाट भएको देखिन्छ । तर पनि यस पार्टी भित्रका चर्चित नेताहरुमा पर्याप्त अलमल पनि देखिन्छ उदाहरणका लागि अहिले पनि ने.क.पा. एमालेका कतिपय नेताहरु अर्थराजनीतिक चरित्र र नेपालको मूल सामाजिक प्रकृतिका हिसाबले सामन्तवाद समाप्त भैसक्यो भन्ने कुरा बोल्न र लेख्न सकिरहेका छैनन् । ( मार्क्सवादी अर्थशास्त्र) (पौडेल २०७२:५१०)

## तालिका नं १

### मार्क्सवादको नेपाली कम्युनिस्ट पार्टीहरुमा प्रभाव - विधान, दस्तावेज, घोषापत्र संविधानसभामा मतपरिणाम आदिका आधारमा



नेपाल कम्युनिस्ट पार्टीको स्थापना २००६ सालमा भएको हो । यसको संस्थापकहरुको उद्देश्य भनेको नेपालमा नौलो जनवाद, समाजवाद हुँदै साम्यवादमा पुग्ने थियो । पुष्पलाल श्रेष्ठ, निरञ्जन गोविन्द वैद्य, नरबहादुर कर्माचार्य र नारायण विलास जोशी चार जनाबाट शुरु गरिएको ने.क.पाको स्थिती क्रमिक रुपमा सुदृढ र व्यापक विस्तार हुँदै गयो । २००७ सालको क्रान्ति २०३६ सालको जनमत संग्रह हुँदै २०४६ सालको ऐतिहासिक जनआन्दोलन सम्म आउँदा वैकल्पिक शक्ति रुपमा उदयमान देखिन्छ । २०४८ सालको निर्वाचनमा दोस्रो ठूलो शक्तिको रुपमा देखा पऱ्यो । संसदीय राजनीतिबाट नेपालमा कम्युनिस्ट पार्टीले आफ्नो रणनीति पुरा नहुने भन्दै ने.क.पा (माओवादी) २०५२ सालबाट जनयुद्धमा होमियो भने ने.क.पा (एमाले) संसदीय व्यवस्था सुधार गर्दै बहुदलिय जनवादको बाटोबाट समाजवाद पुग्ने रणनीति दस्तावेजमा राख्यो यसरी २०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलन जनयुद्धको जगमा भयो यसको मुख्य भूमिका कम्युनिस्ट पार्टीहरुको देखियो । २०६४ सालमा पहिलो संविधान सभाको निर्वाचनमा ने.क.पा (माओवादी) देशको ठुलो दल जसले प्रत्यक्ष र समानुपातिक गरी २४१ सिट जित्यो । नेपाल कम्युनिस्ट पार्टीहरुले पहिलो संविधान सभा २०६४ सालमा प्राप्त मतसंख्या यस प्रकार रहेको छ :

| **पार्टीहरु** | **मत संख्या** |
|---|---|
| १. ने.क.पा (एमाले) | २१८३३७० |
| २. ने.क.पा (माओवादी) | ३१४४२०४ |
| ३. ने.क.पा (माले) | २४३५४५ |
| ४. जनमोर्चा नेपाल | १६४३८१ |
| ५. ने.क.पा संयुक्त | १५४९६८ |
| ६. राष्ट्रिय जनमोर्चा | १०६२२४ |
| ७. मजदुर किसान पार्टी | ७४०८९ |

नेपाल कम्युनिस्ट पार्टीहरुले दोस्रो संविधान सभा २०७० सालमा प्राप्त मत संख्या यस प्रकार रहेको छ :

| **पार्टीहरु** | **मत संख्या** |
|---|---|
| १. ने.क.पा (एमाले) | २२३९६०९ |
| २. ए.ने.क.पा (माओवादी) | १४३९७२६ |
| ३. ने.क.पा (माले) | १३०३०० |
| ४. ने.क.पा संयुक्त | १०९९७ |
| ५. राष्ट्रिय जनमोर्चा | ९२३८७ |
| ६. मजदुर किसान पार्टी | ६६७७८ |

यसरी हेर्दा नेपालका कम्युनिस्ट पार्टीहरु रणनीति, कार्यनीति, सैद्धान्तिक वैचारिक क्षेत्रमा आ-आफनै दृष्टिकोण देखिए पनि सवै पार्टीहरुको लक्ष्य भनेको समाजवादमा पुग्ने नै छ । ने.क.पा (एमाले) ले मार्क्सवाद, लेनिनवाद अवलम्बन गर्ने पार्टी भनेर दाबीगर्छ भने, ने.क.पा (माओवादी केन्द्र) ले मार्क्सवाद, लेनिनवाद र माओवाद पथ प्रदर्शक सिद्धान्त मान्दछ । मजदुर किसान पार्टी किमइल सुङ विचारधारा नजिक रहेको देखिन्छ । कार्ल मार्क्स द्धिशतवार्षिकीका अवसरमा नेपालमा मुख्य कम्यूनिस्ट पार्टीका शीर्ष नेताहरु २०७३ पौष ११ गते काठमाडौंको नाचघरमा एउटै मञ्चमा भेला भएर नेपाल र विश्वको कम्युनिस्ट आन्दोलनको समीक्षा र आगामी कार्यदिशाको खाका तयार गर्न जुटाए । जसमा ने.क.पा ( एमाले), ने.क.पा (माओवादी केन्द्र), नेकपा संयुक्त, ने.क.पा (माले), मार्क्सवादी पार्टीहरु उपस्थित थिए । उक्त कार्यक्रममा वाम नेताहरुले एकता र सहकार्यको साझा संकल्प गरेका छन् । साथै कार्लमार्क्सको दोस्रो शतवार्षिकी सँगै मनाउने निणर्य गरे साथै ६७३ सदस्सीय राष्ट्रिय समिति घोषणा गरे । हामी शिक्षा, स्वास्थ्य जस्ता विषयमा समाजवादी नीतिवारे अध्ययन अनुसन्धान चालउने छौं, समाजावदी विकासको मोडेल र पर्यावरण वारे पनि अध्ययन हुनेछ (भुषाल, २०७३:२) कम्यूनिस्ट पार्टी भनेको भविष्यप्रति संधै आसावादी र फरवार्ड लुकिङ (अगाडि हेर्ने) हुनुपर्छ (खनाल, २०७३:२) कान्तिपुर वर्ष २४ अंक ३०८ ।

प्रस्तुत अध्ययनमा माथि उल्लेखित विषय वस्तुहरुको समिक्षा गरियो । ती पूर्व साहित्यको अध्ययन यस अध्ययनका लागि महत्वपूर्ण रहेका छन् । तथापि नेपालमा समाजवादको प्रयोग सन्दर्भमा कुनै पनि प्राज्ञिक अध्ययन नभएकाले यो अध्ययन गरिएको छ ।

## १.७ अध्ययनको सीमा

नेपालमा समाजवादको प्रयोग सन्दर्भमा अध्ययन अनुसन्धान गरी वास्तविक तथ्यमा आधारित समाजवादको विश्लेषण गर्ने उद्देश्य राखी यो अध्ययन गरिएको भएता पनि स्रोत र साधनको अभावमा यो अध्ययनको निम्नानुसारको सीमा निर्धारण गरिएको छ ।

१) मार्क्सवादी दर्शनमा आधारित वैज्ञानिक समाजवादको प्रयोग र विकास गर्ने हेगेल, मार्क्स, लेनिन माओका समाजवाद सम्बन्धी धारणा र समाजवादको प्रयोग भएका रुस, चीन आदि देशमा प्रयोग अध्ययन गर्ने ।

२) काल्पनिक समाजवाद, युरो समाजवादको बारेमा चर्चा गर्ने ।

३) नेपालका कम्युनिस्ट पार्टीहरुले मार्क्सवादी वैज्ञानिक समाजवादका आधारमा नेपालमा प्रयोग गरिएका नीतिगत तथा व्यवहारिक पक्षको अध्ययन गर्ने साथै नेकपा को इतिहास अध्ययन गर्ने ।

४) नेपालको संविधानमा समाजवाद उन्मुख भनी व्यवस्था गर्ने नेपालका कम्युनिस्ट पार्टीहरु र नेपाली काँग्रेसको समाजवाद सम्बन्धी धारणा, ती पार्टीका दस्तावेज, लेख, रचना र चुनावी घोषणा पत्रको अध्ययन गर्ने ।

५) ने.क.पा.हरुका जानकार बौद्धिक व्यक्तित्व, राजनैतिक पार्टीका नेतृत्व वाम बुद्धिजीवीसँग अन्तवार्ता लिने सीमा निर्धारण गरिएको छ ।

६) नेपालमा समाजवाद सम्बन्धी माथि उल्लेखित विषयहरु नै यो अध्ययनका सीमा निर्धाराण गरिएको छ ।

## १.८ अध्ययनको महत्व

नेपाली मजदुर र किसान वा उत्पादन शक्तिले देशको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तनका खातिर पटक पटक बलिदानी गर्दै आएका छन् । भनौ परिवर्तनका निम्ति जनआन्दोलन शसस्त्र युद्धमा भाग लिएका छन् । राजनीतिक पार्टीहरुलाई साथ दिएका छन् । मानिस जन्मेदेखि मृत्यु पर्यन्त निरन्तर संघर्ष गरिरहेका छन् । यसबाट मजदुर र किसानको आर्थिक, राजनैतिक, सामाजिक र साँस्कृतिक अवस्थाको पहिचान गरी समानता कसरी कायम गर्ने भन्ने पत्ता लगाउने अनुसन्धान भएकोले यो महत्वपूर्ण छ । यसले सामाजिक न्यायको खोज गर्दछ । नेपालमा वैज्ञानिक समाजवाद लागु गर्ने आउने चुनौति विषयक वा समस्या वारे प्रष्ट गर्ने हुनाले राजनैतिक पार्टीलाई प्रभावकारी बनाउने कार्यमा सहयोग गर्न यस अनुसन्धानले प्रेरित गर्दछ । उत्पादन शक्ति -मजदुर किसान) का सवालमा अधिकार सम्बन्धी नीति निर्माण गर्न पर्दा यसले नीति निर्मातालई मार्गदर्शन गर्न मद्दत गर्ने भएकोले पनि यो अध्ययन महत्वपूर्ण छ । यो अनुसन्धान नेपालका राजनैतिक पार्टीहरु - नेपाली काँग्रेस, ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र) वैज्ञानीक समाजवाद र प्रजातान्त्रिक समाजवादमा केन्द्रित भएर गरिएको छ । यसले यस प्रकारको खोज अनुसन्धान गर्न चाहनेहरुलाई मार्ग दर्शन गर्ने काम गर्दछ ।

यो अध्ययनद्वारा वैज्ञानिक समाजवाद र प्रजातान्त्रिक समाजवादको सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने सरकारी पक्ष तथा राजनैतिक पार्टीहरुलाई सहयोग पुग्दछ । यो शोध पत्र उच्चतम उपलब्धी हासिल गर्न उन्मुख गराउने विविध समस्याहरुको खोजी र समाधानका उचित सुझावहरु प्राप्त गर्नको लागि महत्वपूर्ण हुने आशा राखिएको छ ।

**१.९ अध्ययनको संरचना**

प्रस्तुत अध्ययनको परिच्छेद एकमा अनुसन्धानको परिचय रहेको छ । त्यसैगरी यस अध्ययनको परिच्छेद दुईमा कम्युनिस्ट पार्टी तथा समाजवाद सम्वन्धी सैद्धान्तिक अवधारणाका वारेमा उल्लेख गरिएको छ ।यस अध्ययनको परिच्छेद तीनमा वैज्ञानिक समाजवादको वारेमा विशद विवेचना गरिएको छ ।यो अध्ययनको परिच्छेद चारमा समाजवादको प्रयोगमा चुनौती र सम्भावनाको वारेमा व्यापका रुपमा व्याख्या विश्लेषण गरिएको छ र  परिच्छेद पाँचमा मा सारांश र निष्कर्ष रहेको छ ।

# परिच्छेद - दुई

# कम्युनिस्ट पार्टी तथा समाजवाद सम्बन्धि सैद्धान्तिक अवधारणा

## २.१ पृष्ठभूमि

समाजमा व्यक्तिगत सम्पत्ति उत्पन्न भएपछि शोषण शुरु भयो । केही मानिसहरुले अरुको परिश्रमको शोषण गरेर सम्पत्ति जम्मा गर्न थाले । मुट्ठीभर मानिसहरुका हातमा ठूलो मात्रामा सम्पत्ति जम्मा हुन थाल्यो । समाज दुई भागमा बाँडिदै गयो । एकातिर शोषक वर्ग अर्को तिर शोषित वर्ग । समाजमा शोषण र वर्गीय विषमता शुरु भएपछि त्यसको विरोध पनि हुन थाल्यो । समाजको इतिहासमा प्राचिन काल देखि नै वर्ग संघर्ष चल्दै आएको छ ( मार्क्स) । विश्वको इतिहासमा दास युद्ध वा किसान युद्धका कैयौ उदाहरणहरु पाइन्छन् । तर ती आन्दोलनहरुको प्रदर्शन गर्नका लागि कुनै वैज्ञानिक सिद्धान्त वा दर्शन थिएन । त्यसकारण ती संघर्षहरुको कुनै ठोस परिणाम निक्लदैनथ्यो । वैज्ञानिक समाजवादको विकासले शोषित वर्गको हातमा शोषक वर्गका विरुद्धको युद्धका लागि बलियो हतियार प्राप्त भयो । विश्वको इतिहासमा समाजवादी प्रकारका विचारहरुको पनि कैयौ दार्शनिक र समाज सुधारकहरुले प्रचार गरेको पाइन्छ । तर आधुनिक समाजवाद अन्ततः पूँजीवादको विकास मूख्यतः त्यस अन्तर्गत पूँजीपति र मजदुर वर्गका वीचमा तीब्र बनेको वर्ग संघर्षको परिणाम हो । १७ औं र १८ औं शताब्दीमा यूरोपमा महान् परिर्वतनहरु भए । मध्य युगमा यूरोपमा सामन्त र पोपको प्रभुत्व थियो । १७र १८ औं शताब्दीमा वैज्ञानिक दार्शनिक र समाजवादीहरुले नयाँ क्रान्तिकारी विचारहरु प्रस्तुत गरे । त्यसले गर्दा मानिसहरुको रुढीवादी चेतनामा क्रान्तिकारी परिवर्तन भयो। सामन्त सितको संघर्ष तेज हुन थाल्यो । सन् १७८९ मा फ्रान्सको महान क्रान्ति भयो त्यसको अन्तमा सामन्त वर्गको हार पूँजीपति वर्गको विजय भयो । पूँजीवादको विकासमा जुन कुराले सबैभन्दा बढी मद्दत पुऱ्यायो, त्यो कुरा थियो औद्योगिक क्रान्ति यो सर्वप्रथम इङलैण्डमा शुरु भयो र क्रमश : पुरै युरोपभरि फैलियो । इङ्गलैण्डमा छिटो धागो कात्ने चर्खा, कपडा बुन्ने मेशिनको विकास हुदै गयो । पूँजीवादी विकासले एकातिर पूँजीपति वर्ग र सर्वहारा वर्गलाई अगाडि ल्यायो ।

मजदुर आन्दोलनको प्रारम्भ सर्वप्रथम ट्रेड युनियनको जन्म भूमि इङ्गलैण्डमा नै भयो । इङ्गलैण्डमा प्रारम्भ सर्वप्रथम ट्रेड यूनियनको संगठन माथि रोक लागेको थियो । तर सन् १८२४ मा संसदले त्यो कानुन खारेज गर्नु पऱ्यो । त्यो मजदुरहरुको बढदो शक्तिको प्रमाण

थियो । मजदुरहरुको पहिलो संगठित आन्दोलन चार्टिस्ट आन्दोलन थियो । चार्टिस्ट आन्दोलनमा करिब १५०० मजदुरहरु गिरफ्तार भए । चार्टिस्टबादीहरुले सन् १८३९, १८४२, १८४९ मा पार्लियामेन्टमा ३ वटा आवेदनपत्रहरु दिए तर अस्वीकार गरियो यसले यूरोपमा समाजवादीहरुले विचारहरु जन्म दियो ( सिंह, २०५७:८-९) । नेपालमा समाजवादको स्थापना सम्बन्धमा नेपाल कम्युनिस्ट पार्टीको जनवाद हुँदै समाजवाद र साम्यवादी समाज स्थापना हुने कुरा कम्युनिस्ट पार्टीको घोषणा पत्रमा उल्लेख गरिएको छ । अहिले कम्युनिस्ट पार्टीका न्युनतम कार्यक्रम नौलो जनवाद, जनवाद, जनताको बहुदलीय जनवाद, एक्काइसौ शताब्दीको जनवाद हुँदै समाजवाद भन्ने कुरा ति पार्टीका विधान र चुनावी घोषणापत्रहरुमा उल्लेख गरेका छन् । नेपाली काँग्रेसको राष्ट्र, राष्ट्रियता र प्रजातान्त्रिक समाजवाद कार्यक्रम रहेको छ । यीनै राजनीतिक पार्टीले संविधान सभाबाट बनाएको नेपालको संविधानमा यो संविधान समाजवाद उन्मुख संविधान भनि उल्लेख गरिएको छ । (नेपालको संविधानको प्रस्तावना, २०७२:१)

## २.२ समाजवादको परिचय

समाजवाद व्यक्तिवाद विरुद्धको राजनैतिक दर्शन हो । समाजवादको परिकल्पना मार्क्स, एङगेल्स भन्दा पहिलो प्लेटो, रुसो, हेगेल, हम्फी, ध्यगुन, सन्तसाइमन, फूरिये ,रवर्ट ओवेन, ऐली आदि धेरै चिन्तक वा राजनीति शास्त्रका विद्वानहरुले अगाडी ल्याएका हुन् । मानव समाज अर्न्तगतका विषमता र चर्को उत्पीडनलाई केही मान्छेहरुले दिमागी परिवर्तन ल्याएर बदल्न चाहन्थे । उनीहरुले धर्मको दुहाई दिन्थे ईश्वरको कसम खान्थे, मान्छेहरुलाई उच्च भावनाले अपील गर्थे, उनीहरुको बुद्धिलाई दीर्घकालीन रुपमा फाइदा हुने सुनाएर बदल्न चाहन्थे । अनि चाहन्थे सम्पत्तिमा  व्यक्तिगत स्वार्थ नरहोस र सम्पूर्ण समाजको हितको लागि समाजको संगठन होस । यस्ता समाजवादीहरुलाई मैले यहाँ स्वप्नचारी काल्पनिक समाजवादी भनेको छु (साँकृत्यायन, २०५७ : १८०) । काल्पनिक समाजवादी चिन्तकहरुसँग प्रष्ट अगाडि बढ्ने आधारको व्याख्या थिएन मात्र परिकल्पना मात्र थियो । यसलाई काल्पनिक समाजवाद भनिन्छ । काल्पनिक समाजवादीहरुद्वारा यसरी परिभाषित गरेका छन् । रुसोले Discourse of inequality नामक निबन्धमा समाजवाद व्यक्तिगत सम्पत्ति माथि आक्रमण गरी आर्थिक असमानताको अन्त्य हो भनेका छन् । त्यस्तै साइमनले : जनताको तानाशाहीको पक्षमा मत जाहेर गरी उत्पादनका समस्त साधन माथि उपयोग गर्नेको

अधिकार हुनु पर्ने उल्लेख गरेका छन् । त्यसैगरी अर्को दार्शनिक प्लेटोले आदर्श राज्यको परिकल्पना गरेका छन् प्लेटोको आदर्श राज्यका चार स्तम्भमा शिक्षा, न्याय साम्यवाद र दार्शनिक राजा रहेका छन् । काल्पनिक समाजवादको व्याख्या गरेका पाइन्छ । त्यसलाई काल्पनिक समाजवाद भनिन्छ ।

फुरियो : फुरियोको जोड सेट साइमनको झैं सदिच्छा, सहानुभुति र भावुकतामा त्यति थिएन, जति विज्ञान र तर्कमा सम्पूर्ण उपजको ५/१२ श्रमिकलाई मिल्नुपर्दछ । ४/१२ पूँजीपतिहरुलाई र बाँकी ३/१२ प्रतिभावानहरुलाई उनको सुत्र थियो । योग्यता अनुसार काम लिने र प्रत्येकलाई उसको श्रम, प्रतिभा र पूँजी अनुसार भाग दिने छ । फुरियो शान्तिको पक्षपाती र हिंसाको विरोधी थिए ।

रबर्ट ओवेनः सबै अस्तित्वको मुख्य र आवश्यक उद्देश्य सुख हो । तर सुख खालि एक व्यक्तिको लागि मात्र प्राप्त गर्न सकिन्न । सुख पैदा गर्न मान्छेको एक मात्र धर्म हुनेछ । उपयोगी उद्योगहरु गर्नु भगवानको पूजा हुनेछ । मान्छेको व्यक्तित्व यो परिस्थितिद्वारा निर्मित हुन्छ जसमा उ पैदा भयो, जहाँ रहन्छ र काम गर्दछ खराबले खराब व्यक्तित्व जन्माउदछ, असलले असललाई" । उनले निम्न कुराहरुमा जोड दिन्थे ।

१) शिक्षा सार्वजनिक र अनिवार्य तथा समाज र व्यक्तिको लागि लाभदायक हुनुपर्दछ ।

२) सम्पत्ति प्रशस्त हुनुपर्दछ ।

३) वेरोजगारीको डर हुनु हुदैन ।

चार्टिस्ट आन्दोलन : संसारको सबैभन्दा पहिलो मजदुर वर्गीय आन्दोलन थियो । त्यो आफ्नो लक्ष्यमा सफल नै नभए तापनि त्यसका प्रयत्नहरु निष्फल रहेनन् । दश लाख चार्टिस्ट चुपचाप जनताबाट भेटिएनन् । चार्टिस्ट आन्दोलनले उदाहरण आफ्ना अनुभव आफ्ना कमजोरीहरुद्वारा आधुनिक समाजवादको शीलन्यासमा अत्यन्त ठूलो सहायता पुऱ्यायो यसबाट मार्क्सवादको सिद्धान्तको रुप लियो ( साँकृत्यान, २०५७ : २१८ ) ।

मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणपत्र (Communist Menifesto) लेखे पछि मात्र वैज्ञानिक समाजवाद वा क्रान्तिकारी समाजवाद भनिन्छ, पूँजीवादको विकास सँगै विस्तारै विस्तारै पूँजीवादी व्यवस्थामा भीषण शोषण हुनजान्छ । यसले गर्दा मजदुरको अवस्था अत्यन्त खराव हुनपुग्छ । पूँजीवादीहरुमा आपसी प्रतिस्पर्धाका कारण आपसमा लडने

गर्दछन् । यसका साथै समाजमा केही व्यक्तिको हातमा सम्पति पुग्छ र बाँकी सर्वहारावर्गमा बदलिन पुग्छन । बीचको मध्यमा वर्ग समाप्त हुन्छ । मध्यम वर्ग कि सर्वहारामा फेरिन्छ कि पुँजीवादमा । यस्तो अवस्थामा पूँजीपति र सर्वहारा वर्गमा सीधा संघर्षले उग्ररुपमा हुनपुग्छ त्यसवेला सर्वहारावर्गले पूँजीपति वर्गलाई जर्वजस्ती हराएर सम्पूर्ण उत्पादनका साधन आफ्नो स्वमित्वमा लिन्छन् र सर्वहारा वर्गको अधिनायकत्वमा पूँजीवादी अवशेष नस्ट हुन्छ । यसै अवस्थालाई समाजवाद भनिन्छ । शोषक वर्गको हातबाट शोषित वर्गको हातमा राज्य सत्ता प्राप्त हुन्छ । सम्पूर्ण उत्पादनका साधनमा सामाजिक स्वामित्व हुन्छ । विकाश तथा सञ्चयको रणनीतिमा केन्द्रीय नियन्त्रण हुन्छ । श्रमको प्रकृति सामाजिक हुन्छ । उत्पादन सम्बमन्धमा मित्रता पूर्ण रुपमा उत्पादनको वितरण हुन्छ । राज्यले सामूहिक भलाई र सेवा निःशुल्क प्रदान गर्दछ ( शिवाकोटी २०६९ :२४६ ) ।

समाजवादको वारेमा तलका दार्शनिक तथा विचारकहरुले आ-आफ्नो परिभाषा दिएका छन् । ह्युगन (Hughan) अनुसार समाजवाद श्रमिक वर्गको एक आन्दोलन हो । जसको उद्देश्य उत्पादन र वितरणको आधारभूत साधनमा सामूहिक स्वामित्व र प्रजातान्त्रिक व्यवस्थापनद्वारा शोषणको अन्त गरिन्छ । इमाइलका अनुसार समाजवाद श्रमिकको यस्तो संगठन हो जसका उद्देश्य पूँजीवादी सम्पत्तिमा परिवर्तन गर्नका लागि राजनीतिक सत्ता प्राप्त गर्दछ भनेका छन् ।

रबर्ट (Robert) का अनुसार सम्पत्ति तथा उत्पादनका अन्य साधन जनताको सामूहिक सम्पत्ति होस र यसको प्रयोग पनि जनताद्वारा जनताका लाेिग प्रयोग गरियोस् भनी समाजवादी कार्यक्रमको माग हो भनेका छन ।

मार्क्सका अनुसार : साम्यवादी समाजको प्रथम अवस्थामा जब कि त्यो एक लामो प्रसव पीडापछि पूँजीवादी समाजको गर्भबाट भर्खरै मात्र पैदा भएको छ यी त्रुटीहरु हुनु अनिवार्य नै हुन जान्छ । अधिकार भन्ने कुरा समाजको आर्थिक व्यवस्था र त्यसद्वारा निर्धारित साँस्कृतिक विकाश भन्दा अग्लो कदापी हुनसक्दैन । यस किसिमबाट साम्यवादी समाजको प्रथम अवस्थामा जसलाई सामान्यतया समाजवाद भन्दछन् ( श्रेष्ठ, लेनिन, २०६३ : ८५) ।

## २.३ समाजवादको मुख्य सिद्धान्त

१) समाजवाद व्यक्तिलाई भन्दा समाजलाई बढी महत्व दिन्छ । समाजको कल्याणका लागि व्यक्तिगत हितलाई बलिदान दिन सकिन्छ भन्ने मान्यता राख्दछ । समाजवादीहरु यस्ता वस्तुको उत्पादन चाहन्छन् जुन अधिकांश जनताकालागि उपयोगी हुन्छ । समाजवादको अभिप्राय व्यक्तिका हितलाई समाजको अधिन पार्नु हो । ब्रेम्ले २) समाजवाद व्यक्तिलाई निरीह र एक्लो ठान्दैनन् व्यक्तिलाई समाजको अंगको रुपमा मान्दछन् सावयव सम्झन्छन् । शरिरको अंग जस्तै समाजको व्यक्ति अंग भएकोले समाजको कुनै व्यक्तिलाई पीडा भएमा समस्त समाजलाई कस्ट हुन्छ । समाजवाद व्यक्तिगत स्वतन्त्रता विरोधी होइन सामाजिक समताद्वारा स्वतन्त्रता अनुभव गर्दछन् । ३) समाजवाद पूँजीवादको अन्त हो । पूँजीवादी व्यवस्थाको फलस्वरुप समाजका विभिन्न वर्गमा पूँजीको असमान वितरण हुनजान्छ । यसको परिणाम स्वरुप धनी बढी धनी र गरीब झन गरीब हुन जान्छ । यो पूँजीवादी व्यवस्था मजदुर तथा सर्वसाधरण जनताको घोर शत्रु हो त्यसैले यसको अन्त्य हुनु नै राम्रो हो । वास्तवमा समाजवाद सैद्धान्तिक दृष्टिले पूँजी वा सम्पत्तिको विरोधी नभएर उसको विरोध भूमि र पूँजीसंग सम्बन्धित पूँजीसँग सम्बन्धीत व्यक्तिगत सम्पत्तिसँग हो । यस्तो व्यक्तिगत पूँजीलाई सामूहिक वा सामाजिक सम्पत्ति परिवर्तन गर्न चाहन्छ । ४) समाजवादी आर्थिक क्षेत्रमा खुल्ला प्रतियोगिता र मनमानीपूर्ण उत्पादनलाई मान्यता दिदैन । समाजवादको उद्देश्य अनावश्यक प्रतियोगिताको श्रमको महत्वलाई कम गर्दछ पुँजीवादमा अन्याय र बेइमानीले बढावा पाउछ । समाजवादको अर्थ स्थानीय, राष्ट्रिय, अर्न्तराष्ट्रिय सबै क्षेत्रमा प्रतियोगिताको ठाँउमा सहयोगको स्थापना गर्नु हो । प्रतियोगिताले व्यक्तिको चरित्र पतन हुन्छ । व्यक्तिगत लाभका प्रतियोगिताद्वारा उत्पादन अनुचित मात्रमा बढछ - हिडेन गेस्ठ । ५) समाजवाद उत्पादनका सबै साधन माथि समाजको अधिकारलाई मान्यता दिन्छ । ६) समाजवाद मानविय अवस्थाको समानताको समर्थन गर्दछ । लेवीलीको विचारमा : समाजवादी सिद्धान्तको उद्देश्य सामाजिक परिस्थितीमा बढी समानता उत्पन्न गर्नु हो । समाजवाद सबैलाई बरावरी गरिदिने मात्र हो भनेका छन् । ७) समाजवादमा व्यक्तिगत लाभको ठाँउमा सामाजिक सेवाको भावनाले प्रोत्साहन पाउँछ । त्यसैले समाजवाद व्यक्तिगत लाभको विरोध गर्दछ । समाजवादीका सिद्धान्तमा सामाजिक सेवाको भावना प्रमुख हुनुपर्छ । ८) समाजवाद राज्यको बढी कार्यको समर्थन गर्दछ । समाजवादी रायलाई एक रचनात्मक भलाई मान्दछ । यसको उद्देश्य मानवमात्रको सेवा गर्ने हो । यसैका लागि राज्यको

कार्यक्षेत्रलाई बढी भन्दा बढी बनाउन जोड दिन्छन् । कार्यक्षेत्र व्यापक नभई ज्याला राज्यको अपेक्षित उन्नति गर्न सक्दैन् । ९) वास्तवमा समाजवादमा उत्पादनको साधनको सामाजिकीकरण हुन्छ, विकास रणनीतिमा केन्द्रिय नियन्त्रण रहन्छ, उत्पादन सम्बन्धमा समानता रहन्छ, श्रमको सामाजिक चरित्र हुन्छ । आर्थिक योजना केन्द्रिय नियन्त्रणमा रहन्छ । उत्पादन सम्बन्धमा समानता रहन्छ । प्रत्येक व्यक्ति ज्यालादार श्रमक हुन्छ, न्याय पूर्ण वितरण प्रणाली रहन्छ । निजी सम्पतिको उपस्थिति रहन्छ, कामदारको व्यवस्थापनमा सहभागिता रहन्छ । वर्ग संघर्ष र वर्ग विरोध रहदैन ।

## २.४ मार्क्सवादको विकास

उन्नाइसौ शताब्दीमा विज्ञानले तीब्र गतिमा विकास गरिरहेको थियो । संसारमा नयाँ नयाँ विचार र दर्शनको जन्म भइरहेको थियो । कतिपय देशहरुमा सामान्तवादको ठाँउ पूजीवादले लिइरहेको थियो । जसका कारण विज्ञान, प्रविधि लगायत मानव संस्कृतिमा समेत तीब्र परिवर्तन भइरहेको थियो । मार्क्स र एंगेल्सको आफु भन्दा अगाडि देखि विकास हुदै आएका दार्शनिक-चिन्तन र विभिन्न पक्षहरुको गहिरो अध्ययन गरे र अन्य दार्शनिकहरुले विकास गरेका उत्कृष्ट कुराहरुको उपयोग गरी मार्क्सवादी दर्शन निर्माण गर्न सफल भए ।

मार्क्सवादी दर्शनको विकास गर्ने क्रममा कार्क्स र एंगेल्सले अत्यन्त कठिन यात्रवाट गुज्रेका थिए । युवा अवस्थामा जर्मन दार्शनिक हेगलको अध्यात्मिक द्वन्द्वबाद प्रभावित भएका मार्क्स र एंगेल्सको क्रमश विश्व विख्यात दार्शनिक फयरबाख ( १८०४-१८७२) को भौतिकवादी दर्शनवाट प्रवाभित हुन पुगेका थिए । फायरवाखको भौतिवादी दर्शनले मार्क्स र एंगेल्सलाई हेगेलको आध्यात्मिक दर्शनबाट मुक्त गरिदियो । फायरबाखको भौतिकवादी दर्शनबाट प्रभावित भएर मार्क्स र एंगेल्सले दार्शनिक र सामाजिक समस्याको समाधान व्यवहारिक रुपमा क्रान्तिकारी राजनीतिक संघर्षको क्रममा समाधान गरिनुपर्ने निष्कर्षमा पुगेको देखिन्छ । राजनीतिक रुपमा मार्क्स र एंगेल्सले तत्कालीन अवस्थामा पूँजीवादको विकास र यसले सिर्जना गरेका सामाजिक समस्याहरुको समाधानका लागि मजदुरहरुको हितको पक्षमा थिए ।

> भौतिकवाद र द्वन्द्ववादवीच अभिन्न एकता कायम गरी दर्शनशास्त्रमा द्वन्द्वत्मक भौतिवादको स्थापना गरेर मार्क्स र एंगेल्सले विश्वलाई एउटा अकाट्य दर्शन दिन सफल भए । राजनीतिसँग निश्चित सामाजिक वर्ग र पार्टी हितसँग दर्शनको घनिस्ट

सम्बन्ध रहको हुन्छभन्ने तथ्यलाई पुष्टि गर्दै मार्क्स र एंगेल्सले पूँजीपति वर्गका विरुद्धको संघर्षमा मजदुर र सर्वहारा वर्गीय पक्षधरका लागि आफ्नो सम्पूर्ण जीवन लगाए । पूँजीवाद विरुद्धको संघर्षमा सर्वहारा वर्गको बौद्धिक अस्त्रको रुपमा प्रयोग हुँदै आएको मार्क्सवादी दर्शन समाज विकासमा महत्वपूर्ण रहदै आएको छ । मार्क्स र एंगेल्सले विश्वव्यापी कम्युनिस्ट घोषणा सन् १८४८ सार्वजनिक गरे । मानव समाजको अहिले सम्मको इतिहासलाई वर्गसंघर्षको इतिहास भन्दै यस घोषणापत्रले समाजमा चल्ने संघर्ष र परिर्वतनलाई तथ्यमुलक र वैज्ञानिक ढंगबाट प्रस्तुत गरेको छ । पूँजीवादी समाजलाई सर्वहारा श्रमजीवी वर्गले बलपूर्वक बदलेर समाजवादको स्थापना गर्ने शास्त्र नै मार्क्सवाद हो । ( के.सी., २०७२ : १-२)

## २.५ मानव समाज

मोर्गन प्रथम विद्वान थिए जसले मानव जातिको आदिम इतिहासलाई व्यवस्थित ढंगले प्रस्तुत गर्ने प्रयास गरेका थिए । उनले मानवजातिको तीन मुख्य युगहरु :- जङ्गली युग, बर्वर युग तथा सभ्य युगमा विभाजन गरे । यी युगहरु मध्ये सम्भवत: अघिल्ला दुई युगहरुको तेस्रो युगमा संङ्क्रमण नै उनको अध्ययनका विष्यवस्तु बनेका छन् । यी दुईमध्ये प्रत्येक युगलाई उनले जीवनयापनाका साधनहरुको उत्पादनमा भएको प्रगति अनुरुप निम्न, मध्य तथा उन्नत चरणको रुपमा प्रस्तुत गरेका छन् । किन यसो गरियो भन्ने कारणमा मोर्गन भन्दछन् । प्रकृतिमाथि मानवजातिको श्रेष्ठता र प्रभुत्वको स्तर कुन चरणमा छ भन्ने कुरामा यस उत्पादनमा प्राप्त दक्षताले नै निर्णायक भूमिका खेलेको हुन्छ, सम्पूर्ण जीवहरु मध्ये केवल मानिसले मात्र खाद्य पदार्थको उत्पादनमाथि प्राय: असीमित नियन्त्रण कायम गर्न सक्यो । मानव प्रगतिका सबै महान युगहरु धेरथोर प्रत्यक्ष रुपमै अस्तित्वका श्रोतहरुको विस्तारका युगहरु अनुरुप हुन्छन् (एंगेल्स् २०६५, पृ.२७) । जङ्गली युगको निम्न चरण मानव जातिको शैशवकाल हो । यस युगमा बोल्न सिक्नु नै मानिसको सबै भन्दा ठूलो उपलब्धि थियो । यो युगलाई पशु समाज र मानव समाजका विचको संक्रमणकाल भन्न सकिन्छ । मध्ये चरणमा मानिसले आगो पत्ता लगायो र माछा खाना थाल्यो । उन्नत चरणमा धनु र वाणको प्रयोग सुरु भयो । वर्वर युगको निम्न चरण, माटाका भाँडाहरु बनाउने काम सुरु भयो भने मध्यम चरणमा पशुपालन तथा खेती र भवन निर्माणका काम साथसाथै सुरु हुन्छ । बर्वर युगको उन्नत चरण फलामको धाऊ पगाल्ने र औजारहरु बनाउने कामबाट सुरु

हुन्छ । फलामको आविष्कारले कृषिको विकासमा महत्वपूर्ण योगदान दियो । एंगेल्सले मोर्गनको काल विभाजनलाई यस रुपमा व्याख्या गरेका छन् । जङ्गली युगमा मानिसहरुले मुख्यतयाः प्रकृतिमा पाइने वस्तुहरु जस्ताको तस्तै प्रयोग गर्दथे । वर्वर युगमा पशुपालन र खेतीपातीको काम सुरु भयो, जब कि सभ्य युग उद्योग तथा कलाको विकास युग हो (सिंह, २०६५: १५-१६) । मानव इतिहासको सवभन्दा ठुलो भाग जङ्गली मानव समाजको इतिहास निअन्डर्थल, ग्रीमाल्दी, क्रोमेग्नन आदि मानव जातिहरुको सम्पूर्ण जीवन यसै युगमा वित्यो । विशेष प्राकृतिक परिर्वतनको कारण पृथ्वीमा चार हिमयुग आएको थाहा लाग्दछ, जसमध्ये सबै भन्दा पछिल्लो हिम युग १० हजार वर्ष पहिले समाप्त भयो । अरु मानव जातिहरु यी हिमयुगहरुको वीचको समयमा नै खतम भए । यो हाम्रो सापीयन मानव जाती नै हो, जसको अस्तित्व चौथो हिमयुग पछि लगातार चल्दै आइरहेको छ । हाम्रो जातीको पनि धेरै जसो समय जंगली अवस्थामा बित्यो । पहिलेका जातीहरु झै यसले पनि ढुंगामा नकुँदेका हतियारहरुले मारिएको शिकार र सुख्खा ताजा फलहरुले आफ्नो गुजारा चलाउनु पर्दथ्यो । (सांस्कृत्यान, २०६०:१२) । उत्पादन पद्दतिको विकास क्रमको आधारमा मानव समाजको इतिहासलाई पाँच चरणमा विभाजन गरिएको छ : आदिम साम्यवादी समाज, दास समाज, सामन्ती समाज, पुँजीवादी समाज र समाजवादी समाज (ढकाल, २०६४:२२) ।

### २.६ मार्क्सवादी दर्शनका आधारमा समाजको विकास

मार्क्सवादी दर्शन अनुसार मानव समाजको इतिहास वर्ग संघर्षको इतिहास भएकाले मार्क्सवादले समाज विकासका चरणलाई मुख्यत ६ चरणमा र समाजवाद सम्म पाँच चरणमा विभाजित गरी व्याख्या गरेको छ ।

१. आदिम साम्यवादी युग

२. दास युग

३. सामन्तवादी युग

४. पूँजीवादी युग

५. समाजवादी युग र

६. साम्यवादी युग

**२.६.१) आदिम साम्यवादी युग** - मानव जातिको प्रारम्भिक कालको सामाजिक अवस्थालाई आदिम साम्यवादी युग भनेर भनिन्छ । यस युगमा मानिसहरु सामूहिक ढंगले उत्पादनमा भागलिने हिडडुल गर्ने गर्दथे । मानवजीवन व्यवस्थित नभएकाले तत्कालीन समाजमा धनी - गरिब थिएन विहेवारीको चलन थिएन । निजी सम्पत्ति र परिवार नभएकाले यस युगलाई आदिम साम्यवादी युग भनेर भनिएको हो । शासक र शाषित नभएकाले सबै समान जस्तो देखिए पनि यस युगमा मानवजाति बाँच्नका लागि कन्दमुल, फलफुल, बन्यजन्तुको शिकार गर्नका लागि घुमन्ते जीवन व्यतीत गर्दथे । निजी सम्पत्तिले मानवजाति वाँच्नका लागि सामूहिक रुपमा बस्ने गर्दथे । आफ्नो जीवनको रक्षा गर्नु र बाँच्नका लागि आहारा खोज्ने र खान बाहेक यस युगका मान्छेहरुसँग अर्को कुनै विकल्प थिएन । समाजमा अर्थत मानिसहरुका वीचमा कुनै व्यवस्थित नियम, कानुन पनि नभएको निजी सम्पत्ति र परिवार पनि नभएकाले कुनै उचोनिचो जात वा वर्ग पनि नभएकाले यस समाजलाई वर्गविहिन र निजी परिवार नहुने भएकाले सन्तानहरु आमाको नामबाट चिनिन्थे । त्यसैले त्यस समाजलाई मातृसत्तात्मक समाज पनि भन्ने गरिन्छ । ढुंगाका हतियार बनाई जनावरहरुको शिकार गर्ने तिनै हतियारबाट आफ्नो रक्षा गर्ने भएकोले यस युगलाई ढुंगे यूग पनि भनिन्छ । जंगलमा सल्केको आगोले धातुहरु पग्लेर तीखा हतियार बनेकाले उनीहरुले हतियारको महत्व बुझ्दै गए त्यसबाट रुख काट्ने जमिन खोस्रिन थाले । पशु बच्चा समातेर पाल्न थाले विस्तारै समुहमा बस्थे विभाजित हुन थाले शक्तिशाली समुहहरुले कमजोर समुहलाई समातेर कब्जामा लिई श्रममा लगाउन थाल्यो । यसरी राखिएका मानिसलाई दास भन्न थालियो जसका कारण समाज विस्तारै दास युगमा प्रवेश गर्दै गयो । आदिम साम्यवादी समाजमा आजको जस्तो सरकार थिएन । एंगेल्स भन्नुहुन्छ "त्यहाँ न सैनिक थिए, न पुलिस न सरदार, न राजा, न न्यायधीस त्यहाँ न झयालखाना थिए नत मुद्धा मामिला । आदिम समाजमा सरकार नहुँदा पनि काम राम्रोसँग चलेको थियो ।" परन्तु आदिम समाजमा थिति बसाल्न नेता भने चुनिन्थे । नेता वंश कुलको आधारमा नभई गुणको आधारमा चुनिन्थो । यस समाजको विशेषता के थियो भने महिला नै कविलाका नेता चुनिन्थे । वाकोफेनले यस्तो समाजलाई मात्री- सत्तात्मक समाज भनि नामाकरण गरेका थिए । एंगेल्सले यो नामलाई लिएर फरक मत प्रकट गरेका थिए । किन कि त्यसवेला सत्ताको प्रादुर्भाव भइ सकेको थिएन । पुरुष र महिलाको काम गर्ने स्थान भिन्न थियो । पुरुष शिकार गर्ने लगायतका अन्य कार्य गर्थे भने महिला घर भित्रको कार्य जस्तै बालबच्चाको

देखभाल तथा खाद्यान्नको व्यवस्था आदि । त्यस वेला यौन स्वच्छन्दताको चलन थियो । आमा दिदी-बहिनी, भाउजु, बुहारी, छोरी भन्ने कुनै नातोपातो थिएन । बालबच्चा कुनै निश्चित आमा बाबुको नभई समूहका साझा हुन्थे ( रेग्मी २०६० : १७) । साम्यवादी समाज भनेको मानव समाजको आदिम वा प्रारम्भिक कालको अवस्था हो । त्यस समाजको मुल विशेषता सामूहिक श्रम व्यवस्था र उत्पादनमा साझा उपयोग पद्दति हो । त्यस बेला अत्यन्त अल्प संख्यामा रहेको मानव समाज कमजोर एवं निहत्था थियो । समाज पूर्ण रुपमा प्रकृतिका प्रभुत्वमा रहेको मात्र होइन खतरनाक वन्यजन्तुबाट ज्यान जोगाउन संगठित रुपमा बस्नु उसका बाध्यताहरु थिए । औजार तथा हातहतियारका अभावले गर्दा केवल प्राण धान्ने प्रयोजनका लागि आवाश्यक पर्ने कन्दमुल र शिकार बटुल्नका लागि पनि मानिसले सामुहिक श्रम गर्नु पर्थ्यो र सामूहिक श्रमबाट प्राप्त जीविकाका साधनहरुमाथि सामूहिक आधिपत्य नै रहन्थ्यो । मानिससँग आफु बाहेक आफ्नो भन्नु केही पनि हुदैनथ्यो ( के.सी., २०६५ : ११) । त्यो करतल भिक्षा, तरुतल बास (हातहातै भीख, रुखमुनी बास) जस्तो जमाना थियो । जति पनि सम्पति थियो त्यो सामूहिक थियो किनकी त्यो सामूहिक श्रमबाट प्राप्त हुन्थ्यो । यो अवस्थालाई आदिम साम्यवाद भनिन्छ । यस कालमा उच्च वर्ग थिएन धर्म थिएन, कतिसम्म भने समुहभन्दा बेग्लै व्यक्तिको अस्तित्वको सोचाई पनि थिएन । तर आदिम साम्यवादी समाजको अन्त्यमा त्यो अवस्थामा परिवर्तन हुन लाग्यो तथा सम्पत्ति र असमानताा शुरु हुन थालेको थियो ( सांकृत्यायन, २०६० : १२) । मातृसत्तात्मक आदिम साम्यवादी समाजमा चिल्ला नकुँदेका ढुंगा, काठ, हाड आदिका हतियार हुन्थे । यस युगको सम्पत्तिको बारेमा एंगेल्सले के लेखेका छन् । भने यो आदिम साम्यवादी समाज अन्तर्गत पनि सम्पत्तिको विकास भएको थियो । पहिले बाहिरी मान्छेहरु सित साटफेरद्वारा हुन्थ्यो, फेरी विस्तारै विस्तारै यसले विक्री हुने मालको रुप लिन थाल्यो । क्रमशः कैयौ वस्तुहरु आफ्नो उपयोगका लागि मात्र होइन, अपितु साट्नका लागि अरुको उपयोग बस्तु तयार गरिन लागे यसरी असमानता बढयो तथा कम्युन परिवारको समूहका सदस्यहरुमा सम्पत्तिको तारतम्य बढन लाग्यो (साँकृत्यायन, २०६० : १४) । सम्पत्तिको उदयसँगै पुरुषको प्रमुख समाजमा बढ्न थाल्यो मातृसत्तात्मक सामाज ढल्यो । पितृसत्ताको महल खडा भयो । कविला प्रमुखमा अव पुरुष चुनिन थाले ( रेग्मी, २०६० : २६) आदिम साम्यवादी समाजका विशेषताहरु :

क) उत्पादनका साधनमाथि साझा स्वामित्व,

ख) यो सामाजको सबैभन्दा प्रारम्भिक अवस्था हो र इतिहासमा यो धेरै बर्षसम्म कायम रहयो,

ग) शुरुमा रक्त सम्बन्धमा आधारित कविलाहरु थिए,

घ) उत्पादनका साधनमाथि थोरै मान्छेको स्वामित्व बढन थालेपछि निजी सम्पत्तिको शुरुवात हुन थाल्यो र

ङ) आदिम साम्यवादी समाजको अन्तिम चरणमा दास र मालिकको जन्म भयो । समाज वर्गमा बाँडिदै गयो (ढकाल, २०६४ : २२ -२३) ।

समग्र विश्व इतिहासलाई हेर्दा आदिम साम्यवादी वा जंगली सामुदायिक युग इ.प. ८००० (आठ हजार) देखि १०,००० (दस हजार) बर्ष पहिले विघटन भयो तर नेपाल र सिंगो दक्षिण एसियामा यो युग धेरै पछि सम्म रहयो । नेपालमा ई. यु ३००० (तीनहजार) वा ५००० (पाँच हजार) वर्ष पहिले सम्म आदिम समानताको युग कायमै रहयो । काठमाडौं उपत्यकामा नागवंशीहरु इ.पु. २०००० वर्षको आसपास देखि नै बस्दै आएको अनुमान गरिएको छ । केही समय अघि काठमाडौंका बुढानिलकण्ठ क्षेत्र आसपासमा गरिएको उत्खननमा ई.पु. २०००० वर्ष पहिलेका ढुंगाका औजार भेटिएका छन् । उदार प्रकृति र खाद्य पदार्थको पर्याप्तता कारणले नेपाली पुर्खाहरुलाई भौगोलिक क्षेत्रको सुरक्षाको चिन्ता भएन । अनुकुल हावापानी र उब्जाउ प्रकृतिका कारणले नेपाली पुर्खाहरु कृषि युगको विकास भैसक्दा पनि सामुदायिक समानताको समाजलाई कायम राख्न सके तथा समाजमा वर्ग विभाजनको अवस्था आउन दिएनन् । ( पौडेल, २०७२:४४३-४४४)

**२.६.२ दास युगः** आदिम साम्यवादी समाजको उत्तरार्धमा जव मातृसत्ताको अन्त्य भई पितृसत्ताको स्थापना भयो सोही समय देखि नै दास समाजको प्रारम्भ भएको पाइन्छ । पितृसत्ता कालमा नै युद्धबन्दिहरुलाई मार्नुको साटो दास बनाउने प्रथा (दास प्रथा) को शुरु भएको थियो । त्यस युगमा खेती, घरेलु शिल्प, धातु शिल्प सबैमा काम गर्ने व्यक्तिहरुको माग थियो । सम्पत्ति उत्पादनको लागि साधन मौजद थिए, मात्र हातको आवश्यकता थियो, यस्तो अवस्थामा दास-प्रथाको आविष्कार भयो । थोरै समयमा ती सबै जातिहरुका मालको उत्पादनको यो बहुप्रचलित तरिका बन्यो । जुन विकासमा आदिम साम्यवादी अवस्था भन्दा अगाडी बढी सकेको थियो । अन्तमा यही यो समाजको विनाशको कारण पनि भयो । दासताले नै सबैभन्दा पहिलो खेती र शिल्प उद्योगहरुमा पर्याप्त मात्रमा श्रम विभाजन गऱ्यो

र यसको साथै यूनान र भारत साम्राज्य संभव थियो न रोमनको साथै यूनान र रोमको साम्राज्यको आधार विना आधुनिक यूरोपको पनि संभावना थिएन । सम्पूर्ण आर्थिक, राजनैतिक र बौद्धिक विकास एक त्यस्तो अवस्थाबाट अगाडी बढेका छन् । जसमा दासता आवश्यक र सर्वस्वीकृत कुरा थियो । यस अर्थमा के भन्न सकिन्छ भने प्राचिन दुनियाको दासता विना आधुनिक साम्राज्यवाद संभव थिएन (साँकृत्ययन, २०६० : ४२) । यस समाजमा उत्पादनको साधन माथि दास मालिकहरुको स्वामित्व रहेको पाइन्छ । जब मानिसहरुले धातुहरुका औजार प्रयोग गर्न थाले र त्यसबाट अतिरिक्त उत्पादन हुन थाल्यो, त्यसले पुरानो आदिम साम्यवादी समाजलाई खतम गर्न र दास समाजको आधारहरु तयार पार्दै लग्यो । उत्पादन प्रणालीको विकासले नै दास समाज ल्यायो । दास समाजमा नै राज्यहरुको विकास भयो, उत्पादक शक्तिको विकासले गर्दा श्रम विभाजन पनि व्यापक रुपमा भएर गयो । यसरी दास समाजमा मुख्य वर्गदास र दास मालिकहरु बाहेक अरु वर्गहरु पनि देखा परे (सिंह, २०६५ : ७-८) । दास मालिक प्रथा नै मानव समाजको प्रथम वर्गिय तथा शोषणमूलक समाज थियो । जो ज्यादै कठोर थियो । त्यसैले दास वर्गलाई केवल उत्पादनको भौतिक साधनका रुपमा मात्र नलिई मालिक वर्गको निजी सम्पत्तिकै रुपमा मानिएको थियो (के.सी. २०६५ :१३), दास समाजमा चार थरी वर्ग थिए । दास मालिक, दास स्वतन्त्र किसान र शिल्पकार, राजा , मन्त्रीहरु, राजपरिवार, पुरोहितहरु, भूमिपतिहरु र पशुमालिकहरु दास मालिक वर्गको पर्दथे ( रेग्मी, २०६० : ३४ ) । दासहरु विरुद्ध दास मालिकहरुको वर्गीय प्रभुत्व र शोषणको रुपमा समाज विभाजित भयो । दासहरु विरुद्ध दासमालिकहरुको वर्गिय प्रभुत्व र शोषणका सम्बन्धहरु स्थापित भए । मालिक वर्गका विरुद्ध आफ्नो शोषण दमन हुन नदिन विद्रोह गर्ने, असन्तुष्टि संगठित रुपमा प्रदर्शन गर्न सक्ने र आफ्नो मालिकत्व सफल हुन नसक्ने कुरालाई ध्यानमा राखेर मालिक वर्गले विद्रोह दवाउन भाग्न नपाउने गराउन र बाध्य भई काममा जोतिनु पर्ने अवस्था बनाउनको लागि राज्ययन्त्रको स्वरुप निर्माण गरे । समाज विरोधी वर्गहरुमा बाँडिएको कारणले राज्ययन्त्रको उत्पत्ति भयो । त्यतिखेरको राज्य यन्त्रको उद्देश्य मालिक वर्गको सम्पत्तिको रक्षा गर्ने, दासहरुको विरोध र संघर्षलाई दबाउने दास व्यवस्थालाई कायम राख्नु नै मुख्य थियो । दासहरुलाई भौतिक रुपमा मात्र नभई मानसिक रुपमा पनि दास बनाउन दर्शन, संस्कृति र चालचलन पनि दास व्यवस्था अनुकुल नै बनाइयो । मालिक वर्गले राज्ययन्त्र खडा गरेर व्यवस्थालाई सधै त्यस्तै राख्ने जतिसुकै प्रयत्न गरे पनि शुरुमा उत्पादक शक्तिबाट

उत्पादनमा बृद्धि भए पनि त्यो बृद्धि सधैं कायम हुन सकेन । विरोधी वर्गहरु बीच दमन र प्रतिरोध विद्रोह र दमन आदी क्रिया प्रतिक्रिया चलिरह्यो । त्यही व्यवस्था अन्तर्गत उत्पादक शक्तिको विकास हुने उत्पादनमा अरु विकास हुने काम अगाडी बढ्न सकेन । व्यवस्था विकासमा बाधक सावित हुन पुग्यो । दास व्यवस्थाका उत्पादन सम्बन्धहरु उत्पादक शक्तिको विकासमा बाधक बने । दासहरुलाई गरिब स्वतन्त्र मान्छेहरुले समर्थन गरेर मालिकहरुका विरुद्ध एक भई संघर्षमा उत्रेका कारणले दास व्यवस्थामा उत्पादन ओरालो लाग्यो । त्यही अवस्थामा सामन्ती व्यवस्थाले दास समाजको ठाँउ लियो (खरेल, २०७२ : ५९) । दास समाजका विशेषताहरु (क) उत्पादक शक्तिमा विकास (ख) श्रम विभाजन तीब्र (ग) उत्पादनका साधनमाथि दास मालिकको स्वामित्व कायम (घ) प्रभुत्व र अधिनताको सम्बन्ध (ङ) दास शरीर रमन दुवै दृष्टिहीन अवस्थामा (च) दासहरुको विद्रोह गरे र दास विद्रोहलाई निर्ममतापूर्वक दबाइयो । (छ) दास समाजमा सामन्ती समाजको बीउ उम्रिसकेको थियो, त्यो बढ्दै गएपछि सामन्ती समाजको सुरुवात भएको देखिन्छ (ढकाल, २०६४ : २३) । यस युग ८००० वा आज भन्दा करिब १०,००० वर्ष पहिलेबाट आदिम सामुदायिक व्यवस्था खस्किन थाल्यो तथा पराजितहरुलाई दास राख्ने प्रचलनको शुरुवात भयो । आदिम सामुदायिक व्यवस्था खस्किन थाल्यो तथा पराजितहरुलाई दास राख्ने प्रचलन शुरुवात भयो । आदिम सामुदायिक युगको समयमा युद्धमा पराजित मानिसकहरुलाई मारेर सखाप पारिन्थ्यो या आफ्नो गणमा मिलाएर राखिन्थ्यो र दास बनाइन्थ्यो । युद्धमा पराजितहरुलाई मार्नु भन्दा दास बनाएर भएपनि बाँच्न दिनु मानव जातिकै अस्तित्वका दृष्टीकोणबाट धेरै प्रगतिशिल कदम थियो । दास युगले कृषि र शिल्पकलाको व्यापक विस्तार गऱ्यो यसले श्रम विभाजनलाई जन्म दियो । यसले मानवशास्त्रीहरु दास युगबाट सभ्यताको शुरुवात भएको ठान्दछन् । आजको सन्दर्भमा हामीले बुझ्ने गरेको राज्यसत्ता ठोस रुपमा स्थापित भैसकेको थिएन । राज्य व्यवस्थाको रुपमा इ.पु. ४००० वर्षको आसपासबाट दास राज्य व्यवस्थामा आधारित मानव समाज शुरु भएको मानिन्छ । मिश्र, रोम र चीनमा विशाल दास राज्यहरु स्थापित भएका थिए (पौडेल, २०७२:४४५) ।

**२.६.३) सामन्ती युग :** दासहरुले विद्रोह गरेर वा दास-प्रथा अन्त्य पछि सामन्तवादी युगको जन्म हुन्छ । सामन्तवादी उत्पादन सम्बन्धले संसारमा धेरै लामो समयसम्म आफ्नो सत्ता कायम राख्यो । सन् ४७६ मा पश्चिमी रोमन साम्राज्यको पतन भएपछि विश्वस्तरमा सामन्तवादको शुरुवात भयो । नेपालमा भने राज मानदेव प्रथम (इ. ४६४ - ५०५) को

समयदेखि केन्द्रिकृत सामन्ती राज्यको शुरुवात भएको देखिन्छ । सामन्तको शब्दको सामान्य अर्थ जमिनको मालिक भन्ने लाग्छ । राजा महाराजा वा महासामन्त हुन्थ्यो । जसको अर्थ सामन्तको पनि सामन्त हुन्थ्यो । राजाले स्थानीय सामन्तलाई जग्गा विर्ता दिइन्थ्यो (पौडेल २०७२ :४५०) । सामन्ती समाजमा मालिकत्व मुख्य रुपमा जमीन माथिको थियो । उत्पादनको साधन मुख्य रुपमा जमीन थियो । जमीनका मालिक सामन्त थिए । जमिनमा काम गरेर वा खेती गरेर उत्पादन गर्ने किसानहरु सामन्तका सम्पत्ति त थिएनन् तर पुरै स्वतन्त्र पनि थिएनन् । उनिहरु निजी बन्धन र जग्गा बन्धनमा रहन्थे । यो समाजमा किसानहरु अर्धदासको रुपमा रहेका हुन्छन् । सामन्ती समाजका शोषक सामन्त र पुरेतहरु हुन् । यो समाजमा सामन्त र किसानहरु बाहेक पुरेत र दस्तकारहरु पनि हुन्छन् । यस समाजको प्रारम्भिक चरणमा प्रशोधित फलामको प्रयोग गर्न सकिने अवस्था रहयो । जहाज, दिशा, दिग्दर्शन यन्त्र, बारुद, कागज किताब छाप्ने कला यान्त्रिक घडी, हावा र पानीले चल्ने घट्ट, आदी बनाउन सिकेर व्यापार र कला कौशलको बृद्धिले गर्दा शहरहरु आर्थिक राजनीतिक र साँस्कृतिक केन्द्र बने (खरेल, २०७२ : ६०) । दास समाजभन्दा सामन्ती समाज यस अर्थमा भिन्न थियो कि दास समाजमा दासहरु मालिकको प्रत्यक्ष नियन्त्रणमा बस्नु पर्थ्यो भने सामन्ती समाजमा किसानहरुले स्वतन्त्रता उपभोग गर्न पाएका थिए । आजको परिस्थितिमा उभिएर पछिल्तिर फर्की हेर्दा सामन्तवादी समाज विकृतिले भरिपूर्ण भएको देखिए पनि तात्कालिक परिस्थितिमा त्यो दास समाजभन्दा एक तह प्रगतिशिल नै थियो । प्राय : जसो संसारका सबै मुलुकमा सामन्तवादी समाजको अवधि एउटै देखिन्न । सामन्तवाद चीनमा ई.पं. २२१ देखि १९१९ सम्म, वेलायतमा पाँचौ शताब्दी देखि उन्नाइसौं शताब्दीसम्म र नेपालमा लिच्छवी कालदेखि राणाहरुको शासनकाल सम्म रहेको देखिन्छ ( रेग्मी, २०६० : ४३-४४) । सामन्तवादी युगको एउटा सवभन्दा ठूलो विशेषता शारीरिक श्रमको कामलाई हेय (घृणा) को दृष्टिले हेर्नु हो (साँकृत्यायन, २०६० :७२) । सामन्ती समाजमा उत्पादनको साधनमाथि सामन्तहरुको स्वामित्व हुन्छ । दास समाजको उत्पादन प्रणालीमा अरु विकास भएर गएको पाइन्छ । त्यसले दास समाजको जग कमजोर बनाउदै लग्यो र त्यसको ठाँउमा सामन्ती समाजका आधारहरु पाच्य हुदैनथ्यो । त्यसले गर्दा उत्पादनमा ह्रास आयो । त्यसको ठाउँ सामन्तहरु बाहेक किसान, दस्तकारहरु पनि साना - साना सम्पत्तिका मालिक बन्दछन् । किसानहरुलाई झारा वा कुतमा जमीनहरु कमाउन दिइन्छ । किसानहरुको उत्पादनको औजार आफ्नो हुन्छ र उनीहरुलाई मार्न, किन्न, बेच्न

नमिल्ने स्थिति रहेको देखिन्छ (सिंह, २०६५:८) । सामन्ती समाजका विशेषताहरु (क) सामन्ती समाजमा उत्पादक शक्तिको निरन्तर विकास भइरहयो । (ख) कृषि प्रणाली विकास भयो । (ग) सामन्ती सम्बन्धको आधार उत्पादनको साधन मुख्यत : भूमि रह्यो । (घ) भूदासहरुले मालिकका लागि काम गर्थे (ङ) सामन्ती मालिकहरु भु-दासहरुलाई किन्न बेचन सक्थे (च) सामन्ती समाजमा पनि प्रभुत्व र अधीनताको सम्बन्ध थियो । (छ) विस्तारै कारखानाको स्थापना भयो, मजदुरहरु भए । बजारको विकास हुन थाल्यो, यसपछि सामन्ती समाज पूँजीवादी समाजमा प्रवेश गरेको पाइन्छ (ढकाल, २०६४:२३) ।

२.६.४) **पूँजीवाद युग** : पूँजीपति वर्ग र सर्वहारा वर्ग पूँजीवादी समाजका दुई मुख्य वर्ग हुन । पूँजीपति वर्गको हातमा उत्पादनको सवै साधनहरु रहन्छन् ।सर्वहारा वर्गसित उत्पादनको कुनै साधन रहन्न । सर्वहारा वर्गले आफ्नो श्रमशक्ति वेचेर जीवन निर्वाह गर्छन । यो ज्यालादारी कामदारहरु व्यक्तिगत रुपमा स्वतन्त्र हुन्छन । मजदुर वर्गले बाँच्नको लागि श्रम बेच्नु पर्दछ । प्रकृतिले सित्तैमा उपलब्ध गराएका र सबै मानिसहरुले विनाशर्त उपयोग गर्न पाउन पर्ने वस्तु र श्रमिकहरुले सामूहिक श्रमबाट निर्माण गरेका वस्तुहरुलाई व्यक्तिगत नाममा दर्ता गराएर शोषण शुरु गरिन्छ । लेनिनका अनुसार साम्राज्यवाद पूँजीवादको एउटा विशेष ऐतिहासिक चरण हो । यो विशेष चरित्र तीन रुपका छ ।

(क) एकाधिकार, पूँजीवाद

(ख) ह्रासोन्मुख पूँजीवाद

(ग) मरणशील पूँजीवाद

पूँजीपति वर्ग आधुनिक उत्पादक शक्तिहरुलाई नियन्त्रणमा राख्न अयोग्य र असमर्थ भइसकेको छ । यो व्यवस्था उत्पादक शक्तिहरुको विकासको लागि तगारो बनीसकेको छ । उत्पादनको सामाजिक रुप र शोषणको पूँजीवादी रुप बीचको अन्तरविरोध यो व्यवस्थाको मुख्य अर्न्तविरोध हो । यसैबाट अन्य अर्न्तविरोधहरु उत्पन्न हुन्छन् । पूँजीवाद भित्र यी अन्तर विरोधहरुको समाधान हुन सक्दैनन् पूँजीपति वर्ग र मजदुर बीच अन्तरविरोधहरु चर्केर जान्छ । मजदुरले विद्रोह मार्फत सत्ता कब्जा गर्दछन् । औद्योगिकरण भएकोले समाजवाद लागु हुनजान्छ (पौडेल २०७२) । पूँजीवाद शब्दलाई नियालेर मनन् मात्र गर्ने हो भने पनि यो प्रस्टै हुन्छ । यो 'वाद' यो विश्व युग पूँजीको प्रधानतामा आधारित छ । सिङ्गो उत्पादन प्रणाली पूँजीको आधारमा निर्माण र पूनः निर्माण हुन्छ । अनि पूँजीको आर्जन, पूँजीको लागानी र यस मार्फत थप पूँजीको पुनः आर्जन उत्पादन प्रणाली र कार्यको एक मात्र ध्येय

बन्दछ । उत्पादन भौतिक आवश्यकता पूर्ती गर्नको लागि नभएर पूँजी निर्माणका लागि गरिन्छ । धर्म नैतिकता, विचार, आर्दश, समानता, प्रजातन्त्र आदि सबै पूँजी निर्माण र पुनः निर्माणका सामु गौण बन्दछन् । साथै, यी सबैको पुन परिभाषा, पुर्नर्संरचना यस किसिमले हुन थाल्छ कि पुनर्रपरिभाषित र पुनसंरचना पछि यी सबै आयामहरु पूँजी निर्माणका लागि सहायक होऊन, अर्थात समाजका सबै अंग जस्तो व्यक्ति, परिवार, समुदाय, राष्ट्र आदि कामको पद्धति र दैनन्दिनी, आचार-विचार र रहनसहन इज्जत, रवाफ उपभोग पद्दती, नियम कानुन आदी सबै नै पूँजी निर्माणमा सहज र पूँजीवाद सहज बन्न थाल्छ । गैर पूँजीवादी संरचनाबाट पूँजीवादी संरचना तर्फको संक्रमण पक्कै पनि असहज, उथलपुथलकारी र द्वन्द्धयुक्त रहन्छ । यस्तो संक्रमण तत्काल वा केही वर्ष भित्र सम्पन्न पनि हुदैन र संक्रमणकाल धेरै लामो दसकौ र सदियौ लामो पनि हुन सक्दछ । अर्थात दुईवटा छुट्टाछुट्टै उत्पादन प्रणाली र यी दुईमा आधारित छुट्टाछुट्टै सामाजकि संरचना, एक आपसमा टकराउदै गर्दा लामो काल गुज्रन सक्तछ । यसर्थ पूँजीवाद एउटा समग्र उत्पादन प्रणाली र सिङगो सामाजिक संरचना हो (मिश्र, २०७० : ४६-४८) । पूँजीवादको लक्ष्यवारे कम्युनिस्ट पार्टीको घोषण-पत्रमा पनि उल्लेख गरिएको छ । उत्पादनका सबै साधनहरुको तीव्र विकासद्वारा अत्यन्तै संगम बनाइएको सञ्चारका साधनहरुद्वारा पूँजीपति वर्गले अत्यन्तै पिछडिएका लगायत सबै राष्ट्रहरुलाई सभ्यतामा तानेर ल्याउछ । उसका मालहरुका यस्तो दाम यस्तो ठुलो तोप हुन्छ जसले सबै चिनिया पर्खालहरुलाई ढालिदिन्छ र विदेशीहरुलाई घृणा गर्ने कविलाहरुलाई पनि आत्मसमर्पण गर्न बाध्य पार्दछ । हरेक राष्ट्रलाई त्यसको अस्तित्व नै मेटिने डर देखाएर पूँजीवादी उत्पादन पद्धति अपनाउन बाध्य पार्दछ । यसले तिनीहरुलाई करैले आफ्नो सभ्यता, चलन चल्तिमा ल्याउन अर्थात पूँजीवादी बन्न लगाउँछ । संक्षेपमा भन्ने हो भने यसले संसारलाई आफ्नै साँचोमा ढाल्दछ (मार्क्स एंगेल्स, २०५९ :२९) । पूँजीवादी समाज विगतका अन्य समाजहरु भन्दा प्रगतिशिल भए पनि यसमा श्रमजीवी वर्गको अत्यधिक शोषण हुने गरेको छ । श्रमिकहरुले सामूहिक रुपमा उत्पादनमा भाग लिए पनि प्रतिफल व्यक्तिगत रुपमा मालिकहरुले लिने गरेका छन् । यसै गरी पूँजीवादी समाजमा उत्पादनका साधनहरुमाथि पूँजीपतिहरुकै स्वामित्व हुन्छ । उत्पादन प्रणालीमा विकास भएर साना घरेलु उद्योग, शिल्पकार, हस्तकारबाट मध्यम र ठूलो उद्योगको विकास भयो । त्यसले पूँजीवादी समाज ल्यायो । यस समाजमा माल उत्पादन नाफाका लागि गरिन्छ । पूँजीवादी समाजमा मुख्य वर्ग पूँजीपति र सर्वहारा वर्ग हुन्छ । साथै पूँजीवादी

समाजमा निम्न पूँजीपतिहरु, किसानहरु लगायत अन्य वर्ग पनि हुन्छन् । पूँजीवादी समाजमा पूँजीपतिहरुले मजदुरहरुलाई किन्ने, बेच्ने, मार्न सक्दैनन् । मजदूरहरु आफ्नो श्रम बेच्न स्वतन्त्र र विवश हुन्छन् (सिंह, २०६५: ८) । अन्तत पूँजीवादको चरम विकासको अन्तिम परिणति साम्राज्यवाद हुन पुग्दछ । पूँजीवादका विशेषताहरु :

(क) पूँजीवादी उत्पादक शक्तिहरुको खास विशेषता भनेको मेसिनद्वारा मालको धेरै उत्पादन गर्नु

(ख) पूँजीवादी सम्बन्ध निजी स्वामित्वमा आधारित हुन्छ ।

(ग) पूँजीवादी समाजमा उत्पादक अथवा मजदुर कानूनी रुपले स्वतन्त्र हुन्छ तर ऊ श्रमशक्ति बेच्न बाध्य हुन्छ ।

(घ) पूँजीवादमा नाफाले केन्द्रिय भूमिका खेल्दछ ।

(ङ) पूँजीवादको चरम रुप साम्राज्यवाद हो ।

(च) पूँजीवाद भित्रको अन्तर विरोधले समाजवादी उत्पादन पद्दति तर्फ जाने क्रान्तिको शुरुवात गरेको पाइन्छ । (ढकाल, २०६४ : २४)

**२.६.५) समाजवादी युग :** सर्वहारा वर्गले पूँजीपति वर्गलाई जवरजस्ती हराएर सम्पूर्ण उत्पादनका साधन आफ्नो स्वामित्वमा लिन्छन्  र सर्वहारा वर्गको अधिनायकत्वमा पूँजीवादी अवशेष नष्ट हुन्छ । यसै अवस्थालाई समाजवाद भनिन्छ । यो समाजको ऐतिहासिक विकासमा पहिलो चोटी सामाजिक व्यवस्थालाई नै उल्टाएको हुन्छ र शोषक वर्गलाई हराएर शोषित वर्गको हातमा राज्यसत्ता आउछ । समाजवादी समाज क्रान्तिबाट मात्र सम्भव हुन्छ । यो साम्यवाद र पूँजीवाद बिचको संक्रमणको अवस्था हो (शिवाकोटी, २०६९ : २४६) । सामन्ती आर्थिक उत्पादन प्रणालीको गर्भबाट पूँजीवादी उत्पादन सम्बन्धको प्रादुर्भाव भए झैं पूँजीवादी उत्पादन प्रणालीबाट समाजवादी समाजको आरम्भ हुन्छ । समाजवाद भनेको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा माथि सामाजिक स्वामित्व कायम गर्नु हो (रेग्मी, २०६०:१३१) । पूँजीवादको स्थायी प्रवृति सामुहिक परिश्रमबाट जे उत्पादन हुन्छ त्यो सामूहिक हुदैन बरु केही व्यक्ति वा दल त्यसको स्वामी हुन्छन् । यसकारण समाजवादी समाजको निर्माण गर्नको लागि पहिलो कदम उत्पादन माथि समाजको नै स्वामित्व हुनु पर्दछ । कार्लमार्क्स अघि पनि समाजवादी चिन्तकहरु देखिन्छन्  तर ती कल्पनावादी समाजवाद हुन् । बस्तुत मार्क्सले नै वैज्ञानिक समाजवादको विजारोपण गरेका

हुन (पोखरेल, २०६१:२५५) । समाजवादी समाजले राज्यलाई बढी महत्व दिन्छ । पूँजीवादी व्यवस्थाको फलस्वरुप समाजका विभिन्न वर्गमा पूँजीको असमान वितरण हुन जान्छ । यसको परिणाम स्वरुप धनी बढी धनी र गरिव अरु गरिब हुन जान्छ । पूँजीवादी समाज मजदुर तथा सर्वसाधारण जनताको घोर शत्रु हो । समाजवादी समाज सैद्धान्तिक दृष्टिले सम्पत्तिको विरोधी नभएर उसको विरोध भूमि र पूँजीसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिसँग हो । यस्तो व्यक्तिगत पुँजीलाई समाजवाद सामाजिक सम्पत्तिमा परिवर्तन गर्न चाहन्छ । प्रत्येकबाट उसको क्षमता अनुसार काम लिने र काम अनुसारको दाम दिने व्यवस्था नै समाजवादी समाजको लक्षण हो । समाजवादी क्रान्ति एउटै देशमा मात्र पनि हुन र कायम रहन सक्तछ र यस प्रकारको क्रान्तिका लागि इङ्गलैण्ड जस्तो अपेक्षाकृत विकसित औद्योगिक राष्ट्र नै हुनुपर्छ भन्ने छैन, रुस जस्ताा पिछडिएका मुलुकहरुमा किसानहरुबाट पनि यस्तो क्रान्ति सम्भव हुन सक्तछ भन्ने लेनिनको विचार थियो । समाजवादी क्रान्ति पेरिस कम्युन जस्तो रुक्तपातपूर्ण क्रान्तिबाट मात्र हुने पनि होइन नत यो क्रान्ति हुनलाई अनिवार्य त संगठित मजदुर वर्गको सशस्त्र क्रान्तिको आवाश्यकता पर्दछ, रुसमा जस्तो किसान र मजदुरहरुको संयुक्त हड्ताल जुलुस र सशस्त्र भिडन्त जस्ता संघर्षहरुबाट पनि यस्तो क्रान्ति संभव छ भन्ने लेनिनको नयाँ व्याख्या थियो र पछि गएर यस विचारले लेनिनवाद कै रुप लिन पुग्यो (के.सी., २०६५ : १८) । समाजवाद र साम्यवाद समाज विकास क्रमका एउटै स्थितीका दुई वेग्ला बेग्लै चरणहरु हुन् । मार्क्सवादले समाजको विकास समाजवादी बाटो हुँदै साम्यवाद शक्तिहरुको पूर्ण विकास भइसकेपछि समाजमा शत्रुतापूर्ण अर्न्तविरोधहरु हराएर जान्छन् । शोषक, शोषित ठूलो सानो, क्षमता प्रदर्शन गर्न पाउने, अवसर नपाउने जस्ता पक्षहरुको उपस्थिति नै नभएपछि अन्तरविरोध कसको कोसँग हुने ? सम्पूर्ण उत्पादनका साधनहरु जनताका हातमा र समाजका सबै सदस्य समान हुने अवस्था भएकोले सामजवादको उन्नत चरणमा शत्रुतापूर्ण अन्तर विरोधहरुको कुनै सम्भावना रहदैन (अर्याल, २०४७ : ५५-५६) ।

## २.७) काल्पनिक समाजवाद

काल्पनिक समाजवादको विकास ग्रिक भाषाबाट भएको पाइन्छ । (Utopia) भन्ने शब्दले अस्तित्व नभएको ठाँउ (No place) भन्ने अर्थ जनाउँछ ।  आधुनिक अर्थमा युटोपिया भन्ने शब्दले आदर्श स्थान वा आदर्श जीवनको कल्पना भन्ने अर्थ लगाउदछ । यस शब्दलाई सवै

भन्दा पहिले व्यवस्थित रुपले प्रयोग गर्ने मानिस थमस मुर हुन । यिनी काल्पनिक समाजवादी विचारधाराका संस्थापक मानिन्छन (पौडेल २०७२ : ६८) । युरोपमा प्रजातान्त्रिक क्रान्ति सम्पन्न भएपछि सवै समस्याहरुको समाधान हुन्छ भन्ने मान्यता स्थापित भएको थियो । तर त्यो मान्यता भङ्ग हुन धेरै समय लागेन । सन् १७८९मा सम्पन्न फ्रान्सेली क्रान्तिको आदर्श स्वतन्त्रता, समानता र भातृत्वको परिणाम ठीक विपरित भयो । स्वतन्त्रता लुटतन्त्रमा बदलियो, समानता असमानतामा बदलियो र भातृत्व मत्स्य न्यायमा बदलियो र समाजका अधिकांश मानिसहरु सर्वहारामा परिणत भए । प्रजातन्त्र अल्पतन्त्रमा फेरियो । समाजमा एकातिर अति सम्पन्नता र अर्कोतिर अति विपन्नता एकत्रित भयो । तव मानिसहरुले यसको विकल्प खोज्न थाले । केही विचारकहरुले यसको विकल्प सामाजवाद हो भन्ने धारणा अगाडी ल्याए (सुनुवार, २०७२:१३) । सवैको संयुक्त सम्पत्ति, सवैको श्रम गरेर जम्मा भएको उत्पादनको समान वितरण, यस्तो समाजको परिकल्पना जहाँ मानिस मानिसको विचमा कुनै होच्याई वा अर्घेलो प्रकारको नहोस् भन्ने समाज व्यवस्थाको पूर्वपरिकल्पनालाई काल्पनिक समाजवाद भनियो । समाजमा शोषणको आधार भनेको निजी सम्पत्ति हो । यसको उन्मुलन गरेर मात्र समानताको समाज कायम गर्न सकिन्छ भन्ने अवधारणको विकास १५औं शताब्दीमा जर्मनीका थोमस मोर (१४७८-१५३५) ले गरे र ( उपाध्याय , २०६४:४३) । समाजमा शासन कि पुँजीपति वर्गले गर्छ कि सर्वहारा वर्गले शासन गर्छ, त्यही शासन प्रणालीको आधारमा कुनै पनि देशमा पुँजीवाद छ अथवा समाजवाद छ भनेर निश्चत गरिन्छ ।  वीचको मध्यमार्गी बाटोबाट राज्यसत्ता र त्यसद्वारा समाजमा समाजवाद लागु हुन सक्दैन । त्यसैले यो समाजवाद काल्पनिक समाजवाद हो वास्तविकतामा होइन (खरेल २०७२:१४२) ।मानव समाज अर्न्तगतका विषमता र चर्को उत्पीडनलाई केही मान्छेहरुले दिमागी परिवर्तन ल्याएर बदल्न चाहन्थे । उनिहरुले धर्मको दुहाई दिन्थे, ईश्वरको कसम खान्थे, मान्छेहरुलाई उच्च भावनाले अपिल गर्थे, उनीहरुको बुद्धिलाई दिर्घकालिन रुपले फाइदा हुने सुनाएर वदल्न चाहन्थे । अनि चाहन्थे-सम्पत्तिमा व्यक्तिगत स्वार्थ नरहोस् र सम्पूर्ण समाजको हितको लागि समाजको संगठन होस । यस्ता समाजवादीहरुलाई मैले यहाँ स्वप्नचारी-काल्पनिक समाजवादी भनेको छु । साँकृत्यायन, इ.स. १९४२:१८०) अनुवादक युवराज पन्थी : १८०) (पन्थी, १९४२:१८०) । काल्पनीक समाजवादीहरुको चिन्तन जतिसुकै पवित्र तथा मानवीय भएता पनि उनीहरुमा विद्यमान पुँजीवादी समाजका अन्तर्विरोध हल गर्ने कुनै ज्ञान थिएन । सामाजिक सम्बन्धहरु र

तिनीहरुका विकासको गतिलाई अगाडि बढाउने बैज्ञानिक समाजवादी क्रान्ति एक उपाय हो भन्ने पनि थाहा थिएन । उनीहरुको विश्वास थियो "यस्तो समाजको निर्माण समाजवादी विचारहरुको प्रचार-प्रसारबाट गर्न सकिन्छ भन्ने विश्वासको आधारमा यस्तो युटोपियाई समाजको निर्माण पनि गरेर त्यो समाज विज्ञानका वास्तविक नियमसँग मेल नखाने हुँदा असफल भयो उपाध्याय (२०६४:४३) ।काल्पनिक समाजवादीहरु मध्ये सेन्ट साइमन चार्ल्स फुरियो र रोर्वट ओवेन थिए । सेन्ट साइमनले निजी स्वामित्वको अन्त्यको प्रस्ताव अगाडी सारे । साथ साथै उनले समाजका सवै मानिसहरुले श्रम गर्नु पर्ने आवश्यकता औल्याए । चार्ल्स फूरियोले निजी सम्पत्ति र त्यसमा आधारित पुँजीवादको तीव्र आलोचाना गरे । रोर्वट ओवेनले सहकारी आन्दोलन चलाए र सामूहिक स्वामित्व अन्तर्गत सामूहिक रुपमा काम गर्दा कति धेरै प्रगती गर्न सकिन्छ र कति धेरै मानिसहरुलाई सुखी तथा सम्पन्न बनाउन सकिन्छ भन्ने कुरा व्यावहारिक रुपमै देखाए (सुनुवार २०७२:१३) । सेन-सिमोन, फुरिए, ओवेन आदिद्वारा प्रतिपादित पद्धतिहरु जसलाई वास्तवमा नै समाजवादी र साम्यवादी पद्धति भन्न सकिन्छ, सर्वहारा वर्ग र पुँजीजीवी वर्गका वीच संघर्षको प्रारम्भिक अविकसित समयावधिमा देखा परेका थिए । यी पद्धतिका प्रवर्तकहरुले तत्कालिन समाज भित्र वर्गहरुको प्रतिपक्षताको साथ साथै विघटनशील तत्वहरुको प्रक्रिया पनि देखेका थिए । तर उनीहरुले सर्वहाराका वर्गको पक्षमा कुनै ऐतिहासिक आत्मर्निभरता र उसको निम्ति स्वाभाविक कुनै स्वतन्त्र राजनैतिक आन्दोलन देखेका थिएनन् (मार्क्स, एङगेल्स १९८६:६४) (अनुवादक प्रगति प्रकाशन सन् १९७९) । थमस मुर (१४७७-१५३५) काल्पनिक समाजवादी विचारधाराका संस्थापक मानिन्छन । यिनले आफ्नो पुस्तक राज्यको सर्वश्रेष्ठ व्यवस्था र युटोपियाको नयाँ हीपको बारेमा अत्यन्त मनोरञ्जक र उपयोगि पुस्तक (१५१६) मा आफ्ना धारणाहरु कल्पनाशील ढंगले प्रस्तुत गरेका छन् । अटोपिया भन्ने काल्पनिक टापुमा निजी सम्पत्ति थिएन, सबैले शिक्षा पाउने व्यवस्था थियो, सबै धर्मलाई समान अधिकार दिएको थियो, सबै मानिस मिलिजुली काम गर्थे र बाँडीचुडी खान्थे, सबैमा प्रेम थियो, झगडा थिएन । उत्पादनको एकाई परिवार थियो तथा निर्वाचन जन प्रतिनिधिहरुले राज्य व्यवस्था चलाउथे, ६ घण्टा काम बाँकी समय विज्ञान र कलाको अध्ययन अनुसन्धान गर्थे । श्रम एकीकृत गरिएको थियो शासकहरु झस्कन्थे भनेर उपन्यास लेखेका थिए (पौडेल २०७२:६९) । काल्पनिक समाजवादको विकास १९ औं शताब्दीको फ्रान्सेली काल्पनिक समाजवाद, १९औं

शताब्दीको काल्पनिक समाजवाद, ब्रिटिश काल्पनिक समाजवाद र जर्मनको काल्पनिक समाजवाद हुदै काल्पनिक समाजवादको अवधारणा आएको थियो (तिवारी:२०६८) ।

## २.८ यूरो समाजवाद

यूरो समाजवाद नयाँ किसिम हो । यस समाजवाद तथा स्वतन्त्रतालाई एक ठाँउमा मिलाउने प्रयास गरिएको पाईन्छ । यसले समाजवादलाई शान्तिपूर्ण तथा संसदीय व्यवस्थामा लागु गर्न सकिने गरी समाजवादलाई संसोधन गर्ने काम गरेको छ । यो मार्क्सवाद तथा लेनिनवादी साम्यवादी धारणा सँग मेल खादैन । यसमा बहुदलीय व्यवस्था, नागरिक तथा राजनीतिक स्वतन्त्रतामा बढी जोड दिने काम भएको छ । त्यसैले यसले रोटी, शान्ति र स्वतन्त्रतालाई मूल आधार बनाएको छ (शिवाकोटी २०६९:२८७) ।अहिंसात्मक आन्दोलनलाई मुख्य उद्देश्य बनाएर आर्थिक समानतामा जोड दिन्छ । विशेष गरी यो एउटै समुदायका व्यक्तिहरुको समूह हो । श्रमिकहरुलाई विभिन्न श्रेणीहरुमा विभाजित गरि व्यवस्थित र मर्यादित बनाउने विचार श्रेणी समाजवाद हो । फलाम, स्पात, तार रेल र जहाज निर्माण गर्ने कम्पनी पहिलो पानी, बत्ती, स्वास्थ्य र सार्वजनिक उपयोगिता दोश्रो र कपडा तथा उपभोग्य वस्तु उतपादन श्रमिक स्वातन्त्रता यसको प्रमुख उद्देश्य हो । मध्यकालिन यूरोपमा त्यहाँको औद्योगिक र व्यवसायिको जीवन यस प्रकारका संस्थानबाट प्रभावित थियो (खरेल २०७२:१४१) । यूरो समाजवाद संसद अन्तर्गत काम गर्ने कम्युनिस्ट सिद्धान्त हो । यसको सैद्धान्तिक आधार शान्तिपूर्ण सह-अस्तित्व हो । यूरोप आदि मुलुकमा वर्तमान अवस्था संसदीय व्यवस्था एक किसिमले त्यहाँको जीवन पद्दती भई सकेको र हिंसात्मक क्रान्ति उनीहरुका लागि अपाच्य छ मुल सिद्धान्त इटाली, फ्रान्स र स्पेनका नेताहरुको मेडाडी शिखर सन् १९७७ मा निम्न नीति पास गरेको छ ।

१) नागरिक स्वतन्त्रता प्रति सम्मान र बचाउ(To respect and defend civil liberties)

२) सर्वहारा तानाशाहीको सिद्धान्तको त्याग(To abandon the dogram of the dicta forship of the prole fariat) ३) पुँजीवादी संसदीय लोकतन्त्रको नियमको पालना । ४) प्रजातान्त्रिक शक्ति सम्म मेल गर्ने । ५) शान्तिपूर्ण उपायद्वारा शक्ति प्राप्त गर्नु रहेको (शिवाकोटी २०६१:४७०) ।

## २. ९ प्रजातान्त्रिक समाजवाद

पुँजीवाद र साम्यवाद दुवै विचारधारा वीचको मध्यम मार्ग प्रजातान्त्रिक/लोकतान्त्रिक समाजवाद हो । यस वादका समर्थकहरुले लोकतन्त्र र समाजवादलाई समान रुपमा हेर्दछन् । यसले समाजवादका लक्ष्यहरुलाई लोकतान्त्रिक प्रक्रियाबाट प्राप्त गर्न सकिन्छ भन्ने पक्षमा जोड दिन्छन् । समाज निर्माणका विभिन्न सामाजिक र आर्थिक वर्गहरुवीच संघर्षको अवस्था सृजना नगरी वर्ग समन्वयलाई कायम राख्ने यो प्रजातान्त्रिक समाजवाद मुख्य उद्देश्य हो । यस प्रजातान्त्रिक समजावादले वैज्ञानिक समाजवादलाई स्वीकार गर्दैन । संसदीय शासन यसको प्रमुख आधार हो (खरेल, २०७२ : १४०) । प्रजातान्त्रिक समाजवादी विचार धाराको मुल जरो खोज्दै जाँदा वर्नस्टिनमा पुगिन्छ । तर वर्नस्टिनले आफुलाई प्रजातान्त्रिक समाजवादी भएको महशुस गरेनन् । सबै समाजवादी पार्टीहरु फ्रेडरिक एंगेल्सको अगुवाईमा सन् १८८९ मा गठित दोस्रो कम्युनिस्ट इन्टरनेशनल कै सदस्य हुन्थे तथा पार्टीको नाम सामाजिक जनवादी प्रजातान्त्रिक समाजवादी, पार्टी भनेर राख्थे । त्यतिखेर सामाजिक जनवादी पार्टी भनेर कम्युनिस्ट पार्टीलाई नै भनिन्थो । आपसमा विवाद भएपनि सबै समाजवादी पार्टीहरुले हरेक देशमा हुने श्रमिकवर्गको संघर्षलाई समर्थन गर्नु पर्थ्यो (पौडेल २०७२ : २२६-२२७) । समाजवाद मुलभुत रुपमा हेपिएका वर्गको सम्मान सहभागिता र समाज अस्तित्वको ग्यारेन्टी हो । अविकसित समाजलाई समाजका न्युनतम आवश्यकताको अनुभूति गराउनु नै प्रजातान्त्रिक समाजवाद भनिन्छ । यथार्थमा निशुल्क स्वास्थ्य सुविधा, शिक्षा सुविधा, शिक्षामा सवैको पहुँच तथा श्रम गर्न नपाएर आम्दानीको अभावमा भोकै बस्नुपर्ने अवस्थाको अन्त्य समाजवादको न्यूनतम आधारभूत शर्त हो सकेसम्म आर्थिक रुपमा धनी र गरिव वीचको दुरी घटाउदै जानु प्रजातान्त्रिक समाजवादको क्रमिक लक्ष्य हो (पराजुली २०७२ : ५६) । नेपालमा राजनैतिक समानता पनि छैन । आर्थिक समानता पनि छैन । त्यस्तो हुनाले दुवै प्रकारका समानताका लागि प्रयत्नशिल हुनु र संघर्ष गर्नु समाजवाद हो (कोइराला २०७२:७५) बि.पी विचार विन्दु :७५) । समाजवादको एउटा मुख्य लक्ष्य जसले यस महान आन्दोलनलाई प्रेरणा दिन्छ । त्यो हो समानता, समानता भनेको राजनीतिक तथा आर्थिक समानता, प्रजातन्त्र र समाजवाद तरुण प्रकाश १७८, (वि.पी. विचार विन्दु : ७३) समाजवादीहरुको यात्रा लोकतन्त्रमा मात्र सिमीत हुदैन लोकतन्त्रलाई त केवल नेताको इमान्दारी जाँच्ने जनताको अधिकारलाई सुरक्षित गर्ने माध्यम मानिन्छ । जनताले पारख गर्ने भनेको आर्थिक विकास र समानताका कामले हो भन्ने कुरामा

जनतालाई विश्वास दिलाउन सक्नु दायित्व हो जुन सधै महत्वपूर्ण हो र हुन्छ ( पराजुली २०६७ : १७१) । समाजवादको एउटा मुख्य लक्ष्य छ जसले यस महान आन्दोलनलाई प्रेरणा दिन्छ । त्यो हो समानता भनेको राजनीतिक तथा आर्थिक समानता समाजवादका मुख्य दुई पाटा छन । १) राजनैतिक स्तरमा प्रजातन्त्र २) आर्थिक स्तरमा गरिब जनतालाई न्याय दिने खालको विकास । यि दुई पक्ष विना गरिबको उन्मुलन गर्दछु भन्नु र राजनैतिक स्वतन्त्रता ल्याउदछु भन्नु असम्भव कथा हाल्नु बरावर हो (पराजुली २०६७ : २०२) ।

**२.९.१ लोकतन्त्र र समाजवाद :**

समाजवादमा सबैले आस्था राख्नु वा नराख्नु तर सामन्ती व्यवस्थाको अन्त्य बिना जमीनको स्वामित्व जमीनमा काम गर्ने कृषकलाई पूर्णरुपले उपलब्ध नगराई आर्थिक विकासको प्राथमिक कदम देशले चाल्न सक्दैन (कोइराला) मजगैया, २०७२ : ७३ (वि.पि. विचार विन्दु) यदि पुँजीवादको विकास भएर मात्र समाजवाद सफल हुन्छ । समाजवाद ठीकसँग विकसित हुन्छ भने सबैको हित सबको उदय सबैमा समानता हुन्छ भनेर प्रजातान्त्रिक समाजवादको विषयमा उल्लेख गरेका छन । (ओशो, २१९)

प्रजातान्त्रिक समाजवादीबिचारधाराको विकास प्रथम बिश्वयुद्ध र दोस्रो विश्वयुद्ध पछि सोभियत संघमा भएको आर्थिक बिकास र त्यसले पारेको प्रभावले पूँजिवादी देश र त्यसको अर्थतन्त्रओभ्रेलमापऱ्यो । यस बिचारधाराको सुरुवाद सन् १९१९ को फेब्रुवरीमाबोनमा सम्पन्न सम्मेलनबाट सुरु भएको थियो । सन् १९५१ माफ्रेङ्कफट अधिवेसनले प्रजातान्त्रिक समाजवादको ब्यबस्थित् रुपमा अगाडि बढाए । यस बिचारधाराको मुख्यदार्शनिकवर्नस्टिन हुन् । वैज्ञानीक समाजवादको प्रभाव र कम्यूनिस्ट पार्टीको प्रभाव रोक्न यो विचारधाराको बिकास गरियो । यसको प्रभाव दोस्रो विश्वयुद्ध पछि पुर्वी युरोप , दक्षिण पुर्वी एसिया, ल्याटिन अमेरिका र दक्षिण एसियामापऱ्यो । दक्षिण एसियाको भारत हुदै नेपालमापनिपऱ्यो । नेपालमाप्रजातान्त्रिक समाजवादकाअनुयायी बि.पी. कोईरालाहुन् । २०१२ सालमा नेपालीकाङ्ग्रेसले यसलाई अगाडि साऱ्यो । नेपालको आन्दोलनको स्थितिलाई हेर्दा नतप्रजातान्त्रिकहरुले मात्रहाक्न सकेका छन् वा राजनैतिक परिवर्तन गर्न सकेका छन् नत समाजवादीहरुले सकेका छन् । २००७ सालको परिर्वतन , २०४६ सालको परिवर्तन र २०६२ /०६३ सालको परिवर्तन दुबै पक्षको संम्युक्तआन्दोलनको प्रयासबाट मात्र संभबभएको छ । नेपालको संविधानमा समाजवादशब्द राख्नपनिदुबै पक्षधरहरुको सहमतिमामात्र सम्भबभएको हो । त्यसकारण नेपालमाप्रजातान्त्रिकशक्ति र

समाजवादीशक्तिको बिकासको कारण नेपालमा बैज्ञानीक समाजवादलागु गर्न सहयोग पुगेको देखिन्छ ।

# परिच्छेद - तीन

# वैज्ञानिक समाजवाद

## ३.१ परिचय

मार्क्सवाद एक वैज्ञानिक दर्शन, राजनीतिक अर्थशास्त्र र क्रान्तिकारी समाज विज्ञान हो । यसले जीवन र जगतलाई द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी ढंगले हेर्न, बुझ्ने, व्याख्या गर्ने र संसारको परिवर्तनका निमित्त बाटो देखाउने काम गर्दछ । यो सर्वहारा श्रमजीवि वर्गको मुक्तिको सिद्धान्त पनि हो । मार्क्सले  वैज्ञानिक तरिकाले समाजको स्वरुप एवं विकासका नियमहरुको खोजी गर्ने प्रयास गरे । उनले समाजको परिवर्तन किन हुन्छ भनी भविष्यमा यी परिवर्तन कसरी र कुन दिशामा हुन्छ भनी पत्ता लगाए त्यसैले यसलाई वैज्ञानिक समाजवाद भनेर नाम दिइयो (भुषाल, २०६४:१४३) । वैज्ञानिक समाजवाद व्यक्तिवाद विरुद्धको  राजनैतिक दर्शन हो । कार्लमार्क्सको समाजवादलाई वैज्ञानिक समाजवाद भनिन्छ । वैज्ञानिक समाजवादलाई समानतामा आधारित राजनैतिक सिद्धान्त मानिन्छ । समाजवादले पुँजीवादी व्यवस्थाको अन्त्य गरि आर्थिक समानता कायम गराउन चाहन्छ । नाफाको प्रकृतिलाई हटाएर सामुहिक प्रयत्नबाट समस्याको समाधान गर्दै निजी सम्पत्तिको समाप्त पारी उत्पादन साधनहरु माथि सामुहिक दायित्व वातावरण तयार गरि योग्यता अनुसार काम र काम अनुसार दाम दिने र उत्पादन साधानहरुमाथि राज्यको नियन्त्रण गर्दछ (खरेल, २०७२:१३८) । काल्पनिक सामाजवादी विचारधाराका राम्रा पक्षहरुलाई ग्रहण गर्दै तथा प्रतिक्रियावादीहरुद्वारा अगाडी सारिएका तथा कथित समाजवादी विचारहरु (सामन्ती समाजवाद बुर्जुवा समाजवाद र वास्तविक समाजवाद इत्यादि को भण्डाफोर गर्दै मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवाद अगाडि सारेका छन् (पौडेल, २०७२:२००) (मार्क्सवादी अर्थशास्त्र) ।

मार्क्सले अध्ययनबाट मानव समाजमा परिवर्तन अकस्मात र अकारण हुदैन । प्रकृतिमा हुने परिवर्तन जस्तै केही नियमद्वारा हुन्छ भन्ने निष्कर्ष निकाले जुन खालि कल्पनामा आधारित नभएर मानव जातिको वास्तविक अनुभव र यस विकासलाई स्थापित गर्ने वैज्ञानिक नियममा आधारित छन् । मार्क्सको विचारमा उनको मत वैज्ञानिक सामग्रीको आधारमा निश्चित गरिएको छ । त्यसैले मार्क्सले यसलाई वैज्ञानिक समाजवादको नाम दिएका छन् ( शिवाकोटी २०६१:३०९) । 'समाजवादलाई साम्यवादको निम्न चरणको वा साम्यवादलाई

समाजवादको माथिल्लो चरणको रुपमा व्याख्या गरिएको छ । पुँजीवाद र साम्यवादवीचको संक्रमणकालीन चरण नै समाजवाद हो (पौडेल २०७२:२००) । ईतिहासको नयाँ ढंगको व्याख्या विश्लेषण यही दर्शनमा वैज्ञानिक समाजवाद सम्बन्धि विचारको जन्म जस अनुसार आज सम्मको इतिहास वर्ग संघर्षको इतिहास समाज दुई विपरित वर्गमा विभाजित दास, सामन्त र किसान, पुँजिपति र मजदुर आदि प्रत्येक अवस्थामा एकद्वारा अर्कोको विरोध संघर्षद्वारा एउटा समाज अर्कोमा परिवर्तित आधुनिक पुँजीवादी समाजको जन्म सामन्ती समाज ध्वस्त भएपछि यद्यपि सम्पूर्ण अर्न्तविरोध समाप्त नभएको समाजको ठाउँमा नयाँ समाज पुराना शोषणका तरिकामा नयाँ, संघर्षका पुराना स्वरुप र तरिका ठाँउमा नयाँ पुँजीवादी समाज दुई ठुला वर्गमा विभाजित पूँजीपति र सर्वहारा पुँजीपति मजदुरलाई काममा लगाउन वर्ग मजदुर उत्पादनको साधन नभएको र श्रमशक्ति बेचेर जीवीका गर्ने वर्ग पूँजी व्यक्तिगत कमाइ होइन सामाजिक सम्पत्ति जेलाई व्यक्तिगत भनिएको छ ९०% अरुको श्रम हडपेर थुपारिएको साझा सम्पत्तिमा वदल्न पर्ने सर्वहारा सबैभन्दा शोषित भएकाले पूँजीवाद विरुद्ध क्रान्तिको नेतृत्व राज्यसत्ता अन्त्य गर्न पहिलो देशको शासक हुन आवश्यक समाजवादमा राज्यसत्ता लिएपछि मानिसद्वारा मानिस माथिका शोषण समाप्त हुन्छ । रेग्मी २०७२ :१ (स्कूलिङ विभाग माओवादी केन्द्र विभाग) गोञ्जालो "वैज्ञानिक समाजवादको सम्बन्धमा जनयुद्ध माथि जोड दिनु नै पर्याप्त हुन्छ कारण अर्न्तराष्ट्रिय सर्वहारा वर्गले पूर्ण र विकसित सैनिक सिद्धान्त प्राप्त गरेको अध्यक्ष माओत्सेतुङबाट हो र यस प्रकारले कही पनि लागु हुने सर्वहारा वर्गको सैनिक सिद्धान्त हामीलाई प्रदान गर्नुभएको पनि उहाँले नै हो" (भुषाल २०६४:२३९) । समाजवादमा सबै मानिसहरुलाई योग्यता अनुसार काम काम अनुसार दामको प्रणाली लागु हुन्छ । यस प्रणाली भित्र पूर्ण समानता कायम हुन सक्दैन । समाजवादमा सवैलाई बराबर अधिकारको ग्यारेन्टी निरपेक्ष रुपमा गर्न सकिन्न । समाजवादमा सापेक्षिक समानता मात्रै लागु हुन्छ । मार्क्स भन्छन् "एउटा कामदार विवाहित छ अर्को अविवाहित छ एक जनाका धेरै बच्चा बच्ची छन, अर्कोको बच्चा बच्ची छैनन् वा थोरै छन् । यस्ता थुप्रै कारणहरु हुनसक्छन् । जसले गर्दा समान कामको ज्याला ( योग्यता अनुसार काम, काम अनुसार दाम) दिदाँ सामाजिक उपभोग कोषबाट वास्तविकतामा कसैले बढी पाउँछ र कसैले कम । एउटाको तुलनामा अर्को अलिकति धनी हुन सक्छ । पूँजीवादी समाज भित्रको लामो प्रसववेदनाबाट भर्खर स्थापना भएको साम्यवादी समाजको प्रथम चरण समाजवादमा यस्ता कमजोरी रहनु अत्यन्त स्वाभाविक हो ।

समाजको आर्थिक संरचना र सांस्कृतिक विकासको स्तर भन्दा माथिल्लो अधिकारहरु कुनै हालतमा पुग्न सक्दैनन्" ( पौडेल, २०७२: २०१-२०२) ।

समाजवादी क्रान्ति एकांकी क्रिया होइन । नत एउटै मोर्चामा मात्र एक्लो लडाई हो । अपितु यो तीब्र वर्गसंघर्षहरुको एक पुरा युग नै हो समस्त मोर्चाहरुमा अर्थनीति तथा राजनीति सम्बन्धी समस्त प्रश्नहरुबारे हुने लडाईहरुको एक पूरा सिलसिला हो त्यस्ता लडाईहरु जुन बुर्जुवा वर्गको अधिकार व्यक्तिमा गएर मात्र पुरा हुन सक्छ । जनवादको निम्ति संघर्षले सर्वहारा वर्गलाई समाजवादी क्रान्तिको बाटोबाट विचलित तुल्याउन सक्छ । अथवा त्यस क्रान्तिलाई इच्छाविपरित गर्न सक्छ भन्ने सोच्नु एक अत्यन्त ठुलो गल्ती हुन जाने छ । यसको विपरित जुन किसिमले पूर्ण जनवादको पालना विना विजयी समाजवादको अस्तित्व सम्भव छैन त्यस्तै जनवादको लागि सर्वतोमुखी सुसंगतम एवम् क्रान्तिकारी संघर्ष विना सर्वहारावर्ग पूँजीपतिवर्ग माथि आफ्नो विजयको तयारी गर्न सक्दैन (लेनिन, अनु: मास्के २०६३: ४९) । वर्तमान पूँजीवादी व्यवस्थाबाट उत्पन्न संकटबाट मुक्त हुन समाजवाद विना संभव छैन । तर त्यो समाजवाद पूरानो समाजवाद होइन नयाँ समाजवाद हो (सुनुवार, २०७२:४३) । पूँजीवादी व्यवस्थामा पुँजीको असमान वितरण हुने हुँदा थोरै व्यक्ति धनी हुने र धेरै संख्याका मानिसहरु गरिव भई अभाव र दुःखको जीवन विताउन बाध्य बनाइनछन् । मजदुर र साधारण जनताका लागि पूँजीवादी व्यवस्थाका कारणले शान्ति र अमनचयन हुन सक्दैन । विभिन्न जात जाती र समुदायहरु वीच वर्ग संघर्ष हुन्छ  र अन्तर्राष्ट्रिय क्षेत्रमा युद्ध र साम्राज्यवादको प्रभाव वढदै जान्छ । समाजवाद व्यक्तिगत स्वतन्त्रताको विरोधी नभई सामाजिक समानताका आधारमा स्वतन्त्रता प्राप्त गर्न चाहन्छ । सामुहिक हितको तुलनामा व्यक्तिगत हितलाई महत्व दिन्छ, (खरेल, २०७२ : १३८) । समाजवादका लक्ष्य साना साना राज्यहरु बीच मानव जातिको विभाजन र समस्त प्रकारका जातीय प्रथाको अन्त्य गर्नु जातिहरुलाई निकट ल्याउनु मात्र नभएर यिनीहरुको बिलयन समेत हो । यही लक्ष्य प्राप्त गर्नको निमित्त हामीले एकातिरबाट रेन्नर र ओटो बाउएरको तथाकथित सांस्कृतिक जातीय स्वायत्तता जस्तो विचार प्रतिक्रियावादी चरित्रका छन् भन्ने कुरा आम जनतालाई बुझाउनु पर्छ भने अर्कोतिर उत्पीडित जातिहरुको स्वाधीनताको माग सामान्यवाची अस्पष्ट शब्दहरुमा निरर्थक उद्घोषणहरुमा । समाजवादको प्रश्नलाई टालटुल पार्ने रुपमा प्रकट गर्ने होइन, अपितु एक स्पष्ट र यथातथ्य रुपले यस्तो सुत्रवद्ध राजनैतिक कार्यक्रमको एक भागको रुपमा उठाउनु पर्छ । जसमा उत्पिडक राष्ट्रहरुका समाजवादीहरुको पाखण्ड र कायरतामा

विशेष ध्यान दिइएको होस् । जुन किसिमले मानवजाति उत्पिडत वर्गको अधिनायकत्वको संक्रमण काल पार गरेर मात्र वर्ग विलयनको स्थिति सम्म पुग्न सक्छ, त्यस्तै उत्पीडित जातिहरुको पूर्ण स्वतन्त्रता अर्थात विभाजित हुने स्वतन्त्रताको संक्रमणकाल पार गरेर मात्र जातिहरुको अवश्यभावी विलयनको स्थितिसम्म पुग्न सक्छ (लेनिन, मास्के २०६३ : ५१) । एक युगवाट अर्को युगमा फड्को मार्दा तीव्र प्रसव-वेदना हुने गरेको छ । सामाजिक आर्थिक विकासका लागि सर्वहारावर्गले शान्तिपूर्ण आन्दोलनलाई एउटा उपाय वा औजारको रुपमा प्रयोग गर्न सक्छ, संसदीय क्षेत्रबाट पनि संघर्षलाई अगाडि बढाउन सकिन्छ तर प्रतिक्रियावादी संरचना भित्र गरिने क्रमिक सुधारले मात्रै समाजवादमा पुऱ्याउन सक्दैन । साह्रै ठुलो दवाब पूर्ण आन्दोलन र बलिदानी संघर्ष उठिसकेपछि मात्रै प्रतिकृयावादीवर्ग आर्थिक सामाजिक सुधारका कार्यक्रम लागु गर्न बाध्य हुन्छ । आफ्नो हातमा रहेको राज्यसत्ता सजिलै कामदार वर्गलाई हस्तान्तरण गर्ने प्रश्नै उठदैन् (पौडेल, २०७२ : २४६) । समाजवाद आधुनिक र वैज्ञानिक सिद्धान्त हो । अहिले सम्मको सामाजिक व्यवस्था परम्परागत ढंगले चलिरहेको छ । समाजको मनोविज्ञान पनि त्यसै अनुसारको छ । व्यक्तिगत स्वामित्वमा उत्पादनका साधनहरु राखेर त्यसका आधारमा आफ्नो श्रेष्ठता कायम गर्ने र कामदार वर्गलाई आफ्नो मातहतमा राखेर काम गराउने उद्देश्यबाट नै राज्य सत्ताको गठन र संचालन भैरहेको छ । एउटा ट्रेनमा गइरहेको समाजलाई मोडेर विपरित ट्रेनमा लैजाने काम तुरुन्त हुन सक्दैन । संघर्षको अवधि पनि विकासको अवधि जति नै पनि लाग्न सक्छ । जति समय लागे पनि जुन तरिकाको प्रयोग गरे पनि बहुमत संख्यामा रहेका श्रमजीवी वर्गले सधैंभरि आफ्नो शोषण र पराधिनतालाई स्वीकारेर समर्थन र सहयोग गर्ने छैनन् । समाजवाद अनिवार्य रुपमा संसारभर स्थापना हुने छ र वर्ग संघर्षको माध्यमाबाट वर्गविहिन समाजको स्थापना अनिवार्य रुपमा हुने छ ।

**३.१.१ म्याक्सिम गोर्की अखिल संघीय सम्मेलनमा गरेको भाषणको एउटा अंश :** समाजवादको अभिभारा निजी सिर्जनाशीलताको निर्वाध विकासका लागि सर्वोत्तम अवसरहरु जुटाउनु हो । समाजवादी यथार्थवादले दावी पूर्वक घोषणा गर्छ जीवन कर्म हो सिर्जना हो, जसको उद्देश्य मानिसको सर्वथा मूल्यवाद निजी क्षमताको स्वतन्त्र विकास गरेर प्रकृतिका शक्तिहरुमाथि विजय पाउन हो, उसको सुस्वाथ्य र दिर्घायुको लागि पृथ्वीमा खुसी साथ बाँच्नकालागि जुन पृथ्वीलाई उसले आफ्ना निरन्तर बढ्दा आवश्यकताहरु पूरा गर्दै एउटै परिवारमा संगठित मानव जातिका रुपमा विकसित गर्न चाहन्छ, ( भुषाल, २०६४ : १५३) ।

सर्वहारा वर्गलाई केवल पूँजीले मात्र काम दिलाउन सक्दछ । र पुँजीको वृद्धि पनि केवल त्यस वेलामात्र हुन्छ, जब त्यसले श्रमलाई उपयोगमा ल्याउँछ । त्यसैले गर्दा ठीक पूँजीको बृद्धिकै अनुरुप नै सर्वहारावर्गको पनि वृद्धि हुन्छ यसको साथसाथै औद्योगिक क्रान्तिले पूँजीजीविहरु र सर्वहाराहरुलाई ठुल्ठूला शहरहरुमा एकत्रित गरिदिन्छ जहाँ उद्योगको विकास गर्न बढी लाभदायी हुन्छ । एकै ठाँउमा धेरै मानिसहरुको यस्तो जमघटले सर्वहाराहरुलाई आफ्नो शक्तिको बोध गराँउछ । अनि औद्योगिक क्रान्तिले विकास गर्दै गए अनुसार शारीरिक श्रमको सट्टामा काम गर्ने नयाँ नयाँ मेशीनहरुको आविश्कार साथसाथै वृहत उद्योगले ज्यालामा झनझन बढी दवाब पार्दै लग्छ र त्यसलाई हामीले माथि नै भनेझै, न्युनतम स्तर सम्म घटाइदिन्छ, त्यसका परिणामस्वरुप सर्वहारावर्गको अवस्था झनझन असहय हुँदै जान्छ । यस प्रकारले एकातर्फ सर्वहारा वर्गको असन्तोष बढन र अर्कोतर्फ उसको शक्ति पनि बढनुको कारणले गर्दा औद्योगिक क्रान्तिले सामाजिक क्रान्तिको तैयारी गर्दछ, जुन क्रान्ति सर्वहारावर्गले सम्पन्न गर्ने त्यो समाजवादी क्रान्ति हुनेछ (मार्क्स, एंगेल्स सन् १९८६ : ७७) । समाजवादलाई वुर्जुवा जनवादको विरुद्ध, जुन अल्पसंख्यकको लागि मात्र जनवादी हुन्छ यथासम्भव बढी जनवादी समाजको रुपमा मान्नु पर्दछ । समाजवाद र पूँजीवादको तुलना गर्दै लेनिनले भनेका थिए “पूँजीवादमा जनवाद केवल धनीहरु र सर्वहाराको सानो भागको लागि मात्र विद्यमान हुन्छ, जवकि संक्रमणकालमा वा समाजवादमा जनवाद करिब पूर्ण हुन्छ, वर्जुवा प्रतिरोधलाई दबाउने आवश्यकताद्वारा मात्र सिमित हुन्छ । साम्यवादमा, जहाँ मूल सिद्धान्त प्रत्येकबाट उसको योग्यता अनुसार प्रत्येकलाई उसको आवश्यकता अनुसार भन्ने हुन्छ, जनवाद सम्पूर्ण इच्छाहरु र उद्देश्यहरुमा पूर्ण हुन्छ” हार्नेकर ( अ.सुवार, दाहाल) २०७२ : ७१-७२) । समाजमा शासन कि पूँजीपति वर्गले गर्छ कि सर्वहारा वर्गले शासन गर्छ, त्यही शासन प्रणालीको आधारमा कुनै पनि देशमा पूँजीवाद छ अथवा समाजवाद छ भनेर निश्चत गरिन्छ । वीचको मध्यमार्गी बाटोबाट राज्यसत्ता र त्यसद्वारा समाजमा समाजवाद लागु हुन सक्दैन । त्यसैले यो समाजवाद काल्पनिक मात्र हो, बास्तविकतामा यो पूँजीवाद नै हो । पुँजीवाद नभएसम्म यो व्यवस्था स्थापित हुन सक्दैन । पूँजीवादी दृष्टीकोण भएका व्यक्तिहरुबाट राज्यसत्ता समाजवादी हुन सक्दैन । सर्वहारा विश्व दृष्टिकोण भएका व्यक्तिहरुको नेतृत्वको वर्ग संघर्षबाट विजयी भएको अवस्थामा मात्र समाजवाद स्थापना हुन सक्दैन । अहिले पूँजीवादलाई

संशोधनवादीहरु समेतले समर्थन र सहयोग गरेको अवस्थामा त झन सर्वहारा वर्गको अधिनायकत्व अपरिहार्य भएको छ ।

### ३.१.२ जर्ज विल्हम फ्रेडरिक हेगेल

कान्ट शास्त्रीय जर्मन दर्शनका संस्थापक थिए भने उनका शिष्य हेगेल त्यस विचार धाराका नेता बने । हेगेल मुख्य मध्य दर्शन शास्त्रको विश्वकोष हो । कुनैपनि वस्तु वा परिघटनालाई हेर्दा त्यसको उत्पत्ति, परिवर्तन र विनाशका चरणहरुमा देख्न सकिन्छ भन्ने बिचार हेगेलको थियो । उनले द्वन्दवादको नियमहरुको आविश्कार गरे । विकास को स्रोत भन्नु नै दुई विपरित तत्वहरुका बीचको संघर्ष हो । प्रत्येक वस्तुभित्र रहेको आन्तरिक संघर्ष भन्नु नै गति हो । गति भन्नु नै जीवन हो । हेगेलका अनुसार सत्य एउटा प्रक्रिया हो । विकासको प्रक्रियामा बिगतको सत्यले आफ्नो आवश्यकता वा अनिवार्यता गुमाउँछ । मृत सत्यको स्थान जीवित सत्यले लिन्छ । भौतिक विज्ञानको क्षेत्रमा त्यतिखेर देखापरेका समस्याहरुलाई समाधान गर्ने प्रयत्न रचनाहरुबाट पाइन्छ । विचारको क्षेत्रमा  लागु गर्न सकेनन् ता पनि वाद , प्रतिवाद र सम्वाद नयाँ वस्तुको जन्म लिने द्वन्दवाद दर्शनले मार्क्सवादी दर्शन निर्माणमा हेगेलको महत्वपूर्ण भूमिका रहेको छ ।

### ३.१.३ लेनिन

मार्क्स र एंगेल्सले सन १८४८मा कम्युनिष्ट घोषणापत्र ल्याए पछि एक छत्ररुपमा रहेको पूँजीवादी व्यवस्थामा ठूलो भूकम्प आयो समाज विश्लेषण गर्ने क्रममा पूँजीवादको गर्भबाट समाजवादको निर्माण हुन्छ भनेपछि त्यसलाई लेनिनले नयाँ व्याख्वा गरे त्यो भनेको पूँजीवादले साम्राज्यवादले रुप धारणा गर्छ भन्ने नयाँ व्याख्या गरे । कसरी पूँजीको केन्द्रीकरण हुँदै जान्छ र त्यसमा निश्चित मुठ्ठीभर पूँजीपतिहरुले कब्जा जमाउछन् कसरी साना उद्यमीहरु टाट पल्टिन्छन् भन्ने कुरा मार्क्सले विश्लेषण गरेका थिए । सीमित पूँजीपतिहरुको हातमा पूँजीको केन्द्रीकरणले गर्दा औद्योगिक पूजी, वित्त पूजीको अधिनमा पर्न जान्छ यसले एकाधिकार स्थिति उत्पन्न हुन्छ । एकाधिकारको उत्पत्तिले गर्दा पूँजीवादको प्रतियोगी चरित्र समाप्त भएर जान्छ साना पूँजीपतिहरु टिक्न नसक्ने अवस्थामा पुग्छन् । कार्टेल, ट्रष्ट र सिन्डीकेटहरुको सानो पूँजीलाई आफूमा विलय हुन बाध्य पार्छन यही प्रक्रियाले गर्दा साम्राज्यवादको उदय हुन्छ । साम्राज्यवाद भन्नु नै एकाधिकार पूँजीवादको विकसित रुप हो । यसको रुपको बारेमा लेनिनले विकासमा चारचरण बताएका छन् । १)

एकाधिकारको अवस्थाले एकाधिकारी पूँजीवादी संस्थाहरु कार्टेल, सिन्डीकेट र ट्रष्टको उदय हुन्छ ।

२) कच्चा मालका श्रोतहरुमा कायम गरिएको एकाधिकारले सिन्डीकेट प्रणालीमा गएका र नगएका उद्योगहरुका बीचमा अन्तविरोधलाई बढाउँछ । कार्टेल वा सिन्डीकेट नबनाउने उद्योगहरु टाट पल्टिल्छन् ३) बैकहरुको क्षेत्रबाट पनि एकाधिकारको उदय भयो । ४) उपनिवेशवादी नीतिका कारणले पनि एकाधिकारको विकास हुन्छ । वित्त पूँजीको बैदेशिक नीति भनेको नै साम्राज्यवादी नीति हुने गर्दछ । ठूला राष्ट्र बीचमा उपनिवेशकालाई त्यसकारण संघर्ष हुने गर्दछ । साम्राज्यवादमा रुपान्तरण हुनु भनेको स्वतन्त्र प्रतिस्पर्धाको ठाउँ एकाधिकारले लिनु हो यो नै साम्राज्यवादको आधारभूत आर्थिक विशेषता हो । यो एकाधिकार पूँजीवादको तीन चरण हुन्छ १) एकाधिकार पूँजीवाद २) परजीवि पूँजीवाद र ३) मरणशील पूँजीवाद (पौडेल, २०७२: २५०) मार्क्सवादलाई व्यवहारमा परिणत गर्ने काम लेलिनले गरे । तत्कालिन रूसमा जारशाही क्रुर शासन थियो । लेनिनको समयभन्दा अगाडि २५० वर्ष पहिले देखि जनक्रान्तिहरू भएका थिए । यस जनक्रान्तिका दस्तावेज लेलिनले अध्ययन गरेका थिए । सन् १९०५ मा भएको सोभियत संघको जनक्रान्तिले जारको शासन कमजोर भएको हो । सोभियत संघमा औधोगिक विकास भएको थियो । त्यहाँका मजदुर उत्पीडनमा परेका थिए भने अर्कोतिर युरोपमा एकाधिकार पूँजीको विकास भएको थियो । एकाधिकार पूँजीको अन्तर्विरोधका कारण आफैमा कमजोर थियो । त्यसको अवसर पारेर लेलिनले मजदुर, किसानको सहयोगमा निर्णायक क्रान्ति हुनसक्छ र एउटै देशमा पनि समाजवादी क्रान्ति सम्पन्न भई मजदुरको शासन व्यवस्था टिक्न सक्छ भन्ने प्रष्ट थियो । व्यापक जनविद्रोहबाट जारशाहीको शासन अन्त्य गरि सोभियत संघमा समाजवादी व्यवस्था सन् १९१७ अक्टोवरमा स्थापना गर्न सफल भए । औधोगिक क्रान्ति भएको सोभियत संघ सर्वहारा वर्गको असन्तोष बढ्दै गयो र अर्कोतर्फ उसको शक्ति पनि बढ्दै गएको कारण विद्रोह चर्को रूप लिदा त्यसले सामाजिक क्रान्ति भयो । सोभियत संघमा समाजवादी क्रान्ति सम्पन्न भई संसारमा पहिलो पटक समाजवाद स्थापना भयो ।

### ३.१.४ माओत्सेतुङ

चीनिया कम्युनिस्ट पार्टीको स्थापना सन् १९२१ भएको हो । जुन वेला चीनमा औद्योगिक क्रान्ति भएको थिएन । चीन अर्थव्यवस्था अवस्था अर्ध सामन्ती र अर्ध उपनिवेशिक अवस्था थियो । औद्योगिकरण नभएको चीनमा सिधै मजदूर सर्वहारावर्गको नेतृत्वमा विद्रोह गरेर

राज्य सत्ता प्राप्त गर्ने स्थिती थिएन । त्यस वेला माओले कसरी चीनमा समाजवादी क्रान्ति गर्न सकिन्छ भन्ने मार्क्सवादी थप नयाँ विचार प्रस्तुत गरे ।

आफ्नो इतिहासको क्रममा चिनियाँ क्रान्तिले दुईवटा चरणहरु पार गर्नुपर्ने छ । पहिलो, जनवादी क्रान्तिको चरण, दोस्रो समाजावदी क्रान्तिको चरण र यी दुई चरणहरु स्वभावैले दुईवटा वेग्ला वेग्लै क्रान्तिकारी प्रक्रियाहरु हुन । औपनिवेशिक, अर्ध औपनिवेशिक र अर्ध सामन्ती स्वरुपको समाजलाई एउटा स्वधीन जनवादी समाजमा फेर्नु क्रान्तिको पहिलो पाइलो हो । आधारभूत रुपमा पूँजीवादी नै हुन्छ र यसको वस्तुगत उद्देश्य पूँजीवादको विकासको बाटो खुला गर्नु हुन्छ तैपनि यो पूँजीवादी अधिनायकतन्त्र अन्तर्गत पूँजीवादी समाज र राज्यको स्थापना गर्ने उद्देश्यले पूँजीपति वर्गले नेतृत्व गर्ने उद्देश्यले पूँजीपति वर्गले नेतृत्वगर्ने पुरानो किसिमको क्रान्ति भने होइन यो त सबै क्रान्तिकारी वर्गहरुको संयुक्त अधिनायकतन्त्र अर्न्तगत एउटा नौलो जनवादी समाज र राज्यको स्थापना गर्ने उद्देश्यले सर्वहारा वर्गले नेतृत्वगर्ने नौलो किसिमको क्रान्ति हो (भुषाल, २०६४ : १११) । माओत्सेतुङ, (१९४० : २१५ -२१७) चीनमा औद्योगिक क्रान्ति नभएको कारण त्यहाँ क्रान्तिको शक्ति किसान वर्ग थियो । किसान, मजदुरको नेतृत्व दिर्घकालिन जनयुद्धको बाटो हुँदै गाउँले शहर घेर्दै अन्तिममा केन्द्रिय सत्ता कब्जा गर्ने कार्यनीति अन्तरगत जनमूक्ति सेना निर्माण गरेर सन् १९४९ सत्ता सर्वहारा वर्गको हातमा नेतृत्व लिई नयाँ पूँजीको विकास गर्दै सहकारी आन्दोलन, जमिन किसानको हात सुम्पदै औद्योगिक विकास गरेर माओत्सेतुङ्गले नेतृत्वमा सन् १९५६ समाजावदको घोषणा गरे । यसरी चीनमा समाजवाद प्राप्त भयो ।

### ३.२ रुसको समाजवाद वा सोभियत संघको समाजवाद

सोभियत संघको कम्युनिस्ट पार्टी वोल्सेविकको इतिहास वास्तवमा त्यहाँको पार्टीको इतिहास नभएर अन्तर्राष्ट्रिय महत्वको मार्क्सवादी-लेनिनवादी सैद्धान्तिक रचना हो । सोभियतसंघको समाजवादी क्रान्तिकारी आन्दोलन विश्व सर्वहारा वर्गको सत्ता स्थापना गर्ने मात्र होइन्, मार्क्सवादी लेनिनवादी सिद्धान्तको सिर्जनात्मक विकास, व्यवहारमा प्रयोग र विकास गर्‍यो । महान अक्टोवर समाजवादी क्रान्ति, जसले मानवजातीको इतिहासमा एउटा नयाँ युगको पुँजीवादबाट समाजवाद तर्फ संक्रामणको युगको सूत्रपात गरेको थियो र अर्को सोभियतसंघको विशाल भूमिमा विश्व इतिहासमा पहिलोपल्ट समाजवादको निर्माण भयो ।

जारसाही रुसले अरु मुलुक भन्दा पछि पूँजीवादी विकासको बाटोमा प्रवेश गऱ्यो । भुदास-प्रथामा आधारित जमिनदारी प्रथा नै अर्थतन्त्रको मुख्य रुप थियो । भुदास प्रथा अन्तर्गत उद्योगको सच्चा विकास हुन सक्दैनन्थ्यो । खेतीमा भुदासहरुको अनिच्छुक श्रमको उत्पादकत्व निम्नस्तरको थियो । आर्थिक विकासको सम्पूर्ण क्रमले गर्दा भुदास-प्रथाको उन्मुलन गर्नु आवश्यक हुन गयो । क्रिमियाली युद्धमा हारेर निर्धो भएका र किसान विद्रोहदेखि डराएका जार सरकारले सन् १८६१ मा बाध्य भएर भुदास प्रथाको उन्मुलन गर्नु पऱ्यो । भुदास-प्रथाका अवशेष, चर्को कर र जमिन्दारहरुलाई तिरिने मुक्ति धन अक्सर किसान परिवारको आम्दानी भन्दा बढी हुन्थे । त्यसले गर्दा किसानहरु टाट परे, मगन्ते स्थितिमा पुगे र उनीहरु जीवीकाको खोजमा आफ्नो गाँउ छाडेर जान बाध्य भए । उनीहरु कलकारखानाहरुमा काम गर्न गए । यो कारखाना मालिको लागि सस्तो श्रमशक्तिको स्रोत बन्यो । सन् १९०३ सम्म पनि कारखाना मजदुर किसान र रसियाली भन्दा भिन्न जातिहरुलाई कारखाना हडताल हुँदा शारिरिक दण्ड दिने चलन थियो । भने जातीय संस्कृतिलाई खतम पार्ने प्रयास गर्दथ्यो साथै जातीहरुलाई रसियालीकरण नीति लिएको थियो । भुदास-प्रथाको उन्मुलन पछि भुदास-प्रथाको अवशेषहरुबाट बाधा पर्दा-पर्दै पनि रुसमा औद्योगिक पूँजीवादको विकास निकै छिटो गतिले भयो । सन् १८६५-९० सम्ममा अर्थात २५ बर्ष भित्रमा ठूला-ठूला कलकारखाना र रेलमार्गमा काम गर्ने मजदुरहरुको संख्या ७०६००० बाट बढेर १४३३,००० पुग्यो अर्थात दोब्बर बढी भयो । सन् १८९०-९९को अवधिमा रुसमा विशाल मात्रको पूँजीवादी उद्योगको विकास झन तीब्र गतिमा भयो । मजदुरहरुको संख्या बढेर २७९२,००० थियो । यिनीहरुका बीचमा भावनात्मक एकता बढदै गयो । साथै अर्कोतिर रेलमार्गको विस्तारले ठुलो मात्रामा धातु कोइला पेट्रोलियम पदार्थ माग बढयो । धातु र इन्धन उद्योगहरुको विकास भयो । तर पनि रुस भने पूँजीवादीको जीवीकाको साधन कृषि नै थियो । यता लाखौं मजदुर बेकारी र गरिवीको सिकार बने । एक करोड किसान परिवार थियो ।

### ३.३ चीनको समाजवाद

चीनको समाजको राजनीतिक तथा अर्थतन्त्रको प्रधान रुपमा औपनिवेशिक, अर्ध औपनिवेशिक तथा अर्ध सामन्ती र राजनीतिक तथा अर्थतन्त्रको प्रतिनिधित्व गर्ने प्रधान संस्कृति पनि औपनिवेशिक, अर्धऔपनिवेशिक तथा अर्ध सामन्ती भएकाले मुख्य क्रान्तिको

निशाना पनि यसैलाई निर्धारण गरी माओले क्रान्तिको स्वरुप निर्धारण गर्नुभएको छ । माओको भनाइमा आफ्नो इतिहासका दौरानमा क्रान्ति अनिवार्यतः दुई चरणबाट गुज्रनेछ । यसमा पहिलो चरण जनवादी क्रान्ति (Bourgioase democratic) तथा दोश्रो समाजवादी (Socialist) क्रान्ति पर्दछन् । यी दुवैको स्वरुपमा भिन्न दुई क्रान्तिकारी प्रक्रिया पर्दछन् । यो जनवाद वा लोकतन्त्र यस देशको पूँजीवादीद्वारा गरिने क्रान्ति भन्दा भिन्न भएकाले यसलाई नौलो जनवाद (New Democratic) भनिएको हो । यो पूँजीवादीहरुबाट गरिने औपनिवेशवाद, अर्धऔपनिवेशवाद तथा सामन्तवाद विरुद्ध क्रान्ति गरी त्यसको ठाउँमा नयाँ राजनीति नयाँ अर्थतन्त्र तथा नयाँ संस्कृति निर्माण गर्ने हो । त्यसैले यसलाई नौलो जनवाद भनिएको हो । चीनिया क्रान्तिकारी आन्दोलन जनवादी क्रान्ति तथा समाजवादी क्रान्तिका दुवै क्रम पुरै क्रान्तिकारी आन्दोलन हो । पहिलो क्रान्ति पुरा गरेपछि मात्र आवश्यक तयारी गरी समाजवादी क्रान्ति गरिन्छ । कम्युनिस्टहरुको अन्तिम उद्देश्य समाजवाद र साम्यवाद स्थापनि गर्नु हो नौलो जनवादको उद्देश्य पूँजीवादी विकासको चरणलाई कम्युनिस्ट पार्टीको नियन्त्रणमा पुरा गर्नु हो । जनताको जनवादी अधिनायकत्व सवलिकरण गर्ने मजदुर किसानको सहयोगमा आधारीत हुन्छ (शिवाकोटी, २०६१ : ३६३-३६४) । सन् १९२१ स्थापना भएको चिनिया कम्युनिस्ट पार्टीले माओको नेतृत्वमा दिर्घकालिन जनयुद्ध कार्यदिशा मार्फत जनसेना निर्माण गरी अगाडी बढ्यो । सन् १९४१ को गृहयुद्ध भयो त्यसलाई पार गर्दै सन् १९४९मा नौलो जनवादी क्रान्ति पूरा गरी च्याङकाइसेक सेनालाई हराई नौलो जनवादी गणराज्य स्थापना गरे (के.सी., २०७२ : २०) ।

**३.४. समाजवाद रुपान्तरण : -** आफ्ना बाल्यकालमा यस्ता आर्दशबाट प्रभावित, जवानीमा रसियाली क्रान्तिबाट र विशेषत आफ्नो अनुभुतिका सन्दर्भमा मार्क्सवादी सिद्धान्तको अध्ययन र स्वदेशका पूँजीपतीहरु तथा विदेशी साम्राज्यवादीहरुका शोषणको निरिक्षणका सन्दर्भमा कम्युनिस्ट नेताहरु समाजवादले मात्र चीनलाई जोगाउन सक्छ भन्ने कुरामा विश्वस्त थिए । आर्थिक पुननिर्माणका अवधिका तुरुन्त पछाडि त्यसैले तिनीहरुले सन् १९५२ को डिसेम्बरमा समाजवादमा रुपान्तरणका सामान्य नीतिलाई ग्रहण गरे जसलाई सामान्य अर्थमा देशको औद्योगिकरणका साथै कृषि, उद्योग, व्यापार र हस्तकला निर्माणमा समाजवादी स्वामित्व तर्फको क्रमिक रुपान्तरण भनिन्छ । सन् १९५२ भ्रष्टचार विरुद्धको आन्दोलन सञ्चालन गर्दै समाजवादी रुपान्तरणका लागि पृष्ठभूमी तयार गरे । सरकार प्रशिक्षित कार्यकर्ता, सशस्त्र

सेना र जनसंगठनहरुका बिच त्यसले भ्रष्टचार अपव्यय र कर्मचारीतन्त्रका विरुद्ध अभियान सञ्चालन गऱ्यो । बुद्धिजीवीहरुलाई जनताको सेवा गर्न र चीनलाई समाजवादी देश बनाउन मद्दत गर्न प्रोत्साहित गर्ने उद्देश्यले तिनीहरुका चिन्तन प्रक्रियालाई बदल्न पनि एउटा आन्दोलन शुरु गरेको थियो । उनीहरुलाई जनताको सेवा गर्न उत्पेरित गऱ्यो । यी सबै उपायहरुले प्रत्येक व्यक्तिलाई चीनमा अब एउटा नयाँ दिन उदाँउदै छ भन्ने अनुभूति दियो । समाजवादी रुपान्तरणको बीज जमिनमा कारखाना र व्यापारिक उद्यमहरुमा रहेका निजी स्वामित्वहरुलाई फेर्नमा थियो । चीनमा यस प्रक्रियाको एउटा विशिष्ट लक्षण के थियो भन्ने अर्ध समाजवादी संरचनामा यो गहन परिवर्तन कदम कदममा शान्ति पूर्वक नै भएको थियो । कृषि सम्बन्धी र औद्योगिक उत्पादन निरन्तर बढयो जब यातायातमा प्रगति भयो । परिणामतः जनताको जीवन स्तर पनि सङ्गसङ्गै बृद्धि भयो । कृषिमा भूमिसुधार किसान मालिक भए । सरकारी सहयोग र प्रोत्सानमा किसानहरु स्वेच्छिक रुपले नै सामूहिक बाटो तर्फ लागे । शुरुको मौसमी खेतीबाट परिवर्तन गरी बाह्रै महिना मानव श्रम र औजार ल्याए । भूमि, घरपालुवा पशु र खेतीका औजारहरु व्यक्ति परिवारको स्वामित्वमा रहे । भूमिको एकीकृत व्यवस्थापन गर्दै अगाडी बढ्दै गर्दा प्रारम्भिक वा अर्ध समाजवादी सहकारीहरुको स्थापनाका बाटा तिर डोऱ्यायो । सन् १९५३मा संक्रमणकालिन अवधिका सामान्य नीतिको सामूहिक अध्ययन र प्रकाशनले ग्रामिण क्षेत्रहरुमा अर्धसमाजवादी कृषि उत्पादकहरुका सहकारी निर्माणलाई तिब्र पाऱ्यो । यसरी कृषकहरुले भूमि, पशु र कृषि औजारहरु सामूहिक स्वामित्वमा ल्याउन थाले । सबै सदस्यहरुका बिचमा खेतीको एक भाग उनिहरुले प्रयोग गरेका कृषि साधनका अनुपातमा बाँडफाड गरिन्थो भने अर्को श्रमको आधारमा विभाजन गरिन्थ्यो त्यसैले यसको नाम अर्ध समाजवाद भनियो । यसरी पूर्ण समाजवादी बनाउनका लागि माग बढन थाल्यो । त्यस उच्च रुपमा जमिन साझा सम्पत्ति बन्न जान्थ्यो । पशु र कृषि औजारहरु ढिलो भुक्तानका सर्तमा सदस्यहरुबाट सहकारीलेनै खरिद गऱ्यो । आफ्नो भूमि सुधार गर्नको लागि अरु परियोजनाहरु र उपयुक्त आकारका सिंचाइका योजनाहरु निर्माण गर्न अधिकार लिनु असल बिउ विजन र खाद्य भित्रयाउन तथा वैज्ञानिक ज्ञान आदानप्रदान गर्न सक्षम भए । सबै आयको विभाजन गरिन्थ्यो । सन् १९५७का अन्त्य सम्ममा ९६ प्रतिशत भन्दा बढी किसान परिवार र यस पूर्ण समाजवादी वा उच्च प्रकारका सहकारी संलग्न भइसकेका थिए ।

उद्योग र व्यापारका क्षेत्रमा जनसरकारले राष्ट्रिय पूँजीपतिहरुको सम्पत्ति हरण गर्नु भन्दा तिनलाई नै खरिद गऱ्यो जसरी अक्टुवर क्रान्ति पछि रसियामा गरिएको थियो । कर्मचारीतन्त्र र पूँजीपतिहरु जापान विरोधी युद्धका समर्थक भएको कारण सहानुभुतिशील रहे । केही समय निजी उद्योगलाई जनतालाई आवश्यक हुने समान उत्पादन लगायो , अर्थतन्त्रका पूँजीवादी क्षेत्रको समाजवादी रुपान्तरण निजी उद्योगहरुका उत्पादनलाई सरकारले खरिद गर्न शुरु गऱ्यो । सरकारी सम्झौता/ठेक्का अनुसार सामान निर्माणका लागि आदेशहरु दिन शुरु भयो । गाँउको समाजवादी रुपान्तरणले पूँजीपतिहरुलाई पनि सरकारी-निजी संयुक्त उद्यमशीलता बदल्न प्रोत्साहित गऱ्यो । १९५५ मा उद्योग साटसाट गर्न शुरु भयो । सन् १९५६मा बेइजिङका सबै निजी उद्योगहरु संयुक्त स्वामित्वमा फेरिए । त्यसैगरी यसको तियान जिङ, साङघाई, सिमाना र अरु शहरहरुमा पनि अनुशरण गरियो । समाजवादी रुपान्तरणको प्रकृया व्यापार र हस्तकलामा पनि स्थापति भयो । सन् १९५७को अन्त्यतिर व्यावहारिक रुपमा सबै प्रकारको व्यापार राज्य-निजी व्यापार संस्थाद्वारा संयुक्त रुपमा संचालन गरिए र ९० प्रतिशत हस्तकलाकर्मीहरु सहकारीहरुमा सामेल भएका थिए । अखिल चीन उद्योग व्यापार संघका अध्यक्ष चेन सुतोङले त्यतीवेला भने पूँजीवादको समाजवादी रुपान्तरणले केवल उद्योगहरुलाई मात्र बदल्दैन यसले मानिसहरुलाई पनि बदलिदिन्छ । त्यसबेला पूँजीपतिहरु योग्यता अनुसार प्रबन्धक, अभियन्ता, विभागीय प्रमुखहरु र राज्य निजी संयुक्त उद्योगहरुका सञ्चालक समितिका सदस्य भए । पूँजीपतिहरुले उत्पादनको नाफा बाँडने कामबाट निर्धारित व्याजदर मात्र लिन थाले । यसरी उद्योगहरु त्यसपछि पूर्णाताले सरकारी स्वामित्व वा सम्पूर्ण जनताका स्वामित्वमा आए । यसरी समाजवादी स्वामित्वमा फेरियो (अनु ज्ञवाली -काइमिङ), २०६९ : २०४-२०७) । नयाँ जनवादी क्रान्तिको चरित्र मुलत : पूँजीवादी हुन्छ । क्रान्तिको त्यो चरणमा चीनमा राष्ट्रिय पूँजीपतिहरु पनि पार्टी र क्रान्तिका पक्षमा आएका थिए । पूँजीपतिवर्गको हातमा भएका कलकारखानाहरुको राष्ट्रियकरण गर्ने तथा उत्पादनका साधनहरुमाथिको व्यक्तिगत स्वामित्वलाई सामाजिक रुप भयो । त्यसवेला राष्ट्रिय पूँजीपतिहरु समाजवादी रुपान्तरण विरुद्ध देखिन थाले । यस वीचमा नयाँ प्रकारको अन्तर्विरोध वर्गको वीचमा देख पऱ्यो समाजवादको निर्माण शुरु भएपछि पूँजीपतिहरु नाजायज फाइदा लिने भएकोले पार्टीले "तीन खरावी र पाँच खरावी विरुद्धको अभियान चलायो । सन् १९५३ मा पार्टीले संक्रमण कालिन आमदिशा पारित गऱ्यो । औद्योगिकरणको कार्यलाई पुरा गर्ने र कृषि तथा हस्तकला,

पूँजीवादी उद्योग वाणिज्यको राज्यद्वारा समाजवादी रुपान्तरण गर्ने कुरामा जोड दिइयो । मध्यम वर्गिय किसान डराउछन भन्ने नाममा लिउ शाओचीले सहकारीता र जनकम्युनहरुको विरोध गरे । लिउको चार स्वतन्त्रता खेतालाहरु कमाउने, व्यापार, सुदखोरी र जमीन कमाउन दिने कुरामा कुनै नियन्त्रण हुन सक्दैन भन्ने थियो । स्वतन्त्रतालाई सिमित पारेर समाजवादको आधार तयार पार्ने काम गऱ्यो । सन् १९५७ मा माओको रचना "जनताको बीचमा अन्तर्विरोध सही सञ्चालन" प्रकाशित भयो । यसले समाजवाद रुपान्तरणमा राम्रो भूमिका निर्माण गऱ्यो । सन् १९६२ मा पार्टीले समाजवादी शिक्षा आन्दोलन शुरु गऱ्यो भने सन् १९६६ पार्टीले महान सर्वहारा साँस्कृतिक क्रान्ति शुरु गर्ने निर्णय गऱ्यो साथै १६ सुत्रिय कार्यक्रम पनि घोषणा गऱ्यो (सिंह, २०५७ : ५७ -६४) । सेप्टेम्बर सन् १९५६ मा बसेको पार्टीको आठौ राष्ट्रिय काँग्रेसले जनताका बढ्दा भौतिक र साँस्कृतिक आवश्यकताहरु पूरा गर्न आर्थिक विकासमा सबै शक्तिहरु केन्द्रिकृत गर्नु चीनको अहिलेको मुख्य काम हो भन्ने निर्णय गऱ्यो । मे १९५८ मा पार्टीले जनतासँग आब्हान गऱ्यो सबै बाहिर निस्क उच्च लक्ष्य राख तथा अझ ठूला, अझ चाँजो, अझ राम्रो र अझ बढी आर्थिक परिणामहरु प्राप्त गर । स्टील र अरु महत्वपूर्ण उत्पादनका परिणाममा १५ वर्ष वा त्यस भन्दा कम समयमा ब्रिटेनलाई उछिन्न वा पछि पार चर्चित नारा बन्न गए । जन कम्युनिनहरुको विस्तारको नेतृत्व गऱ्यो सरकारले सिँचाईको परियोजना जिम्मा लिन दबाव दिइयो । दूई महिना भन्दा कम समयमा ९२ प्रतिशत जम्मा किसान परिवारहरु यस पद्दतिमा आए । करिब ७ लाख पचासहजार सहकारीहरु २६ हजार कम्युनमा मिलाइए जसमा प्रत्येकमा चार हजार देखि सातहजार परिवारसम्म समाविष्ट थिए । अनाज उत्पादन बढाउनका अतिरिक्त कम्युनहरुले साना औद्योगिक संयन्त्र, विद्यालयहरु, साँस्कृतिक केन्द्र, बाह्य विरुवा उद्यान, बाल उद्यान, कम्युन भोजनलय र लुगा धुने सेवाहरु पनि स्थापित गरे साथै सैनिक तालिम (जनमिलसिया) दलको पनि जिम्मा लिए । साना विष्फोटक भट्टीहरु र स्टील कार्यशालाहरु नगर र ग्रामिण क्षेत्रमा पनि स्थापित गरिए सन् १९६४ सम्ममा आपूर्ति ८५ प्रतिशत गर्न सक्षम भयो ।

**तालिका नं. २**

सन् १९५७ देखि सन् १९६५ सम्म कृषि तथा औद्योगिक उत्पादनको अवस्था (१:१००००००)

| क.स. | विवरण | १९५७ | १९६५ |
|---|---|---|---|
| १ | स्टील (टनमा) | ५.३५ | १२.२३ |
| २ | कोइला (टनमा) | १३१.०० | २३२.०० |
| ३ | विद्युत कि.वाट | १९३००.०० | ६७,६००.०० |
| ४ | पेट्रोलियम (टनमा) | १.४६ | ११.३१ |
| ५ | अनज (टनमा) | १९५.०५ | १९४.५५ |
| ६ | कटन (टनमा) | १.६४ | २.१० |
| ७ | कटन कपडा (मिटरमा) | ५०५०.०० | ६२८०.०० |

स्रोत : (अनु ज्ञवाली) काइमिङ, २०६९: २०८-२१३)

जन गणतन्त्र चीनमा सन् १९५७ देखि सन् १९६५ सम्म कृषि तथा औद्योगिक उत्पादनको सन्दर्भमा माथिको तालिकालाई विश्लेषण गर्दा के देखिन्छ भने स्टील उत्पादनमा ५.३५ बाट बढेर १२.२३ पुगेको देखिन्छ । त्यसैगरी कोइला उत्पादनमा १३१ टन बाट उत्पादन बढाएर २३२ टन पुगेको देखिन्छ । साथै विद्युत १९३०० कि.वा.बाट बढाएर ६७६०० पुगेको देखिन्छ । पेट«ोलियम पदार्थमा १.४६ टन बाट उत्पादन बढाएर ११.३१ पुगेको देखिन्छ । त्यस्तै कटन कपडाको उत्पादनमा ५०५० मी. बाट ६२८० मी. पुगेको देखिन्छ । यसरी समाजवादको रुपान्तरण भएको पाइन्छ ।

### ३.५ नेपाली काँग्रेसको प्रजातान्त्रिक समाजवाद

नेपाली काँग्रेसले आफ्नो स्थापनाकाल देखि गरेका कार्यलाई हेर्दा यसका तीन प्रकारका चरित्र देखिन्छन, पहिलो हो, लोकतान्त्रिक व्यवस्थाका लागि संघर्ष । यो संघर्षको नेतृत्व २००७ मा नेपाली काँग्रेसले नै गरेको हो । २०१७ देखि २०४६ सम्मको लोकतन्त्र पुर्नस्थापनाको संघर्ष र नेतृत्वको काम नेपाली काँग्रेसबाटै भएको हो लोकतन्त्रको स्थापना पछि नेपाली काँग्रेसले लोकतन्त्रको विकास र सुदृढीकरण खुला र पारदर्शी समाजको मान्यतामा आफ्नो मूमिका निभाउदै आएको छ । कुनै पनि पंक्ती र पक्षमा नेपाली काँग्रेसले लोकतन्त्रको सुदृढीकरण आफ्नो मुल मन्त्र मान्दै आएको छ । अर्को पक्ष हो शोषण रहित समाजको सिर्जना, नेपाली

काँग्रेस अविचलित रुपमा शोषणरहित समाजको आर्थिक समानता र लोकतन्त्रलाई आदर्श मानेबाट प्रस्ट हुन्छ । २०१५ सालको चुनावपछि नेपाली काँग्रेसका सबै जसो आर्थिक नीति विकास र शोषण रहित समाजको निर्माणमा केन्द्रित थिए । वि.पी. कोइरालाले नेपालको सन्दर्भमा समाजवाद भनेको जाली, फटाहाको उन्मुलन, ग्रामिण क्षेत्रमा रोजगारीको अभिवृद्धि, जग्गा जोत्नेको हुनुपर्ने, उद्योग धन्दामा मजदुरको हितको संरक्षण हुनुपर्ने, योजना बनाउदा गरिब किसानको हितलाई ध्यान दिएर बनाउनु पर्ने, शिक्षामा सबैको पहुँच हुनु पर्ने, नेपालको उन्नति नेपालकै जगमा अडिएको हुनु पर्ने जस्ता धारणा राख्नु भएको छ । नेपाली काँग्रेस जातीयताको अन्त्य चाहने राजनीतिक दल हो । मूलभूत रुपमा राजनीतिमा पूर्ण लोकतान्त्रिक प्रणाली अर्थ नीतिमा शोषण रहित समाज र सामाजिक नीतिमा विभेदरहित समानतालाई प्रजातान्त्रिक समाजवादले अगाँलेको छ, (पराजुली, २०७२:७६) । समाजवाद वारेमा नेपाली काँग्रेसका संस्थापक नेता विश्वेश्वर प्रसाद कोइरालाले पत्र-पत्रिका, विभिन्न कार्यक्रममा व्यक्त गरेका भनाइ यस प्रकार छन । समाजवादका मुख्य दुईवटा मौलिक आधार छन् । एउटा हो समाजको विकास आर्थिक कारणबाट हुन्छ, अर्को समाज भित्र रहेका जति उत्पादनका साधनहरु छन् तिनमाथि सामाजिक नियन्त्रणमा हुनपर्छ । “समाजवादका आधार पुँजीवादमा नै पलाउँछन र त्यस पुँजीलाई व्यक्ति हितबाट हटाई समाजको सामुहिक हितमा प्रयोग गरेर नै समाजवादको व्यवस्था खडा गरिन्छ ।” “राजनीतिक दृष्टीले समानताको सिद्धान्तलाई प्रजातन्त्रले स्थापित गर्दछ भने त्यस्तै आर्थिक दृष्टिले समानताको सिद्धान्तलाई समाजवादले स्थापित गर्दछ ” (मजगैया, २०७२:७१) ।

**३.५.१ प्रजातान्त्रिक समाजवादी विचारधारा :** सन् १९१९ को फेब्रवरीमा बोनमा सम्पन्न सम्मेलनबाट सामाजिक जनवाद वा प्रजातान्त्रिक समाजवादले घोषित रुपमा दक्षिणपन्थी बाटो समातेको भए तापनि कम्युनिस्ट वा लेनिनवादी समाजवादसँग वैचारिक मामिलामा के-कति भिन्नता रहने भन्ने कुराको स्पस्ट रेखाङ्कन भैसकेको थिएन । प्रथम विश्वयुद्धदेखि दोस्रो विश्वयुद्धको समयमा वैज्ञानिक समाजवाद नै अग्रस्थानमा रह्यो । त्यतिखेर कम्युनिस्ट पार्टीहरुको अगाडी प्रजातान्त्रिक समाजवादी पार्टीहरु ओझेलमा परे जस्तै भएका थिए । सन् १९२५ बाट शुरु भएको महामन्दी र दोश्रो विश्व युद्धमा तत्कालीन सोभियत रुसले सबै क्षेत्रमा आर्जन गरेको प्रतिष्ठाका कारण पूँजीवादी आर्थिक सिद्धान्त पूर्णतः असफल भएको मानिएको थियो । यसैले पूँजीवादी पार्टीहरुपनि रातारात प्रजातान्त्रिक समाजवादी पार्टीमा रुपान्तरण भएका वा आफ्नो पार्टी कार्यक्रम देखाउनकै लागि भए पनि समाजवाद शब्द

झुन्डाउन बाध्य भएका देखिन्छन् । दोश्रो विश्वयुद्ध तत्कालै पछिको अवधिमा त पूँजीवादको एकलौटी समर्थनमा बोल्न सक्ने अवस्थामा विश्वमा अर्थशास्त्री थिएन । सन् १९५१ मा फ्रैंकफर्ट अधिवेशनले प्रजातान्त्रिक समाजवादी विचारधारालाई व्यवस्थित रुपमा अगाडी सा¥यो यस विचार धाराको जरो एडवर्ड वर्नस्टिन र रसियाली मेन्सेविकहरुका रचनाहरुमा पाइन्छ । प्रजातान्त्रिक समाजवादीहरुले ऐतिहासिक, भौतिवादलाई गलत रहेको घोषणा गरे, सर्वहारा वा श्रमिकवर्गको अधिनायकत्व वा नेतृत्वलाई पनि बेठिक घोषणा गरे र राज्यलाई वर्ग निरपेक्ष माने प्रजातान्त्रिक समाजवाद क्रान्तिविनाको समाजवाद, सर्वहारावर्गको नेतृत्व विना श्रमिक वर्गको सशक्तीकरण, सम्पक्तिवाला वर्ग माथि चोट नपु¥याइकन आर्थिक समानताको स्थापना, तथा नीजि सम्पत्तिको बाहुल्यता सहितको समाजवादको परिकल्पनाको समष्टिरुप नै प्रजातान्त्रिक समाजवादी विचारधाराको वास्तविक पहिचान हो ( पौडेल, २०७२ : २२९-२३०) । प्रजातान्त्रिक समाजवादले निमुखा र अन्यायमा परेकालाई आफ्ना विमति र चाहना मुखरित गर्ने अवसर दिन्छ । कम्युनिस्ट तानाशाही हुने भए पनि आफुलाई समाजवादी भन्ने हुँदा द्विविधा नहोस भन्नका खातिर लोकतान्त्रिक समाजवादी भनिएर समाजवादको नाउँमा तानाशाही कम्युनिस्ट सोचका हामी होइनौं भन्ने प्रस्ट गर्न सम्म मात्र लोकतान्त्रिक समाजवाद भन्ने गरिएको हो । लोकतन्त्रलाई समाजवादीले दुई रुपले व्याख्या गर्नुपर्ने हुन्छ । प्रथमतः खुला लोकतान्त्रिक परिपाटी जहाँ समाजवादी पूँजीवादी समेतका विभिन्न राजनीतिक विचार हुनेले खुला प्रतिस्पर्धा गर्न सक्छन् । शान्तिपूर्ण राजनीति गर्ने र लोकतान्त्रिक परिपार्टीलाई कायमै राखिरहने सार्वभौम परिपाटी हुन्छ ।

### ३.५.२ प्रजातन्त्रका आवश्यकता

- लोकतन्त्र नभएमा कुनै एक पार्टीले नराम्रो काम गरेमा त्यसलाई बदल्न सकिदैन ।
- अझ राम्रा विकल्पलाई स्वाभाविक रुपमा स्वीकार गरिदैन ।
- नेता भ्रष्ट भएमा सम्पूर्ण देश नै बर्वाद हुन्छ ।
- मानिस स्वाभाविक अस्तित्व नभएमा आफ्ना गलत कार्यको पनि ढाकछोप गर्ने हुन्छ ।
- विपक्षी राजनीतिक दलहरु हुँदा हुँदै लोकतान्त्रिक परिपाटी रहँदा रहँदै समेत नेताहरु भ्रष्ट हुने गरेको पाइन्छ भने ती अवस्था नहुँदा र न्यायपालिका समेत उनीहरुकै मातहतमा हुँदा उनीहरुले गर्न सक्ने भ्रष्ट्राचारको कुनै सीमा हुँदैन ।

- नातावाद, कृपावाद र परिवारवाद आफ्नो पकडका लागि सुरु गरिन्छ, (पराजुली, २०७२ : ५०-५१) ।

प्रजातान्त्रिक समाजवादले अङ्गीकार गरेका थप कुराहरु निम्न अनुसार देखिन्छन् समाजबहुलतापूर्ण छ तथा व्यक्तिको निजी स्वतन्त्रता सबैभन्दा महत्वपूर्ण छ । स्वतन्त्रता र समानता एक अर्काको पूरक हुन । आर्थिक समानता नभएपनि मानिस बाँच्न सक्छ तर राजनीतिक स्वतन्त्रता नभएसम्म बाँच्नुको कुनै अर्थ रहदैन । मानव अधिकारको प्रत्यभूति र व्यक्तिगत स्वतन्त्रताको बहाली हुनुनै समाजवाद तर्फ संक्रमणको लागि प्रस्थान विन्दु हो ।

प्रजातन्त्रिक समाजवादको आयाम : प्रजातान्त्रिक समाजवादले त्रि-आयमिक (Third Dimensional) समाजको वकालत गर्दछ । ती तीनवटा आयमहरु निम्न छन् ।

क) स्वतन्त्रता

ख) न्याय

ग) शान्ति

यी तीनवटा कुराहरुलाई प्रजातान्त्रिक समाजवादका आधारभूत कुरा हुन् भनेर दावी गरिएको छ, पौडेल, २०७२ : २३१-२३२)

प्रजातान्त्रिक समाजवादी विचारधारा मार्क्सवादी चिन्तक वर्नस्टिन लगायतबाट समाजवादको दक्षिणपन्थी व्याख्या र संसोधनवादी सोचबाट विकसित भएको स्पष्ट देखिन्छ । प्रजातान्त्रिक समाजवादीहरुले वैज्ञानिक समाजवाद मूलमर्मलाई साथै सर्वहारा वर्गको नेतृत्व आत्मसाथ गर्न नसकेको र प्रजातान्त्रिक समाजवादीहरुले वैज्ञानिक समाजवादीहरुले सोभियत संघको प्रयोगलाई परिवर्तित परिस्थितिलाई आत्मसात गर्न नसकेको आरोप लगाउछन् । केही हदसम्म सत्यता देखिन्छ । तर पनि समाजवादको अर्न्तवस्तु छोडेर पूँजीवादी वा निजीकरणलाई पक्रनु समाजवादको बाटो मान्न सकिदैन । समाजवादका लागि प्रजातन्त्र अनिवार्य माध्यम हो भन्ने कुरामा जोड दिदै काउत्स्की भन्दछन् । “प्रजातन्त्रले शान्तिपूर्ण रुपमा (समाजवादमा ) संक्रमणलाई प्रत्याभूत गर्दैन रप्रजातन्त्र विना त्यो संक्रमण निश्चत रुपले असम्भव छ ” (भुषाल, २०६४ : १४१) ।

यसरी विभिन्न दलहरुलाई शक्तिमा जाने अधिकारको सम्मान र बहुदलीय व्यवस्थाको स्वतन्त्रताप्रति सोभियत प्रारुपको क्रान्तिकारी प्रारुपको अवधारणाको त्याग तथा कसैको हातमा नवस्ने र त्यसलाई निन्दा गर्ने नयाँ प्रवृति नै यसमा रहेको छन् । यसले राष्ट्रिय

समाजवादको अवधारणा ग्रहण गरी अर्न्तराष्ट्रियवादलाई छोडेको छ । यसमा पूँजीवादी समाजलाई जनताको इच्छामा रुपान्तरण गर्ने सोचाई रहेको छ । युरो कम्युनिस्ट शब्दको प्रयोग १९७५-७६ वीचमा नै भएको हो । यसको सर्वप्रथम प्रयोग सोभियत कम्युनिस्ट पार्टीका केन्द्रिय समितिका विदेश नीति निर्माण सम्बन्धी सहायक सचिव भादिम जाग्लो दिनले प्रयोग गरेका हुन् । यो राष्ट्रपति कार्टरका सुरक्षा सल्लाहकार ब्रेजनेस्कीले पनि यसैवेला प्रयोग गरे यूरो समाजवादको विशेषता भनेको समाजवाद र स्वतन्त्रतालाई मेल गराउने नीति लिएको छ । यसको मुख्य आधार भनेको सन् १९४५ पछि यूरोपमा स्थायित्व, शान्ति तथा समृद्धि यसको मुख्य आधार हो । सन् १९७४ आएको आर्थिक मन्दीबाट उत्पन्न सामाजिक तथा नैतिकताको परिणामले यूरो समाजवाद बढाउने काम गरेको देखिन्छ, ( शिवाकोटी, २०६१ : ४७०-४७१) । रुसमा यस अर्थमा संयुक्त छ सबै भन्दा पहिले त उत्पादनका साधनहरु माथि निजी स्वामित्वको अन्त्य गरिएको छ र दोश्रो, सर्वहारा राज्यसत्ता सरकारी भूमि र सरकारी कल कारखानाहरुमा बृहत स्तरको राष्ट्रव्यापी उत्पादन संगठित गर्दैछ । उत्पादनका विभिन्न क्षेत्रहरुमा तथा कलकारखानाहरुमा श्रम शक्तिको वितरण गर्दैछ । उत्पादनका विभिन्न क्षेत्रहरुमा तथा कलकारखानाहरुमा श्रमशक्तिको वितरण गर्दैछ । र श्रमिक जनतावीच व्यापक मात्रमा उपभोगका ती वस्तुहरुको वितरण गर्दै छ, जुन राज्यको सम्पत्ति हो । देशमा यी सव परिस्थितीहरु आंशिक रुपमा मात्र तयार भएका छन् अर्थात अर्को शब्दमा भन्ने हो भने, यी परिस्थितिहरुको कार्यान्वयन अझ प्रारम्भिक स्तरमा नै छ जुन कुरा आम रुपमा एकैचोटी पुरा गर्न सकिन्छ । ती सवकुरा हामीले तुरुन्तै एकै क्रान्तिकारी प्रहारद्वारा हासिल गर्‍यौं । उदाहरणार्थ सर्वहारा अधिनायकत्वको पहिलो दिन नै अर्थात २६ अक्टुबर १९१७ को दिन ठुल्ठुला जमिनदारहरुलाई विना मुआब्जा आफ्नो जमिन माथिको निजी स्वामित्वबाट वञ्चित गरियो, ठुल्ठूला भुस्वामीहरुको सम्पत्ति जफत गरियो । केही महिना भित्र करिब करिब सबैजस्ता ठूल्ठूला पूँजीपतिहरुको सम्पत्ति कलकारखानाहरुका ज्वाइन्ट स्टक कम्पनीहरुका बैंकहरुको रेलहरु आदिका मालिकहरुको सम्पत्ति विना मुआब्जा खोसियो । राज्यद्वारा उद्योगमा बृहत उत्पादन संगठन गरिनु र कलकारखाना, रेल-वे व्यवसायमा “ मजदुर नियन्त्रणबाट” अगाडी बढेर मजदुर प्रबन्ध स्थापना गर्नु यो काम समावेशी पुरा भैसकेको छ । तर कृषिको क्षेत्रमा चाहि यो काम भर्खरै सुरु मात्र गरिएको छ । राजकीय फार्म अर्थात राजकीय जमिनदार मजदुर राज्यद्वारा संगठित ठूल्ठुला फार्महरु यसै प्रकारले निम्न स्तरमा कृषि बस्तु उत्पादनबाट साम्यवादी कृषि व्यवस्था संक्रामणको रुपमा

साना-साना कृषकहरुका विभिन्न प्रकारका सहकारी संस्थाहरुको संगठन हामीले भर्खरै शुरु गरेका छौं । वस्तुहरुको वितरण क्षेत्रमा निजी व्यापारको ठाँउमा सरकारी संगठन स्थापना गर्नु अर्थात सरकारले अन्न किन्ने र यो अन्न शहरहरुमा पुऱ्याउने सम्बन्धमा पनि यही कुरा लागु हुन्छ । यस सम्बन्धमा जुन तथ्याङकहरु उपलब्ध हुन ती तल प्रस्तुत गरिने छन् ।
किसानहरुको खेतीपाती अझसम्म पनि निम्नस्तरको वस्तु उत्पादनकै रुपमा कायम छ । यहाँ पूँजीवादको एक अति  मजवुद एवम् जरा भेट्टाइन्छ । यसै आधारमा पूँजीवाद टिकेको छ र साम्यवादसँगको कटु संघर्षमा फेरि-फेरि टाउको उठाउने गर्छ । सरकारद्वारा अन्न तथा अरु खाद्यान्न सञ्चय र सरकारद्वारा आमरुपमा बस्तुहरुको वितरण विरुद्ध चोरबजारी र मुनाफाखोरी यस संघर्षका रुपहरु हुन् ।

### ३.६ नेपालको संविधानमा समाजवादको प्रभाव

सार्वभौम शक्तिको बाँडफाडको बन्दोवस्त संविधान हो । शक्तिको बाँडफाडको सिद्धान्त संविधानवाद हो । संविधानवाद आधुनिक युगको अवधारणा हो । यसले ऐन कानूनको राजनीतिक व्यवस्थाको शासनको अपेक्षा गर्दछ । यसैले संविधानवाद विधिको शासनको अवधारणा भएकाले यो लोकतान्त्रिक मूल्यको केन्द्रीय तत्व पनि हो भन्ने बुझिन्छ ( शिवाकोटी, २०७२:२) । संविधान कुनै एउटा संवैधानिक समितिद्वारा निर्माण गरिएको हुन सक्छ । साथै समयको परिवर्तनले गर्दा विकसित पनि भएको हुन सक्छ । त्यसकारण संविधानको प्रादूर्भाव निर्मित तथा विकसित दुई प्रक्रियाबाट हुन्छ । विश्वका विभिन्न देशका संविधानहरुको अध्ययन गर्दा वेलायतको संविधान बाहेक अन्य सवै संविधान साधारणतया निर्मित छन् । वा निर्मित संविधान हुन् । संविधानवाद विचारधाराको प्रतिक हो । राज्यको मूल्य मान्यता, विश्वास एंव राजनीतिक आदर्शद्वारा विचराधाराको सिर्जना हुन्छ र ती विचारधाराको प्रतीक नै संविधानवाद हो । सी.एफ. स्याङका अनुसार : संविधानवादले संविधानको अस्तित्व स्वीकार गर्दछ । किनकी संविधान सरकारको एउटा यस्तो माध्यम हो जसको उद्देश्य सरकारको निरङ्कुश कार्यलाई सीमित गर्नुका साथै शासितहरुको अधिकारको संरक्षण गर्दै तथा सर्वोच्च शक्तिको क्रियाकलापलाई निर्धारण गर्नु हो ।

### ३.६.१ संविधानवादको विकासको इतिहास

संविधानवादको इतिहासको विकास राजनीतिक संस्थाहरुको विकासको इतिहास हो, तर संविधानवादको पहिलो महत्वर्पूण इतिहास यूनान, रोम राज्यहरुबाट आरम्भ भएको पाइन्छ । त्यस्तै मध्ययुग र आधुनिक युगमा पनि यसका सिद्धान्तहरु प्रतिपादन हुदै गएका पाइन्छन् । तसर्थ संविधानवादको ऐतिहासिक विकासक्रमहरु निम्न लिखित छन् । (१) युनानी संविधानवाद, (२) रोमन संविधानवाद (३) मध्ययुगीन संविधानवाद (४) पुनर्जागरण समय संविधानवाद (५) बेलायतको संविधानवाद (६) फ्रान्समा संविधानवाद (७) अमेरिकामा संविधानवाद (८) प्रथम विश्वयुद्ध पछिको संविधानवाद (९) दोस्रो विश्वयुद्ध पछिको संविधानवाद । संविधानको परिभाषा विभिन्न विद्धान मध्ये गेटल र लिंककले निम्न अनुसार परिभाषा दिएका छन् जुन यस प्रकार छन् । गेटलका अनुसार : ती मौलिक सिद्धान्त जसद्वारा कुनै राज्यमा ती मौलिक स्वरुप निर्धारित हुन्छन्, संविधान भनिन्छ । लिंकका अनुसार : सरकारको स्वरुपलाई संविधान भनिन्छ (श्रेष्ठ, २०४६: (१,२,३,४, ५, १०) । संविधान सम्बन्धी साम्यवादी अवधारणा : साम्यवादी संविधानवादको अवधारणालाई मार्क्सवादी लेनिनवादी अवधारणा भनिन्छ । यो पश्चिमी उदारवादी धारणा भन्दा भिन्न हुन्छ । यस्तो अवधारणामा संविधानलाई स्वतः साध्य भनिदैन यो वैज्ञानिक समाजवादसँग सम्बन्धित अवधारणा हो यस्तो अवधारणा सरकारको शक्तिलाई सीमित गर्न नभएर श्रमिक राज्यको आदर्श प्राप्त गर्नका लागि राज्यलाई बढी भन्दा बढी शक्ति प्रदान गर्नु र विस्तार गर्नु रहन्छ । यस संविधानवादले हिजोको पृष्ठभुमि र वर्तमानको अवस्थाका साथै भविष्यमा के प्राप्त गर्ने भन्ने कुराको नै निर्देशन गर्दछ । यसमा मार्क्सवादी दर्शनका आधारमा नियम निर्माण गरी समाजवादलाई विकसित अवस्थामा पुऱ्याउने कार्यको दर्शन रहेको हुन्छ । स्टालिनले संविधानलाई कुनै कार्यक्रम नभएर कार्यक्रम लागु गर्ने यन्त्रमात्र हो भनी यो कुरालाई स्पष्ट गरेका थिए । सोभियत संविधानमा वर्ग संघर्षको झलक पाइन्छ । संविधानलाई स्थिर बस्तु मान्दैन र गतिशिल तथा परिवर्तनशील मान्दछ । अन्य संविधानवादले सवै खालका नियमलाई मौलक नियम अर्न्तगत राख्ने गर्दछ । तर सोभियत संविधानवादले यो कुरालाई स्वीकार गर्दैन । यसमा राज्यको सर्वोच्च स्थान संविधानलाई नदिएर साम्यवादी दलको नीतिलाई सर्वोच्च स्थान संविधानलाई नदिएर साम्यवादी दलको नीतिलाई सर्वोच्च स्थान प्रदान गर्दछ । साम्यवादी वा सोभियत संविधानवादलाई साम्यवादी धारणा वा सिद्धान्त अनुसार स्वरुप प्रदान गरिएको हो यसका मुल साम्यवादी सिद्धान्तहरुमा (१) शक्तिको

आर्थिक पक्षको सर्वोच्चताको सिद्धान्त (२) आर्थिक शक्तिद्वारा सम्पन्न वर्गका प्रभुत्वको सिद्धान्त (३) आर्थिक शक्ति अन्तर्गत राजनीतिक शक्तिको स्थापनाको सिद्धान्तले आर्थिक शक्ति सर्वोपरी हो र यसलाई सार्वजनिक सत्ता अन्तर्गत ल्याउनु पर्छ भन्ने पाईन्छ । शक्ति केही व्यक्तिको हातमा नरहेर सम्पूर्ण समाजमा निहित गरिनु पर्छ भन्ने सिद्धान्तलाई यसले व्यावाहारिक बनाउने प्रयास गर्दछ । आर्थिक शक्तिलाई सार्वजनिक सत्ताअन्र्तगत बनाउनकालागि साम्यवादी विश्वले केही संस्थागत व्यवस्थाको समर्थन गर्दछन् । यो संस्थात्मक व्यवस्थामा (१) उत्पादन तथा वितरणको साधनमाथि सार्वजनिक स्वामित्व (२) सम्पत्तिको समान वितरण तथा (३) साम्यवादी दलको नेतृत्व रहेका छन् । विकासशील मुलुकहरुमा संविधानवादका केही महत्वपूर्ण प्रकृतिहरु देखा पर्दै गएका छन् । यस्ता मुख्य प्रवृतिहरुमा संविधानवाद निर्माणको संक्रमणको अवस्थामा रहेकाले यसले आफ्नो स्वरुप अझै स्पष्ट गर्न सकेको देखिदैन । संविधानवादले पश्चिमी र साम्यवदी संविधानवादको मिश्रित प्रकृतिलाई अँगालेको पाइन्छ । संविधानवाद प्रवाहका रुपमा रहेको छ र यो दिशाविहीन चरणमा रहेको पाईन्छ । यसो भए पनि विकासशील देशमा संविधानवाद समानता, स्वतन्त्रता, राजनीतिक समानता, सामाजिक तथा आर्थिक न्याय र लोकतन्त्रको प्राप्ति जस्ता पश्चिमी संविधानवादको साध्यलाई प्राप्त गर्न खोजेको पाइन्छ । तर साधनको हिसावले साम्यवादी अवधारणासँग निकट भएको पाइन्छ , उनीहरुको साम्यवादी अवधारणाप्रति आस्था समेत रहेको पाइन्छ ।

### ३.६.२ नेपालको संबैधानिक इतिहास :

नेपालको संवैधानिक इतिहास त्यति लामो छैन। नेपालमा संविधान बन्नु अगाडी गोपाल वंश (९००-७०० ई.पू.) महिषपाल (७००-६००ई.पू.), किराँतकाल (६००-१०० ई.पू.)ले आफ्नै वैदिक परम्परा अनुसार शासन गरेका थिए । लिच्छवीहरुले ई.पू. १००-८८० सम्म राजकीय वडापत्र मार्फत शासन गरे । यी हिन्दू राजाले धर्मशास्त्रलाई नै संविधान सरह मानेका थिए । ई. ८८०-१७६८ सम्मको मल्लकालमा राजाको आदेशबाट शासन चल्यो । शासनमा स्रोतमा ताम्रपत्र, सनद, सवाल, अभिलेखर पञ्जापत्र मुख्य रहेका थिए । पञ्जापत्रको शासन ई. १७६८ को शाहकालीन र ई. १८४६ देखि ई.१९४८/५० सम्म चल्यो । पृथ्वीनारायण शाहाले ४६ सालबाट शासन सञ्चालनको विधि अपनाए भने जंगबहादुरले ई.१८५४ मा मुलुकी ऐन जारी गरी यसैलाई शासनको मुल आधार बनाएका थिए । यो मुलुकी ऐनलाई जंगबहादुर कै समयमा एकचोटी परिवर्तन गरिएको र पछि पनि यसमा केही परिवर्तन गरि

२०२० सालसम्म यही जंगबहादुरको मुलुकी ऐन नै नेपालको शासनको मूल आधार भएको देखिदा यसलाई संबैधानिक कानुनका रुपमा लिन पनि सकिन्छ तर यसमा संविधानका कतिपय मौलिक संरचनाहरु र विशेषता नहुँदा यो अख्तियारको बाँडफाट भन्दा पनि प्रशासनका लागि निर्माण भएको नियम कानुनर प्रथाहरुको संकलनको संहिताकरण भन्नु बढी उपयुक्त हुने देखिन्छ । संबैधानिक कानुनका स्रोतहरुमा कानुन, द्धितिय विधायन र अरु नियमहरु, न्यायिक निर्णय, प्रथा र परम्परा र आधिकारिक पुस्तकहरु, विज्ञहरुको धारणा, धर्मशास्त्र आदि रहन्छन् भने संविधानको निर्माण सार्वभौम सत्ताधारीको राजनीतिक निर्णय नै मुख्य स्रोतका रुपमा रहन्छ ।

**३.६.३ निष्कर्ष** : नेपालमा लागु भएका संविधान विभिन्न दर्शन वा संविधानवादमा आधारित रहेका पाइन्छन् । संवैधानिक कानुन २००४ सामन्ती सत्ताअन्तर्गत लोकप्रिय प्रतिनिधित्व गराउने दर्शनमा आधारित थियो । यसले परम्परालाई नै निरन्तरता दिने काम गरेको थियो । अन्तरिम संविधान २००७ राजतन्त्र अन्तर्गतको संसदीय लोकतन्त्रको सिद्धान्तमा आधारित थियो । यो वेस्ट मिनिस्टर प्रारुपमा रहेको पाईन्छ भने २०१९ सालको संविधान एकत्ववादी दर्शनमा आधारित रहेको थियो । २०४७ सालको संविधान बहुलवादमा आधारित संसदीय बहुदलीय उदारवादी अर्थव्यवस्थाको प्रणालीको दर्शनमा आधारित रहेको पाइन्छ । अन्तरिम संविधान २०६३ गणतान्त्रिक मुलुकमा लोकतन्त्र, समावेशीकरण, संघीयतामा आधारित समाजवाद उन्मुख दर्शनमा आधारित रहेको थियो । कार्यकारी व्यवस्थापिका नीति निर्देशका सिद्धान्त, न्यायपालिकाका सिद्धान्तहरुले उदारवाद र समाजवाद बीच समन्वय गर्ने, उदारवादका राजनीतिक अधिकार र समाजवादका आर्थिक प्रणाली र समावेशिक राज्य व्यवस्था निर्माण गरिने दर्शनलाई अपनाएको देखिन्छ ।

## ३.७ जनताको वहुदलिय जनवाद हुँदै समाजवाद

नेकपा (एमाले)को न्युनतम कार्यक्रम जनताको बहुदलीय जनवाद (जबज) हो । जवज मार्फत राज्यका समग्र क्षेत्रमा परिवर्तन गर्दै समाजवादमा फड्को मार्ने कार्यक्रम रहेको देखिन्छ । यही समाजवादी नीतिका आधारमा संविधानसभा निर्वाचन घोषणा पत्र तयार गरेको थियो । त्यही घोषणा पत्रका आधारमा नेपालको संविधान समाजवाद उन्मुख रहेको छ भन्ने नेकपा एमालेको दृष्टिकोण देखिन्छ ।सरकारी, सहकारी र निजी क्षेत्रको सन्तुलित सम्बन्ध माथि आधारित मिश्रित, सामाजिक आर्थिक समानता र न्यायसहितको समाजवाद

उन्मुख अर्थतन्त्र निर्माणलाई संविधानको उद्देश्यका रुपमा स्थापित गरिनेछ । सामन्तवादका बाँकी अवशेषहरुलाई अन्त्य गर्दै स्वाधीन, औद्योगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य स्पष्ट पारिनेछ । सामाजिक न्याय सहितको अग्रगामी लोकतन्त्र अगाडी बढाउने क्रममा माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी, आवासमा पहुँच र खाद्य अधिकार सहित आर्थिक समाजिक, साँस्कृतिक अधिकारको प्रत्याभूति सहितको अग्रगामी लोकतन्त्र स्थापना संविधानको लक्ष्य हुनेछ । वैज्ञानिक भूमिसुधार, महिला, दलित, श्रमजीवी वर्ग, आदिवासी जनजाती, मधेशी, मुस्लीम, पिछाडिएको क्षेत्र, भाषिक धार्मिक, लैङ्गिक, अल्पसंख्यक अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका अधिकारलाई संविधानले प्रत्याभूत गर्नेछ । आर्थिक सामाजिक-साँस्कृतिक अधिकारको प्रगतिशील कार्यान्वयनको संवैधानिक र जनउत्तरदायी व्यवस्था गर्दै नेपाललाई बहु-जातीय, बहु-भाषिक, बहु-साँस्कृतिक, बहु-धार्मिक, बहु-भौगोलिक विविधता सहितको राष्ट्रको रुपमा आत्मसात गरिनेछ । बहुलता र विविधतालाई सम्पदाको रुपमा ग्रहण गर्दै सामाजिक सदभाव सहितको राष्ट्रिय एकतामा जोड दिनेछ । नेपाल राज्यको शक्तिको श्रोतको रुपमा नेपाली जनताको भूमिकालाई संवैधानिक रुपमा अझ स्पष्ट पारिनेछ । राज्यका महत्पूर्ण निर्णय प्रक्रियामा जनताको मतलाई अन्तिम र निर्णायक मान्ने कुराको संवैधानिक सुनिश्चितता प्रदान गरिनेछ । बहुपहिचान सहितका सातवटा संघीय प्रदेश हुनेछन् । प्रत्येक संघीय प्रदेश साझा र मिश्रित बसोवास तथा जनताको समान अधिकार सुनिश्चितता सहितको हुनेछ । केन्द्र, प्रदेश र स्थानीय सरकार बीच अधिकारको स्पष्ट बाँडफाँड हुनेछ । नेपाली समाजको मूल अन्तर्विरोध वर्गीय हो र उत्पीडनको मुख्य स्वरुप पनि वर्गीय नै हो । यसैको जगमा लैङ्गिक, जातीय, भाषिक र साँस्कृतिक जस्ता सामाजिक उत्पीडन खडा भएका छन् । आर्थिक समृद्धिका लागि राज्यको यो विभेदकारी संरचना अन्त्य गर्ने स्पष्ट राजनीतिक कार्यदिशा हुनुपर्छ । सही राजनीतिबाट निर्देशित नभएको विकासको प्रयास अर्थहीन हुन जान्छ । विकासका लागि तीब्र आर्थिक वृद्धिदर आवश्यक पर्छ । तर मुट्ठीभर धनीहरु झन धनी हुदै जाने र बहुसङख्यक जनता गरिबीको दुस्चक्रमा फस्दै जाने विधिले समग्र समाजलाई समृद्ध बनाउन सक्दैन । नेकपा (एमाले) ले तीब्र आर्थिक वृद्धि तीब्र आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचालाई अगाडी बढाउनेछ । नवउदारवादी पूँजीवादी प्रजातन्त्रले बहुसंख्यक श्रमजीवी जनताका समस्याको समाधान दिन सक्दैन । त्यसरी नै जे सुकै नाममा अभ्यास गरिएको भएपनि एकदलीय अधिनायकवादी व्यवस्था

वर्तमान समस्यको समाधान हुन सक्दैन । त्यसैले नेकपा (एमाले) पूर्ण लोकतान्त्रिक अधिकार र सामाजिक न्याय सहितको लोककल्याणकारी राज्य व्यवस्थाको पक्षमा छ । सहभागितामूलक र समावेशी शासन प्रणालीको पक्षमा छ । नेकपा (एमाले) यस्तो लोकतन्त्रलाई जनताको बहुदलीय जनवादी व्यवस्था हुदै समाजवाद सम्म विस्तार गर्न चाहन्छ (ने.क.पा (एमाले) केन्द्रीय कमिटी, २०७०:१२,१४,१५) । राज्यको दमन गर्ने शक्ति भनेको सेना पुलिस आदि हो । तसर्थ यस वर्गले पनि आफ्नो सेना बनाउनु पर्छ र प्रतिक्रियावादी सेनालाई दमन गर्नु पर्छ । यसरी क्रान्ति पुरा हुन्छ । क्रान्तिपछि स्वयं सर्वहारा वर्गको पार्टीले राज्य सञ्चालन गर्ने हुँदा सर्वहारा राज्य नै त्यो राज्यको सार हुन्छ । त्यस राज्यले पुराना सामन्ती र पूँजीवादी व्यवस्थाका अवशेषहरुलाई अधिनायकत्वका माध्यमवाट समाप्त पार्दै समाजवादमा प्रवेश गर्छ । यसरी नयाँ जनवादी सिद्धान्तले गन्तव्य, बाटो, रणनीति, कार्यनीति, संगठन, पार्टी सदस्यता, संघर्ष जस्ता सवै विषयलाई एउटा तार्किक सन्दर्भमा गाँसेर क्रान्ति र समाजवादको ग्यारेन्टी गर्छ । त्यसैले यो सामन्तवाद-साम्राज्यवाद विरोधी सर्वहारा क्रान्तिको सिद्धान्त हो । जनताको बहुदलीय जनवादका पनि आफ्ना तर्कहरु छन् । प्रतिक्रियावादी वर्गको राज्यसत्ताबाट हुने हिंसात्मक दमनको प्रतिरोध गर्ने नाममा श्रमिक जनताको मुक्ति पनि केवल हिंसात्मक मार्गबाट मात्र सम्भव छ भन्ने मान्यता सामाजिक विकासको वैज्ञानिक नियम अनुकुल छैन । मुक्ति र दासता स्वयंमा सामाजिक चेतनाका अवस्थाहरु पनि हुन चेतना स्वयंलाई हिंसाका मातहत राखेर क्रान्ति, स्वतन्त्रता र मुक्ति सम्भव हुदैन । विगत १०० वर्षका अनुभवहरुले पनि यसैलाई पुष्टि गरेका छन् । तसर्थ श्रमिक जनताको मुक्ति विचार धारात्मक चेतनाको विस्तारको वलमा नै हुनसक्छ । यो क्रान्तिको माध्यम वा बाटोको विषय हो । त्यस्तै सर्वहारा क्रान्ति सम्पन्न भइसकेका मुलुकहरुमा जनताले राजनीति गतिविधिमा प्रत्यक्ष सहभागी हुन नपाउनु उनिहरुको पहल विकसित नहुनु राज्यले व्यक्ति र समाजका सवै कुरा माथि नियन्त्रण गर्नु जस्ता विसङगतिहरुले अन्ततः समाजवाद नै ढल्न पुगे । अथवा जनतालाई स्वतन्त्रतापूर्वक राजनीतिक र समाजिक प्रक्रियामा सहभागी नबनाउदा स्वयं समाजवादी राज्यहरु पनि ढल्ने स्थिती आउँदो रहेछ । तसर्थ राज्यद्वारा थोपारिएको एकात्मक शासन व्यवस्था अन्ततः जनताको शासन नहुँदो रहेछ । त्यसैले शासन व्यवस्थामा बहुलतालाई स्वीकार गर्नैपर्छ । बहुलतालाई समाहित गरेको जनवादमा कसरी पुग्न सकिन्छ त ? जनताको बहुदलिय

जनवादलाई सिद्धान्तको दृष्टिले विश्लेषण गर्दा त्यसका प्रमुख मानकहरुलाई निम्नानुसार राख्न सकिन्छ ।

- अहिले जारी रहेको प्रजातान्त्रिक संघर्षमा श्रेष्ठता हासिल गर्ने ,
- प्रतिस्पर्धामा प्राप्त गरिने श्रेष्ठताको आधारमा क्रान्ति पूर्व सरकार गठन गर्ने,
- क्रान्तिकारी पार्टीको हैसियतले सरकार मार्फत प्रगतिशील ढंगले अधिकतम सुधार गर्ने ।
- प्रजातान्त्रिक र शान्तिपूर्ण संघर्षमा हासिल हुने वरिष्ठता र पार्टीद्वारा सरकार मार्फत लागु गरिने प्रगतिशिल सुधारहरु निर्माण हुने क्रान्तिकारी शक्ति र परिस्थितिमा बल प्रयोगद्वारा सत्ता कब्जा गर्ने।

यसरी जनताको बहुदलीय जनवाद मार्फत अगाडि बढेर समाजवादमा पुग्न सकिन्छ (भुषाल, २०६४ : २२४-२२५) । एकदलीयताको भ्रम हटाउन समेत कार्यक्रमको नाउँ जनताको बहुदलीय जनवाद हुनुपर्दछ । शान्तिपूर्ण संसदीय संघर्षबाट अघि बढने प्रयास गर्नुपर्दछ । जनताका शान्तिपूर्ण न्यायिक, राजनीतिक संघर्षहरुमाथि हिंसात्मक ढंगले दमन गर्ने सत्तापक्षसँग त्यस्तै मुकाविलाको अर्को विकल्प हुदैन । संघर्षको रुप मनोगत ढंगले होइन जस्तालाई तस्तै गर्ने हुनुपर्छ । अहिले हामी शान्तिपूर्ण संघर्षको स्थितीमा छौं । यसको उच्चतम विकास शान्तिपूर्ण संघर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकार बनाउने र त्यसबाट जनता, राष्ट्र र प्रजातन्त्रको हितमा प्रगतिशील ढंगले सुधार गर्ने सम्म मात्र हो । यो पनि जनसत्ताको स्थापना गर्ने आन्दोलनमा महत्वपूर्ण कुरा र उपलब्धि नै हो । त्यसपछि पनि बलपूर्वक फड्को हान्ने काम बाँकी नै रहन्छ । क्रान्ति सम्पन्न गर्नको निम्ति बाटोको हिसावले वर्ग समन्वय होइन, वर्ग सम्झौता होइन वर्ग संघर्ष नै मुल र आधारभूत कुरा हो । जनवादी अर्थतन्त्रले समानता एवं सामाजिक न्यायमा आधारित भएर श्रमजीविहरु निम्न आय भएका गरिबहरु तथा पिछाडिएका जाति समुदाय र क्षेत्रको उत्थानमा भूमिका खेल्ने निजी क्षेत्रलाई पनि प्रोत्साहन गरिनेछ (पौडेल २०७२:३५४) ।

### ३.८ २१ औं शताब्दी जनवाद हुदै समाजवाद

ने.क.पा (माओवादी केन्द्रको) पूर्व ने.क.पा (माओवादी) को विभिन्न ठाँउमा सम्पन्न केन्द्रिय कमिटिका बैठकबाट निर्णय भए बमोजिम २१ औ शताब्दीको जनवाद हुदै समाजवाद ने.क.पा (माओवादी) समाजवादी कार्यक्रम हो । यो पार्टी मार्क्सवादमा आधारित पार्टी भएको

र संविधानसभाको प्रतिज्ञापत्रमा समाजवाद सम्बन्धी दृष्टिकोण अगाडि सारेको त्यसैको आधारमा नेपाल संविधान वर्तमान अवस्थामा संविधान सभा हाल व्यवस्थापिकामा रहेका सबै राजनीतिक दलहरुको साझा दस्तावेज भएका कारणले नेपालको संविधान समाजवाद उन्मुख संविधान भनि उल्लेख गरिएको हो । विश्व परिस्थितीबारे : "शीतयुद्धको समाप्तिपछि साम्राज्यवादीहरुले गरेको इतिहासको अन्त र नयाँ विश्व व्यवस्थाको उदय" को दाबीलाई पूर्णात झुटो बकवास सावित गर्दै आज विश्वका सवै आधारभूत अन्तर्विरोधहरु तीब्र भएका छन् । साम्राज्यवाद र उत्पीडित राष्ट्र एवं जनताका बीचको विश्वको प्रमुख अन्तर्विरोध मात्र विष्फोटक भएको छैन् अपितु अन्तर साम्राज्यवादी अन्तर्विरोध पनि झन चर्केर गएको छ । पूर्व सोभियत संघको पतनपछि सिङ्गै भू-मण्डलमा आफ्नो एकछत्र प्रभुत्व कायम गर्ने रणनीति अन्तर्गत अमेरिकी साम्राज्यवादको बढ्दो लुट, हस्तक्षेप र आतंक सँगै यो स्थितिको विकास भइरहेको छ । गत दशकदेखि नै सामान्य साम्राज्यवादी अर्थतन्त्र एंव विशेषतः अमेरिकी अर्थतन्त्रमा गहिरो मन्दी छाएको छ । औद्योगिक पूँजीमाथि वित्तिय पूँजीको बर्चस्व कायम भएको र त्यस प्रकारको वित्तिय पूँजीमाथि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता संस्था मार्फत मुख्यतः अमेरिकी नियन्त्रण रहेको छ । वित्तिय पूँजीको दबदबा र त्यसको असिमित सङ्क्रमणले असमान आयु वितरण, असमान विकास, बेरोजगारी एंब धनी र गरीबका बीचको खाडललाई पनि भयानक रुपले चर्काएर लग्यो । विज्ञान प्रविधिको विकास र पूँजीको संक्रमणले साम्राज्यवादी आर्थिक एकाइहरुको उत्पादन क्षमता त असीमितरुपले वृद्धि भइरहेको छ, तर विकास र वितरणको असमानताका कारण माग र बजार त्यही अनुपातमा नबढेको मात्र होइन, झन सीमित हुँदै गएको छ । साम्राज्यवादी अर्थव्यवस्थाको यो वंशाणुगत नियतिका कारण बजारका निमित्त साम्राज्यवादी गुटहरुका बीचमा टकराव हुन अनिवार्य हुन्छ । आज विश्व परिस्थितिमा एउटा ठूलो मोड र परिवर्तनलाई व्यक्त गरिरहेको इराक युद्धको पृष्ठभूमिले उक्त कुरालाई स्पष्ट गर्दछ । अन्तर्राष्ट्रिय भुक्तानको माध्यम अमेरिकी डलर भएको हुनाले ५ खर्ब भन्दा बढीको व्यापार घाटालाई अमेरिकाले मनपरी डलर छापेर पुर्ति गरिरहेको भए तापनि यदी झण्डै आधा अमेरिकन मुद्रामा नियन्त्रण गर्ने यूरोप लगायत अन्य साम्राज्यवादी देशहरुले डलरको सट्टा अन्य मुद्रा प्रयोग गर्ने वित्तिकै सस्तो व्याजको ऋणमा टिकेको अमेरिकी घरेलु अर्थव्यवस्था टाटपल्टिने निश्चित छ । विकास हुँदै गएको 'युरो' को अवस्थाले डलर भविश्यलाई चुनौति दिएको छ ।

सुचना प्रविधिमा भएको अभूतपूर्व विकासले आजको विश्वलाई आश्चर्यजनकरुपमा साँघुरो पारिदिएको छ । साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको विकासले कुनै निश्चित देशमा जनक्रान्तिको सफलताका लागि अन्तराष्ट्रिय परिस्थितिको अनुकुलता वा प्रतिकुलताको रणनीतिक महत्वको भूमिका खेलिरहेको हुन्छ । त्यसमाथि २१औ शताब्दीको विज्ञान र प्रविधिको विकासले एउटा देशमा क्रान्तिको सफलताकालागि अन्तर्राष्ट्रिय परिस्थितीको महत्व झन गुणात्मक रुपले बढेको छ । आजको स्थितिमा आउने उत्तरचढाव सँग निरन्तर र अभिन्नरुपले गाँसिएका हुन्छन । नेपाली क्रान्तिको विकासका ७ वर्षको अवधिले उपयुक्त वास्तविकतालाई राम्रो सँग अभिव्यक्त गर्दै आएको छ । हामी यो कुरा स्पष्टसँग र पुरै अनुभवकासाथ भन्न सक्दछौ कि विगत संकटकालमा यदि पुरानो सामन्ती सत्ता र उसको शाही सेनालाई अमेरिकी सैन्य विशेषज्ञहरुको योजना निर्माण तालिम र निर्देशनमा प्रत्यक्ष सहभागिता जस्ता सहयोग नभएको भए तथा अमेरिका लगायत वैदेशिक प्रतिक्रियावादी शक्तिहरुको आर्थिक र फौजी सहयोग प्राप्त नभएको भए नेपालमा सडेगलेको सामन्ती सत्ता जनयुद्धका अगाडि आजसम्म टिक्न सम्भव थिएन ... । अफगानिस्तान र मुख्यत इराक-युद्ध विरोधी विश्व जनमत -कम्युनिस्ट क्रान्तिकारीहरु समेत) को आँखा नेपालमा विशेषरुपले केन्द्रित भएको छ र भावी दिनमा अझ केन्द्रित हुने छ । तेस्रो विश्वका कुनै पनि धार्मिक कट्टरतावादी शासक वा गुट वा प्रतिक्रियावादी तानाशाहरुले साम्राज्यवादी सैन्य हस्तक्षेपका विरुद्ध वास्तविक प्रतिरोध गर्न नसक्ने तथ्य इराक-युद्ध सम्म आउँदा अझ स्पस्ट भइसकेको छ (विराटनगर राष्ट्रिय सम्मेलन दस्तावेज) । क्रान्ति र प्रतिक्रान्तिका प्रचुर अनुभवहरुद्वारा सम्वद्ध विश्व सर्वहारा आन्दोलनको वैज्ञानिक संश्लेषण गर्दै निरन्तर क्रान्तिको दिशामा अगाडी बढनु मार्क्सवाद-लेनिनवाद माओवादका शिक्षाको मुलभूत सारतत्व हो । ...... २१ औ शताव्दीमा प्रवेशसँगै विश्वमा विज्ञान र प्रविधिको अभूतपूर्व तीव्रताका साथ विकास भएको छ । यो अद्भुत विकासले जसरी विश्वलाई विविध रुपमा प्रभावित पारेको छ, त्यसले अनिवार्य रुपमा सर्वहारा क्रान्तिको राजनैतिक र फौजी रणनीतिमा परिमार्जन र विकासको माग गरि रहेको छ । पार्टी - राज्यसत्ता प्राप्त गरिसकेपछि पार्टीका तमाम नेता तथा कार्यकर्ताहरु राज्यसत्ता सञ्चालनमा मात्र संलग्न हुँदैन भौतिक परिवेशले नै पार्टीलाई क्रमशः नोकरशाही, पदलोलुप र सुविधा समपन्न वर्गमा परिणत गर्ने खतरा तीव्र र प्रबलबनेर जान्छ । फलत : पार्टीको जनतासँगको सम्बन्ध अलग अलग बन्दै जान्छ । यो प्रक्रिया आफ्नो विकासको एउटा निश्चित विन्दुमा पुगेपछि त्यो प्रतिक्रान्तिमा बदलिन

पुग्दछ । यस्तो खतरालाई रोक्नको लागि दुइ लाईन सङ्घर्ष र निरन्तर क्रान्तिको सिद्धान्त अनुसार पार्टीलाई सर्वहारा वर्ग र श्रमजीवी जनसमुदायको निगरानी, नियन्त्रण र सेवामा राख्ने सङ्गठनात्मक विधि र मान्यताको अझै विकास गर्न जरुरी छ ।

सेना - २१ औं शताब्दीको जनसेना भनेको राज्यसत्ता कब्जा गरिसकेपछि निश्चित व्यारेकमा वसेर विशेष तालिम र हतियारद्वारा आधुनिक बन्ने प्रक्रियामा होइन आम जनसमुदायकै सेवा गर्ने क्रान्तिकारी सेवाहरु बनिराख्ने कुरामा सुनिश्चित गर्नु पर्दछ ।

राज्यसत्ता- निरन्तर क्रान्तिको प्रवाह गर्ने संस्थाका रुपमा राज्यसत्ताको विकास गर्नु पर्दछ । राज्यसत्ताको व्यापक र सजीव जनवादीकरणको प्रक्रियामा नै वास्तविक जनवादी अधिनायकत्व वा सर्वहारा अधिनायकत्व सुदृढ हुन सक्तछ । राज्यसत्तामा विचार र नेतृत्वको केन्द्रिकरणले जनसमुदायको स्व-निर्णयको अधिकार कटौतीगर्ने स्थिति आउन दिनु हुँदैन । कसैले जनवादी राज्यसत्ताद्वारा वैधानिक रुपले निर्धारित सीमाको अतिक्रमण गरेमा उसमाथि जनवादी अधिनायकत्व लागु हुनेछ नेपाली (कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरु, ग्रन्थ-१, २०६९, : ५३०-५३१) ।

## ३.९ नेपालमा कम्युनिस्ट पार्टी स्थापना

### ३.९.१ पृष्ठभूमि

नेपाल दुई ठुला छिमेकी देश भारत र चीन बीच अवस्थित एक भूपरिवेष्ठित देश हो । पूर्व पश्चिम र दक्षिण तीनतिर छिमेकी भारतसित जोडिएको खुला सिमा छ । उत्तर को अग्लो हिमालय पहाड नेपाल र चीन बिचको विकट किल्ला बनेको छ । नेपालको आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक र सामाजिक सम्बन्ध भारतसित निकट छ । नेपालका प्रतिक्रियावादी शासकवर्गले विभिन्न कालखण्डमा गरेका सन्धि सम्झौताहरुले नेपाललाई अर्ध औपनिवेशिक अवस्थामा राखेको छ । दक्षिण छिमेकी आँगनमा हुने आर्थिक, राजनीतिक, साँस्कृतिक सामाजिक गतिविधिको हावाले नेपाललाई प्रभावित गर्नु स्वाभाविकै हो । भारतमा अंग्रेज साम्राज्यवादी उत्पीडनका विरुद्ध राष्ट्रिय मुक्ति आन्दोलन १५ अगस्ट १९४७ मा सम्पन्न भैसकेको थियो । भारतमा भएको स्वतन्त्रता संग्रामको विजयले नेपालमा राणा विरोधी आन्दोलनलाई बल मिल्यो । ब्रिटिश साम्राज्यवादको आडमा टिकेको निरंकुश राणाशाही धरमराउन थाल्यो । भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वमा मजदुर वर्गले आफूलाई

संगठित गर्दै र क्रान्तिको झण्डा उठाउदै थिए । भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वमा (सन् १९४६-५२) सम्म तेलंगाना आन्दोलन शुरु भयो । यो ठूलो छापमार युद्ध थियो, हैदरावादका निजाम विरुद्धको खुल्ला बिद्रोह । आन्ध्र प्रदेशका तीन हजार गाउँमा फैलिएको यो आन्दोलनको प्रभाव केवल भारतमा मात्र नभई नेपाल र छरछिमेकमा पनि असर पऱ्यो । भारतमा भएको तेलंगना किसान विद्रोहको प्रभाव सिंगो दक्षिण एसियामा परेको थियो । अंग्रेज उपनिवेशवाट मुक्त भएपनि भारतीय जनता सामन्ती भुस्वामित्व र प्रतिक्रियावादी उत्पीडनको जाँतोमा पिसिइरहेका थिए । सर्वहारावर्गको सचेत पहलमा क्रान्ति सम्पन्न गर्न अग्रसर थिए । त्यस सन्दर्भमा ठूलठूला बलिदानी संर्घष हुँदै आएका थिए ।

उत्तरी छिमेकी चीनमा माओत्सेतुङको नेतृत्वमा सर्वहारा वर्गको नेतृत्व र मजदुर किसान एकताको रणनीतिक योजनामा गाउँले शहर घेर्ने छापामार युद्ध रणनीति अपनाउँदै नयाँ जनवादी क्रान्ति सफल हुँदै थियो । उता रुसमा समाजवादको विकासले गुणात्मक फँड्को मार्दै अगाडि बढेको थियो । विज्ञान र प्रविधिको क्षेत्रमा सोभियत रुसले गरेको अभूतपूर्व विकासले संसारलाई चकित बनाएको थियो । पूर्वी युरोपका देशहरुमा समाजवाद स्थापनाको लहरै चलेको थियो । विश्व समाजवादी क्रान्तिको यो हलचलले उत्पीडित राष्ट्र र त्यहाँका जनताले सर्वहारावर्गको नेतृत्व र सचेत क्रान्तिको पहल गर्दै थिए । नेपालमा एकतन्त्रिय जहानिय राणा शासन विरुद्ध नेपाली जनता आन्दोलित थिए । भारतमा अंग्रेज साम्राज्यवादको पतन पछि अंग्रेज साम्राज्यवादकै आडमा नेपालमा बर्बर शासन सत्ता सञ्चालन गर्दै आएको राणाशाही कमजोर बन्दै थियो । १९९७ सालमा राणाशाही विरुद्ध संगठीत विद्रोहको तयारीमा लागेका चार जना नेताहरुलाई सार्वजनिक रुपमा हत्या गरेपछि विद्रोहको ज्वाला झन दन्किदै थियो ।

राणा विरोधी आन्दोलनका बिचवाट दुई ओटा धार देखा परे । नेपालको जनवादी आन्दोलन भित्रका दुई धारमध्ये एक राणाशाहीको हातमा रहेको असीमित अधिकार अर्थात श्री ३ को सम्पूर्ण अधिकार श्री ५मा निहित गर्ने संवैधानिक राजतन्त्र अन्तर्गतको सीमित पूँजीवादी प्रजातन्त्र सम्म सीमित रहने र अर्को जनवादी आन्दोलनको स्वरुप देशीय सामन्तवादीका विरुद्ध मात्रै लक्षित र केन्द्रित नभई अन्तर्राष्ट्रिय साम्राज्यवाद तथा भारतीय हस्तक्षेपका विरुद्ध पनि लक्षित र केन्द्रित हुनपर्छ भन्ने । नेपालमा कम्युनिस्ट क्रान्तिकारी दोस्रो विचारसित सहमत भएर नेपाल कम्युनिस्ट पार्टीको जन्म भएको थियो । १९९७ सालमा सहिद हुने मध्ये एक पुष्पलालका दाजु गंगालाल श्रेष्ठ पनि थिए । दाजुको शहादतले युवा

पुष्पलाललाई सहिदले देखाएको बाटोमा दृढतापूर्वक अगाडि बढ्न प्रेरित गऱ्यो । पुष्पलाल शुरुका दिनमा राष्ट्रिय काँग्रेसमा रही काम गरे तर त्यसको नीति र कार्यक्रमसित पूर्ण सहमत हुन सकेनन् । पछि राजीनामा दिएर मार्क्सवादको अध्ययनमा लागे मार्क्सवादी अध्ययन मण्डल गठन गर्ने र कम्युनिस्ट घोषण-पत्र नेपालीमा अनुवाद गरेर प्रकाशित गर्ने सन्दर्भमा पुष्पलाल कलकत्ता पुगे ... । अप्रिल २२, १९४७ का दिन कलकत्तामा केही क्रान्तिकारीहरुको एक युगिन र युगान्तकारी बैठक बस्यो । त्यसैले नेपाल कम्युनिस्ट पार्टीको गठन गऱ्यो ।

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा कम्युनिस्ट पार्टीको स्थापना र त्यसको कार्यदिशा किटान गर्दै तयार पारेको पहिलो अपिलमा वर्गको प्रश्नलाई गम्भीर रुपले उठाइएको छ । नेपालको कम्युनिस्ट आन्दोलनलाई विश्व कम्युनिस्ट आन्दोलनको अभिन्न कडीका रुपमा एकाकार गरेको छ । संघर्षको स्वरुप अहिंसात्मक सम्म मात्रै सीमित हुनु हुँदैन । क्रान्ति घरेलु प्रतिक्रियावाद सित मात्रै होइन अमेरिकी साम्राज्यवाद र भारतीय हस्तक्षेप विरुद्ध पनि लक्षित र केन्द्रित हुनु पर्छ । अपिलले राणाहरुसित संझौता होइन क्रान्ति ! क्रान्ति !! क्रान्ति !!! भन्ने उदघोष गरेको छ । अपिलमा क्रान्तिको अन्तिम उद्देश्यको व्याख्या गर्दै भनिएको छ । सामन्ती शासन व्यवस्थालाई चकनाचुर गर । विदेशी साम्राज्यवाद र भारतीय पूँजीवादको प्रभाव र घेरादेखि अलग होऊ । मजदुर किसानको शासन खडा गर । यस शासनमा धनी साम्राज्यवादी र प्रतिक्रियावादका दलालहरु बाहेक सवै शोषित जनतालाई हिस्सा देऊ । सोभियत रुस, दक्षिणपुर्वी एसिया, युरोपका नव प्रजातन्त्रहरु आजाद चीनसँग सम्बन्ध खडा गर । समाजवादको लक्ष्य राखी शासन चलाऊ । यसैलाई नवजनवाद (New Democracy) भन्छन । दक्षिण पूर्वी एसिया यूरोप र आजाद चीनमा यस्तै शासन छ । हामीलाई यही चाहिन्छ । अत एवः नयाँ जनवाद-जिन्दावाद (पर्चा नं. १ क २००६ वैशाख १२ गते संगठन समिति नेपाल कम्युनिस्ट पार्टी) ... । नेकपाको पहिलो पर्चा र पार्टी घोषणा-पत्रले नेपाली क्रान्तिको कार्यदिशा ठिक ढंगले किटान गर्न सफल देखिन्छ । पार्टीको घोषणपत्रले हाम्रो नेपाली समाजको आर्थिक सामाजिक र राजनीतिक विश्लेषण गर्दै हाम्रो समाजको ऐतिहासिक स्वरुप सामन्ती, अर्धसामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ भनी स्पष्ट रुपमा किटान गरेको छ । वर्गशत्रुको किटान र त्यसका विरुद्ध सम्झौताहीन संघर्षको क्रान्तिकारी कार्यदिशालाई ठीक ढंगले पक्डेको छ । नयाँ जनवादी क्रान्तिको कार्यदिशाको बिजारोपण नेपाली माटोमा ठीक ढंगले गरेको हुनाले

नै मालेमावादको रक्षा, प्रयोग र विकास गर्दै अगाडी बढ्न हामीलाई सम्भव भयो । (शर्मा र सम्पादन मण्डल, २०७२:१००-१०३ )

नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्रमा शिर्ष भागमा मुलनारा : पहाड, पर्वत, खोलानाला जग्गा जमिन सवको मालिक हामी दास बनौ किन हिस्सा सबमा सबको उल्लेख थियो । मार्क्सवादको कसीमा नेपालका राजनीतिक पार्टीका धारणाहरुको विश्लेषण

- पूर्ण नागरिक स्वतन्त्रताको लडाइ-जिन्दावाद ।

- लेख्न, बोल्न, पढ्न, सभा संगठन गर्ने अधिकार जिन्दावाद ।

- नेपाली मजदुरको तलब ज्याला बढाउने लडाइ जिन्दावाद ।

- नेपालका किसानको फसल भाउ बढाऊ, ज्याला भाउ बढाऊ ।

- उचित अधियावालीको लडाइको जिन्दाबाद ।

- अतएव हाम्रो नारा हुनुपर्छ राणा सँग संभ्फौता होइन क्रान्ति ! क्रान्ति !! क्रान्ति !!! सामन्तवादी शासन व्यवस्थालाई चकनाचुर गर ... यसैलाई नव प्रजातन्त्र (New Democracy) भन्दछन् । नव प्रजातन्त्र जिन्दावाद, नेपाल कम्युनिस्ट पार्टी जिन्दावाद" ... । पहिलो घोषणा पत्रमा जनवादी कार्यक्रमको रुपमा निम्नलिखित बाह्रवटा बुँदा सुत्रबद्ध गरिएका थिए ।

१) सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मूलन र पूर्ण तथा वास्तविक स्वाधिनता ।

(२) मजदुर, श्रमजीवी, किसान र उत्पीडित निम्न पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार, जो अंग्रेज-अमेरिकी साम्राज्यवाद र त्यसका भारतीय पिछलगुवाहरु सित सहयोगको विरोधी हुन्छ र जसले शान्ति तथा सबै जातिहरुको स्वतन्त्रता विरोधी हुन्छ र जसले शान्ति तथा सबै जातिहरुको स्वतन्त्रताको लागि क्रियाशिल जनवादी राज्यहरुसित सहयोग गर्दछ ।

(३) वालिग मताधिकारमा आधारित संविधान जसले सर्वसाधारणलाई पूर्ण स्वतन्त्रता तथा प्रजातन्त्र र आधारभुत आर्थिक अधिकारको ग्यारेन्टी गर्दछ । विशेषाधिकारीहरु र जातपात, नश्ल र जातिको आधारमा गरिने भेदभाव कानुनद्वारा खतम पारिनेछ र यसको उल्लंघनलाई कानुनद्वारा दण्डनीय पारिनेछ ।

(४) बिना मुआब्जा जमिनदारी प्रथा र सबै खालको सामन्ती शोषणको उन्मुलन र जोताहहरुलाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खतम गर्नु, कृषि मजदुरहरुलाई जीवनयोग्य ज्याला

(५) बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बगान खानी आदिमा लगाइएको विदेशी पूँजी राज्यद्वारा जफत गर्नु र ती व्यावसायहरुको राष्ट्रियकरण गर्नु ।

(६) ठुलठुला उद्योगहरु, ठूला बैंकहरु र बीमा कम्पनीहरुको राष्ट्रियकरण, मजदुर नियन्त्रणको ग्यारेन्टी, न्यूनतम जीवन-योग्य ज्याला, आठ घण्टा कामको दिन आदि ।

(७) मुलुकका साधन स्रोतहरुको विकास गर्न आर्थिक योजना र रणनैतिक आर्थिक केन्द्रहरुबाट ठूलो व्यवसायलाई हटाउन । निजी उद्योगहरुमा नाफामाथि नियन्त्रण ।

(८) सबै दमनकारी कानुनहरु खारेज गर्नु ,

(९) नोकरशाहीको उन्मूलन र निर्वाचित अधिकारीहरु सहितको र जन समितिहरुद्वारा निर्देशित प्रकाशन ।

(१०) आम जनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु ।

(११) स्वतन्त्र शिक्षा र अनिवार्य र अनिवार्य प्राथमिक प्राप्त गर्ने अधिकार ।

(१२) महिलाहरुलाई समान प्रजातान्त्रिक अधिकारहरु । तलका मागहरु उठाउनुहोस, सम्झौताहीन संघर्षद्वारा त्यसलाई टेवा दिनुहोस ।

(१) समान कामका लागि समान तलब,

(२) राष्ट्रिय जीवनका सवै क्षेत्रमा समान अधिकारहरु ।

(३) सुत्केरी सुविधा र केटाकेटीहरुका लागि सुरक्षित जीवन ।

(४) मुफ्त शिक्षा ।

(५) विदेशमा साम्राज्यवादी सेनाहरुमा रहेका हाम्रा छोरा र लोग्नेहरु फिर्ता देऊ ।

(६) स्वतन्त्र, लोक जनवादी नेपाल ।

अतः नेपाल कम्यूनिस्ट पार्टी श्रमजीवी जनताको विकासशिल संघर्षमा सहभागी बन्ने र त्यसलाई संगठीत पार्ने तथा नेतृत्व दिने र त्यसलाई बिजयसम्म अघि बढाउने काममा आफुलाई समर्पित गर्दछ । त्यसलाई सो बाटोबाट जस्तो सुकै आतंक वा झुठो प्रचारले पनि विचलित पार्न सक्नेछैन । अन्य पूँजीवादी तथा निम्न पूँजीवादी पार्टीहरुले पहिले जनताप्रति विश्वासघात गरेका छन र पछि पनि गर्दै रहनेछन् तर नेपाल कम्युनिस्ट पार्टी, मजदुर

वर्गको पार्टी, मार्क्सवाद लेनिनवादको पार्टीले आँधीवेहरीमा जनताको साथ दिनेछ र त्यसले सच्चा स्वतन्त्रता तथा लोक जनवादका लागि संघर्षको अघिल्लो पंक्तिमा उभिई लड्दैरहने प्रतिज्ञा गर्दछ । कम्यूनिस्ट पार्टी शोषकहरुलाई ठोक्ने जनताको मुड्की हो । तसर्थ, हामी मजदुरवर्ग र भूमिहीन तथा गरिब किसानहरुका सर्बोतम छोराछोरीलाई नेपाल कम्युनिस्ट पार्टीका जुझारु पंक्तीहरुमा सामेल हुन आव्हान गर्दछौ, किन भने एउटा बलियो जन कम्युनिस्ट पार्टीले मात्र जनताको जनवादी क्रान्तिलाई विजयसम्म अघि बढाउन सक्छ । ( श्रेष्ठ, २००६, ११६,११७ र १२१) नीति मार्फत जनवादबाट समाजवाद हुँदै साम्यवादमा पुग्ने रणनीतिलाई अपनाएको पाइन्छ यसबाट नेपाल कम्युनिस्ट पार्टीको स्थापनाले समाजवादको बिजारोपण भएको पाइन्छ ।

### ३.९.२ विभिन्न पार्टीहरुको समाजवादी दृष्टिकोण र व्यवहारको थालनी

### ३.९.२.१ नेकपा (एमाले) को समाजवादी दृष्टिकोण

संविधानसभालाई अधिकार प्राप्ति आन्दोलनको अन्तिम विन्दु र समाजिक-आर्थिक रुपान्तरण र समृद्धिको युगमा प्रवेश गर्ने मूलद्वारका रुपमा लिएको छ । लोकतान्त्रिक गणतन्त्रको स्थापनाले नेपालमा सामन्तवाद विरोधी राजनीतिक क्रान्तिलाई उत्कर्षमा पुऱ्याएको छ । यसलाई संस्थागत गर्दै सामान्तवादका बाँकी अवशेष समाप्त पार्नु र सामाजिक आर्थिक संरचना परिवर्तन गर्नु हाम्रो मुख्य अभिभारा हुनेछ । विश्वको शक्ति सन्तुलन एसिया तिर ढल्कदै गरेको विशेष परिस्थिती र नयाँ आर्थिक शक्तिका रुपमा उदाउदै गरेका दुई छिमेकी बीचमा अवस्थित नेपालको अस्तित्व र अग्रगति समतामूलक आर्थिक समृद्धिले मात्रै सुनिश्चित गर्न सक्छ । आजको मुख्य चुनौति हो राजतन्त्र विरोधी राजनीतिक क्रान्तिलाई सामाजकि, आर्थिक, साँस्कृतिक क्रान्तिको तहसम्म विस्तारित गर्ने र सामन्तवादको अगुवाइमा रहेको उत्पादन सम्बन्धलाई विस्थापन गरी समाजवाद उन्मुख अर्थ-राजनीतिक प्रणालीको जग बसाल्ने अर्थात सामन्ति उत्पादन सम्बन्धबाट कठ्याग्रिंएको श्रमशक्तिलाई स्वातन्त्र श्रमशक्तिको रुपमा विकसित गर्न नयाँ उत्पादन सम्बन्ध स्थापित गर्ने दायित्व हाम्रो काँधमा छ । अर्थात हाम्रो मिसन (Mission) संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने र छोटो समयमा तीब्र आर्थिक तथा सामाजिक विकास हासिल गर्ने हुनुपर्छ । नेपाली समाजको मूल अन्तर्विरोध वर्गीय हो र उत्पीडनको मुख्य स्वरुप पनि वर्गीय नै हो । यसैको जगमा लैङ्गिक, जातीय, भाषिक र साँस्कृतिक जस्ता सामाजिक उत्पीडन खडा भएका छन् । आर्थिक समृद्धिका लागि राज्यको यो विभेदकारी संरचना अन्त्य गर्ने स्पष्ट राजनीतिक

कार्यदिशा हुनुपर्छ । सही राजनीतिबाट निर्देशित नभएको विकासको प्रयास अर्थहीन हुन जान्छ । विकासका लागि तीब्र आर्थिक बृद्धिदर आवाश्यक पर्छ । तर मुट्ठीभर धनीहरु झन धनी हुदै जाने र बहुसंख्यक जनता गरिबीको दुस्चक्रमा फस्दै जाने विधिले समग्र समाजलाई समृद्ध बनाउन सक्दैन । नेकपा (एमाले) ले तीब्र आर्थिक बृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचालाई अगाडी बढाउनेछ (ने.क.पा. (एमाले) केन्द्रीय कमिटी, २०७०:१५) ।

कम्युनिस्ट पार्टीहरुको स्थापना समाजमा सबै खालका विभेदको अन्त गरि न्याय मुलक समाजको निर्माण गर्न गरिन्छ । मार्क्सवाद एउटै वैज्ञानिक दर्शन भएर पनि यसलाई व्याख्या विश्लेषण फरक फरक ढंगबाट गरेको पाइन्छ । सबै कम्युनिस्ट पार्टीहरुको लक्ष्य भनेको जनवाद समाजवाद र साम्यवादमा पुग्ने हुन्छ । त्यहाँ पुग्नको लागि कार्यनीति फरक हुन्छ । कुनै पार्टीले सशस्त्र युद्धबाट केन्द्रिय सत्ता कब्जा गरेर पुरानो राज्य सत्ता ध्वशं गरेर मात्र प्राप्त गर्न सकिन्छ । भन्ने मान्यता राख्छन । भने कुनै पार्टीले प्रजातान्त्रिक संघर्षमा श्रेष्ठता हासिल गर्दै प्रतिस्पर्धामा प्राप्त गरिने श्रेष्ठताको आधारमा क्रान्ति पूर्व पनि सरकार गठन गर्नुपर्छ । यसले विद्यमान सत्ताले गरेका विकृत तथा अभाव  अन्यायका अत्याचारको विरुद्ध क्रान्तिकारी पार्टीको हैसियतले सरकार मार्फत प्रगतिशिल  ढंगले अधिकतम  सुधारलाई अगाडि वढाउनु पर्छ । प्रजातान्त्रिक शान्तिपूर्ण संघर्षमा हासिल हुने उपलब्धी र  पार्टीद्धारा सरकार मार्फत लागु गरिने प्रगतिशिल सुधारहरुबाट निर्माण हुने क्रान्तिकारी शक्ति र परिस्थितिमा बल प्रयोगद्धारा सत्ताँ कब्जा गर्ने । यसरी  जनताको बहुदलिय जनवाद मार्फत अगाडि बढेर समाजबाट जुन सकिन्छ । भन्ने धारणा नेकपा (एमाले) पार्टीको रहेको हो । यसै अन्तर्गत नेकपा (एमाले) २०५१  सालको अल्पमतका मनमोहन अधिकारी नेतृत्वका सरकार गठनदेखि विभिन्न समयमा  अरु फरक पार्टीको संयुक्त सरकारमा रहेको अवस्थामा समाजबादी कार्य दिशाका लागि निम्म कुराहरु कार्यान्वयनमा अग्रसरता देखिएको छ । ती निम्न कुराहरु रहेका छन ।

१) आफ्नो गाउँ आफै बनाऔं ।

२) उच्च स्तरीय भूमिसुधार र भूमि व्यवस्थापन नीति ।

३) नौ स को अभियान गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी कार्यक्रम ।

४) १० कक्षा सम्म सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था ।

५) महिलाको सम्पत्तिमा अधिकार वढाउन महिलाको नाममा पास हुने घरजग्गाको रजिष्ट्रेशन शुल्कमा छुटको शुरुवात ।

६) जेष्ठ र असहाय नागरिकलाई भत्ता उपलब्ध गराउने व्यवस्था आदि समाजबाद उन्मुख सुधारात्मक काम गरेको पाइन्छ ।

**३.९.२.२ नेकपा (माओवादी केन्द्र)को समाजबादी दृष्टिकोण**

एकीकृत ने.क.पा (माओवादी) हाल ने.क.पा (क्रान्तिकारी माओवादी एकता पश्चात ने.क.पा (माओवादी केन्द्र) को न्युनतम कार्यक्रम नौलोजनवादको स्थापना गरि सर्वहारा वर्ग एवम् श्रमजीवी जनसमुदायको पथ प्रदर्शक बन्ने सिद्धान्त हो । यसको अधिकतम लक्ष्य र कार्यक्रम वर्ग विहीन, राज्य विहिन र शोषण विहिन साम्यवादको स्थापना गर्नु हो । भने यसको न्यूनतम कार्यक्रम सामन्तवाद र सामाज्यवादका विरुद्ध पुजीवादी जनवादी क्रान्तिलाई पूर्णता दिनु र समाजवादी क्रान्तिको तयारी गर्नु हो । जनवादी गर्ने यो ऐतिहासिक रणनीति मा.ल.मा.का सार्वभौम सिद्धान्तहरुको आजको ठोस राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थिति अनुसार सिर्जनात्मक प्रयोगबाट मात्र हासिल गर्न सम्भव छ भन्ने कुरामा पार्टी दह्रो विश्वास व्यक्त गर्दछ । यसका लागि पार्टी भित्र र बाहिर दक्षिण बाम र मध्यपन्थी प्रकृतिका विरुद्ध समुचित वैचारिक संर्घष चलाउदै मा.ले.माको रक्षा, प्रयोग र विकास गर्न अनिवार्य हुने कुरामा पार्टी सचेत रहेको छ । जसको लागि निम्न नीति लिन आवश्यक छ । विशेषाधिकार सम्बन्धि मूल नीति संविधानको मौलिक हक मै लिपिवद्ध गरी अन्य विषयलाई कानुन र नियमहरुमा व्यवस्थित गरिने छ । प्रस्तावनाले नै संविधानको आधारभूत संरचना र लक्ष्य किटान गर्ने हुनाले संविधानको प्रस्तावनामा नै महिलाको समस्यालाई मान्यता दिने र अधिकारलाई सुनिश्चित गर्ने प्रावधानको व्यवस्था गरिने छ । साथ साथै प्रस्तावनामा नै अविभेदको सिद्धान्तमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिकका साथै महिलाविरुद्ध विद्यमान कानुनी सामाजिक आर्थिक राज्य नीतिक एवम् सांस्कृतिक विभेदहरुको अन्त्य गर्ने संकल्प गर्ने भन्ने व्यवस्था उल्लेख गरिने छ ।

हालसम्म समानताको व्यवस्थामा अवसरको समानतालाई मात्र ओगटेको र यसले परिणाममा समानता नआउने हुँदा समानताको परिभाषाले अवसरमात्र होइन स्रोत, साधन पहुँच र परिणामको समानताको व्यवस्था अनिवार्य गरिने छ ।

आर्थिक, राजनीतिक र सामाजिक सवै क्षेत्रमा महिलाहरु पुरुषसरह समान हक र हैसियत भएका नागरिक हुन । साथै सम्पत्ति, शिक्षा, सत्ता, विकास, हरेक तहमा चुनाव वा नियुक्तिको स्थापना समान, प्रतिनिधित्व साथै राज्य संरचनाको हरेक अंगमा जनसंख्याको आधारमा समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिने छ ।

वृद्ध असहाय, आय विहिन, एकल महिला, बाल्यवस्थामा राज्यको तर्फबाट भरणपोषण पाउने नीति लिइने छ ।

विवाहभन्दा बाहिरबाट जन्मेकाले पनि पहिचान र पैतृक सम्पत्ति अन्य नागरिकसरह पाउने हक र अन्य सुविधा प्राप्त गर्ने अधिकार दिईने छ ।

राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रको नीतिनिर्माण हुने हरेक ठाउँमा समानुपातिक सिद्धान्तको आधारमा समान सहभागिताको व्यवस्था गरिने छ ।

प्रजनन, सम्वन्धि हक, मातृत्व संरक्षण, सर्म्वद्धन र सूरक्षाको हक व्यवस्था गर्ने साथै अन्य महिला हुने सवै विभेद अन्त्य र अधिकारको प्रत्याभूति गराइने छ । बालवालिका तथा जेष्ठ नागरिक सुरक्षा सम्बन्धी विशेष कार्यक्रम बालबालिकाहरुलाई भोलिका कर्णधारका रुपमा र जेष्ठ नागरिकलाई उनीहरुले समाजमा गरेका योगदानको कदर स्वरुप विशेष सम्मान गरिने छ ।

बालश्रमबाट मुक्त गर्ने, शिक्षा प्राप्त गर्ने अधिकार मनोरञ्जन व्यवस्था, निःशुल्क स्वास्थ्य उपचार, विशेष सुविधात्म जेष्ठ नागरिकलाई भरणपोषण व्यवस्था राज्यले गर्ने छ । अल्पसंख्यक, लोपोन्मुख, सुकुम्बासी, हलिया, बधुवा मजदुर तथा सीमान्तकृत जनजाति विकास विशेष कार्यक्रम :

यस समूहका नागरिकहरुका लागि बासको ग्यारेन्टी गरिने छ ।

यस समूहको नागरिकहरुको प्रकृति हेरी सामूहिक जीवन प्रणालीको विकास गरिने छ । यसका लागि राज्यले सहकारी स्थापना गरी यस अर्न्तगत खेतीवाल जग्गा वा उद्योग वा कलकारखाना वा श्रम लगानी गर्ने कुनै परियोजनाहरुको स्थापना गर्नेछ र यस अभियानमा आफ्नो क्षमता अनुसारको काम गर्नुपर्नेछ । काम अनुसारको प्रतिफलबाट प्राप्त उत्पादनमा उनीहरुको स्वाभित्व हुनेछ ।

यस समुदायका बालबालिकालाई विद्यायलमा भर्ना गराए वापत परिवारलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

शैक्षिक सामग्री खरिदका लाग विशेष छात्रवृत्ति उपलब्ध गराईने छ ।

बालवालिकाहरुलाई विशेष कक्षाको व्यवस्था गरेर प्रतिस्पर्धी बनाईने छ । दलित सम्बन्धी कार्यक्रम ऐतिहासिक रुपमा आर्थिक राजनैतिक र सांस्कृतिक रुपमा उत्पीडित गरी पछाडि पारिएको हुनाले दलित समुदायलाई अन्य समुदायसरहको स्थितिमा ल्याई पुऱ्याउन विशेषाधिकारको नीति लिन जरुरी छ । विशेषाधिकारको अर्थ हो । क्षतिपूर्तिको सिद्धान्तलाई स्वीकार गर्नु र अरु समुदायले राज्य वा पाउने भन्दा आन्तरिक थप अधिकार उपलब्ध गराउनु । अतिरिक्त थप अधिकार उपलब्ध गराउँदा मात्र दलित र गैरदलित वीचको ऐतिहासिक रुपमा खडा हुन पुगेको खाडल पुरिने क्रम तीव्र हुनेछ । तसर्थ दलित समुदायका निम्नि यस प्रकार विशेषाधिकारको नीति लिइनेछ ।

क) आर्थिक क्षेत्रमा भूमिहिन दलितलाई जीविकोपार्जन गर्न पुग्ने जमिन उपलब्ध गराईने छ । आवास विहिन दलितलाई आवासको व्यवस्था गरिने छ । बालिघरे प्रथालाई पूर्ण रुपमा उन्मूलन गरी दलित श्रमलाई नगद प्रणालिमा लगिने छ । हलिया प्रथा अन्तर्गतका हलीलाई मोहीका रुपमा दर्ता गरी मोहियानी हक व्यवस्था गरिने छ ।

दलित समुदायका परम्परागत पेशाजन्य आधुनिक व्यवसायमा दलितको अग्राधिकारको व्यवस्था गरिने छ । सामाजिक सांस्कृतिक क्षेत्रमा छुवाछुत, भेदभाव अन्त्य गरी पेशागत हासिल ज्ञानलाई प्रयोगात्मक परीक्षा लिएर विश्वविद्यालयबाट प्रमाणपत्र उपलब्ध गराईने छ साथै पेशालाई आधुनिक वैज्ञानिक, र व्यवसायिक वनाउने , उच्च शिक्षामा निःशुल्क छात्रवृतिको व्यवस्था गरिनेछ । आयोजक समिति २०६९ :८०९३) गणतान्त्रिक सरकारले गरेर समाजवादी कार्यहरुः सशस्त्र जनयुद्ध जनआन्दोलन हुदै मधेश आन्दोलन, जनजाति आन्दोलन भयो । नेपालमा समाजवादको नयाँ बाटोमा १२ बुँदे संझौता, शान्ति वार्ता हुँदै अन्तरिम संविधान र संविधान सभाको निर्वाचन पश्चात वनेको गणतान्त्रिक सरकार निम्न समाजबादी कार्यको थालनी गरेका छन् ।

१) लाखौ बेरोजगार युवाहरुलाई स्वरोजगार वनाउन स्वरोजगार कार्यक्रम संचालन गरि बिना धितो न्यून व्याजदरमा रु २ लाख सम्मको ऋण र निः शुल्क व्यवसायिक तालिमको व्यवस्था ।

२) देशमा विकराल बन्दै गइरहेको बेरोजगारी समस्या समाधान गर्न राज्यले सबै वेरोजगारहरुलाई वर्षमा न्यूनतम एक सय दिनको रोजगारी ग्यारेन्टी गर्ने र नसके बेरोजगार भत्ता दिने विधेयक मन्त्रिपरिषद्बाट पारित गरी सदनमा प्रस्तुत ।

३) गरीबीको रेखामुनी रहेका घरपरिवारको पहिचान गरी उनीहरुलाई परिचय पत्र वितरण गर्ने र राज्यको तर्फबाट अत्यावश्यक सेवा सुविधा उपलब्ध गराउँदै जाने अभियान ।

४) द्वन्द्वपीडित साना किसान तथा घरेलु उद्यमीहरुले सरकारी वैकंहरुबाट लिएको रु ३० हजार सम्मको ऋणको साँवा र व्याज दुबै मिनाहा, रु १ लाख सम्मको ऋणको व्याज मिनाहा र शहीद तथा वेपत्ता परिवारको रु ४ लाख सम्मको साँवा र व्याज दुवै मिनाहा गरिएको यसबाट देशभरका ३ लाख किसान र उद्यमीहरुले प्राप्त गरे ।

५) लोपोन्मुख जाति अन्तर्गत रहेका सबैलाई मासिक भत्ता रु १००० हजार दलित, एकल महिला तथा कर्णाली अञ्चलका ६० वर्ष माथिका र अन्य क्षेत्रका ७० वर्ष भन्दा माथिका सवै नागरिक लाई मासिक रु ५०० भक्ता प्रदान गर्ने कामका शुरुवात आंशिक अपांगहरुलाई मासिक रु ३०० र पूर्ण अपांगहरुलाई मासिक १०००।- दिने व्यवस्था ।

६) दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन तथा गठन आदेश स्वीकृत भई प्रतिष्ठानको स्थापना

७) सुकुम्बासी समस्या समाधान आयोग गठन गरी २५ जिल्लाका करिब ४ लाख ३४ हजार निवेदन संकलन गरी सुकुम्बासी परिचय पत्र प्रदान

८) मुस्लिम समुदायको हक अधिकार संरक्षण र आर्थिक सामाजिक विकासकालागि पहिलो पटक राष्ट्रिय मुस्लिम आयोगको गठन ।

९) उपस्वास्थ्य चौकीदेखि जिल्ला अस्पतालसम्म पूर्ण निःशुल्क र त्यो भन्दामाथि रिफर भएका विरामीको निःशुल्क उपचार साथै सरकारी अस्पतालमा वेड निःशुल्क, मुटु, क्यान्सर, मृगौलाका विरामीलाई एक लाख सम्म उपलब्ध गराउने व्यवस्था ।

१०) समावेशी ऐन मार्फत महिला, दलित, जनजाती, मधेशी मुस्लिम लगायत पिछडिएको क्षेत्रका जनतालाई राज्यका विभिन्न क्षेत्रमा प्रतिनिधित्व र समावेश गराउने कार्य गरेको ।

११) परम्परागत कृषिको आधुनिकीकरण गर्न र व्यवसायिक कृषिको प्रवर्द्धन बैंकहरुले ऋण प्रवाह गर्दा कम्तिमा १० प्रतिशत कृषि र उर्जा क्षेत्रमा लगाउनु पर्ने र कृषि क्षेत्रमा लगानी भएको ऋणमा उद्यमी । लगानीकर्ताले ९ प्रतिशत मात्र व्याज तिरे पुग्ने र बाँकी सरकारले अनुदान दिने व्यवस्था ।

१२) गाउँ गाउँमा सहकारी घर घरमा भकारी कार्यक्रम अन्तर्गत सस्तो उपभोक्ता सहकारी पसल खोल्ने कार्य आदि समाजबाद उन्मुख कार्य पहिलो गणतान्त्रिक सरकार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड हुदै माधव नेपाल, झलनाथ खनाल, बावुराम भट्टराई, शुशिल कोईराला, खड्ग प्रसाद ओली र दोश्रो पटक पुष्पकमल दाहाल प्रचण्ड, नेतृत्व भए त्यस्तै कर्णालीमा सुत्केरी हुने महिलालाई २० के.जी चामल, भुकम्प पिडीत र वादी पिडीत थप राहत दिने सरकारको निर्णयले समाजबादको ढोका क्रमश खुल्दै गएको पाईन्छ।

**३.९.२.३ नेपाली काँग्रेसको समाजवादी दृष्टिकोण**

लोकतन्त्र र समाजवाद एक अर्कोमा अन्योन्याश्रित छन् । नेपाली काँग्रेस २०१२ सालमा नै लोकतान्त्रिक समाजवादी नीति अंगिकार गरी सोही माध्यमबाट समाजमा परिवर्तन ल्याउन क्रियाशिल पार्टी हो । यही बाटोबाट स्वतन्त्रता, समता र समृद्धि सम्भव छ (पौडेल, २०६२ : ३९४) । भन्ने काँग्रेसको ढृढ विश्वास हो । जुन समाजमा नागरिकको स्वतन्त्रता अपहरण हुन्छ वा उनीहरुको संगठनको स्वतन्त्रता पाउदैन वा शासकवर्गले बीचबीचमा आफ्नो कार्यको लेखाजोखा गरेर अन्तिम निर्णयका लागि जनता सामुन्ने जानु पर्दैन वा जहाँ न्यायालय स्वतन्त्र छैन वा जहाँको नागरिकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा स्वतन्त्रतापूर्वक बहस गर्न पाउदैनन् भने त्यहाँ समाजवाद पनि रहदैन । त्यसकारण लोकतन्त्र समाजवादको अभिन्न अंग हो । स्वतन्त्रताविना न्याय सम्भव छैन र समानता पनि हुन सक्दैन भन्ने नेपाली काँग्रेसको स्थापनाकालदेखि कै विश्वास हो । बी.पी. कोइरालाले भने झै नेपाली काँग्रेसले परिकल्पना गरेको लोकतान्त्रिक समाजवादी व्यवस्था राजनीतिक स्वतन्त्रता आर्थिक समानता र सामाजिक न्याय सहितको व्यवस्था हो । राजनीतिक स्वतन्त्रता मात्र होइन सामाजिक न्यायसहितको आर्थिक स्वतन्त्रता पनि आवाश्यक छ भन्ने नेपाली काँग्रेस ठान्दछ । वी.पी. कोइरालाले भनेका छन् समाजवादको अर्थ दरिद्रताको वितरण होइन आय र उत्पादनको वृद्धि नगरी समाजवादको लक्ष्य प्राप्त गर्न सकिदैन । उत्पादन, उत्पादकत्व र लगानी अभिवृद्धि गर्न जरुरी हुन्छ। यसरी मात्र उच्च दरको आर्थिक

बृद्धि हासिल हुन सक्छ । यसबाट प्राप्त हुने लाभांशले मात्र समाज कल्याण गरीबी निवारण र आर्थिक विपन्नताको अन्त्य गर्न सरकारलाई आवश्यक राजस्व प्राप्त हुन सक्छ । नेपाली काँग्रेस लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट स्थापना गर्न चाहन्छ । नागरिक चेतना जगाएर आवश्यक कानुन र संरचना निर्माण र कार्यान्वयन गर्दै सामाजिक सुधार, सामाजिक न्याय र सामाजिक सुरक्षाको सुनिश्चित गर्दै न्याय सहितको सम्पन्नता र समानताको पक्षमा काँग्रेस उभिएको छ । नेपाली काँग्रेसले परिकल्पना गरेको समाजवादी व्यवस्थामा वर्ग, जाति, लिंग, आय , सम्पत्ति र शक्तिका आधारमा समाजमा रहेको गहिरो असमानता र सबैप्रकारको शोषणको अन्त्य, सबैलाई समान अधिकार र अवसरको प्रत्याभूति, वैचारिक बहुलता, व्यक्तिको स्वतन्त्रता र निजी सम्पत्तिको सुरक्षको प्रत्याभूति, स्रोतमाथि हरेक नागरिकको न्यायोचित स्वामित्व, प्रगतिशील करको व्यवस्था, राज्यशक्तिको विकेन्द्रीकरण एवम् समुदायको स्वशासन तथा सबै नागरिकले आफ्नो क्ष्मताको उच्चतम प्रयोग गर्न सक्ने अवसरको न्यूनतम प्रत्याभूति रहेको हुन्छ । समाजवाद केवल आर्थिक पक्षमात्र नभएर मानव सभ्यता र संस्कृति पनि हो । यो एउटा जीवन पद्धति हो, जहाँ जनता सुखी रहन्छन, जहाँ जनताले समान अवसर पाउँछन, जहाँ राजनीतिक, सामाजिक र आर्थिक अवसरबाट कसैलाई बन्चित गरिदैन । उपलब्ध अवसरबाट लाभ लिन सबैलाई सक्षम तुल्याइन्छ । शारीरिक वा बौद्धिक क्षमता वा उमेरको कारणले अरुमाथि आश्रित हुनुपर्ने  वर्गका लागि राज्यले विशेष व्यवस्था गर्छ । यो त्यस्तो पद्दति हो जहाँ कुनै किसिमको भेदभाव हुदैन । नेपाली काँग्रेस कृषि, पर्यटन, जलश्रोत र उद्योगको विकासलाई आर्थिक क्रान्तिको आधार बनाउन चाहन्छ । (केन्द्रीय प्रचार प्रसार समिति, २०७० : २५-२६)

नेपाली काँग्रेसको प्रजातान्त्रिक समाजवादले गरेका समाजवादी कार्यहरु अन्तरगत गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन भएको छ । त्यस गरिबसँग विश्वेश्वर कार्यक्रमको निर्देशिका अनुसार हाम्रो देशमा विकराल समस्याको रुपमा रहेको विद्यमान गरिबि लाई निवारण गरि विपन्न जनताको आर्थिक सामाजिक स्तरलाई माथि उठाउनु नै राष्ट्रका सामु सबैभन्दा ठुलो चुनौति रहको छ । आठौं योजनाकाल देखि नै गरिबी निवारणलाई प्रमुख उद्देश्य राखी विविध क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएको छन् । अति विपन्न परिवारहरुलाई लक्षित गरी गरिबसँग विश्वेश्वर नामक एउटा राष्ट्रव्यापी गरिबी निवारण कार्यक्रम २०५६ साल देखि प्रजातान्त्रिक सरकारले मुलुकका सबै निर्वाचन क्षेत्रमा सञ्चालन गर्ने गरिएको थियो । गरिबी निवारणका लागि कार्यक्रमका माध्यमबाट

गरिबहरुलाई आर्थिक, सामाजिक साधन एंव स्रोत र सुविधाहरुमा पहुँच बढाउनु आवश्यक रहेको छ । जसले गरीबहरुको आत्मविश्वास बढनुका साथै विकास प्रक्रियाको तर्जुमा कार्यान्वयन र सञ्चालन सक्रिया सहभागिता हुन गई तिनीहरुलाई मूलप्रवाहमा संलग्न हुन सक्ने अवसर प्रदान गर्दछ । उक्त कुरालाई आत्मसात गर्दै गरिबसँग विश्वेश्वर कार्यक्रमले आर्थिक रुपले अति विपन्न परिवारहरुलाई विकास प्रक्रियामा संलग्न हुने अवसर श्रृजना गर्न खोजेको छ । यसरी नेपाली काँग्रेसको प्रजातान्त्रिक सरकारले समाजवाद उन्मुख कार्यक्रम बढाएको देखिन्छ । ... (नेपाल सरकार निर्देशिका, २०६६ (दोश्रो संशोधन) :१) दोस्रो विश्व युद्ध पछि संसार धेरै भागमा समाजवादको लहर फैलिदै जाने क्रममा चीन, भारत हुँदै त्यसको प्रभाव नेपालमा पनि पर्‍यो । बि. पी. कोईरालाले २०१२ सालमा भनेका थिए नेपाली काङ्ग्रेस लोकतान्त्रिक समाजवाद वाट नेपाललाई स्वतन्त्रता समता र समृद्धि गरि सामाजिक सुधार, सामाजिक न्याय र सामाजिक सुरक्षाको सुनिश्चित गर्ने सिद्धान्त रहेका आफ्ना रचना पाइन्छ तर २०४६ को जनआन्दोलन पश्चात २०४८ मा निर्वाचित नेपाली काङ्ग्रेसको सरकारले त्यसको विपरित एकाधिकार पूँजीवादको प्रोत्साहन , उद्योगलाई व्यक्तिमा हस्तान्तरण, बजारमा उदारीकरण र विश्वब्यापीकरणलाई समर्थन गर्‍यो । जसको कारण राष्ट्रियउद्योग धराशायी भए भने बेरोजगारले सिमा नाघ्यो, राष्ट्रिय अर्थतन्त्र कमजोर बन्यो, धनी र गरिब बीचको खाडल फराकिलो हुँदै गयो । यसबाट यो प्रष्ट हुन्छ कि नेपाली काङ्ग्रेसले वि. पी. को समाजवादी नीति छोडेको देखिन्छ ।

नेपालका कम्युनिष्ट पार्टीमा मुख्य गरी ने.क.पा. (एमाले) र ने.क.पा.(माओवादी केन्द्र) हुन् । यी दुवै पार्टीको रणनीति समाजवाद रहेको छ । ने.क.पा. (एमाले) जबजको हुदै समाजवादमा जाने दस्तावेजमा र घोषणा पत्रहरुमा गरेको छ भने समाजवादमा पुग्नका लागि शान्तिपूर्ण संघर्ष र सामाजिक सुधारबाट समाजवादमा पुग्ने लक्ष्य लिएको छ । ने.क.पा. (माओवादी केन्द्र)ले २१ औ शताब्दीको जनवाद हुदै मार्क्सवादको पतनको शिक्षा सहित समाजवाद हुदै साम्यवादमा पुग्ने रणनीति त्यसै अनुसार सशस्त्र युद्धलाई पनि स्वीकार गरेको छ । ने.क.पा. (माओवादी केन्द्र) सर्वहारा वर्गको नेतृत्व र वर्ग संघर्ष स्वीकार गर्दछ तर ने.क.पा. (एमाले) त्यसलाई स्वीकार गर्दैन । बहुदलिय प्रतिस्पर्धालाई भने दुवै पार्टी स्वीकार गर्दछन् । नेपाली काग्रेस लोकतान्त्रिक समाजवाद दस्तावेजमा र आफ्नो चुनाबी घोषणा पत्रमा स्वीकार गर्दछ । तर कार्यनीतिमा भने खुल्ला पूँजीवादी तथा एकाधिकार पूँजीवादको पक्षपोषण गर्दछ भने अर्को तिर उदारीकरण विश्वव्यापीकरणलाई

समर्थन गर्दछ । दस्तावेज र घोषणा पत्र अनुसार व्यवहार फरक देखिन्छ । फेरी यी तिनै पार्टीहरु समाजवाद शब्द नेपालको संविधान २०७२ मा राख्न सहमति देखिन्छन् । तर कम्युनिष्ट पार्टीहरु सिद्धान्तको coverमा व्यक्तिगत स्वार्थ, प्रतिष्ठा, पुरानो वर्ग संस्कार छोड्न नसक्नु, नातावाद, कृपावाद तिर लाग्नु यसले विभाजित भएका कम्युनिष्ट पार्टीहरु एक हुन नसक्नु साथै निर्वाचनमा एक बाम एक ठाम गर्न नखोज्नु एकले अर्काको अस्तित्व समाप्त पार्न खोज्नु, सिद्धान्त र व्यवहारमा तालमेल नमिल्नु जस्ता विरोधाभासका कारण समाजवाद लागु गर्न कठिन देखिन्छ ।

# परिच्छेद - चार

## समाजवादको प्रयोगमा चुनौतीरसम्भावना

तत्कालिन सोभियत संघमा समाजवादको प्रयोग भए पछि यो व्यवहारमा प्रयोग विषय भयो । समाजवाद विश्व साम्राज्यवादले समाजवादको प्रारुप तयार गर्दछ । समाजवादको प्रारुप तयार गर्दछ । समाजवादको आत्मगत स्थिति कमजोर भएको छ । मार्क्स र एंगेल्सले जुन भौतिक स्थिती दिए आज पनि समाजवादको स्थिति राम्रो देखिन्छ । भौतिक पक्षले समाजवाद आधार तयार पार्दछ । नेपालको परिस्थिती अनुसार दीर्घकालिन उद्देश्य तत्कालिन कार्यनीति, रणनीति, समाजवाद लगायत आ-आफ्नो देशको विशेषताहरु हुन्छन् । सोभियत संघ र चीनमा फरक ढंगले समाजवादको विकास वा आन्दोलन तयार भयो । तत्काल नेपालमा समाजवाद ल्याउन सक्दैनौ, विश्व समाजवादको भौतिकस्थिती तयार हुदै गएको छ । हाम्रो देशमा सर्वहारा वर्ग शसक्त भएको स्थिति छैन । एकै पटक समाजवाद ल्याउन सक्दैनौ हामी त्यसको लागि आधार तयार गर्नु पर्दछ । समाजवाद विश्वव्यापी समस्या हो विश्वमा नै शोषणमूलक व्यवस्था प्रधान रुपमा समस्या भएर गयो, वर्ग संघर्षका मार्क्सवादले वैज्ञानिक रुप दियो । शोभियत संघ, चीन, क्युवा, उत्तर कोरिया लगायत देशमा समाजवाद आयो । समाजवादको लागि समाजमा साम्राज्यवादको वीचमा अर्न्तविरोध पैदा भएको छ । सैद्धान्तिक रुप, वैचारिक आधार तयारपारी अहिले तीब्र रुपमा अगाडी बढेको छ । समाजवादको आधार भौतिक रुपले तयार देखिन्छ । पूँजीवादले समाजवादको आधार तयार गर्दछ । समाजवाद विश्वस्तरमा मजवुत भइसकेको छ ।

समाजवादमा दुईप्रकारका समस्या छ  जनताको वास्तविक समस्या समाधान हुदै निषेध गर्नु पर्दछ । सुधार गणतन्त्रबाट सुधार गरेर जाने बहुदलिय छ यसबाट अगाडी अगाडि बढनु पर्दछ भन्ने  रणनीति र कार्यनीति दीर्घकालिन संघर्ष र तत्कालिन कार्यनीति संविधान कार्यन्वय गर्दै अगाडि बढनु पर्दछ । वैद्यले सबै उपलब्धि विरोध गरेका छन् । समान्तवादी अधिनायककत्व अन्त्य भयो भन्ने होइन, अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलन थुप्रै समस्या छन् माओवादी जो सशस्त्र संघर्ष गर्ने या त्यो हामीले गलत भनेका थियौं तर १० बर्ष पछि आएर छोड्यो

कम्यूनिस्ट आन्दोलनमा मार्क्सवादी, एंगेल्सका पुस्तक अध्ययन गर्न छोडेका छन् पुस्तकहरु पनि अध्ययन नगर्ने यो कारण दक्षिणपन्थी दिशा गएको देखिन्छ । झापालीले जुन विद्रोह गरे

त्यसै गरी माओवादी सशस्त्र संघर्ष गरे हामीले विरोध गऱ्यौ, पुँजीवादी विश्वका देश भए पनि गरिब, उत्पीडितहरुको समस्या हल भनेको गर्दैन । त्यसलाई समाजवादले मात्र हल गर्दछ, आमुल परिर्वतन नगरी हल गर्न सकिदैन । नेपालको जनताको चेतना स्तर वृद्धि भएको छ, महिला, दलित, मजदुर किसान सात दशकका धेरै माग पुरा हुँदै गएका छन् । सामाजीकरण, संस्कृति धेरै परिवर्तन भएका छन्, सैद्धान्तिक अध्ययन गरेर जड सूत्रवादी चिन्तनको विरोध गर्नु पर्दछ । दक्षिण पन्थी चिन्तनको विरोध गर्नु पर्दछ । सही किसिमले पक्रनु पर्दछ । समाजवादको लागि धेरै कठिन छ । वैचारिक संघर्ष गर्नु पर्दछ कम्युनिस्टहरुले दक्षिणपन्थी दिशा लिएका छन् । हामीलाई त्यो समस्या भएको छ । मार्क्स, एंगेल्सका दर्शनको कारण भौतिक पक्ष समाप्त नहुने भएकोले नयाँ तरीकाबाट अगाडी बढनुपर्छ । मात्रात्मक परिवर्तन हुदै गुणात्मक परिर्वतन राजतन्त्रबाट गणतन्त्र, धर्मनिरपेक्षता, महिला, मजदुर समस्या संविधानबाट हल गर्दै जानु पर्दछ ।

उत्पादन शक्तिको समाजीकरण गर्न गर्न साम्राज्यवादले रोक्न सक्दैन पूँजीवादी विकास भएको छ तर संकट पैदा भएको छ जसरी जर्मनी, जापान, कोरिया, खाडी देश, दक्षिण अफ्रिकामा जसरी आफ्नो सामान बेचेर नाफा गरेका थिए त्यो आज कमी भएको छ जो उदार अर्थनीतिले नाफा कमाउने गरेको थियो । त्यो समस्यातिर गएको छ, बेलायत, जर्मनी, खाडी, जापान लगायत आफ्नो आत्मरक्षाको लागि लाग्नु परेको छ उनीहरुले कम्युनिस्ट समाजवाद, अन्त्य भयो भने पनि भएको छैन् । नेपालको अर्थनीति, समाज परिवर्तन अध्ययनको कमी देखिन्छ तर यो विस्तार सूधार हुदै आउछ ।

पार्टी बीचमा फूट छ कम्युनिस्टहरु जनताको दृष्टि एकता गर्न पर्दछ भन्ने छ । तर मूल सिद्धान्तको आधारमा सैद्धान्तिक वैचारिक आधारलाई जोड दिनु पर्दछ । नेपालका बढी फुट मधेशवादी पार्टीहरुमा छ त्यसपछि नेपालका कम्युनिस्ट पार्टीहरुमा देखिन्छ । कम्युनिस्ट पनि कहिले राजावादी, व्यक्तिगत स्वार्थका लागि लागेको देखिन्छ । क्रान्तिकारी कम्युनिस्टको बीचमा एकता आवश्यकता छ तर वैचारिक पक्ष राम्रो ध्यान दिनु पर्दछ । जनताको चेत सबै कम्युनिस्ट एक हुनुपर्दछ भन्ने छ ।

कम्युनिस्टहरुको निश्चित उद्देश्य भनेको जनताको सर्वहारा वर्गको हितमा अगाडि वढनु पर्दछ वुर्जवाहरुको उद्देश्य भनेको व्यक्तिले कमाउनु हुन्छ कम्युनिस्ट पार्टीको सदस्य त्यता लाग्यो भने मैले जे गर्छु सर्वहारा वर्गको लागि गर्छु मेरा लागि गर्छु भन्छ । जुन कम्युनिस्ट व्यक्तिवादमा लाग्छ त्यो सिद्धिन्छ । पञ्चायतमा केशरजंगहरु पसे ।

संविधानसभा व्यर्थ भन्थे तर त्यो आज संविधान सभाको निर्वाचनवाट अगाडि बढेर उपलब्धी लिन सफल भएका छौ ।

मालेहरुले पार्टी विरोध गरे, जनवर्गीय संगठनको विरोध गरे वैद्यले जनवादी संविधान ल्याउनु पर्दछ सूधारवादी चिजले केही गर्दैन भन्ने छ त्यो गलत हो ।

सैद्धान्तिक दृष्टिकोणले राजनैतिक दृष्टिकोणले, अर्थतन्त्रको दृष्टिकोणले समाजवाद नजिक अगाडि बढेको छ । (**मोहन विक्रम सिंह**) ।

नेपालको अर्थतन्त्र पूँजीवादीले लिएको छ । राजनैतिक व्यवस्था पूँजीवादी छ तर समाजवाद उन्मुख देखिन्छ । धर्म निरपेक्षता, हरेक नागरिकलाई शिक्षाको हक, स्वास्थ्यको हक, रोजगारीको हक, वृद्ध, बालक, असहाय, अपाङ्ग राज्यको तर्फवाट सुरक्षाको हक, महिलालाई पुरुष सरहको अंश र वंशको हक, राज्यको सबै निकायमा समानुपातिक समावेशी हक, नागरिकलाई खाद्य हक छ यो हकहरु समाजवादी देशमा हुने हो यो लोककल्याणकारी हक हो पूँजीवादी मुलुकमा पाइदैन । संविधानमा राज्य समाजवाद उन्मुख भनिएको छ । यसले समाजवादलाई वैधानिक बनाएको छ वैधानिक रुपमा समाजवादमा परिर्वतन गर्न सकिने अवस्था छ । महत्वपूर्ण कुरा संविधानको सबै कुरा परिर्वतनीय गरेको छ । व्यवस्थापिकामा केही नगरी समाजवादमा जान सकिन्छ । वुर्जुवाहरु ठाउमा यो हुन राम्रो कुरा हो । समाजवादी दिशा तिर जान्छ आँट गर्नु हो । शान्तिपूर्ण ढंगले समाजवादमा जानको लागि बाटो खुलेको छ । समतामूलक समानुपातिक मुलक राजनीतिक व्यवस्था छ राज्यको सवै तहमा समानुपातिक समानता रहेको छ । महिला, दलित, जनजाति, अल्पसंख्यक गरीब, किसान मजदुरको अधिकार पुँजीवादी मुलुकमा हुन सक्दैन । यो संविधानमा समाजवादी Content पनि यसमा छ त्यसले गर्दा समाजवादमा जाने संभावना छ । थुप्रै Content शासकीय स्वरुप चाहि समाजवादी छैन । यसमा अडान माओवादी पार्टीले बाटो छोडेको देखिन्छ । नेता, नेतृत्वको अलोकप्रिय देखिन्छन । कागजमा लेखिने देखिन्छ तर व्यवहारमा देखिदैन । २०६४ को निर्वाचनमा कम्युनिस्टहरुको निर्वाचनमा प्राप्त मत ६२% थियो भते २०७०मा ५२% मत प्राप्त गरेका छन् यसमा समाजवादीहरुको वाहुल्यता छ घट्यो भने चुनौति हुन्छ । २) कम्युनिस्टहरु सत्ता बाहिर हुँदा समाजवादी हुने तर सरकारमा रहदा समाजवादी काम नगर्ने प्रकृति देखिन्छ । ३) समाजवादीहरु सरकारमा रहेको वेला तीन महिना भित्र गर्नु पर्ने जनपक्षिय काम भएका छैनन् । प्रतिवद्धता अनुरुप काममा छैन तर त्यसको वावजुद पनि जनतामा समाजवादी मूल चरित्र छ ।

फुट दुई किसिमको हुन्छ । आवश्यक फुट र अनावश्यक फुट । सैद्धान्तिक मत भिन्नताले हुने फूटले पार्टीलाई मजवुद बनाउछ भने नेता वा नेतृत्वको अंहकार, संकीर्णताले हुने फूटले घाटा पुग्छ त्यही भएको देखिन्छ । नेता भइयो भने बाक्लो दाल खाने आसको फूटले समस्या बनाउँदछ । सिद्धान्तका कारण भएको फूटले केही फरक पार्दैन । सैद्धान्तिक फूट माओवादी र एमाले वीचको पहिलेको फूट ठीक हो अहिलेको यिनीहरु वीचमा फरक छैन । कार्यनीतिमा भिन्नता छैन । समाजवाद लागु गर्न सवै कम्युनिस्ट पार्टीहरु एक ठाँउमा हुनु पर्दछ । संसदमा भएका कम्युनिस्ट पार्टीहरु एक भए समाजवाद लागु गर्न सकिन्छ । मुलभुत रुपमा भूमि सुधार, मौलिक हक, शिक्षा, स्वास्थ्य, रोजगार सम्बन्धमा लागू गर्न सक्छन । मोहन विक्रमले माओवादी विरुद्ध, एमालेले माओवादी सिध्याउन खोज्ने त्यस्तै माओवादीले एमालेलाई सिध्याउन खोज्ने प्रवृति देखिन्छ । यसले समाजवाद लाग्न भारी असर परेको छ तर पनि केही मिलेर लागेको देखिएको पनि छ । व्यवहारमा लागू गर्न मिल्नुको विकल्प छैन् । व्यक्तिवाद समाजवादको एक अर्काको विपरित हो । कम्युनवाट समाजवाद रह्यो कम्युनिज्म भनेको समुदायवाद हो । व्यक्ति सम्पत्ति प्रमुख मान्दछ । नेपालमा कम्युनिस्ट मात्र समुदायवादमा देखिन्छ । काँग्रेसमा त्यो देखिदैन । कम्युनिस्टमा गुटको वैठकबाट निर्णय आउछ पार्टी होइन त्यसले व्यक्तिवादमा जान्छ व्यक्तिवादले समाजवादमा जान दिदैन । बुद्धले समुदायवाद लागु गरे भने कम्युनिस्टले किन गर्न सकेनन् यो व्यक्तिवादी संस्कारले हो । मूल सिद्धान्तलाई नेतृत्वले नपक्रिने नेता भन्दा कार्यकर्तासमाजवाद तिर छन् समस्या नेताको व्यक्तिवादी समस्या छ , सत्तामा २ दिन टिक्न जे पनि गर्छ, संविधान लागु गर्ने २,४,६,९ महिना पनि नसक्नुले गर्दा सरकारमा वसेर धेरै नोक्सान भएको छ । सवै कम्युनिस्ट पार्टीका नेतृत्वमा व्यक्तिवाद हावी छ यिनीहरुले समुदायवाद ध्यान राखेनन सबैलाई व्यक्तिवादले छाएको छ । यसले पुँजीवादलाई प्रश्रय गर्छ त्यसले माथि भन्ने सिद्धान्त तिर जान्छ जनता समाजवाद चाहने हुँदा पनि लागु गर्न सकिदैन ।

गतवर्ष वृद्धलाई, कर्णाली क्षेत्रका वृद्धलाई सुरक्षा कोष, गरीबलाई समुदाय घर, एकीकृत वस्ती, समुदाय अनुसार कार्यक्रम, वेरोजगारलाई ऋण दिने काम समाजवाद उन्मुख हुन् । संविधानमा भएको कुरालाई तीन वर्ष भित्र व्यवस्था अनुसार अगाडि बढाएका छौं । त्यो २ वर्ष पछि स्वत लागु हुन्छ । रोजगारी, शिक्षा १२ कक्षा समम निःशुल्क, स्वास्थ्य निःशुल्क लागु हुने कार्यक्रम छ । ३ वर्षमा लागु हुन्छ । पहिलो समाजवादी Contentमा धर्म निरपेक्षता, सहभागिता मुलक नेपालमा आएको छ त्यो समाजवादी Content नै हो । शिक्षा

हक, आवस हक, स्वास्थ्य हक, वालक, वृद्ध, असहाय, अपाङ्ग, एकल महिला हक, समानुपातिक समावेश हक, सामाजिक न्यायको हकहरु समाजवादी २०६३ साल यताका Content हरु हुन् ।

समाजवादीहरु धेरै संख्यामा छन् तर एक ठाँउमा मिल्न नसक्नु, दोश्रो समाजवादी एजेण्डा लागु नगर्ने, तेस्रो समाजवादी पार्टीहरुको समाजवादी सिद्धान्तमा प्रतिवद्धता नहुनु, छिपछिपे हुने कार्यक्रम पूँजीवादी छैन । समाजवादी चरित्रको कार्यक्रम नहुनु, विधान, घोषणा पत्र व्यवहार लागु गर्ने आचरण र संस्कार देखिन्न । तेस्रो सबै समाजवादीहरुमा चरित्र, नैतिकतामा क्लिन नहुनु, भ्रष्ट हुनु, पद र पैसाको लागि, व्यक्तिको लागि जे पनि गर्ने स्वभाव देखिन्छ । जनतामा समाजवादीहरु नाङ्गिए यसले जनतामा विश्वास नहुनु हो ।

एमाले, माओवादी यिनीहरु सुधारवादी मार्क्सवादी हुने देखिन्छ भारतको C.P.I. हुने देखिन्छ । जड सुत्रवादी मार्क्सवादी, चीनको माला जप्ने मार्क्सवादी अतिवादी मार्क्सवादी वास्तविक मार्क्सवादी खाँचो नेपालमा बढेको छ तर मैदान खाली छ । नेत्रविक्रम माओवादी पनि जड सुत्रवादी पार्टी हो । कित्ता नै खाली छ । नयाँ शक्ति पार्टीको बाबुरामले अति ज्यादा सूधारवादमा लागेको देखिन्छ । ने.म.कि.पा जड सुत्रवादी हो भने ने.क.पा. मसाल मोटामोटी रुपमा २ वटा छ ।

१, जड सुत्रवादी

२, व्यवहारवादी कम्युनिस्ट हुन्

शोभियत संघ सत्ता ढलेको अवस्थामा अरु देशमा मार्क्सवादी रक्षात्मक रहे । नेपालमा अपवाद हो नेपालमा रक्षा गर्ने अवस्था छ जसरी क्यास्ट्रोले अमेरिकाका नाकैमुनि बसेर रक्षा गरे तर नेपालमा कसैको आड नभइ हुदैन भन्ने छ । क्यूवा, उत्तरकोरिया, भेनेजुयला, जनताको मनजिते नेपालमा जनताको मन जित्नु पर्दछ । शोभियत संघ ढलेर पनि नेपालमा कम्युनिस्ट झन अगाडि अपवाद रुपमा बढ्यो ।

किमइल सुङसम्म कोरियामा राम्रो थियो । किमइलसुङको मृत्यु पछि राम्रो गरेनन् । उत्पादनमा जोडदिनु भन्दा शस्त्र अस्त्र ध्यान दिएको पाइन्छ । लाखौ जनता किमइलसुङको पक्षमा थिए तर छोरा र नातिको पाला भएन । कोरियामा जुच्छे विचार मानेको पाइन्छ । स्वास्थ्य शिक्षामा क्यूवाले अमेरिकालाई जितेको छ । रोजगारीमा पनि जितेको छ । महिला अधिकारमा पनि अमेरिका भन्दा अगाडि छ । क्यास्ट्रो जसरी नेपालले लिएन जनताको

समर्थन पार्टीमा थिएन तर क्यूवा जनता पार्टीको पक्षमा आए नेपालले त्यो बाटो सिक्नु पर्दैन हामीले क्यूवाबाट सिक्नु पर्ने हो । त्यो सिकेनौ । विदेशवाट आउछ भन्ने त्यो बाटोमा जानु पर्नै नेपाल गएन भेनेजुएला गएन ऊ समाजवादी थिएन तर नेपालको कम्युनिस्ट पार्टीहरु गएनन् (**श्याम श्रेष्ठ**) ।

प्लेटोको समाजवाद अमूर्त काल्पनिक समाजवाद हो । यस समाजवादलाई Utopia भनिन्छ । यो समाजवाद भू-तलमा हुदैन बादल वा आकाशमा हुन्छ भनेर कल्पना गरेका थिए । प्रजातान्त्रिक समाजवाद बैज्ञानिक समाजवाद बिरुद्धमा आयो । त्यसमा माक्सवादी वैज्ञानिक समाजवाद ल्याइयो । जसको अन्तराष्ट्रिय संगठनको रुपमा बिकाश भयो । जर्मन बर्मा हुँदै यूरोप भारतमा आयो । अन्तराष्ट्रिय प्रजातान्त्रिक समाजवाद ल्याए भने कम्युनिष्ट पार्टीहरुले भनेको वैज्ञानिक समाजवाद मार्क्स एंगेल्स ले ल्याए । पेरिस कम्युन ७२ दिन लागु भएर ढल्यो । मार्क्सवादको ठुलो कुरा भनेको अहिले सम्मको दर्शन यो समाज कस्तो छ भनेर विश्लेषण गरे तर समाजलाई कसरी बदल्ने भन्ने विज्ञान हो । जस्तै आदीम साम्यवाद, दास समाज, सामन्ति समाज, पूँजीवादी समाज र समाजवादी समाज हुँदै साम्यवादी समाज निर्माण Theory of revolution and Theory ofevolution बिस्तारै बिकास हुने आदिम समाज आउँदा ह्रिसक समाज पराजित गर्दै भौतारिएर हिड्न गाह्रो भयो । शक्तिशाली समुहले कमजोर समुहलाई पक्रेर मार्ने प्रक्रिया रोकेर त्यस समुहलाई भूदास रुपमा उत्पादन गर्न लगाईयो , त्यसबाट राज्यको उत्पत्ति भयो । मार्क्सले भने राज्य वर्गीय हुन्छ त्यसमा सामन्तको बिकास हुन्छ । १८ औं शताब्दीमा यूरोप त्यसमा पनि बेलायत मा औधोगिक मेसिन बने बाष्प इन्जीन बने त्यसलाई मजदुर आवश्यकता पऱ्यो । बाफले चल्ने उद्योग खुल्यो त्यसले बेलायतमा औद्योगिक क्रान्ति भयो भने फ्रान्सको सामाजिक व्यवस्था, फ्रान्सको राज्य क्रान्ति भयो जसले भातृत्व, स्वतन्त्रता, समानता, बैज्ञानिक दर्शन, आधारित सिद्धान्त प्रतिपादन भयो । हेगेल दर्शन द्वन्दात्मक भौतिकवादी नभएकोले मार्क्सले द्वन्दात्मक विकाश भयो । उत्पादनका साधनमाथि काम गर्दा सबै मिलेर गर्ने तर उत्पादनको स्वामित्व मालिकको वा व्यक्तिको भयो । उत्पादनमा भएको वस्तुको उत्पादन गर्दा जति लागत मूल्य छ त्यसलाई श्रमिकलाई नदिई आफूमात्र लिने ( Surplus Value) पूँजीपतिले नाफा लिन थाले । मजदुरहरुलाई एक ठाउमा राखे । मालिकले ठग्न थाल्यो । त्यो मजदुर वर्गले बुझ्न थाले । त्यस्तै पेरिस कम्युन भयो । लेनिनले ठुलो किसान मजदुर नेतृत्वमा क्रान्ति गरी सर्वहाराबर्गाको अधिनायकत्वमा समाजवादी क्रान्ति को बाटो देखाए मात्र होइन त्यसको

नेतृत्व गरि रुसमा समाजवादी क्रान्ति भयो । यसले विश्वमा दुई खेमामा बिभाजित भयो । समाजवादी खेमा र पूँजीवादी खेमा । पूँजीवादी खेमाको नेतृत्व (नेटो) अमेरिकाले गऱ्यो भने समाजबादी खेमा (वार्सा) को नेतृत्व रुसले गऱ्यो । रुसको नेतृत्वको समाजवादी राम्रा कार्यको कारण संसार भर समाजबादी प्रभाव बढ्दै गयो । पूर्वी यूरोप, दक्षिण पूर्वी एशिया, ल्याटिन अमेरिका हुदै दक्षिण अफ्रिका , दक्षिण एशिया पनि भारत त्यसको प्रभावको कारण इन्दिरा गान्धीद्धारा संबिधानमा संघीय लोकतान्त्रिक गणतान्त्रिक समाजवादी भारत लेखियो तर पछि त्यसलाई हटाइयो ।

नेपालको संबिधान संझौताको दस्तावेज हो । त्यहाँ माओवादी पार्टीको उपस्थिति भएकोले संविधानमा समाजवाद लेखिएको हो समाजवाद अगाडि बढ्न गाह्रो छ । भूमिसुधारको भूमी वालालाई मुआब्जा दिई केही नदिई राज्यको हातमा ल्याउने, शिक्षा, स्वास्थ्य, रोजगार लगायतका (Welfare State) लोक कल्याणकारी राज्य निर्माण गर्ने भन्ने हो । वैज्ञानिक समाजवादमा जाने भन्दा पनि धनी र गरीबको कुरा नगरी सबैलाई अधिकार दिने,त्यस राज्यमा सम्पुर्ण व्याक्ति स्वतन्त्रता, खुला अर्थतन्त्र मा सिँगारको लागि Public Conjumsion लागि राखिएको देखिन्छ । समाज सधै स्थिर रहदैन । क्षण क्षणमा परिवर्तन भईरहन्छ । अहिलेको राजनैतिक संतुलन कायम रहदासम्म लागु हुनु हो । समाज विकाश अमेरिकामा ट्रम्पले जितेपछि दक्षिणपन्थी बाटो तिर अगाडी बढेको छ । भारतमा मोदी जित, यूपीमा योगी आदित्यनाथ मुख्य मन्त्री बन्नु, नेपालमा ओली जस्ता व्यक्ति राष्ट्रवादी देखिनु पनि लोक आकर्षण गरी आफू हावी हुने स्थिति छ । यही स्थिति रह्यो भने संबिधानबाट समाजवाद शब्द पछि हट्छ यदि कम्युनिष्ट नेतृत्व इमान्दार भएर अगाडि बढ्ने हो भने लोककल्याणकारी राज्य बनाउन सकिन्छ । पञ्चायतकालमा पनि दलितलाई पनि मन्त्री बनाएका थिए । यो सविधान हेर्दा बैज्ञानिक समाजवाद भन्दा पनि लोककल्याणकारी राज्य गएको देखिन्छ । समाजवाद भनेको राज्यले कन्ट्रोल गर्दछ यहाँ व्यक्तिको सम्पत्ति स्वतन्त्रता यो सिंगारको समाजवाद (Public Conjumsion) हो । व्याक्तिगत लाभ, प्रतिष्ठा लाई बढावा दिने बर्ग संस्कार होईन नसक्ने कम्युनिष्ट आचरणलाई दाउमा राख्ने , दशवर्षे जनयुद्ध गरेर आएको नेतृत्वको बसाइ उठाइ, पारिवारिक सम्बन्ध, सामाजिक सम्बन्ध, कांग्रेस एमालेको भन्दा फरक भएन । सैद्धान्तिक Cover दिएर पार्टी फुटाउन जाने संस्कृति छ । बैद्यले पनि सशस्त्र संघर्ष गर्न सक्दैनन् , कं. बिप्लवले पनि पुरानो जनयुद्धको तरिकाबाट अगाडि बढाउन सक्दैनन् । पश्चिम बंगालमा कम्युनिष्ट पार्टी राम्रो थियो धेरै वर्ष राज्य मुख्य मन्त्री

भए । सीताराम यचुरी पार्टी पनि शक्तिशाली र ठुलो थियो । अहिले सिद्धियो । त्यस्तै नेपालका कम्युनिष्ट पार्टीहरुको सहकार्यमा पहिलो पटक के.पी. ओलिको नेतृत्वमा सरकार हुँदा सबै मिलेर एक बाम एक ठाउँ गरेर अगाडि बढ्नुपर्थ्यो त्यो हुन सकेन । सामन्ती वर्ग संस्कारबाट समाजवादी संस्कारमा परिवर्तन  हुन सकेनन् ।

भुमण्डलीकरणले साना राज्य खतम गर्न आएको छ । एकाधिकार पूँजीवाद त्यसको नेतृत्व चीनले गरेको छ । चीनलाई आज बजारको खाँचो परेको छ भने ट्रम्पले हाम्रो बजार चिनले लग्यो भनेर त्यही नाराले अमेरिकामा चुनाव जित्यो त्यसको प्रभाव नेपालमा पनि देखिएको छ यसले नेपालमा समाजवाद लागु गर्न चुनौति छ । (**वरिष्ठ अधिवक्ता तिलक पराजुली**)

नेपालका कम्युनिष्ट पार्टीको नीति विश्व साम्राज्यवादी नीति तथा सामन्तवादको देशबाट मजदुर किसानको जगमा सशस्त्र युद्ध वा जनताको शसस्त्र विद्रोह मार्फत सत्ता प्राप्त गर्ने नीति ने.क.पा.(माओवादी केन्द्र) लगायत पार्टीको छ भने ने.क.पा (एमाले)ले जनताको बहुदलिय जनवादलाई सिद्धान्तको दृष्टिले विश्लेषण गर्दा नीतिहरु यस प्रकार छन् ।

१) अहिले जारी रहेको प्रजातान्त्रिक संघर्षमा श्रेष्ठता हासिल गर्ने ।

२) प्रतिस्पर्धामा प्राप्त गरिने श्रेष्ठताको आधारमा क्रान्ति पूर्व सरकार गठन गर्ने ।

३) क्रान्तिकारी पार्टीको हैसियतले सरकार मार्फत प्रगतिशील ढंगले अधिकतम सुधार गर्ने ।

४) प्रजातान्त्रिक र शान्तिपूर्ण संघर्षमा हासिल हुने वरिष्ठता र पार्टीद्वारा सरकार मार्फत लागु गरिने प्रगतिशिल सुधार हो । निर्माण हुने क्रान्तिकारी शक्ति र परिस्थितिमा बल प्रयोगद्वारा सत्तामा लिने यसरी सबै खालका असमानता कमी गर्दै अगाडि बढेर पूँजीवादी क्रान्ति पछि समाजवादमा जाने नीति छ । कम्युनिष्ट पार्टीहरु स्वतन्त्र, स्वाधिन राष्ट्र चाहन्छ त्यस्तै दलाल पूँजीको अन्त गरि राष्ट्रिय अर्थतन्त्रको विकास गर्दै जनताको जनजीविका सवाललाई प्रमुखता दिन्छ । समानतालाई अगाडि बढाउँदै महिला दलित जनजाति, अल्पसंख्यक मजदुर गरिब किसानलाई राज्यको नीति निर्माणमा सहभागी गराउँदै सामाजिक न्यायमा आधारित अधिकार गरेर राज्यको सबै अंगमा समान अवसरको प्रत्यभूत गर्ने नीति लिन्छन् । लोकतान्त्रिक पश्चात २०६३को अन्तरिम संविधान तथा २०६४को संविधान सभाको निर्वाचन पछि बनेको संविधान सभाबाट गणतन्त्रको प्राप्ती पछि १० वर्षको जनयुद्ध र १९ दिने जनआन्दोलनबाट प्राप्त उपलव्धीलाई संस्थागत गरेर संविधानको प्रस्तावनामा समाजवाद उन्मुख हुने प्रतिबद्ध रहने निर्णय गरे त्यो संविधानमा लिपिबद्ध भयो । त्यसैगरी

नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्तमा सभासदहरु जसले जनता तथा पार्टीको प्रतिनिधित्व गर्दछन् । उनीहरुले निम्न नीति राखेका छन् ।

नेपालको स्वतन्त्रता सार्वभौमसत्ता भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरी राख्छ नागरिकको जीउधन समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन मौलिक था मानव अधिकार लैगिक समानता समानुपातिक समावेशीकरण सहभागिता र सामाजिक न्यायको दिँदै लोककल्याणकारी राज्य स्थापना गर्ने, धर्म संस्कृति प्रथा परम्परा आधारमा हुने सबै प्रकारका विभेदको शोषण र अन्यायको अन्त्य साँस्कृतिक विविधता सम्मान गर्ने अर्थतन्त्र सार्वजनिक नीजि र सहकारी क्षेत्रको तीन खम्बे नीति अन्तरगत सहभागिता मार्फत साधन र श्रोतको अधिकतम परिचालन गरी तीव्र आर्थिक बृद्धिगरी दिगो विकास गर्ने शोषण रहित समाजको निर्माण गर्ने राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने नीति लिएको छ । त्यस्तै संविधानमा मौलिक हक व्यवस्था गरेको जसमा बाँच्न पाउने हक देखि अति आवश्यकीय स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सम्मको ३२ वटा मौलिक हकको व्यवस्था छ यसले नेपाललाई समाजवाद अगाडि बढाएको देखिन्छ, (संविधान) २०७२ : १८ ।

नेपालका कम्युनिष्ट पार्टीहरुले समाजवाद उन्मुख कार्यक्रम आफ्ना राजनैतिक प्रतिवेदन विधान तथा चुनावी घोषणा पत्र र सरकारको नेतृत्व गर्दा कार्यक्रम अगाडि सार्ने तथा लागू गरेका छन् ती निम्न छन् ।

- आफ्नो गाउँ आफै बनाउँ
- नौ स को कार्यक्रम
- बृद्ध भत्ता दिने कार्य
- प्रविधि तथा अन्य विषम गरिब जेहेन्दार विद्यार्थीलाई छात्रबृत्ति ।
- युवा स्वरोजगार कार्यक्रम
- गाउँ गाउँमा सहकारी घर घरमा भकारी कार्यक्रम ।
- किसान पेन्सन कार्यक्रम
- उर्जा शक्ति मा सहिद बेपत्ता र सर्वसाधारण जनतालाई शेयर वितरण कार्यक्रम ।
- दलित, जनजाति, महिला, गरिबलाई प्राविधिक र अन्य क्षेत्रमा विद्यार्थीलाई छात्रबृत्ति साथै रोजगारीको क्षेत्रमा आरक्षण व्यवस्था ।

- समानुपातिक समावेशी अर्न्तगत महिला, दलित, जनजाति, खस, आर्य र कर्णालीलाई छुट्टाएको ।
- कर्णालीका सुत्केरी महिलालाई ३० केजी चामल योजना ।
- संघीय चुनाव प्रदेश र स्थानीय तहमा समानुपातिक समावेशी प्रतिनिधित्व साथै प्रमुख र उपप्रमुखमा महिला एकजना आदि व्यवस्था गरेको देखिन्छ ।
- एकीकृत बस्ती निर्माण ।
- स्वास्थ्य जिल्ला अस्पतालसम्म पूर्ण निःशुल्क त्यो भन्दा माथि सिफारिसमा निःशुल्क जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य कार्यक्रम ।
- माध्यमिकसम्म शिक्षा निःशुल्क कार्यक्रम ।
- दलित विद्यार्थीलाई स्नातक सम्म पूर्ण छात्रबृत्ति

-एकल महिलालाई भत्ता

आदि जस्ता समाजवाद उन्मुख कार्यक्रम ल्याएका छन् ।

नेपालको संविधानमा महत्वपूर्ण समाजवाद उन्मुख राज्यको निर्देशक सिद्धान्त तथा मौलिक हकको व्यवस्था गरेको छ । संविधानको प्रस्तावनामा बहुजातिय, बहुभाषिक, बहुधार्मिक बहु साँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै बर्गीय, जातीय, क्षेत्रीय भाषिक, धार्मिक, लैगिक विभेद र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलका सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, निष्पक्ष र सक्षम न्याय पालिका र कानुनी राज्यको अवधारणा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध गरी समृद्ध राष्ट्र निर्माण गर्ने, दिगो विकास, सुशासन समृद्धि गर्ने उल्लेख छ यसले के प्रष्ट हुन्छ भने संविधान अर्न्तगत नै कार्यान्वयनबाट समाजवादमा पुग्न सकिन्छ । राज्यको निर्देशक सिद्धान्तमा समाजवाद पुग्नका लागि लागू गर्नुपर्ने सिद्धान्त राखिएको छ जसमा नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता र स्वाधीनता सर्वोपरी मानेर जनताको जीउधन सुरक्षा गर्दै सवैलाई अधिकारमा समानता, कानुनको शासन मौलिक हकराखिएको छ । मौलिक हकमा

बाँच्न पाउने हकदेखि निःशुल्क स्वास्थ्य शिक्षा र रोजगारीदेखि खाद्य हकसम्म गरेर ३२ वटा मौलिक हक संविधानमा व्यवस्था गरिएको छ । लैंगिक समानता, सामाजिक न्याय समानुपातिक समावेशी राज्यको सवै क्षेत्रमा समान अधिकार अवसर साथै धर्म संस्कृति परम्परा प्रचलन विभेदको अन्त्य श्रमको सम्मानको व्यवस्था छ भने स्वाधीन अर्थतन्त्र सार्वजनिक नीजि र सहकारी क्षेत्रलाई सहभागिता गरी अगाडि बढ्ने व्यवस्था छ यसले समाजवादको प्रयोग नेपालमा अगाडि बढेको देखिन्छ । यी राज्यका निर्देशक सिद्धान्त मौलिक अधिकार र संविधानको प्रस्तावनामा लिपीबद्ध भए अनुसार ने.क.पा. (एमाले) ने.क.पा (माओवादी केन्द्र) लगायत अन्य कम्युनिष्ट पार्टी आफ्ना राजनैतिक प्रतिवेदन विधान चुनावी घोषणा पत्रमा राखिएको छ । त्यस्तै नेपाली काँग्रेसले पनि राष्ट्रियता, प्रजातन्त्र र समाजवाद आफनो राजनैतिक प्रतिवेदन चुनावी घोषणा पत्र समावेश गरेको देखिन्छ । सरकारमा रहेका बेला ने.क.पा.(एमाले) र ने.क.पा (माओवादी केन्द्र)ले लागू गर्ने प्रयत्न गरेको पाइन्छ । यसबाट बैज्ञानिक समाजवाद प्रयोगमा यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । समाजवादको प्रयोग सम्बन्धमा विभिन्न कम्युनिष्ट पार्टीहरुले आ-आफ्नै किसिमका कार्यनीति अख्तियार गरेका छन् । ने.क.पा -एमाले) ले जनताको बहुदलिय जनवाद हुँदै समाजवाद भनेको छ भने ने.क.पा (माओवादी केन्द्र) ले २१औ शताव्दीको जनवाद हुँदै समाजवादमा पुग्ने अवधारणा राखेको छ । अन्य कम्युनिष्ट पार्टीहरुले नौलो जनवाद हुँदै समाजवाद जाने कार्यनीति अगाडि सारेका छन् ।

सामाजिक, साँस्कृतिक, आर्थिक अधिकार सहितको मौलिक हकः मौलिक अधिकारको दायारालाई व्यापकरुपमा विस्तार गर्दै नागरिक, राजनीतिक अधिकारका अतिरिक्त सामाजिक-साँस्कृतिक, आर्थिक अधिकार समेत प्रत्याभूत गर्ने । सम्मान पूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, यातना विरुद्धको हक, छुवाछुत विरुद्धको हकको निरन्तरता र समानताको हकलाई सारवान बनाउन सकरात्मक विभेदमा जोड, पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता, अपराध पीडितको हक, आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक, आधारभूत स्वास्थ्य सम्बन्धि हक, रोजगारीको हक, खाद्य र खाद्य सम्प्रभुताको हक, आवासको हक, सामाजिक सुरक्षाको ग्यारेन्टी सहित श्रम सम्बन्धी हक, गुणस्तरीय सेवा प्राप्त गर्ने उपभोक्ताको हक :- समाजवाद उन्मुख अर्थतन्त्रः राजकीय सहकारी र निजी क्षेत्रको सन्तुलित सम्वन्धमाथि आधारित मिश्रित, सामाजिक आर्थिक समानता र न्याय सहितको

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई संविधानको उद्देश्यका रुपमा स्थापित गरिनेछ । सामन्तवादका बाँकी अवशेषहरुलाई अन्त्य गर्दै स्वाधीन औधोगिक र समृद्ध राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य स्पष्ट पारिनेछ (ने.क.पा. एमाले, २०७०:५) ।

- सामाजिक न्याय सहितको अग्रगामी लोकतन्त्र  दोस्रो संविधान सभाको प्रतिवद्धता पत्र/घोषणा पत्र २०७० एकीकृत ने.क.पा. (माओवादी) दोस्रो संविधान सभामा आफ्नो प्रतिवद्धता पत्र वा घोषणा पत्रमा निम्न अनुसार बुँदामा समाजवाद उन्मुख बुँदा उल्लेख गरेको छ ।

-समावेशी, समानुपातिक र सहभागितामुलक लोकतन्त्र ।

-शिक्षा, स्वास्थ्य, रोजगार, आवास र खाद्य सम्प्रभूतामा सबै नागरिकका मौलिक हक स्थापित गरिने छ ।

-भूमिमाथि वास्तविक जोताहा किसानको अधिकार र सुनिश्चित गरिने छ ।

- गरिबीको रेखामुनि रहेका विपन्न वर्गलाई सामाजिक सुरक्षाको हक हुनेछ ।

-मजदुर, किसान लगायतका श्रमजीवी जनतालाई राज्यका अङ्गहरुमा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक हुनेछ ।

-जनमुखी, स्थिर र सुशासनयुक्त शासन प्रणाली

समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास गर्न र सामजवादी रुपान्तरणको आधार तयार गर्न देशको अहिलेको सबैभन्दा महत्वपूर्ण आर्थिक सामाजिक कार्यभार हो । यसका निम्ति सामाजिक न्याय सहितको तीब्र आर्थिक विकास र समृद्धिको नीति अनुसरण गर्नु अपरिहार्य हुन्छ । सोही अनुसार नयाँ संविधानमा राज्यको निर्देशक सिद्धान्त र नीतिको व्यवस्था गरिनेछ । (ऐ.ने.क.पा. माओवादी, २०७०:९)

नेपालमा समाजवादको प्रयोगमा मुख्य चुनौतिको रुपमा ठूलो हिस्सा अझै गरिबीको रेखामुनि छन भने यहाँ औद्योगिक विकास नहुने भएका औद्योगिक प्रतिष्ठान पनि दलाल पूँजीपतिको हातमा सुम्पनु हो । भएका उद्योगलाई राज्यले लगानी थपेर अगाडि बढाउनु भन्दा बन्द भएर गएको अवस्थामा छ । यसले ठूलो संख्यमा युवा जनशक्ति वेरोजगार छन् त्यसको प्रभाव जनता दिनानुदिन गरिविको रेखामुनी पुग्न बाध्य छन् । राज्यले औद्योगिक नीति प्रष्ट गर्नु नसक्नु भएको भएको पनि व्यवहारमा लागू नगर्न पनि चुनौतिका रुपमा देखिन्छन । शिक्षा महँगो छ निम्न आय भएका व्यक्ति शिक्षाबाट वञ्चित छन् । प्राविधिक शिक्षा कमीले

सैद्धान्तिक शिक्षाले रोजगारी भन्दा वेरोजगारी उत्पादन गर्ने प्रतिष्ठानको रुपमा देखिन्छ । लाखौ जनता उपचार नपाएर मर्न परेको छ । राज्यले पूर्ण जिम्मेवारी नलिदा ठूलो समस्याको रुपमा देखा परेको छ । खाद्य समस्या ,उत्पादन घटेर गएको छ । जनतामाश्रमप्रति आस्था भन्दा वितृष्णा बढेर गएको छ । रोजगारको अधिकार हक भनिए पनि व्यवहारमा जान सकेको छैन यसले राष्ट्रिय उत्पादनमा तथा प्रतिव्यक्ति आय बढ्नुको सट्टा घटेर गएको छ । मूलुक रेमिट्यान्समा चलेको देखिन्छ यस पनि समाजवाद लागू गर्न चुनौति थपिएको छ । संविधानमा अधिकार हक लेखिए पनि त्यो प्राप्त गर्न सकेका छैनन् ।

नेपालमा कम्युनिस्ट पार्टीहरु दस्तावेज , घोषणापत्रमा र विधानमा सैद्धान्तिक, वैचारिक रुपमा वैज्ञानिक समाजवादी देखिन्छन । व्यवहारमा नेतृत्व पंक्ति सामन्ती सोचले ग्रस्त छन् । त्यसले पार्टी सामूहिक निर्णयका आधारमा चल्नु भन्दा नेतृत्व वरिपरीका निश्चित व्यक्तिमा केन्द्रित रहेका छन् । फरक विचार राख्नेलाई पार्टीमा निषेध गरिन्छ यो भनेको सामन्तवादी सोच हो । सामन्तवादी सोचले व्यक्तिवादमा पुऱ्याउछ । व्यक्तिवाद समाजवाद विरोधी हुन्छ । यसका कारण ने.क.पा हरु शक्तिमा भएर पनि समाजवादको नीति लागु गर्न पछि परेका छन् । केही पार्टीहरु जडसुत्रिय सोचले गर्दा रुस, चीन लगायतमा भएका क्रान्तिको नक्कल गरेर नेपालको परिवर्तनको आन्दोलन र उपलब्धिलाई अस्वीकार गरेको पाइन्छ । जडसुत्रिय सोचले कम्युनिस्ट पार्टीहरु बीचको एकता र समृद्ध देश निर्माणमा असर परेको देखिन्छ ।

२००६ सालमा स्थापना भएको कम्युनिस्ट पार्टीहरु २०७३ सालसम्म आईपुग्दा १०७ वटा पार्टी फूटबाट बन्ने विघटन भएको देखिन्छ । २०६४ साल संविधान सभाको निर्वाचनमा ६२ प्रतिशत मत ल्याएका पार्टी फूटको कारण २०७० सालमा ५२ प्रतिशत झरेको देखिन्छ । यस्तो खुट्टा तान्ने रोगले कम्युनिस्ट आन्दोलन टुटफुट र विभाजन क्षत विच्छेद हुँदा पनि नेपालमा अझै शक्तिमा रहेको देखिन्छ । यस्ता टुटफूट र विभाजनले समाजवाद उन्मुख संविधान कार्यन्वयन गर्न साथै नेपालमा समाजवाद प्रयोग गर्न कठिन चुनौतिको रुपमा देखा परेको देखिन्छ । यसले नेतृत्व गर्नु पर्ने नेताहरु जनतामा अलोकप्रिय भएका छन् । जनता अगाडि नेता पछि परको देखिन्छ । नेताहरु तथा कार्यकर्ता पेशेवर राजनीतिमा लाग्ने उत्पादनमा नजोडिने कारण भ्रष्टाचारमा मुछिने गरेको पाइन्छ । भने पार्टी, सिद्धान्तलाई दह्रो गरि पक्रिने भन्दा पनि उपयोगीतावादमा लागेको पाइन्छ । त्यति मात्र होइन सैद्धान्तिक अध्ययन नगर्ने कारण विचलन आएको पाइन्छ यसले थप चुनौती भएको छ ।

## ४.१ चुनौतिहरु

समाजमा सामन्ती अवशेषहरु व्यापक नै छन् ।उत्पादक शक्तिको विकास र राष्ट्रिय अर्थतन्त्रको उत्थान हुन सकेको छैन । कृषिको व्यावसायिक रुपान्तरण नहुनू र औधौगिक क्षेत्रको निरन्तर गिरावटले अर्थतन्त्रमा परनिर्भरता बढाएको छ । भएको पूँजिको ठूलो हिस्सा अनुत्पादक क्षेत्र, विलासिता र उपभोगमा खर्च भइरहेको छ । एक किसिमले समाज अझै पनि संक्रमणकै अवस्थामा छ । संविधानमा उल्लिखित मौलिक अधिकार, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रभावशाली कार्यान्वयन हुन सकेन भने अधिकार खोज्ने जनता र अधिकार प्रत्याभुत गर्न नसक्ने राज्यवीच नयाँ द्वन्द्ध उत्पन्न हुन्छ । त्यसले समाजमा अराजकता सिर्जना गर्छ र सकिदैन भनेर राज्य पश्चगामी दिशातिर जाने खतरा बढछ । नेपाली समाजको मुख्य चुनौति भनेको नै पराम्परागत कृषि पेशाबाट मुक्त भएर शहर आइपुगेको तर शहरले रोजगारी दिन नसकेको ठूलो उत्पादक शक्ति व्यवस्थापन प्रतिवर्ष झण्डै ५ लाखकको हाराहारीमा श्रम बजारमा आइपुग्ने तर मुलुकमा मुस्किलले ५० हजार मात्रै रोजगारी सिर्जना हुन सक्ने कमजोर अर्थतन्त्रको रुपान्तरण एवम् लोकतन्त्रले ह्वात्तै वृद्धि गरेको सामाजिक चेतना  तर राज्यको असाध्यै कमजोर डेलिभरी क्षमता बीचको अन्तरविरोधको व्यवस्थापन हो  ।

नेपालको भूराजनीति, जहाँ स्वतन्त्र र सार्वभौम हैसियत एवम् आत्मनिर्भर र समृद्ध बन्ने चाहनालाई नपचाउने पक्षहरुछन् । हामी नेपाली विकासको कुन बाटो र कस्तो समृद्धिको लक्ष्यमा अगाडि बढ्छौ भन्ने अर्को महत्वपूर्ण चुनौती देखिन्छ । उपभोक्तावाद र व्यक्तिवादको असरले आन्दोलनलाई कमजोर बनाएको छ । यसबाट व्यक्तिहरुमा मार्क्सवादी विचार सान्दर्भिकता र समाजवादको सुनिश्चितता तथा भविष्यप्रति विश्वास घटेर गएको देखिन्छ ।

निम्न मध्यम वर्ग र मध्यम वर्गका हातमा आयातित विलासी वस्तु छेलोखेलो हुन थालेका छन् तर देशमा कूपोषण र विभेदयुक्त वितरण भने ज्यूँका त्युँ छ मात्र होइन अझ बढेर गएको छ । जमिनको जथाभावी किनवेच हुँदा देशको केही अति उत्पादनशिल जमिन नष्ट भइरहेको छ । बन जथाभावी फाँडेर काठ तस्करी बढेको छ नदी पिंध सम्म जथाभावी खोतलेर वेचिदैछ । यस्ता कार्यबाट आर्थिक असमानता छिटो बढिरहेको छ । यसले समाजवाद कार्यन्वयन गर्न चुनौति थपएिको छ ।

कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरु मार्क्स, एंगेल्सका तथा मार्क्सवादी पुस्तक अध्ययन नगर्ने यसबाट राजनैतिक वैचारिक पक्ष कमजोर भएर सही दिशा के भन्नेवारे प्रष्ट नहुनु

समाजवादी कार्यदिशाबाट अलमलकाकारण समस्या बनेको छ । कार्यकर्ता र जनतामा नेतृत्वप्रति प्रश्न उठन थालेका छन् । पार्टीप्रतिको भरोसा र गौरव हराउँदै गएको छ । निरासाको घेरा बढदै गैरहेको छ । विगतमा कम्युनिस्ट नेतृत्वले सरकारमा रहदा सञ्चालन गरेका नीति तथा कार्यक्रमले समाजवादी रणनीति अनुसार काम हुनु नसक्नु । लाखौ नेपाली युवाको परिवर्तन विदेशिएका छन युवा परिवर्तनका वाहक शक्तिहुन यसको कारण पनि समाजवादमा चुनौति हुन सक्छ ।

कुनै पनि राज्य समाजवादी हो वा होइन भन्ने कुराको पहिचान तीनवटा विषयले गर्छन पहिलो, उत्पादन सम्वन्धमा श्रमिक वर्गको स्वामित्व छ कि छैन ? दोस्रो राज्यको नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने निकायमा श्रमिक वर्गको निर्णायक उपस्थिति छ कि छैन ? तेस्रो शिक्ष, स्वास्थ्य, खानेपानी, आवास जस्ता जनताको आधारभूत आवश्यकताहरु राज्यले प्रत्याभूत गर्ने र न्यायोचित समृद्धि दिन सकेको छ कि छैन ? निजी सम्पत्ति विहिन राज्यको परिकल्पना के छ ? आदिबाट जनता वञ्चित छ कि छैन? यसबाट समाजवाद अवस्था बुझ्न सकिन्छ ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना वि.स. २००६ सालमा भए देखि वि.स. २०७४ सम्म आउदा कम्युनिष्ट पार्टीहरु विभिन्न टुक्राहरुमा विभाजित भए । कहिले कांग्रेसलाई हेर्ने दृष्टिकोणमा त कहिले पञ्चायत उपभोग गर्ने सवालमा मतभेद भयो । रुस र चीनको विवाद पछि विश्व कम्युनिष्ट आन्दोलन दुई खेमामा विभाजित भयो । त्यसको असर नेपालमा पनि पर्‍यो । रणनीतिमा सबै ने.क.पा. एक ठाँउमा भएपनि कार्यनीतिको दृष्टिकोणबाट विभाजित हुदै आएको छ । संविधान सभा, संघियता देखि समानुपातिक समावेशितामा पनि ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र) विचमा फरक छ । नेपालको इतिहासमा खड्ग प्रसाद ओलीले सरकारको नेतृत्व गरेको वेला विप्लव र वैद्य वाहेका सबै कम्युनिष्ट पार्टीहरु सरकारमा समावेश थिए तर ९ महिना नहुदै त्यो सहमति सहकार्य तोडियो । स्थानिय तहको निर्वाचन सम्म आउदा ने.क.पा. (एमाले) राष्ट्रिय प्रजातन्त्र पार्टी जस्तो पूनउत्थानवादी पार्टीसँग तालमेल छ भने ने.क.पा. (माओवादी केन्द्र) एकाधिकार पूजीवादको पक्ष पोषण गर्ने नेपाली कांग्रेससँग चुनावी तालमेल भएको छ । तर एक बाम एक ठाँउ छैन । भएको ठाँउमा पनि असहयोगको स्थिति छ । नेतृत्वमा Public consumptionतिर मात्र ध्यान छ । पुरानो वर्ग संस्कार छोड्न सकेका छैनन् । व्यक्तिवाद चरम छ नातावाद, कृपावाद, पारदर्शितामा कमिको कारण नेताको तेजोवद भएको छ यसले

संविधानमा देखिएको समाजवाद शब्द कुनदिन हट्ने हो सोच्ने विषय बनेको छ । नेतृत्वको बसाइ, उठाइ, सामाजिक सम्बन्धमा पूँजीवादी सामन्त भन्दा फरक छैन । त्यसकारण नेपालमा समाजवादको प्रयोग चुनौतिपूर्ण छ । जति चुनौति छ त्यो भन्दा वेसी नेपालमा समाजवादको प्रयोगको सम्भावना पनि देखिन्छ ।

आर्थिक - अर्थतन्त्रको दृष्टिकोणबाट हेर्ने हो भने नेपाल नयाँ जनवादी पूँजीवादी भनौ या कम्युनिष्ट पार्टीहरुको सोच अनुसारको पूँजीको विकास नभए पनि छुट्टै प्रकारले रेमिटेन्स, बजार विस्तार, विदेशी वस्तुको आयात र विक्रीको आधारमा पूँजीको विकास भएको छ । किसानमा विस्तारै व्यवसायिक कृषितिर लागेको देखिन्छ भने धेरै जसो गाँउ छोडि व्यापार व्यवसायको लागि बजार केन्द्रित छन् ।

पार्टी- नेपालका सबै कम्युनिष्ट पार्टीहरुको संसदमा रहेका सांसद र बाहिर रहेका पार्टीहरुको मत लिने हो भने दुई तिहाइ भन्दा बढी छ । २०६४ को संविधान सभामा ६२ प्रतिशत मत थियो । भने दोस्रो संविधान सभाको ५२ प्रतिशत मत छ । यसले के बताउछ भने नेपाली जनता समाजवादप्रति प्रतिवद्ध छन् । त्यो मात्र होइन नेपाली कांग्रेस पनि आफूलाई लोकतान्त्रिक समाजवादी भन्न रुचाउछन् । आफ्नो दस्तावेज र चुनावी घोषणापत्रमा समाजवाद लेखेको छ ।

नेपालको संविधान - नेपालको संविधानमा ९० प्रतिशत संविधान सभाबाट सभासद द्वारा पारित संविधानको प्रस्तावनामा समाजवादप्रति सबै प्रतिबद्ध रहने र लागू गर्ने लेखिएको छ । राज्यको निर्देशक सिद्धान्त र मौलिक हकमा पनि समाजवादमा पुग्नुपर्ने आधारभुत हक लागु गर्ने प्रतिवद्धता छ ।

समाजवादको वैधानिकता - नेपालमा समाजवादको वैधानिकता प्राप्त गरेको छ यसलाई लागू गर्न कुनै संघर्ष गर्नु पर्दैन । यसकारण नेपालमा समाजवादको प्रयोग गर्न प्रचुर सम्भावना छ ।

## ४.२ सम्भावनाहरु

केही वर्षसम निरन्तर दुई अंकको वृद्धि अत्यावश्यक छ यसको उद्देश्य राष्ट्रिय औद्योगिक पूँजीवाद हो जसले अन्तत समाजवादको निर्माणमा एक पाइलो अघि बढ्न सघाउ पुऱ्याउने छ । ठूलो मात्रामा पूँजी र उर्जाको लगानी गरेपछि व्यापक औद्योगिककरण तथा कृषिको

बजारीकरण गर्न सकिन्छ । यसको नतिजा स्वरुप आगामी केही वर्षसम्म निरन्तररुपले दुई अङ्कको वृद्धि भइरहनेछ ।

संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना जनताका प्रतिनिधीहरूद्धांरा निर्माण भएको लोकतान्त्रिक संविधान जनताको सार्वभौमसत्ताको व्यवहारिक प्रयोग र संविधानले निर्दिष्ट गरेको गन्तव्यलगायत विजयले मार्क्सवादी दृष्टिका आधारमा पूँजिवादी जनवादी क्रान्ति सम्पन्न भएको देखाउँछन् । कम्तीमा पनि राजनैतिक अभिभाराहरू पूरा भएका छन् । एउटा युग वदलिएको छ । विश्वव्यापीकरण र उदारीकरणको नीतिले राज्यको लगानी सार्वजनिक क्षेत्रमा जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूमा समेत श्रमजिवी वर्गमा छैन । आर्थिक क्षेत्रमा राज्यको लगानी अभिवृद्धि र नेतृत्वदायी भूमिकाको विकास अत्यावश्यक छ । छरिएर रहेको पूँजीलाई एकत्रित गरी उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्न रोजगारी वृद्धि गर्न कृषि एवम् साना उद्योगको विकासमा सहकारीहरूको भूमिका निर्णायक र संभव हुन सक्छ । प्रगतिशिल कर प्रणालीका माध्यमवाट आर्थिक विषमता न्यून गर्ने संविधानको व्यवस्था यस अर्थमा निकै महत्वपूर्ण छ । तीव्र आर्थिक वृद्धि र सामाजिक न्याय सहितको आर्थिक विकासले समाजवादको वाटो बिस्तार गर्दछ ।

# परिच्छेद - पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

एकाधिकार पूँजीवादले हाम्रो जस्तो विकासशिल मुलुकमा राष्ट्रिय उद्योगधन्दा टाट पल्टाउने र अर्थतन्त्र धराशायी बनाउने काम गर्दछ । त्यसबाट राज्यलाई संरक्षण गर्न, जनतालाई सामाजिक न्याय, समानता, समानुपातिक समावेशी, स्वाधीन अर्थतन्त्रको विकास गर्न साथै स्वाधीन स्वतन्त्र राष्ट्र निर्माण गर्न, उत्पीडनबाट सबैलाई मुक्त गर्न, सबै खाले विभेदको अन्त्य गर्न नेपालमा समाजवादको प्रयोग गर्नु आवश्यक भइ सकेको छ । यसै सन्दर्भमा त्रिभुवन विश्व विद्यालय मानविकी संकाय राजनीतिशास्त्र विभाग शैक्षिक योजना अर्न्तगत राजनीति शास्त्र स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक अन्तरगत शोधसारको लागि “नेपालमा समाजवादको प्रयोग” शिर्षकको शोधसार तयार पारिएको छ । यो शोध कार्यका लागि शोध ग्रन्थ अध्ययनलाई पाँच परिच्छेदमा बाँडिएको छ । पहिलो देखि पाँचौसम्म क्रमश अनुसन्धानको सामान्य परिचय, कम्युनिस्ट पार्टी तथा  समाजवाद सम्वन्धी सैद्धान्तिक अवधारणा, वैज्ञानिक समाजवाद, समाजवादको प्रयोगमा चुनौति र संभावना, सारांश, प्राप्ति, निष्कर्ष र सुझावहरु राखिएको छ । यस अध्ययनका प्रमुख उद्देश्यहरुमा नेपालमा कम्युनिस्ट पार्टीहरुले समाजवाद सम्बन्धी अवलम्वन गरेका नीति र कार्याक्रमको खोज गर्ने, वैज्ञानिक समाजवादको प्रयोगमा नेपालको संविधानमा भएका व्यवस्थाहरुको अध्ययन विश्लेषण गर्ने, वैज्ञानिक समाजवाद प्रतिको धारणा खोजी गर्नु वैज्ञानिक समाजवाद प्रयोगमा चुनौतिहरु र संभावनाहरु अन्वेषण गर्नु । अध्ययनसँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरुको रुपमा विभिन्न पुस्तक एवं अनुसन्धानात्मक कृतिहरुको अध्ययन गरिएको छ । उद्देश्यहरु पूरा गर्न राजनैतिक पार्टीका नेता, विश्लेषकहरुसँग अन्तवार्ता, छलफल गरिएको छ । मार्क्सभन्दा अगाडिका समाजवादीहरुलाई कार्लमार्क्स र फ्रेडरिक एङगेल्सले मात्रै काल्पनिक भनिदिएका छैनन् उनीहरुको सिद्धान्तमा यथार्थभन्दा कल्पना बढी भएको कारण काल्पनिक शब्द प्रयोग गरेका छन् सेन्ट साइमन, चार्ल्स फूरिए, रर्बट ओवेन र उनीहरु जस्तै चिन्तन भएका अर्थशास्त्रीहरुलाई काल्पनिक समाजवादीहरु भन्नुको कारण यथार्थ विश्लेषणको कमीहुनु, धार्मिक परोपकारको भावनाले काम गर्नु र काल्पनिक स्वप्नदर्शी हुनु नै हो । समाजको आर्थिक गतिलाई चिनेर त्यस गतिका आधारमा वस्तुगत धरातल टेकेर उनीहरुले समाजवाद

लागु गर्न खोजेका थिएनन् । काल्पनिक समाजवादीहरुले वर्ग संघर्षबाट होइन धार्मिक ज्योतिषिका इच्छाले जस्तै समाजलाई सजिलो ढंगले परिवर्तन गर्न खोजेका थिए ।

ने.क.पा पार्टीहरुको वीचमा रहेको मूलभुत मतभेद तत्कालिन कार्यनीति र आन्दोलन तरिकाका वारेमा रहेको छ भने नयाँ जनवादी क्रान्तिपछि कस्तो शासन प्रणाली कायम राख्ने भन्ने विषय मतभेदको अर्को बुँदा रहेको देखिन्छ । ने.क.पा (एमाले) शान्तिपूर्ण आन्दोलनबाट अगाडी बढन चाहन्छ तथा जनसंघर्षको कार्यनीति मान्दछ । ने.क.पा ( माओवादी केन्द्र) शान्तिपूर्ण रुपमा आन्दोलनबाट परिवर्तनको विश्वास गर्दैन । ने.क.पा ( एमाले) बहुदलिय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली लागु गर्न चाहन्छ भने ने.क.पा ( माओवादी केन्द्र) ले २१ औ शताब्दी जनवादबाट बहुदलीय प्रतिस्पर्धा राजनीतिक प्रणालीलाई अगाडि सारेको छ । नेपाली समाजको वर्ग विश्लेषण र राजनीतिक चरित्र विश्लेषणमा एकै ठाउँमा देखिन्छ । अर्ध सामन्ती र अर्ध औपनिवेशिक हो भने ने.क.पा (एमाले) ले नवौ महाधिवेशनवाट नेपाली समाजको चरित्र आधारभूत रुपमा पूँजीवादी बनेको निश्कर्ष निकालेको छ । ने.क.पा (माओवादी केन्द्र) ले हेटौडाको सातौ महाधिवेशनवाट नेपाली समाजको चरित्र अर्ध सामन्तीबाट दलाल पूँजीको विकास भएर पूँजीवादी भएको विश्लेषण गरेको छ । अन्य मसाल, ने.क.पा विप्लवको विश्लेषण भने पुरानै देखिन्छ ।

एउटा पार्टीले अर्को पार्टीलाई दक्षिणपन्थी, जडसुत्रवादी, उग्रपन्थी देख्ने कारण एकता भन्दा फूटलाई बढावा दिएको देखिन्छ भने फूटलाई प्रश्रय दिएको छ । अर्थशास्त्रीय रुपमा ने.क.पा लाई नियाल्दा सार्वजनिक, निजी र सहकारी तीन खम्वे अर्थनीति सवै पार्टीहरुले स्वीकार गरेका छन् । यसबाट समाजवाद उन्मूख अर्थनीति सवै एकै ठाउँमा भएको पाइन्छ ।

नेपाली काँग्रेस प्रजातान्त्रिक समाजवाद २०११ सालमा अधिवेशनबाट पास भएको भए पनि वास्तविक रुपमा अगाडि बढेको देखिदैन । राष्ट्रियता, प्रजातन्त्र र समाजवादप्रति प्रतिवद्ध छौं भन्न छोडेको भने छैनन् ।

नेपाल कम्युनिस्ट पार्टी समाजवादी नीति हेर्दा विशेष गरी ने.क.पा (एमाले) र ने.क.पा ( माओवादी केन्द्र) दुई वटै पार्टी नवौ महाधिवेशन र हेटौडामा सम्पन्न सातौ महाधिवेशनवाट देशको आर्थिक सामाजिक चरित्र पूँजीवादी भएको भन्ने विश्लेषण छ । दुवै पार्टीहरुले समाजवादी रणनीति अर्न्तगत राष्ट्रिय स्वाधीनतालाई जोड दिदै आत्म निर्भर अर्थतन्त्रको विकास गर्ने आफ्ना राजनैतिक प्रतिवेदन र विधान त्यही अनुसार अगाडि वढेको देखिन्छ । आफ्ना चुनावी घोषणपत्रहरुमा पनि समाजवादी नीति र कार्यक्रमलाई जोड दिएको देखिन्छ

। उदाहरणको रुपमा वृद्ध भत्ता, किसान पेन्सन, आफ्नो गाँउ आफै बनाउ, समानुपातिक समावेशी सहकारी ऋण तथा बचत , उत्पादन सहकारी, उपभोक्ता सहकारी खोल्ने राज्यले त्यसलाई अनुदान दिने जस्ता कार्य गरेको छ । कर्णाली विशेष कार्यक्रम दलित, लोपोन्मुख जाति संरक्षण आदि कार्यनीति र कार्यक्रम सरकारमा रहदा जोड दिएको देखिन्छ ।

कम्युनिस्ट पार्टीहरु स्थापनाबाटै यिनीहरुको रणनीति भनेको जनवाद, समाजवाद र साम्यवाद हो । यिनीहरुको कार्यनीति काम भनेको रणनीतिलाई सेवा पुऱ्याउनु हुन्छ त्यही अनुसार संविधान सभावाट निर्माण भएको संविधानको प्रस्तावनादेखि राज्यको निर्देशक सिद्धान्त र मौलिक हक पनि समाजवाद उन्मुखप्रति लाग्ने र प्रतिवद्ध हुने उल्लेख छ भने राज्यको निर्देशक सिद्धान्तमा धर्म, संस्कृति प्रचलन, भाषा, रहन सहन सवैलाई सम्मान गर्ने, राज्यको सवै क्षेत्रमा समानुपातिक समावेशी, श्रमको सम्मान सबै खालको विभेदको अन्त्य गर्ने राष्ट्र स्वाधिन गर्ने, राष्ट्रिय स्वाधिन अर्थतन्त्रको विकास गर्ने र सहकारीलाई जोड दिने उल्लेख छ । साथै मौलिकहकहरुमा बाँच्न पाउने हक देखि निशुल्क स्वास्थ्य, निःशुल्क माध्यमिक शिक्षा, रोजगारदेखि खाद्यसुरक्षा सम्म गर्दा ३२ वटा मौलिक हक लिपिवद्ध गरिएको छ । यसवाट प्रष्ट हुन्छ कि ने.क.पा समाजवाद लागु गर्न प्रतिवद्ध छन् ।

साहित्य अध्ययनवाट के देखिन्छ भने नेपालका कम्युनिस्ट पार्टी र नेपाली काँग्रेस सवै समाजवादी नीति बोकेको देखिन्छ । सवै पार्टीको २०६४ साल र २०७० सालको मत परिणामलाई लिने हो भने दुई तिहाइ मत समाजवादी पार्टीहरुले प्राप्त गरेका छन । ने.क.पा ले २०६४ साललाई हेर्ने हो भने ६२ प्रतिशत मत प्राप्त गरेका छन् भने २०७० सालको मतलाई हेर्दा ५२ प्रतिशत मत देखिन्छ ।

समाजवाद व्यक्तिलाई भन्दा समाजलाई बढी महत्व दिन्छ । समाजको कल्याणका लागि व्यक्तिगत हितलाई बलिदान दिन पर्ने मान्यता राख्दछ । समाजवाद भनेको पूँजीवादको अन्त हो । पूँजीवाद श्रमजीवी मजदुर किसान सर्वसाधारण जनताको घोर शत्रु हो । समाजवादले पूँजीको प्रतिस्पर्धा भन्दा एक आपसमा सहयोगको स्थापना गर्नु हो । समाजवादी व्यवस्थाले सामाजिक परिस्थितिमा बढी समानता उत्पन्न गर्नु हो । समाजवादमा व्यक्तिगत लाभको ठाउँमा सामाजिक सेवाको भावनाले प्रोत्साहन पाउँछ । समाजवादमा उत्पादनको साधनको सामाजिकीकरण हुन्छ । विकास रणनीतिमा केन्द्रिय नियन्त्रण रहन्छ । श्रमको सामाजिक चरित्र हुन्छ । न्यायपूर्ण वितरण प्रणाली रहन्छ । यो सामाजिक न्यायमा आधारित हुन्छ । मार्क्सवादी दर्शन आउनु भन्दा अगाडि धेरै समाजवादी चिन्तक वा दार्शनिकहरुले

समाजवादको परिकल्पना गरेका थिए । त्यो परिकल्पना यथार्थवादी भन्दा काल्पनिक थियो । जव सन् १८४८ मा मार्क्स र एङगेल्सले कम्युनिस्ट घोषणा पत्र लेखे त्यसपछि समाजवादमा पुग्ने समाज विकासको क्रमको प्रष्ट अवधारणा ल्याए । आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग, पूँजीवादी युग र समाजवादी युग हुँदै साम्यवादी युग यसरी हेर्दा रुस, चीन, पूर्वी युरोप, क्युवा, उतर कोरिया, भियतनाम लगायत ठूलो भू-भागमा समाजवाद आयो  तर ७० वर्ष पुग्दा नपुग्दै रुस लगायत देशमा समाजवाद ढल्यो तर पनि वर्तमान पूँजीवादी प्रणालीका श्रृंखलावद्ध असफलताहरुले नै समाजवादको अपरिहार्यताको पुष्टी गरिरहेका छन् । त्यस परिघटनाले पूँजीवादको ऐतिहासिक असफलतालाई झन प्रमाणीत गरेको छ । एकाधिकार पूँजीवादले साम्राज्यवादीहरु बीचमा पूँजीको चरम संकट ल्याएको छ भने आर्थिक समानता सहितको द्रुत आर्थिक वृद्धिदर हासिल गर्न समाजवादी प्रणाली मात्रै सक्छ भन्ने कुरा पूर्व सोभियत संघ, पूर्वी यूरोप, चीनका समाजवादी प्रयोगहरुले सिकाइसकेको छ । समाजवादले अगाडि सारेको समानताको विकल्पमा पूँजीवादले अगाडी सारेको गरीबी निवारण तथा समतामुलक विकास कहिल्यै सफल भएन । नेपालको सामाजिक आर्थिक विकासलाई मध्यनजर गर्ने हो भने चैतन्य मिश्रको पूँजीवादको विकास सन् १९५०/५१ देखि क्रमिक हुँदै आएको छ । पंचायत कालदेखि दलाल पूँजीको विकास अपूर्व भयो । उदाहरणको रुपमा विदेशी ऋृण, दान, राष्ट्रिय उद्योगको विकास, ग्रामिण क्षेत्रको विकास नहुनु, व्यापार तिर लाग्नु आदि जस्ता कारण मात्र होइन नेपाली जनता समाजवादी हुनुका साथै ने.क.पा पार्टीहरुले संसदमा ठूलो उपस्थिति उनीहरुको रणनीति समाजवादमा पुग्न त्यसै अनुसारको कार्यनीति अगाडी बढाएका छन् । नेपालको संविधानको प्रस्तावना, राज्यको निर्देशक सिद्धान्त, मौलिकहकहरु समाजवाद उन्मुख हुनु, सामन्तवादी राजतन्त्रात्मक व्यवस्था अन्त्य भई संघीय लोकतन्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना पनि अर्को महत्वपूर्ण प्रमाण हो आदि कारणहरुबाट नेपालमा समाजवादको प्रयोग संभव देखिन्छ ।

## ५.२ प्राप्त उपलब्धीहरु

१. समाजवादमा आधारित सामाजिक न्याय व्यवस्थाले सम्पूर्ण नागरिकको आर्थिक, राजनीतिक, सामाजिक, साँस्कृतिक आदि क्षेत्रमा समानता प्रदान गर्दछ ।

२. समाजवाद विभिन्न किसिमका देखिए जसमा कार्ल मार्क्सको मार्क्सवादमा आधारित वैज्ञानिक समाजवाद सामाजिक न्यायमा आधारित हुन्छ भन्ने कुरा लेनिनले रुसमा गरेको प्रयोगबाट सिद्ध भएको छ भने पूँजीवादी समाजवादले लोककल्याणकारी कार्य गरेको पाइन्छ ।

३. नेपालमा कम्युनिस्ट पार्टीको स्थापना कालदेखि नै जनवाद हुँद समाजवादमा पुग्ने लक्ष्य राखी नेपालका कम्युनिस्टपार्टीहरु अगाडि बढेको देखिन्छ ।

४. नेपालमा कम्युनिस्ट आन्दोलनले विभिन्न आन्दोलन गरेको देखिन्छ । जसमा सशस्त्र विद्रोहदेखि शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट समाज परिवर्तनमा विशेष योगदान गरि समाजवाद उन्मुख नीति र कार्यक्रम अगाडि बढाएको देखिन्छ ।

५. नेपाल कम्युनिस्ट पार्टीहरुकै आन्दोलनका भरमा नेपालको संविधान संविधानसभाबाट बनेको छ । उक्त संविधानमा नेपालको संविधान समाजवाद उन्मुख भनी उल्लेख गरिएको छ ।

६. नेपालमा पूँजीवादको विकास क्रमिक हुदै जानु । सामाजिक  अध्ययनको मार्क्सवादी पद्दती मुलत उत्पादन पद्दतिको अध्ययन हो । उत्पादन पद्दतिको अध्ययन मुलतः श्रमसम्बन्धको अध्ययन हो । नेपाली समाजको उपरोक्त श्रमचरित्रले यहाको वर्गसंरचना निर्धारण गर्छ । श्रम चरित्र पूँजीवादी भएकाले अहिलेको नेपाली समाजका वर्गहरु पहिलेजस्तो सामन्ती राजा, जमिन्दार ठालु, जिम्मावाल, मुखिया भूदासमा वर्गीकृत होइन । श्रमिक मध्यम वर्ग पुँजिपति, दलाल पूँजिपति आदिमा वर्गीकृत छन् । अर्कोतिर कृषि श्रमसम्बन्धी पूँजिवादी भएको राष्ट्रिय अर्थतन्त्रमा गैर कृषि क्षेत्रको योगदान ६०% भन्दा बढी छ । २००७ सालपछिको राजनीतिक व्यवस्थाले सामन्तवादलाई भन्दा पूँजीवादलाई सघायो सामन्तवाद भुदास श्रममा आधारित हुन्छ । औद्योगिक पूँजीवाद उद्योगद्वारा अतिरिक्त श्रमको शोषणमा आधारित हुन्छ  भने दलाल पूँजीवाद बजारद्वारा हुने अतिरिक्त श्रमको शोषणमा आधारित हुन्छ । व्यापारमा आधारित पूँजीवादले त्यस समाजको कृषिमा औद्योगिकीकरण गर्दैन, बरु अन्य मुलुकको सामान यहाँ बेचेर बाह्य मुलुकको उद्योगलाई सघाउँछ र यहाँको उद्योगलाई अवरुद्ध पार्छ कृषिको श्रमशोषण बजारले गर्छ । श्रमशक्तिको शोषण बजारले गर्ने हुँदा बजार विस्तार हुन्छ । नेपालको उत्पादन व्यवस्थालाई हेर्ने हो भने यो मूलतः दलाल पूँजीवादी उत्पादन व्यवस्था हो । त्यसकारण, नेपालमा नौलो जनवादी पूँजीवादी

विकास नभएर फरक ढंगको दलाल पूँजीवादको विकास भएकोले नेपालमा अव समाजवादी चरण जान सकिन्छ ।

७. नेपाली जनता समाजवाद प्रति विश्वास हुनु र समाजवादीप्रति दृढ रहनु ।

८. २०६४ संविधान सभाको निर्वाचन र २०७० को निर्वाचनमा समाजवादी लक्ष्य लिएका पार्टी पार्टीहरुले  दुई तिहाइ मत प्राप्त गर्नु ।

९. जनयुद्ध, जनआन्दोलन राजनैतिक उपलब्धीको रुपमा गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशी, संघियता जस्ता समाजवादमा पुग्न गर्नै पर्ने राजनैतिक अभिभारा पूरा भएका छन ।

१०. शिक्षा, स्वास्थ्य, रोजगार खाद्य सुरक्षा सम्मको ३१वटा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ ।  राज्यले ३ बर्ष भित्र लागु गर्ने प्रतिबद्धताले पनि समाजवाद प्रयोग हुन सक्छ ।

११. नेपाल कम्युनिस्ट पार्टीहरु समाजवादी नीति हेर्दा विशेष गरी ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र ) दुवै पार्टी नवौ राष्ट्रिय महाधिवेशन र सातौ महाधिवेशनवाट देशको आर्थिक सामाजिक चरित्र पूँजीवादी भएको भन्ने विश्लेषण छ दुवै पार्टीहरुले समाजवादी रणनीति अर्न्तगत राष्ट्रिय स्वाधीनतालाई जोड दिदै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने आफ्ना राजनैतिक प्रतिवेदनमा साथै चुनावी घोषणा पत्रमा स्वीकारोक्ती र प्रतिवद्धता गरेका छन् ।

१२. नेपाली जनतामा राजनैतिक चेतना स्तर वृद्धि भएको छ यसबाट समाजवाद लागू गर्न सक्षम देखिन्छन ।

१३. समाजवादलाई नेपालको संविधानले वैधानिक वनाएको छ त्यसले सजिलोसँग समाजवादमा परिवर्तन गर्न सकिन्छ । सवै धारा उपधारा संविधानमा परिवर्तनीय छन् । शान्तिपूर्ण ढंगबाट समाजमा जान सकिन्छ ।

१४. समतामूलक समानुपातिक राजनीतिक व्यवस्था छ राज्यको सवैतहमा समानुपातिक समानता रहेको छ । महिला, दलित, जनजाति, अल्पसंख्यक, गरिब किसान, मजदुरको अधिकार संविधानमा राखिएको छ । यो पूँजीवादी मुलुकमा सम्भावना हुदैन ।

१५. सरकारले गतवर्षदेखि वृद्ध भत्ता, कर्णाली क्षेत्रलाई सुरक्षा कोष, गरिबलाई समुदायिक घर, एकीकृत वस्ती, समुदाय अनुसारको कार्यक्रम, वेरोजगारहरुलाई ऋण दिने

व्यवस्था गरेको छ यो समाजवाद उन्मुख कार्यक्रमहरु हुन् । वेरोजगारहरुलाई भत्ता र किसानलाई पेन्सनको कुरा उठीरहेको छ ।

१६. विगत देखि सरकारले गरेका जनतामुखी कार्यक्रम पनि समाजवादको कार्यान्वयनलाई अगाडी बढाएको छ । जस्तै आफ्नो गाँउ आफै बनाऔ, नौ. स कार्यक्रम बृद्धलाई भत्ता, सहकारी कार्यक्रम, वेरोजागारलाई ऋण दिने कार्यक्रम, जनता, सहिद वेपत्ता परिवारलाई उर्जामा सेयर दिने व्यवस्था आदि ।

१७. प्रगतिशिल कर प्रणाली र भूमिसुधार मार्फत आर्थिक विषमता अन्त्य गर्ने परिकल्पना गरेको छ । अर्थतन्त्रमा राज्यको प्रभावकारी भूमिकाको व्यवस्था गर्दै सार्वजनिक, निजी र सहकारीको सहभागिता र विकास मार्फत दीगो आर्थिक विकास र न्यायोचित वितरणको व्यवस्था गरेको छ । यी संविधानमा उल्लेखित विशेषताहरु समाजवादका तत्वहरु हुन यिनै तत्वले नेपालमा समाजवादको प्रयोग सम्भव छ भन्ने आधार तयार गरेको छ ।

१८. मार्क्सवादी विधि प्रयोग गरेर विश्व व्यवस्थाको व्याख्या गर्दा लेनिनले संसारलाई साम्राज्यवादी शोषण उत्पीडन र त्यसका विरुद्ध सर्वहारा वर्गको संघर्षको युग भनि विश्लेषण गरेका छन् ।

१९. नेपाली अर्थराजनीति पूँजीवादी रहेको, जनवादी क्रान्तिका मूलभुत कार्यभार पूराभएको र जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिको रणनीति अन्तर्गत त्यसको तयारी गत २०७३ पौष ११ गने काठमाडौको राष्ट्रिय नाचघरमा नेपालका कम्युनिष्ट पार्टीहरुको मार्क्सको द्विशतवार्षिकी कार्यक्रम आयोजनागरी शिर्षस्थ नेतृत्वले पुराना कुरा विर्सेर भविष्यप्रति आशावादी र फरवार्ड लुकिङ हुनुपर्छ । डेढ वर्ष भित्रमा सवै कम्युनिस्ट पार्टीहरुको साझा धारणा ल्याउने प्रयास भइसक्ने कुरा राखे (सुरेन्द्र कार्की)। यस भेलाले शतवार्षिकी मनाउन ६७३ सदस्यीय राष्ट्रिय समिति घोषणा गरे यसले पनि समाजवाद कार्यान्वयनमा संभव छ ।

## ५.३ निष्कर्ष

वर्तमान एकाधिकार पूँजीवादी प्रणालीका श्रृङ्खलाबद्ध असफलताहरुले नै समाजवादको प्रयोग नेपालमा अपरिहार्यता बढीरहेको देखिन्छ । पूँजीवादले तेस्रो मुलकमा सामान बेचेर नाफा कमाउन खोजेका थिए । अमेरीका लगायत पूँजीवादी मूलुकहरुलाई झन संकट पैदा गरेको छ । नाफाबाट सामान निर्यात गरेर उदार अर्थनीति लागु गर्ने पूँजीवादी मुलुक संकटमा पर्दैछन् । समाजवादले अगाडि सारेका समानताको नाराको विकल्पमा पूँजीवादले अगाडि सारेको गरिबी निवारण तथा समतामुलक विकास सफल भएन । नेपालमा दुई तिहाइ भन्दा बढी समाजवादी पार्टी र जनता भएको कारण संविधानमा वैधानिक रुपमा समाजवाद प्रति उन्मुख हुने र त्यस प्रति प्रतिबद्ध रहने, ९० प्रतिशत संविधान सभाका सदस्यहरुबाट पारित गरेको संविधान, त्याग र बलिदान संघर्षबाट आएका पार्टी नेतृत्व, ०.८ प्रतिशत आर्थिक बृद्धिदरबाट बढेर क्रमश : ६.९, ७.५ प्रतिशत हुदै लोडसेडिङमुक्त हुदै गएको आर्थिक बृद्धिदर, समाजवाद प्रति प्रतिवद्ध नेपाली जनता साथै आफ्ना घोषणा पत्र र दस्तावेजमा समाजवादी रणनीति र कार्यनीति पार्टीहरुले लेखेको कारण र नेपालमा पूँजीवादी विकास भएको अवस्थामा नेपालमा समाजवादको प्रयोग असम्भावी छ ।

### सुझावहरु

१. विश्वव्यापी रुपमै समाजवादी आन्दोलन कमजोर बन्न पुगेको र नवउदारवादले श्रमिक आन्दोलनका साम‍ु नयाँ चुनौति खडा गरिरहेको बेला आन्दोलनमा समाजवादी शिक्षा र समाजवादी संस्कृतिको विकास गर्नु, आवश्यक छ ।

२. कृषि क्षेत्रको पूँजीवादीकरण गरी यसलाई औद्योगिक तथा बजारीकरणको कृषिमा रुपान्तरण गर्नु जरुरी छ ।

३. कम्युनिस्ट पार्टीहरु बुर्जुवा गणतन्त्रमा अल्मलिने वैज्ञानिक समाजवादको गन्तव्य तर्फ नलाग्ने ने.क.पा को समस्या छ । त्यसलाई सच्याउनु जरुरी देखिन्छ ।

४. ने.क.पा पार्टी नेतृत्वहरुको व्यक्तिवादी अंहकार, फाइदा लिने प्रवृति, सामुहिक निर्णय व्यवस्था,

अल्पमत विचार नसुन्ने कारण गुट, उपगुट अन्त्यमा फुट परिणाम पुग्ने अवस्थाको निरुपण गर्न जरुरी देखिन्छ । समाजवाद गन्तव्य र यात्राको द्धन्दात्मक समष्टि हो । यात्रारत रहदा गन्तव्य विर्सने र गन्तव्य संभिmदा आज गर्नु पर्ने कठिन यात्रालाई वेवास्ता गर्ने प्रवृतिको अन्त्य गरी मार्क्सका दर्शन विचारलाई विज्ञानका रुपमा ग्रहण गरेर सवै ने.क.पा हरु एउटै पार्टी निर्माण गरी समस्या सँग जुध्ने र त्यसलाई स्थापित गरेर अगाडि बढने हो भने नेपालमा समाजवादको प्रयोग असम्भावी छ ।

# अनुसूचि

**प्रश्नहरु**

१. नेपालमा समाजवादको प्रयोग कसरी गर्न सकियला ?

२. समाजवाद उन्मुख नेपालको संविधानका चुनौति र संभावना के के हुन ?

३. नेपालका कम्युनिस्ट पार्टीहरु बीचको फूट र रणनीतिमा देखिएको अन्तरका कारण समाजवाद लागु गर्न संभव हुन्छ कि हुदैन ?

४. नेपालका राजनीतिक पार्टीहरुमा व्यक्तिवाद हावी भएको देखिन्छ यसले समाजवाद लागु गर्न सहजता होला ?

५. नेपालको राजनीति व्यवसायको रुपमा लिएको देखिन्छ यसले समाजवाद कार्यन्वयन गर्न चुनौति बन्छ कि ?

६. समाजवादको प्रयोगका लागि के कस्तो नीति तथा कार्यक्रम आवश्यक होला ?

७. संयुक्त लोकतान्त्रिक जनआन्दोलन पश्चात् समाजावाद सम्बन्धी के के ऋयलतभलत आए ?

८. नेपालको संविधानमा समाजवाद सम्बन्धी के के ऋयलतभलत आएको छ ?

९. नेपालमा समाजवादी धारणाहरु प्रशस्त आएका छन् तर समाजवाद लागु हुन नसक्नुको कारण के हो ?

१०. नेपालका समाजवादी पार्टीहरुमा समाजवाद सम्बन्धी अझै स्पष्ट धारणा नबनेको अवस्थामा समाजवादको कार्यान्वयन कसरी संभव होला ?

११. सोभियत संघ रुसमा समाजवाद सम्बन्धी समस्यका आएको अवस्थामा नेपालमा समाजवादको कसरी प्रयोग गर्न सकिएला ?

**अन्तरवार्ता लिइएका व्यक्तिहरु**

ने.क.पा (मसाल) महामन्त्री मोहन विक्रम सिंह, २०७३ पौष २० गते बुधवार विहान ९ बजे देखि १० सम्म, सानो भऱ्याङ, काठमाडौं ।

-माननीय, सांसद, श्याम श्रेष्ठ, २०७३ षौष २० गते, बेलुका ४-४:४५ सम्म त्रिपुरेश्वर, काठमाडौं ।

- वरिष्ठ अधिवक्ता, तिलक पराजुली २०७३ चैत्र १३ गते, बेलुका ४:०० बजे, पोखरा मुस्ताङचोक, कास्की ।

## सन्दर्भ सामग्रीहरु

ओशो समाजवादसे सावधान, (संयोजक एवं ग्राफिक डिजाइन सवमी ध्यान यात्री ) काठमाडौंः ओशो तपोवन प्रकाशन ।

ओली हेमन्त, प्रकाश (२०६८), *नयाँ दिशा,* चितवन : दिवाकर बालग्राम ।

अर्याल, मुरारी (२०४७), *मार्क्सवाद,* काठमाडौं : स्रष्टा प्रकाशन ।

उपाध्याय, गोपी रमण (२०६४),*मार्क्सवादका आधारभूत सिद्धान्तहरु,* काठमाडौं : एसिया पब्लिकेशन प्रा.लि.।

कोइराला, विश्वेश्वर प्रसाद (२०६६), *राजनीतिक अभिलेख,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, वि.पी. (२०७२), *वि.पी. विचारविन्दू,* ललितपुर : ओरिएन्टल पब्लिकोशन हाउस ।

कौल, वद्रीनाथ (२००९ ई.), *प्लेटो संवाद,* नई दिल्ली : हिन्द पाँकेट बुक्स प्राइवेट लि. ।

के.सी., कृष्णबहादुर (२०७२), *धौलागिरीमा कम्युनिस्ट आन्दोलन उद्‌भव र विकास,* काठमाडौं : नेपाली जनप्रगतिशील मोर्चा, जापान ।

खरेल, दुर्गा (२०७२), *दर्शनका मुख्य विषय,* काठमाडौं : संजिता खरेल ।

गिरी, प्रदीप (२०६१), *लोहिया जीवनी र विचार,* काठमाडौं : लिलाधर भण्डारी ।

ज्ञवाली, प्रदीप (२०७३), *नवयुग,* वर्ष २७ अंक २ माघ पृष्ठ ४७ मासिकः संम्वाददाता, कान्तिपुर वर्ष २४ अंक ३०८ दैनिक ।

ढकाल,दुर्गा नारायण (२०७२), *अवसरवाद भित्र रुमालिएको नेपाली राजनीति,* संगम छापाखाना ।

दाहाल, पुष्पकमल प्रचण्ड (२०६३), *प्रचण्डका छानिएका रचनाहरु खण्ड १ र खण्ड २,* काठमाडौं : जनदिशा प्रकाशन, नेपाल ।

दाहाल, पुष्पकमल प्रचण्ड (२०७०), *युवा-आहवान,* पोखरा : प्रकाशन विभाग ।

पराजुली, शोभाकर (२०६७), *लोकतन्त्र र समाजवाद,* वीरगंज : कङ्ग्रेस फ हुमन राइट्स एण्ड सोसियल जस्टिस् ।

पराजुली, शोभाकर (२०७२), *समाजवाद,* काठमाडौं : ब्रदर बुक्स प्रकाशन ।

पौडेल, विजयकुमार (२०७२), *मार्क्सवादी अर्थशास्त्र,* काठमाडौं : माइलस्टोन प्रकाशन, बालकुमारी ललितपुर ।

पोखरेल, शंकर (२०५३), *संगम,* काठमाडौं : स्वतन्त्र विद्यार्थी यूनियन ।

प्लेखानोव, गेओर्गी (२०६८), *काल्पनिक समाजवाद,* सुजल अफसेट प्रेस : भिजन पब्लिकेसन ।

पोखरेल, गिरिराजमणी (२०७१), *पहिचान र अधिकारमा आधारित संघियाता किन?* काठमाडौं : आधारशीलाका लागि मु.वि.न परिवर्तन प्रा.लि.।

बस्नेत, बसन्त (२०७३), *कान्तिपुर,* काठमाडौंः कान्तिपुर प्रकाशन, वर्ष २४ अंक ८४ पेज २ ।

बुल्फ वट्राम डी. (२०६७), *खुश्चेवको गोप्य प्रतिवेदन* (अनुवादक कुमार शाह), डिल्लीबाजरः क्षेत्रजी पुष्प ।

बन कुमार (२०७०), *राजनीतिशास्त्रामा अनुसन्धान पद्धति* : काठमाडौं : क्षितिज प्रकाशन ।

भूषाल, घनश्याम (२०६४), *आजको मार्क्सवाद र नेपाली,* काठमाडौ : नेपाल अध्ययन केन्द्र ।

मार्क्स कार्ल एङगेल्स (१९८६), *कम्युनिस्ट घोषण पत्र,* काठमाडौं : प्रगति पुस्तक सदन ।

मार्क्स कार्ल (२०६८), *दर्शनको दरिद्रता* (अनुवाद नारायण गिरी) : विश्वनेपाली पब्लिकेशन

माओ (अनुवादक भुषाल ...) (१९४० ई.), *नौलो जनवाद वारे (आजको मार्क्सवाद र नेपाली क्रान्ति),* काठमाडौं : नेपाल अधययन केन्द्र, पुतलीसडक ।

मिश्र, कल्पना, (प्रकाशित मिति उल्लेख नभएको) *माओ पछि चीनमा मार्क्सवाद,* काठमाडौं : जागरण बुक हाउस ।

मिश्र, चैतन्य (२०७०), *पूँजीवाद र नेपाल,* काठमाडौं : फिनिक्स बुक्स ।

मेरी डेशेन (२०७१), *विकास वा विनास गौरी डाँडा महोत्तरी,* ... मु.वि.न., परिवर्तन प्रा.लि.

रेग्मी, रामराज, (२०६०), *पूर्वीय दर्शनमा भौतिकवाद,* पोखरा : पोखरा सचेतना परिवार ।

लेनिन, भ्लाई (१९१७ ई.), *मार्क्सवाद र विद्रोह,* काठमाडौं : विविध पुस्तक भण्डार ।

लेनिन, भ्लाइ (२०६३), *संकलित रचना,* काठमाडौं : जनसाहित्य प्रकाशन समूह।

शिवाकोटी, गोपाल (२०६९), *राजनीतिक विचारधारा र विश्लेषण,* नेपाल : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७१), *संक्रमणमा नेपालको परराष्ट्र सम्बन्ध,* काठमाडौंः पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७२), *नेपालको संविधान,* काठमाडौंः पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०६१), *विश्वका प्रमुख राजनीतिक विचारधारा,* काठमाडौं : पैरावी प्रकाशन

सांस्कृत्यायन राहुल ( २०५७), *मानव समाज,* काठमाडौं : निरन्तर प्रकाशन ।

सिंह, मोहन विक्रम (२०५७), *विश्व कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास,* काठमाडौं : प्रगति पुस्तक सदन् ।

सिंह, मोहन विक्रम (२०६५), *मानव समाज,* पार्टी क्लासका नोटहरुः ने.क.पा मसाल कम्युनिस्ट

के.सी., सुरेन्द्र (२०६५), *नेपाल कम्युनिस्ट पार्टीको इतिहास भाग एक,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

सम्पादक, (२०७३) समाधान राष्ट्रिय दैनिक पोखरा ।

हार्नेकर, मार्ता (२०७२), *एक्काइसौ शताब्दीको समाजवाद, (अनुवादक सुनुवार र दाहाल),* काठमाडौ : मार्क्सवाद अध्ययन र अनुसन्धान प्रतिष्ठान ।

*ने.क.पा. (एमाले), निर्वाचन घोषणा पत्र, २०७० : १२,-१५*

*ने.क.पा. (माओवादी केन्द्र) कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरु ग्रन्थ -(1, २०६९ : ५३०-५३1)*